# चिनियाँ कम्युनिष्ट पार्टीभित्र दुई लाइन संघर्षको इतिहास

(ऐतिहासिक दस्तावेज एवम् लेखहरूको संकलन)





सम्पादक तथा अनुवादक
देवेन्द्र तिम्ला

चिनियाँ कम्युनिष्ट पार्टी भित्र दुई लाइन संघर्षको इतिहास




(पुँजीवादी हेडक्वार्टरमाथि बम वर्षा गरौं)



(पुँजीवादको पुन:स्थापना रोक्न निरन्तर क्रान्ति जारी राखौं)

प्रकाशक
पुस्तक सेन्टर
अद्वैतमार्ग, काठमाडौं

9 789937 903301

विश्वका मजदुरहरू एक होऔं !

# चिनियाँ कम्युनिष्ट पार्टीभित्र दुई लाइन संघर्षको इतिहास

(ऐतिहासिक दस्तावेज एवम् लेखहरूको संकलन)

सम्पादक तथा अनुवादक

**देवेन्द्र तिम्ला**

ISBN : 978-9937-9033-0-1

**कृति** : चिनियाँ कम्युनिष्ट पार्टी भित्र
दुई लाइन संघर्षको इतिहास
(**ऐतिहासिक दस्तावेज एवम् लेखहरूको संकलन**)
History of Two Lines Struggle within
Communist Party of China in Nepali

**सम्पादक/अनुवाद** : **देवेन्द्र तिम्ला**

**प्रकाशक** : **पुस्तक केन्द्र**
अद्वैतमार्ग, काठमाडौं
**०१–४२६६७८०**

**प्रथम संस्करण** : २०५७ माघ
**पुनः मुद्रण** : २०६३ असार
**द्वितीय संस्करण** : २०६५ मङ्सिर
**तृतीय संस्करण** : **२०६७ मङ्सिर**

**सर्वाधिकार** : सम्पादक तथा अनुवादकमा सुरक्षित

**मूल्य** : रू. ९०।–

**टाईप सेटिङ्ग तथा कभर डिजाइन**
: **क्रियटिभ सफ्टआर्ट**
**वनस्थली, काठमाडौं**
**फोन नं. : ०१६२२२१५०**

# विषयसूची

| क्र.सं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| | पुस्तकबारे केही कुरा .......................................... | ५ |
| | यो पुस्तक पढेपछि ................................................ | ९ |
| १) | हाम्रो अध्ययन र वर्तमान परिस्थिति ..................... | १६ |
| २) | हाम्रो पार्टीको इतिहाससँग सम्बन्धित केही प्रश्नहरू बारेको प्रस्ताव ................................................ | ३३ |
| ३) | चिनियाँ कम्युनिष्ट पार्टीको पचासौं जयन्तीको स्मृतिमा | ९१ |
| | शस्त्रबलद्वारा राजनैतिक सत्ता खोस्ने बाटोमा डटिरहौं | ९३ |
| | सर्वहारा अधिनायकत्वअन्तर्गत क्रान्ति जारी राखौं ... | १०६ |
| | महत्त्वपूर्ण समस्या हो सिक्नमा निपूर्ण हुनु ........... | ११९ |
| ४) | चिनियाँ कम्युनिष्ट पार्टीको दसौं राष्ट्रिय कंग्रेसमा प्रतुत प्रतिवेदन ...................................................... | १३१ |
| | नवौं राष्ट्रिय कंग्रेसको कार्यदिशाबारे .................. | १३१ |
| | लिन प्याओको पार्टीविरोधी गुटलाई परास्त गर्नमा प्राप्त विजयबारे .......................................... | १३४ |
| | वर्तमान परिस्थिति र हाम्रो कार्यभारबारे ............. | १३९ |
| ५) | चिनियाँ कम्युनिष्ट पार्टीको दसौं राष्ट्रिय कंग्रेसद्वारा प्रेषित प्रेस वक्तव्य.......................................... | १४९ |

## सम्पादकीय

# पुस्तकबारे केही कुरा

कुनै पनि वस्तु दुई विपरितहरूको एकत्वद्वारा बनेको हुन्छ र ती दुई बीच निरन्तर संघर्ष चलिरहेको हुन्छ, जसको परिणामस्वरुप उक्त वस्तुले विकास अर्थात गति प्राप्त गर्दछ । यो द्वन्द्वात्मक भौतिकवादको वैज्ञानिक सत्य हो । यो नियम व्यक्तिको दैनिक क्रियाकलापदेखि सामाजिक परिघटना एवम् समाजको जुनसुकै संरचनामा पनि लागू हुन्छ । तसर्थ, कम्युनिष्ट पार्टी पनि यो वैज्ञानिक सत्यको अपवाद बन्न सक्दैन । जसरी कुनै मोटरले गति प्राप्त गर्ने क्रममा त्यसभित्र गतिशक्ति र स्थिति (स्थिर) शक्ति बीच संघर्ष हुन्छ र गति शक्तिले जितेपछि मात्र मोटर गुड्न सक्छ त्यसै गरी कम्युनिष्ट पार्टीभित्र पनि सही र गलत लाइन, वामपक्ष र दक्षिणपक्ष बीच संघर्ष चलिरहन्छ र जतिखेर पहिलो पक्षले जित्दछ, त्यतिबेला कम्युनिष्ट पार्टी क्रान्तिकारी पार्टी रहिरहन्छ र प्रगतिपथमा अघि बढ्दछ भने जतिखेर पछिल्लो पक्षले पहिलो पक्षलाई जित्दछ, त्यसबेला कम्युनिष्ट पार्टी क्रान्तिकारी पार्टी रहँदैन र त्यो सुधारवाद, संसोधनवाद वा विसर्जनवादतर्फ अघि बढ्छ । कुनै पनि कम्युनिष्ट पार्टीले कुन बाटो समात्ने भन्ने निर्णय गर्ने धेरै तत्त्वहरूमध्येको एउटा तत्त्व त्यसभित्र विद्यमान अन्तरसंघर्ष हो । अन्तरसंघर्ष ठीक तरिकाले चलाइएको छ भने र त्यसमा क्रान्तिकारीहरूको पकड छ भने मात्र त्यसले सही लाइन लिएर सही बाटोमा अघि बढ्न सक्दछ, अन्यथा त्यस पार्टीको भविष्य अन्धकारमय हुन्छ । हाम्रो देशकै कम्युनिष्ट आन्दोलनको इतिहासलाई हेर्दा पनि यो कुरा प्रष्टसँग देख्न सक्दछौं । र, नेपाली कम्युनिष्ट आन्दोलनमा कम्युनिष्ट पार्टीभित्र तीब्र अन्तरसंघर्षहरू भएका छन्, तर तिनको संचालन सही किसिमले हुन नसकेका कारण पटक–पटक पार्टी विभाजन भएको छ र पार्टी पार्टीको रूपमा नरहेर विविध गुटहरूमा परिणत भएको तितो यथार्थ हाम्रो सामु छ । त्यसकारण, पार्टीभित्र चल्ने दुई लाइन संघर्ष र अन्तरसंघर्षलाई ठीक ढंगले संचालन गर्न अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनबाट पाठ सिक्न चाहने कम्युनिष्ट पार्टी, समूह एवम् व्यक्तिहरूलाई चिनियाँ कम्युनिष्ट पाटीभित्र चलेको दुई लाइन संघर्ष र

अन्तरसंघर्षले धेरै सहयोग पुऱ्याउन सक्छ भन्ने आशामा यो पुस्तक तैयार पारिएको हो ।

यस पुस्तकको पहिलो लेख **हाम्रो अध्ययन र वर्तमान परिस्थिति** चिनियाँ जनताका श्रद्धेय नेता चिनियाँ कम्युनिष्ट पार्टीका अध्यक्ष कमरेड माओ त्सेतुङले लेख्नुभएको हो र यसलाई जनगणतन्त्र चीनको विदेशी भाषा प्रकाशन गृह, पेकिङद्वारा सन् १९७५मा प्रकाशित माओ त्सेतुङका संकलित रचनाहरू भाग तीन(हिन्दी) बाट लिइएको हो । दोस्रो लेख(दस्तावेज) **हाम्रो पार्टीको इतिहाससँग सम्बन्धित केही प्रश्नहरू बारेको प्रस्ताव** जनगणतन्त्र चीनबाटै प्रकाशित प्रति प्राप्त नभएकोले अन्तर्राष्ट्रिय प्रकाशन, दिल्लीबाट हिन्दी भाषामा प्रकाशित चिनियाँ कम्युनिष्ट पार्टीभित्र दुई लाइन संघर्षको इतिहास नामक पुस्तिकाबाट लिइएको हो । त्यस्तै, **चिनियाँ कम्युनिष्ट पार्टीको पचासौं जयन्तीको स्मृतिमा** शीर्षकको तेस्रो (पत्रिकाको सम्पादकीय) लेख जनगणतन्त्र चीनको विदेशी भाषा प्रकाशन–गृह, पेकिङद्वारा १९७१मा हिन्दी भाषामा प्रकाशित पुस्तिकाबाट लिइएको हो । र, पछिल्ला दुईवटा लेखहरू(दस्तावेज) **चिनियाँ कम्युनिष्ट पार्टीको दशौं राष्ट्रिय कंग्रेसमा प्रस्तुत प्रतिवेदन** र सोही कंग्रेसद्वारा प्रेषित **प्रेस वक्तव्य** जनगणतन्त्र चीनको विदेशी भाषा प्रकाशन–गृह, पेकिङद्वारा १९७३मा अंग्रेजी भाषामा प्रकाशित **चिनियाँ कम्युनिष्ट पार्टीको दशौं राष्ट्रिय कंग्रेसका दस्तावेजहरू**बाट लिइएको हो ।

चिनियाँ कम्युनिष्ट पार्टीभित्र चलेको दुइ लाइन संघर्ष र अन्तरसंघर्षहरूलाई नयाँ जनवादी क्रान्ति पूरा हुनुभन्दा पहिलेको अन्तरसंघर्ष, नयाँ जनवादी क्रान्ति पूरा भएदेखि महान् सर्वहारा साँस्कृतिक क्रान्ति शुरु हुनु पूर्वसम्मको अन्तरसंघर्ष र साँस्कृतिक क्रान्तिको शुरुआतदेखि माओको मृत्यु हुँदासम्म, अर्थात चीनमा प्रतिक्रान्ति हुँदासम्मको अन्तरसंघर्ष गरी प्रमुख रूपमा तीन खण्डमा विभाजन गर्न सकिन्छ ।

प्रथम अवधिमा चिनियाँ कम्युनिष्ट पार्टीले विशेष गरी छन तू–श्यूको दक्षिणपन्थी, आत्मसमर्पणवादी र विसर्जनवादी लाइनको विरुद्ध संघर्ष गऱ्यो र त्यसलाई सुधार गऱ्यो तर त्यसै अवधिमा विभिन्न "वामपन्थी" लाइनहरू अघि आए । तिनीहरूमध्ये ली ली–सान र वाङ मिङको नेतृत्वमा देखापरेका "वामपन्थी" लाइनहरू प्रमुख थिए । सारमा दक्षिणपन्थी यी पहिलो, दोस्रो र

तेस्रो "वामपन्थी" लाइनहरूलाई अध्यक्ष माओको नेतृत्वमा सम्पन्न चुनइ बैठकले पूर्णरूपले सच्चायो । यसरी विविध "वामपन्थी" लाइन विरुद्ध तीब्र अन्तरसंघर्ष गर्दै अगाडि बढेको चिनियाँ कम्युनिष्ट पार्टीभित्र चीनमा नयाँ जनवादी व्यवस्था स्थापना भइसकेपछि समाजवादी बाटोमा अघि बढ्ने सवालमा पुनः अन्तरसंघर्ष नयाँ रूपमा उच्चता हासिल गऱ्यो । यस अवधिमा, प्रमुख रूपमा चीनले समाजवादी बाटो अपनाउने कि पूँजीवादी बाटोमै अघि बढ्ने भन्ने कुरामा दुई लाइन संघर्ष चल्यो र यस संघर्षमा माओ दृढतापूर्वक पहिलो लाइनको पक्षमा उभिनु भयो भने रुसी संशोधनवादको एजेण्ट ल्यू शाओ–ची दोस्रो लाइनको पक्षमा उभियो तर ऊ पराजित भयो । यसरी ल्यू शाओ–चीको पूँजीवादी लाइनमाथि राजनैतिक रूपमा चिनियाँ कम्युनिष्ट पार्टीले विजय प्राप्त गरे पनि उपरीसंरचना र संस्कृतिका हरेक क्षेत्रमा घुस्न सफल बुर्जुवा क्यारीयरिष्टहरू समग्रतामा पराजित भएका थिएनन् । त्यसैले माओको नेतृत्वमा चिनियाँ कम्युनिष्ट पार्टीले संसारलाई हल्लाइदिने महान् सर्वहारा साँस्कृतिक क्रान्तिको शुरुआत गर्नुपऱ्यो । यसै अवधिमा चिनियाँ कम्युनिष्ट पार्टीको इतिहासका सबै अन्तरसंघर्षहरूभन्दा फरक र तीब्र दुई लाइन संघर्ष चल्यो । यस अवधिमा चलेको अन्तरसंघर्षमा पार्टी सदस्यहरू मात्र सहभागी नभएर सिंगो चिनियाँ जनताले सक्रिय रूपमा भाग लिए । पार्टीभित्र घुसेका पूँजीपन्थी, देशद्रोही एवम् गद्दार लिन प्याओ गुटको विरुद्ध जनस्तरबाटै व्यापक आलोचना भयो । मुखले अध्यक्ष माओको गुणगान गाउने तर दिमागले उहाँलाई नै सिध्याउने षड्यन्त्र सोच्ने लिन प्याओको सोही दौरानमा अन्त भयो । तर लिन प्याओको अन्त पूर्व नै पार्टीमा सही लाइनको विजय भए पनि पार्टीभित्र घुसेका बुर्जुवा क्यारीयरिष्टहरूले अध्यक्ष माओको निधनपश्चात् सर्वहारावर्गको अधिनायकत्वलाई बुर्जुवावर्गको अधिनायकत्वमा बदले ।

यस पुस्तकमा यी तमाम घटना एवम् संघर्षहरूको सिलसिलेवार एवम् तथ्यगत रूपमा विवेचना गरिएको छ र ऐतिहासिक दस्तावेजहरूको माध्यमबाट प्रमाणिक रूपमा चिनियाँ कम्युनिष्ट पार्टीभित्रको दुई लाइन संघर्षको इतिहासलाई लिपिबद्ध गरिएको छ । नेपाल जस्तो अर्धऔपनिवेशिक र अर्धसामन्ती देश जहाँको कम्युनिष्ट आन्दोलन लामो समयसम्म टुट–फूट र विखण्डनबाट पीडित भएको छ र जहाँ नयाँ जनवादी अन्दोलन भर्खर जन्मेको नवजात

शिशुको रूपमा छ, को कम्युनिष्ट पार्टी र त्यसका सदस्यहरूले चिनियाँ कम्युनिष्ट पार्टीभित्रको दुई लाइन संघर्षबाट धेरै कुराहरू सिक्न सक्छन् र सिक्नु पर्छ । इतिहासबाट पाठ सिक्ने क्रममा नेपालमा पनि यो वा त्यो रूपमा समाजवादी (अथवा नयाँ जनवादी) लाइन भित्रै पूँजीवादी लाइन जन्मने र पहिलो लाइनलाई निषेध गरी दोस्रो लाइनले आफ्नो आधिपत्य जमाउने खतरा संधै कायम रहन्छ र कुनै अमुक नेताको गुणगान गरी सिंगो आन्दोलनलाई नै विसर्जन गर्ने लिन प्याओवादी भड्काव जन्मने खतरा झन् बढी रहन्छ । तसर्थ, यस्ता तमामखाले भड्कावहरूबाट बच्दै नेपाली नयाँ जनवादी आन्दोलनलाई अझ उच्चता दिन र अन्तिम विजयसम्म पुऱ्याउने महान् कार्यमा लागेका समस्त क्रान्तिकारीहरूलाई यस पुस्तकले अलिकति भए पनि सहायता पुऱ्याएमा मेरो प्रयासले केही मात्रामा भए पनि सार्थकता पाएको महसुस गर्नेछु ।

**– देवेन्द्र तिम्ला**
२०५७/१०/७
काठमाडौं

*भूमिका*

# यो पुस्तक पढेपछि .....

यो पुस्तक चिनियाँ कम्युनिष्ट पार्टीभित्र विभिन्न समयमा देखापरेका दक्षिणपन्थी, “वामपन्थी” भड्कावहरूबारे प्रकाशित लेखहरूको अनुवाद हो। यसबाट कम्युनिष्ट पार्टीहरूभित्र चलिरहने अन्तरविरोधहरू र दक्षिणपन्थी, “वामपन्थी”, मध्यपन्थी, विसर्जनवादीहरूलाई पहिचान गर्न निकै सहयोग पुग्न सक्छ भन्ने मेरो धारणा रहेको छ। रुस र चीनमा संशोधनवादले सत्ता हत्याएपछि मार्क्सवादी–लेनिनवादी प्रकाशनहरू प्रकाशित हुन बन्द भयो र पहिले प्रकाशित पुस्तकहरू पनि पुनर्मुद्रित हुन छाड्यो। यसले गर्दा हाम्रो जस्तो देशमा मार्क्सवादी पुस्तकहरूको अभाव हुनगयो। प्रकाशित भएका पनि मार्क्सवाद–लेनिनवादबाट विचलित संशोधनवादी विचारहरू मात्र प्रकाशित हुन थाले। यसले गर्दा मालेमावादलाई बुझ्ने, त्यस अनुसारको क्रान्तिकारी दृष्टिकोण बनाई क्रान्तिकारी दिशातर्फ जाने कुरा भन्दा त्यसलाई जड्सूत्रवादी, उग्रवामपन्थी भनेर संशोधनवादी, विसर्जनवादी विचारहरू फैलाउनेहरूले जरा गाड्न थालेका छन्। त्यसकारण आजका कम्युनिष्टहरूबीचको सैद्धान्तिक संघर्षहरू भनेको संशोधनवादीहरू विरुद्धको सम्झौताहीन संघर्ष नै हो। यस्तो संघर्षका लागि मार्क्स, एंगेल्स, लेनिन, स्तालिन र माओका साथै अन्य सही दृष्टिकोण भएकाहरूको रचनाहरूको अध्ययन र त्यसलाई सिर्जनात्मक ढंगले ग्रहण गर्नु नै क्रान्तिकारीहरूको मुख्य काम भएको छ। अझ त्यसमा पनि अर्धसामन्ती, अर्धऔपनिवेशिक अवस्थाका विकासोन्मुख एसिया, अफ्रिका र ल्याटिन अमेरिकी देशहरू नै क्रान्तिको केन्द्रविन्दु रहेको अवस्थामा ती देशहरूका क्रान्तिकारीहरूले माओद्वारा प्रतिपादित दार्शनिक, सैद्धान्तिक, राजनैतिक र वैचारिक दृष्टिकोणहरूको अध्ययनबिना क्रान्तिकारी मार्ग अपनाउन सक्दैनन्। त्यसको अध्ययनद्वारा नै त्यस्ता देशका कम्युनिष्ट पार्टीहरूले सही कार्यदिशा अपनाएर क्रान्तिकारी मार्गमा अघि बढ्न सक्छन्। माओको देनलाई पर पन्छाएर क्रान्तिको गफ छाँट्नु संशोधनवाद नै हुने कुरा निश्चित छ। त्यसैले माओद्वारा प्रतिपादित सिद्धान्तहरूको अध्ययन गरी मालेमावादलाई आ–आफ्ना देशको विशिष्टतानुसार सिर्जनात्मक ढंगले लागू गर्नु आज क्रान्तिकारीहरूको मुख्य दायित्व बनेको छ। यसलाई अध्ययन गर्न जनस्तरसम्म सामग्री पुऱ्याउन

सबै अविकसित मुलुकका क्रान्तिकारीहरूले योजनाबद्ध ढंगबाट मार्क्सदेखि माओसम्मका महान् नेताहरूको महत्त्वपूर्ण लेख–रचनाहरू प्रकाशित गर्नु नितान्त आवश्यक भएको छ । यो पुस्तक अनुवाद गरेर देवेन्द्र तिम्लाजीले यस विषयमा एक पाइला भए पनि अगाडि बढाउनु भएको छ । यसबाट यस्ता महत्त्वपूर्ण सामग्रीहरू खोजेर प्रकाशित गर्न अरुहरूलाई पनि हौसला प्रदान गर्नेछ । यसकारण उहाँ धन्यवादको पात्र बन्नुभएको छ ।

यो पुस्तकमा संक्षिप्त रूपमा भए पनि चीनमा क्रान्ति सम्पन्न गर्न चिनियाँ कम्युनिष्ट पार्टीले कस्ता–कस्ता परिस्थितिको सामना गर्नुपर्‍यो, पार्टीभित्रका दक्षिणपन्थी, “वामपन्थी” र विसर्जनवादीहरूसँग कसरी लड्नुपर्‍यो, माओको नेतृत्वमा चि.क.पा.ले मार्क्सवाद–लेनिनवादलाई कसरी चीनको विशिष्टतामा सिर्जनात्मक ढंगले लागू गरी क्रान्ति सम्पन्न गर्‍यो भन्ने कुरा स्पष्ट पारेको छ । खासगरी यो पुस्तक चि.क.पा.भित्रको दक्षिणपन्थी, “वामपन्थी”सँगको अन्तरसंघर्षको इतिहास हो । यो अनुभव चीनको लागि मात्र नभएर हरेक देशका क्रान्तिकारी कम्युनिष्टहरूको लागि पनि शिक्षाप्रद भएको छ । यो पुस्तकमा अन्तरसंघर्षको इतिहास मात्र नभएर विकासोन्मुख देशका कम्युनिष्टहरूले कसरी आफ्नो देशको विशिष्टतानुसार क्रान्तिको कार्यदिशा तय गर्ने भन्ने कुरालाई पनि सैद्धान्तिक, राजनैतिक र वैचारिक रूपले मार्ग निर्देशन गरेको छ । क्रान्तिको गफ मात्र हाँक्ने तर क्रान्तिलाई सुदुर भविष्यको विषय बनाउनेहरूलाई यसको कुनै महत्त्व हुनेछैन । क्रान्तिप्रति दृढ अठोट भएकाहरूलाई भने यो एउटा महत्त्वपूर्ण सामग्री हुनेछ । यसलाई क्रान्तिका पक्षधरहरूले जनस्तरसम्म पुर्‍याई अध्ययन गराउँदा विभिन्न भड्कावहरूका विरुद्ध सतर्क पार्ने काममा मद्दत नै पुर्‍याउँछ ।

हाम्रै नेपालमा पनि कम्युनिष्टको नाममा छन तू–श्यु जस्ता दक्षिणपन्थी र आत्मसमर्पणवादीहरू प्रशस्तै छन् । उनीहरूले क्रान्तिकारी कार्यदिशालाई कमजोर बनाउन जोडतोडले प्रयासहरू गरेका छन् । जसरी चीनको १९२७ को क्रान्ति पछि “चिनियाँ पूँजीपतिले सामन्तवाद र साम्राज्यवादमाथि विजय प्राप्त गरिसकेको छ, जनतामाथि उनीहरूको शासन स्थापित भइसकेको छ तथा चिनियाँ समाज एउटा यस्तो समाज हो जसमा पूँजीवाद प्रभावी छ र यसले शान्तिपूर्ण विकास गर्छ” त्यसैले “चीनमा पूँजीवादी जनवादी क्रान्ति पूरा भइसकेको छ र चिनियाँ सर्वहारावर्गले ‘समाजवादी क्रान्ति’को लागि पर्खनु आवश्यक छ र तबसम्मका लागि” “राष्ट्रिय संसदको मागको नारालाई

केन्द्रमा राखी कानूनी आन्दोलन गर्न सक्छन्" भनेर ट्राटस्कीवादी चिन्तन बोकेर क्रान्तिकारी आन्दोलनलाई विसर्जन गर्ने चेष्टा गरेका थिए ठीक त्यस्तै, हाम्रै देशमा पनि २०४६को जनआन्दोलनबाट पञ्चायती तानशाही व्यवस्था गएपछि पूँजीवादी क्रान्ति सम्पन्न भएको, रुसको जस्तो फेब्रुअरी क्रान्ति पूरा भइसकेकोले अब समाजवादी क्रान्ति गर्नुपर्छ भनेर कानूनी आन्दोलनमा मात्र जोर दिने अवस्तुवादी चिन्तन भएका 'मार्क्सवादी' गुटहरू छन्। जसले क्रान्तिकारी कार्यदिशालाई अराजकतावादी देख्न पुगेका छन्। त्यसैगरी ली ली–सान, वाङ मिङ, चाङ क्वो–थाओ जस्ता पनि खोजे प्रशस्त पाइन्छन् र प्रशस्त जन्मन सक्ने सम्भावना पनि छ। जसरी छन् तू–श्युको दक्षिणपन्थी लाइनको विरोध गर्दा ली ली–सानको जस्तो "वामपन्थी" लाइन हावी भयो, त्यसको विरोध गर्दा देख्दा वामपन्थी सारमा दक्षिणपन्थी वाङ मिङ गुट हावी भयो। त्यसकारण एउटा पक्षको विरोध गर्दा अर्को पक्ष हावी हुने खतरा रहिरहन्छ। यी सबैबाट जोगिनु र मालेमावादको वैज्ञानिक सिद्धान्तलाई सिर्जनात्मक ढंगले लागू गर्ने खुबी भएको सही नेतृत्वले मात्र क्रान्तिको रथलाई हाँक्न सक्छ। कमरेड माओले चि.क.पा.को इतिहासमा देखापरेका दक्षिणपन्थी, "वामपन्थी" र विसर्जनवादीहरूका विरुद्ध त्यसको जरा उखेलेर फाल्न मनोगतवाद, संकीर्णतावाद र घिसेपिटे पार्टी लेखनका विरुद्ध, पार्टी इतिहासको अध्ययनमा सुधार गर्न पूरै पार्टीमा आन्दोलन चलाउनुभयो। माओको यो शिक्षालाई क्रान्तिकारी पार्टीले ग्रहण गर्नुपर्ने कुरामा जोड दिंदै गुटवाद–फुटवादबाट पार्टीलाई जोगाएर लैजान यस पुस्तकले महत्त्वपूर्ण शिक्षा प्रदान गरेको छ।

नेपाल एउटा अर्धसामन्ती र अर्धऔपनिवेशिक अवस्थाको देश हो र यसको अर्थिक–राजनैतिक विकास असमान छ, एकरूपताको अभाव छ, त्यसैले नेपालको नयाँ जनवादी क्रान्तिको विकास पनि असमानपूर्ण हुनेछ र राष्ट्रव्यापी विजय प्राप्त गर्नुभन्दा पहिले क्रान्तिले एउटा दीर्घकालीन कष्टपूर्ण बाटोबाट पार हुनु अनिवार्य छ भन्ने कुरा नेपालका विभिन्न भड्काववादीहरूले बुझ्न सकेका छैनन्, जसरी चीनका दक्षिणपन्थी र "वामपन्थी"हरूले बुझ्न सकेका थिएनन्। ती भड्कावबादीले वस्तुगत अवस्था परिपक्व भएपछि चेतनशील पक्षको क्रान्तिकारी भूमिकाद्वारा आत्मगत शक्तिको पनि विकास हुन्छ र अन्तमा क्रान्तिले विजय प्राप्त गर्छ भन्ने द्वन्द्वात्मक पद्धतिलाई पनि आत्मसात गर्न नसकेकाले एकैचोटि आत्मगत शक्तिको निर्माण भएपछि मात्र क्रान्ति

सम्पन्न हुने, त्यसका लागि कानूनी संघर्ष एक मात्र कार्यनीति अपनाउन पुगेका छन् । यसैकारण पाँच दशकसम्म पनि नेपाली कम्युनिष्ट आन्दोलन 'घुमिफिरी रुम्जाटार' भने झैं हुन पुगेको छ । उनीहरूका यस्तै सोचले क्रान्तिकारी कार्यदिशा र क्रान्तिकारी कार्यव्यवहारलाई जडसूत्रवादी, उग्रवामपन्थी र अराजकतावादी देख्न पुगेका हुन् । उनीहरूमा यस्तो सोच आउनुको कारण निम्न पूँजीवादी अवसरवादी चिन्तन र त्याग, बलिदान र साहसको कमी हो ।

जसरी चीनमा अर्धसामन्ती र अर्धऔपनिवेशिक समाजको विशिष्टता र दीर्घकालीन जनयुद्धको चरित्र नबुझ्नेहरूले सामरिक संघर्षको महत्त्व, खासगरी किसान छापामार शैली र ग्रामीण आधारक्षेत्रहरूको महत्त्वलाई कम गरेर त्यसलाई 'बन्दुके नीति' र 'किसानी मानसिकताको स्थानीयतावादी र रुढिवादी चरित्र' भनेर माओको नीतिलाई विरोध गरेका थिए । उनीहरूले शहरमा मजदुरहरू र अन्य जनताका संघर्षमाथि शत्रुको अत्याधिक दमनको कारण अचानक विद्रोह गरी अगाडि बढ्नेछन् र प्रमुख शहरहरूमा सशस्त्र विद्रो भएर क्रमश: देशव्यापी क्रान्तिकारी ज्वार उठेर देशव्यापी विजय हासिल गर्ने सपना देखेका थिए । यो चीनको विशिष्टतानुसार नभएकाले नै धेरै क्षति उठाउनु परेको थियो । त्यसरी नै नेपालको कम्युनिष्ट आन्दोलनमा पनि एकपक्षले जनसंघर्षको ज्वारभाटा उठाएर यस्तै विद्रोहको कल्पना गरेका छन् भने अर्को पक्ष पूरै संसदवादमा पतन भएर शान्तिपूर्ण ढंगबाटै समाजवादमा पुग्ने सपना बाँड्दैछन् । त्यसैले नेपालमा पनि कम्युनिष्ट आन्दोलनभित्र यी विभिन्न भड्कावका विरुद्ध क्रान्तिकारीहरूले वैचारिक संघर्षहरू गर्दै सशक्त रूपमा अघि बढिरहेको अवस्थामा यो पुस्तिका यसै कारणले पनि महत्त्वपूर्ण हुन गएको छ ।

यस पुस्तकमा चि.क.पा. भित्रको अन्तरसंघर्षको इतिहासमा भएका सबै गलत विचारहरूको संक्षिप्तमा भए पनि सटिक ढंगले उल्लेख भएको छ । यसमा देवेन्द्र तिम्लाजीले लिन प्याओको षड्यन्त्रकारी कुचालहरूबारेको लेख–रचनाहरू खोजेर समावेश गरिदिनु भएकोले यो अझै राम्रो हुन पुगेको छ । पार्टीभित्र लिन प्याओवाद झन् बढी खतरापूर्ण हुन्छ । यसलाई माथिबाट त देखिंदैन केवल तलबाट मात्र देखिन्छ, त्यसैले तलकै अनुसन्धानबाट नेतृत्वले त्यसको पहिचान गर्न सक्छ । लिन प्याओवाद निम्न पूँजीवादी प्रवृत्तिको अति उच्च महत्त्वाकांक्षी प्रवृत्ति हो र यस्ताको महत्त्वाकांक्षा कहिल्यै पूरा हुँदैन ।

आफ्नो महत्त्वाकांक्षा पूरा गर्न उनीहरू दक्षिणपन्थी र "वामपन्थी" जस्तो प्रकट रूपमा देखिंदैनन् । हुन त यो प्रवृत्ति दक्षिणपन्थी वा "वामपन्थी" कुनै एउटा प्रवृत्तिको नै रूप हो । यस्ताहरूले नेतृत्वलाई जसरी भए पनि प्रभाव पार्ने नीति अनुरुप जे गर्न पनि तयार हुन्छन् । तलका कार्यकर्तालाई कस्तो व्यवहार गर्छन्, पक्ष–विपक्षमा कत्तिको विभेद गर्छन भन्ने कुराबाट मात्र त्यस्ता लिन प्याओवादीलाई छुट्ट्याउन सकिन्छ । उनीहरूको भित्री उद्देश्य आफ्नो हातमा सत्ता पार्ने नै हुन्छ, जसरी लिन प्याओले माओको अत्याधिक गुणगान गरेर माओलाई नै खत्तम पार्ने षड्यन्त्र रचेको थियो । त्यसैले यस्ता प्रवृत्तिलाई लिन प्यओवाद भनिएको हो । अन्तरपार्टी संघर्षमा यस्ता प्रवृत्तिलाई चिन्नु र पहिला यस्तालाई सच्याउनु पनि त्यत्तिकै आवश्यक हुन्छ । अर्को महत्त्वपूर्ण कुरा, पार्टी अन्तरसंघर्षका बीच एकता र संघर्ष दुवै हुन्छन् । यस्तोमा जनवादी केन्द्रीयताको आधारमा एकता र संघर्षको माध्यमबाट पार्टीमा सैद्धान्तिक, राजनैतिक, वैचारिक उच्चता पनि प्राप्त हुँदै जान्छ । संघर्षका दौरान लविङ्ग गर्ने प्रवृत्ति सबभन्दा खतरनाक प्रवृत्ति हो । यसले गर्दा कतै लविङ्गमा नलाग्ने इमान्दार कार्यकर्ताहरू तल पर्दै जान्छन् । अनि, एकताको नाममा गल्तीलाई ढाकछोप गरेर अथवा उल्टै प्रोत्साहन दिएर एकता हुन्छ भने त्यो आत्मसमर्पण हुन्छ । त्यसले एकतालाई होइन, अन्ततः फुटलाई नै मद्दत पुऱ्याइरहेको हुन्छ । यस्तो अवस्थामा नेतृत्वले सहीलाई र गलतलाई त्यही अनुरूप लिने र रोगीलाई औषधीबाट रोग निको पार्ने पद्धति अपनाउनु अन्तरसंघर्षको महत्त्वपूर्ण पक्ष हो । त्यसैले अन्तरसंघर्ष एउटा जटिलता हो भने त्यो जटिलतालाई फुकाउँदै विकास गराउनु नै नेतृत्वको खुबीको परिचय हो ।

यस पुस्तकमा पार्टीलाई कसरी क्रान्तिकारी दिशातर्फ उन्मुख पार्ने भन्नेबारे महत्त्वपूर्ण शिक्षाहरू दिइएका छन् । हाम्रो देशका कम्युनिष्ट पार्टी पनि निम्नपूँजीवादी धरातलबाटै जन्मिएका हुनाले त्यसभित्र प्रशस्त निम्नपँजीवादी चिन्तनहरू हुन्छन् । यस्ता निम्नपूँजीवादी चिन्तनहरू कसरी पहिल्याउने भन्ने कुरा यस पुस्तकमा सटिक ढंगले उल्लेख भएको छ । प्रथम, यस चिन्तन विधिले समस्याहरूलाई मनोगत र एकपक्षीय तरिकाले हेर्छ । अर्थात् यसले ( निम्नपूँजीवादी चिन्तनले) वर्ग सन्तुलनको वस्तुगत स्पष्ट तस्बीरबाट शुरु गर्दैन बरु मनोगत इच्छाहरू, प्रभावहरू र खोक्रा चर्चाहरूलाई वास्तविकता मान्दछ र रुखलाई जंगल देख्दछ । निम्नपूँजीवादी बुद्धिजीवीहरूले किताबी

ज्ञानमात्र राख्दछन् र प्रत्यक्ष ज्ञानविहीन हुन्छन्, त्यसैले उनीहरूको चिन्तन जडसूत्रवादमा व्यक्त हुन्छ । केही प्रत्यक्ष ज्ञान राखे पनि उत्पादनसँग जोडिएको निम्नपूँजीवादी तत्त्व निम्न उत्पादनको चारित्रिक सीमा, संकीर्णता, अस्पष्टता, एक्लोपन र रुढिवादले ग्रस्त रहन्छन् । त्यसैले यिनीहरू आफ्नो चिन्तनको ढंग अनुभववादमा व्यक्त गर्न अभिशप्त हुन्छन् ।

दोस्रो, निम्नपूँजीपति वर्गको राजनैतिक प्रवृत्ति, यिनीहरूको जीवन अनुरूप ढुलमुलेपन– "वामपन्थ" र दक्षिणपन्थबीच व्यक्त हुन्छ । यसै कारणले उनीहरूको अभिव्यक्तिमा मनोगतवाद र एकांकीपन हुन्छ । यिनीहरू वर्तमान जीवनमा तुरुन्तै परिवर्तनको आशा राख्छन् । त्यसैले उनीहरूमा दीर्घकालीन, साहसपूर्ण क्रान्तिकारी संघर्षकालागि धैर्य हुँदैन । उनीहरू वाम क्रान्तिकारी लफ्फाजी र नाराहरूको सौखिन हुन्छन् । आफ्ना भावनाहरू र कामहरूमा ढोकाबन्दवाद र दुस्साहसवादको शिकार हुन्छन् । यिनै निम्नपूँजीवादी क्रान्तिकारीहरूको सामना जब एउटा भिन्न परिस्थितिसँग हुन्छ या निम्नपूँजीवादी क्रान्तिकारीहरूको अर्को तप्कासँग हुन्छ, तब उनीहरू निराशा र हतासाबाट ग्रस्त हुन्छन् र दक्षिणपन्थी भावनाहरू एवम् विचारहरू व्यक्त गर्दै पूँजीपतिवर्गको पिछलग्गु बन्छन् । सामान्य रूपले हेर्दा "वामपन्थी" गल्तीहरू हुने सम्भावना त्यतिखेर बढी हुन्छ जब पूँजीपतिवर्ग र सर्वहारावर्गबीच फुट हुन्छ । जबकि दक्षिणपन्थी गल्तीहरू हुने सम्भावना त्यस क्रममा बढी हुन्छ, जब पूँजीपतिवर्ग र सर्वहारावर्गबीच सहयोग हुन्छ ।

तेस्रो, चिनियाँ कम्युनिष्ट पार्टीले लामो समयसम्म ग्रामीण क्षेत्रहरूमा असंगठित छापामार युद्ध चलाइरहेको थियो, जसले यस प्रवृत्तिलाई बढाउन सजिलो बनायो । यस प्रवृत्तिले पार्टीको लागि निःस्वार्थ भावले काम गर्नुको सट्टा पार्टी र जनताको शक्तिलाई आफ्नो व्यक्तिगत र संकुचित उद्देश्यहरूका लागि प्रयोग गर्‍यो तथा पार्टी एवम् जनताको हितलाई घाटा पुर्‍यायो । त्यसैले यो प्रवृत्ति जनतासँग पार्टीको घनिष्टताको सिद्धान्तसँग मेल नखाने कुरामा निहित छ । पार्टीको जनवादी केन्द्रीयता र पार्टीको अनुशासनको विरोधमा छ । यो प्रवृत्तिले खासगरी नोकरशाही, कुलीनतावाद, दण्डनीति, अधिकारवाद, व्यक्तिवादी नायकवाद, अर्धअराजकतावाद, उदारतावाद, अति जनवाद, 'स्वतन्त्रता'को दुराग्रह, श्रेणी मानसिकता, गुटहरूको कुरा सुन्नु र धुर्ततापूर्ण छलकपटको रूप ग्रहण गर्दछ जसले पार्टीको जनतासँगको एकता तथा आफ्नो आन्तरिक एकतालाई कमजोर पार्दछ ।

यी माथिका निम्नपूँजीवादी चिन्तनहरू कम्युनिष्ट पार्टीहरूभित्र छरपस्टै पाइन्छन् । यसलाई एकैचोटी निमिट्यान्न पार्न सकिंदैन र निरन्तर अन्तरपार्टी संघर्षका दौरानमा नै क्रमशः हटाउँदै लैजान सकिने कुरा हो । मुख्य कुरा निरन्तर प्रयास नै हो । यसको अभिव्यक्ति सैद्धान्तिक, राजनैतिक, वैचारिक, सांगठनिक, सामरिक आदि कुराहरूमा भइरहेको हुन्छ । त्यसैले यो पुस्तकको अध्ययन र व्यवहारमा प्रयोगले क्रान्तिकारी पार्टीलाई निश्चय नै योगदान पुऱ्याउँछ, यसमा शंकै छैन ।

यो पुस्तकको अध्ययनबाट विकासोन्मुख अर्धसामन्ती र अर्धऔपनिवेशिक देशहरूमा मालेमावादलाई कसरी सिर्जनात्मक ढंगले लागू गर्ने, सैद्धान्तिक, राजनैतिक, वैचारिक ढंगबाट कसरी पेश हुने, पार्टी अन्तरसंघर्षको महत्त्व, दक्षिणपन्थी, "वामपन्थी" भड्काव कसरी अभिव्यक्त हुन्छ र उनीहरूका विरुद्ध कसरी अन्तरपार्टी संघर्ष चलाउने र निम्नपूँजीवादी चिन्तनहरू कसरी अभिव्यक्त हुन्छन् भन्ने कुरा सटिक एवम् ऐतिहासिक रूपले बुझ्न सकिन्छ । यसकारण नेपालका कम्युनिष्ट क्रान्तिकारीहरूले यसलाई अध्ययन गर्नु र व्यापक रूपमा जनस्तरसम्म अध्ययन गराउनु, यस सम्बन्धमा कार्यकर्ताहरूलाई पोख्त बनाउनु आदि कार्यले क्रान्तिकारी चिन्तन र व्यवहारमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ । यसलाई अनुवाद गरेर जसरी जनसमक्ष ल्याउने कार्यमा देवेन्द्र तिम्लाजीले योगदान पुऱ्याउनुभयो यसमा उहाँ धन्यवादको पात्र हुनुहुन्छ । साथै, अरू यस्तै महत्त्वपूर्ण सामग्रीहरू खोजी प्रकाशन गर्न उहाँलाई आग्रह पनि गर्दछु ।

**– भक्तबहादुर श्रेष्ठ**

२०५७/०८/३०

हेटौंडा, मकवानपुर

# हाम्रो अध्ययन र वर्तमान परिस्थिति✪

*(१२अप्रिल १९४४)*

## एक

पोहोरको हिउदँदेखि हाम्रो पार्टीका वरिष्ठ कार्यकर्ताहरूले पार्टीको इतिहासमा रहेको दुई कार्यदिशाहरूको समस्याबारे अध्ययन गरिरहेका छन् । यसले थुप्रै वरिष्ठ कार्यकर्ताहरूको राजनैतिक स्तर ज्यादै उकासेको छ । यस अध्ययनको क्रममा कमरेडहरूले थुप्रै प्रश्नहरू उठाए । केन्द्रीय समितिको राजनैतिक व्यूरोले यिनीहरूमध्ये केही महत्त्वपूर्ण प्रश्नहरूको निष्कर्ष निकालेको छ । ती यस प्रकार छन् :

१) *आफ्नो ऐतिहासिक अनुभवको अध्ययन गर्दा कस्तो दृष्टिकोण अंगाल्नु पर्छ भन्नेबारे केन्द्रीय समितिको सल्लाह यो छ कि पार्टीको इतिहासबारे जो प्रश्न उठ्दछ हामीले त्यसको बारेमा कार्यकर्ताहरूलाई वैचारिक रूपले आफ्नो धारणा स्पष्ट गर्न योग्य बनाउनु पर्छ । साथै, जो कमरेडहरूले पहिले गल्तीहरू गरेका छन्, उनीहरूको बारेमा निर्णय गर्दा हामीले नरम नीति अपनाउनु पर्दछ जसले गर्दा एक त कार्यकर्ताहरूले हाम्रो*

---

✪ *चिनियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय नेतृत्वकारी संगठन र वरिष्ठ कार्यकर्ताहरूले १९४२ देखि १९४४ सम्म पार्टीको इतिहासबारे, विशेषगरी १९३१ को शुरूदेखि १९३४ को अन्तसम्मको अवधिबारे बहस चलाए । यी बहसहरूले मार्क्सवाद–लेनिनवादको आधारमा पार्टीमा विचारधारात्मक एकता कायम गर्न ठूलो सहयोग गऱ्यो । जनवरी १९३५ मा क्वेइचओ प्रान्तको चुनइमा भएको केन्द्रीय समितिको राजनैतिक व्यूरोको विस्तारित बैठकले १९३१ को शुरूदेखि १९३४ को अन्तसम्म चल्दै आएको गलत 'वामपन्थी' कार्यदिशालाई सच्यायो, केन्द्रीय नेतृत्वकारी संगठनको बनावटलाई फेऱ्यो, कमरेड माओ त्सेतुङको नेतृत्व कायम गऱ्यो र पार्टी कार्यदिशालाई मार्क्सवाद–लेनिनवादको सही बाटोमा ल्यायो । तर पनि पार्टी कार्यकर्ताहरूले विगतको गलत कार्यदिशाहरूको स्वरूपहरूलाई राम्रोसँग बुझ्न सकेनन् । पार्टी कार्यकर्ताहरूको मार्क्सवादी–लेनिनवादी विचारधारात्मक स्तरलाई अझ माथि उठाउनको लागि राजनैतिक ब्यूरोले १९४२–४३ मा पार्टी इतिहासबारे कैयौं बहसहरू संचालन गर्न*

*पार्टीको ऐतिहासिक अनुभवलाई पूर्णरूपले बुझ्न सकून् र उनीहरूले पहिलेका गल्तीहरू नदोहऱ्याउन् । अर्कोतर्फ, सबै कमरेडहरूलाई हाम्रो साझा प्रयासको लागि एकजुट गर्न सकियोस् । हाम्रो पार्टीको इतिहासमा छन् तू–श्यू र ली ली–सानको गलत कार्यदिशाहरूका विरूद्ध महान् संघर्षहरू भएका छन् र ती ज्यादै आवश्यक पनि थिए । तर जुन तरिका अपनाइयो, त्यसमा कमजोरीहरू थिए । एक त कार्यकर्ताहरूलाई ती गल्तीहरूको कारणका बारेमा, ती परिस्थितिहरूका बारेमा जसमा ती गल्तीहरू भए र त्यसलाई सुधार्ने विस्तृत उपायहरू र तरिकाहरूका बारेमा पूरा वैचारिक जानकारी दिइएन, त्यसैले फेरि त्यस्तै गल्तीहरू भए । अर्कोतर्फ, व्यक्तिहरूको जिम्मेवारीमाथि धेरै जोड दिइयो । परिणम यो निस्कियो  कि सामूहिक प्रयासका लागि हामी त्यति मान्छे जुटाउन असमर्थ भयौ जति हामीले जुटाउन सक्दथ्यौं । यी दुई गल्तीहरूबाट हामीले पाठ सिक्नु पर्छ । यसपटक पार्टी इतिहासको बारेमा विचार गर्दा हामीले केही कमरेडहरूको जिम्मेवारीमाथि होइन बरू ती परिस्थितिको विश्लेषणमाथि जोड दिनुपर्छ जसमा ती गल्तीहरू भए, तिनका बिषयवस्तु र त्यसको सामाजिक, ऐतिहासिक र विचारधारात्मक स्रोतहरूमा जोड दिनु पर्छ र त्यो पनि “**आउने गल्तीहरूबाट बच्न त्यसको उपचार गर्ने**” भावनाले गर्नु पर्छ ता कि विचारधारामा स्पष्टता ल्याउन र कमरेडहरूमा एकता स्थापित गर्ने दोहोरो उद्देश्य प्राप्त गर्न सकियोस् । फरक–फरक कमरेडहरूको समस्यामाथि विचार गर्दा सावधानीको यो रूप अपनाउनु पर्छ कि न कुनै कुरा छुटोस् न त कमरेडहरूलाई हानि पुगोस् । हाम्रो पार्टी सशक्त हुने र फूल्ने–फल्ने यो एउटा संकेत हो ।*

२) *सबै प्रश्नहरूप्रति विश्लेषणात्मक तरिका अपनाऊ, प्रत्येक बस्तुलाई निषेध नगर । उदाहरणको लागि **चौथो पूर्ण अधिवेशन**[१] देखि चुनइ*

---

*पहल गऱ्यो । यी बहसहरू १९४५ मा हुन गइरहेको पार्टीको सातौं राष्ट्रिय कंग्रेसको तयारीका रूपहरू थिए जसले चिनियाँ कम्युनिष्ट पार्टीको इतिहासमा अभूतपूर्व विचारधारात्मक तथा राजनैतिक एकता स्थापित गर्न योग्य बनायो । ‘**हाम्रो अध्ययन र वर्तमान परिस्थिति**’ यी बहसहरूका बारेमा कमरेड माओ त्सेतुङको भाषण हो जुन उहाँले येनानमा वरिष्ठ कार्यकर्ताहरूको सम्मेलनमा दिनु भएको थियो ।*

१) चिनियाँ कम्युनिष्ट पार्टीको छैठौं केन्द्रीय समितिको चौथो पूर्ण अधिवेशन जनवरी १९३१ मा आयोजना गरिएको थियो ।

*बैठकसम्मका केन्द्रीय नेतृत्वकारी संगठनको मार्गदर्शक कार्यदिशाको प्रश्नलाई दुई पक्षहरूबाट विश्लेषण गर्नुपर्छ । यो कुरा स्पष्ट गरियोस् कि एकातिर राजनैतिक कार्यनीति, सैनिकनीति र कार्यकर्तानीति, जो केन्द्रीय नेतृत्वकारी संगठनले यस क्रममा अपनायो, मुख्य रूपले गलत थियो तर अर्कोतर्फ च्याङ काइ–शेकको विरोध गर्ने र भूमि–क्रान्ति तथा लालसेनाको सशस्त्र संघर्ष चलाउने प्रमुख कुराहरूमा हामी र ती कमरेडहरू जसले गल्तीहरू गरे, कुनै मतभेद थिएन । र, कार्यनीतिसम्बन्धी सोचाइको विश्लेषण पनि आवश्यक छ । उदाहरणको लागि– भूमि समस्याबारे उनीहरूको उग्रवामपन्थी नीतिको गल्ती यो थियो कि उनीहरूले जमिन्दारहरूलाई जमिन दिएनन् र धनी किसानहरूलाई नराम्रो जमिन दिए । तर ती कमरेडहरू यो कुरामा हामीसँग सहमत थिए कि जमिन्दारहरूको जमिन जफत गरी ती किसानहरूलाई बाँडियोस् जोसँग जमिन थोरै छ अथवा कत्ति पनि छैन । ठोस स्थितिको ठोस विश्लेषण गर्नु लेनिनको भनाइमा "**मार्क्सवादको अत्यन्त मूलभूत वस्तु हो, मार्क्सवादको जिउँदोजाग्दो आत्मा हो**"[२] । विश्लेषणात्मक धारणाको कमी भएकाले हाम्रा धेरै साथीहरू जटिल समस्याहरूलाई पटक–पटक गहिराइदेखि विश्लेषण र अध्ययन गर्न चाहँदैन, बरू सिधा निष्कर्ष निकाल्न मन पराँउछन् जो या त पूर्णतः सकारात्मक हुन्छ अथवा पूर्णतः नकारात्मक । हाम्रा अखबारहरूमा विश्लेषणात्मक लेखहरूको अभाव हुन्छ र हाम्रो पार्टीले विश्लेषणको तरिका अझ पनि पूर्णरूपले अपनाएको छैन । यसबाट थाहा हुन्छ कि यस्ता गल्तीहरू छन् । अबदेखि हामीले यस्तो अवस्थालाई सुधार गर्नुपर्छ ।*

---

*२) भी. आई. लेनिन, "कम्युनिज्म" । हेर्नुहोस् : "चीनको क्रान्तिकारी युद्धको रणनैतिक समस्याहरू", नोट १० (माओ त्सेतुङको संकलित रचना भाग-१) । (हेर्नुहोस्, भी. आई. लेनिनको रचना "कम्युनिज्म (१२ जून १९२०) जसमा उहाँले हंगेरियन कम्युनिष्ट बेला कुनको आलोचना गर्दै भन्नुभएको थियो कि उसले "मार्क्सवादको सबैभन्दा मूलभूत बस्तुलाई, त्यसको जिउँदो-जाग्दो आत्मालाई, अर्थात् ठोस परिस्थितिहरूको ठोस विश्लेषणहरूलाई तिलाञ्जली दिइसकेको छ ।")*

३) **पार्टीको छैटौं कंग्रेस**[३]को दस्तावेजहरूमाथिको बहसको बारेमा यो भन्नु आवश्यक छ कि छैठौं कंग्रेसको कार्यदिशा प्रमुखरूपले ठीक थियो किनकि यस कंग्रेसले वर्तमान क्रान्तिको स्वरूपको व्याख्या गर्दै यसलाई पूँजीवादी जनवादी क्रान्ति भनेको थियो र तत्कालीन स्थितिलाई दुईवटा क्रान्तिकारी उभारहरूबीचको अवधि बताएको थियो, अवसरवाद तथा अवसरवादीको खण्डन गरेको थियो र दश सूत्रीय कार्यक्रम घोषणा गरेको थियो । यी सबै सही थिए । यस कंग्रेसको पनि आफ्ना गल्तीहरू थिए । उदाहरणको लागि यो चिनियाँ क्रान्तिको अत्यन्त दीर्घकालीन स्वरूप र क्रान्तिमा गाउँले आधार–क्षेत्रहरूको अत्यन्त ठूलो महत्त्व रहेको कुरा देखाउन असमर्थ रह्यो, यस बाहेक, त्यसको अन्य कमजोरी अथवा गल्तीहरू पनि थिए । तर पनि छैठौं राष्ट्रिय कंग्रेसले हाम्रो पार्टीको इतिहासमा प्रगतिशील भूमिका निभायो ।

४) यस प्रश्नमा कि सन् १९३१ मा शंघाइमा जुन अस्थायी केन्द्रीय नेतृत्वकारी संगठन बनाइयो र त्यसपछि जुन **पाँचौं पूर्ण अधिवेशन**[४] बोलाइयो,

---

३) हेर्नुहोस्: "जापानी साम्राज्यवाद-विरोधी कार्यनीतिको बारेमा", नोट ३० (माओ त्सेतुङको संकलित रचना भाग- १) । (जुलाई १९२८ मा आयोजित चिनियाँ कम्युनिष्ट पार्टीको छैठौं राष्ट्रिय कंग्रेसले निम्न लिखित दश सूत्रीय कार्यक्रम निर्धारित गर्‍यो: (क) साम्राजयवादी शासनलाई उखेलेर फाल्ने, (ख) विदेशी पूँजीवाला उद्योग-धन्दाहरू तथा बैंकहरूलाई जफत गर्ने, (ग) चीनको एकीकरण गर्ने र विभिन्न जातिहरूको आत्मनिर्णयको अधिकारलाई मान्यता दिने, (घ) क्वोमिन्ताङ युद्ध सरदारहरूको सरकारलाई उखेलेर फाल्ने, (ङ) मजदुर, किसान र सैनिकहरूको प्रतिनिधि परिषदवाला सरकारको स्थापना गर्ने, (च) आठ घण्टे श्रम दिन निश्चित गर्ने, तलब बृद्धि गर्ने, बेरोजगारीलाई सहायता दिने, सामाजिक विमा व्यवस्थापन गर्ने, आदि, (छ) जमिन्दारवर्गको सबै जमिन जफत गरी किसानहरूलाई बाँड्ने, (ज) सिपाहीहरूको रहनसहनको स्थितिलाई सुधार्ने, सिपाहीहरूलाई जमिन र रोजगार दिने, (झ) तमामखाले करहरू र विभिन्न किसिमका लेवीहरूको अन्त गरी एकै किसिमले बृद्धि हुने कर व्यवस्था लागू गर्ने, (ञ) विश्व सर्वहारासँग एकता कायम गर्नु, सोभियत संघसँग एकता कायम गर्नु ।)

४) चीनी कम्युनिष्ट पार्टीको छैठौं केन्द्रीय समितिको पाँचौं पूर्ण अधिवेशन १९३४ मा भएको थियो ।

तिनीहरू बैधानिक थिए कि थिएनन् भन्ने बारे केन्द्रीय समितिको राय छ कि दुवै बैधानिक थिए । तर यो बताउनु पर्छ कि चुनावको लागि अपनाइएको कार्यविधि अपुग थियो । यस घटनालाई एउटा ऐतिहासिक पाठ सम्झनु पर्छ ।

५) पार्टीको इतिहासमा गुटहरूका बारेमा यो बताउनु पर्छ कि हाम्रो पार्टीको इतिहासमा पहिले जुन गुट थिए र जसले एउटा अस्वस्थ भूमिका खेलेका थिए, चुनइ बैठकपछि भएका परिवर्तनहरूको परिणामस्वरूप उनीहरू रहेनन् । पार्टीभित्रको दुई कार्यदिशाहरू बारेको हाम्रो वर्तमान अध्ययनमा यो बताउनु अत्यन्त आवश्यक छ कि ती गुटहरू थिए र तिनीहरूले अस्वस्थ भूमिका निर्वाह गरेका थिए । तर यो सोच्नु गल्ती हुन्छ कि त्यस्तै प्रकारका गलत राजनैतिक कार्यक्रमहरू र संगठनात्मक रूपहरू भएका गुटहरू अझ पनि बाँकी छन् । जब कि पार्टीभित्र यत्तिका बढी आन्तरिक संघर्षहरू (जनवरी १९३५को चुनइ बैठक, अक्टुबर १९३८ को छैंटौ केन्द्रीय समितिको पूर्ण अधिवेशन, **सेप्टेम्बर १९४१ को राजनैतिक ब्यूरोको विस्तारित बैठक**[५] सन् १९४२ को पार्टीव्यापी शुद्धीकरण अभियान र सन् १९४३ को हिउँदमा पार्टीभित्रका दुई कार्यदिशाहरूका दौरान भएका अतीतका संघर्षहरूका अध्ययनको लागि गरिएको आन्दोलन) मार्फत् परिवर्तन ल्याइएको छ । पुरानो गुट निर्मूल भएको छ । मात्र कठमुल्लावादी र अनुभववादी विचारधाराको अवशेष बाँकी रहेको छ । शुद्धिकरण आन्दोलनलाई निरन्तरता दिएर र अझ तीब्र पारेर यिनीहरूलाई हटाउन सकिन्छ । तर हाम्रो पार्टीभित्र लगभग सबै ठाउँमा जुन कुरा खतरनाक रूपमा पाइन्छ त्यो हो एउटा अन्ध **पहाडी दुर्ग**[६] प्रवृत्ति । उदाहरणको लगि,

---

५) सेप्टेम्बर १९४१ मा राजनैतिक व्यूरोको यस अधिवेशनले पार्टीको इतिहासमा, खासगरी द्वितीय क्रन्तिकारी गृहयुद्धकालमा अपनाइएको राजनैतिक कार्यदिशाको समस्यालाई पुनर्विवेचना गऱ्यो ।

६) "पहाडी दुर्ग" प्रवृत्ती गुट बनाउने एउटा यस्तो प्रवृत्ति थियो जुन मुख्यतः दीर्घकालीन छापामार युद्धको परिस्थितिहरूमा (जब कि गाउँले क्रान्तिकारी आधार–क्षेत्र अस्तव्यस्त भएको थियो र एक आपसमा सम्पर्क टुटेको थियो ।) उत्पन्न भयो । अधिकांश आधार–क्षेत्र पहिले पहाडी क्षेत्रमा स्थापित गरिएका थिए । एक्लो पहाडी दुर्ग जस्तै प्रत्येक आधार–क्षेत्रले आफूलाई एउटा अलग इकाइ सम्झन लाग्यो । त्यसैले यस प्रवृत्तिको नाम "पहाडी दुर्ग" प्रवृत्ति भयो ।

*विभिन्न शाखाहरूका कमरेडहरूबीच आपसी समझदारी, आपसी सम्मान र एकताको अभाव छ, जुन संघर्षमा उनीहरूको पृष्ठभूमिको भिन्नताहरूबाट, जुन क्षेत्रहरूमा उनीहरू काम गर्दछन् त्यसको भिन्नताहरू (जस्तै एउटा आधार–क्षेत्र र अर्को आधार–क्षेत्रबीचमू जापान अधिनस्त क्षेत्रहरू, क्वोमिन्ताङ शासित क्षेत्रहरू र क्रान्तिकारी आधार–क्षेत्रहरूबीच)बाट र तिनीहरूको कामको विभागीय भिन्नताहरू (जस्तै एउटा फौजी युनिट र अर्को फौजी युनिटबीच)ले उत्पन्न हुन्छ । यो एउटा साधारण कुरा जस्तो लाग्छ तर पार्टीको एकता र संघर्षशीलताको विकासमा यो ज्यादै ठूलो अवरोध हो । पहाडी दुर्ग प्रवृत्तिको सामाजिक तथा ऐतिहासिक जड यस तथ्यमा भेटिन्छ कि चीनका निम्न पूँजीपतिवर्गका मान्छेहरूको संख्या विशेषरूपले बढी छ र हाम्रो ग्रामीण आधार–क्षेत्र लामो समयसम्म शत्रुद्वारा एक आपसमा अलग्याएर राखिएका थिए जब कि यसको मनोगत कारण पार्टीको आन्तरिक शिक्षाको कमी हो । हाम्रो अगाडि अब महत्त्वपूर्ण काम यो छ कि हामीले यी कारणहरू बताऔं र कमरेडहरूलाई आफ्नो अज्ञानताबाट छुटकारा पाउन, आफ्नो राजनैतिक स्तर उठाउन र आपसी समझदारी एवम् आपसी सम्मानको भावना बढाउन प्रेरणा दिऊँ, ता कि सम्पूर्ण पार्टीमा एकता स्थापित हुन सकोस् ।*

*सिङ्गो पार्टीमा यी प्रश्नहरूको स्पष्ट बुझाईले पार्टीभित्रको वर्तमान अध्ययन आन्दोलनलाई सफल बनाउने ग्यारेण्टी गर्ने मात्र होइन बरू यसले चिनियाँ क्रान्तिको विजय पनि निश्चित हुन्छ ।*

## दुई

वर्तमान परिस्थितिको दुईवटा विशेषताहरू छन् : पहिलो यो हो कि फासिष्ट विरोधी मोर्चा मजबुत बन्दै गइरहेको छ भने फासिष्ट मोर्चा कमजोर बन्दै गएको छ । दोस्रो यो हो कि फासिष्ट मोर्चाभित्रका जनशक्तिहरू सुदृढ हुँदैछन् भने जनविरोधी शक्तिहरू कमजोर हुँदैछन् । पहिलो विशेषता एकदम स्पष्ट छ र तत्काल देख्न सकिन्छ । हिटलर ज्यादै चाँडै पराजित हुनेछ र जापानी आक्रमणकारी पनि पराजयतर्फ बढिरहेको छ । दोस्रो विशेषता यस्तो स्पष्ट छैन, त्यसैले यसलाई सजिलैसँग बुझ्न सकिँदैन । तर यूरोपमा, बेलायत

एवम् अमेरिकामा र चीनमा त्यो दिन प्रति दिन अधिकाधिक स्पष्ट हुँदै गइरहेको छ ।

चीनमा जनशक्तिहरूको विकासको व्याख्या गर्दा हाम्रो पार्टीको तस्वीरलाई केन्द्रविन्दु बनाएर गर्नुपर्छ ।

जापानी आक्रमण–विरोधी युद्धको दौरान हाम्रो पार्टीको विकासलाई तीन अवधिमा बाँड्न सकिन्छ । पहिलो अवधि सन् १९३७ देखि सन् १९४० सम्म थियो । यस अवधिको शरूका दुई वर्षहरू सन् १९३७–१९३८मा जापानी युद्ध सरदारहरूले क्वोमिन्ताङलाई प्रमुख र कम्युनिष्ट पार्टीलाई गौण माने । त्यसैले उनीहरूले आफ्नो मुख्य शक्ति क्वोमिन्ताङ मोर्चाको विरूद्धमा लगाए र क्वोमिन्ताङप्रतिको आफ्नो नीतिमा सैनिक आक्रमणलाई प्रधानता र आत्मसर्मपण गराउनको लागि राजनैतिक प्रलोभन दिनुलाई पूरक स्थान दिए । कम्युनिष्ट पार्टीको नेतृत्वमा स्थापित जापान–विरोधी आधार–क्षेत्रलाई जापानीहरूले कुनै महत्त्व दिएनन् । उनीहरूको सोचाइ थियो कि त्यहाँ मुट्ठीभर कम्युनिष्टहरू छन् जो छापामार लडाइँ लडिरहेका छन् । तर अक्टोबर १९३८मा ऊहानमाथि अधिकार जमाएपछि जापानी साम्राज्यवादीहरूले आफ्नो नीति परिवर्तन गरे र कम्युनिष्ट पार्टीलाई प्रमुख र क्वोमिन्ताङलाई गौंण सम्झन शुरू गरे । क्वोमिन्ताङप्रति उनीहरूको नीतिमा आत्मसमर्पण गराउन राजनैतिक प्रलोभन दिनु प्रमुख भयो र सैनिक आक्रमण त्यसको पूरक भयो । यसका साथै उनीहरूले आफ्नो मुख्य शक्ति क्रमशः कम्युनिष्ट विरूद्ध प्रयोग गरे किनकि जापानी साम्राज्यवादीहरूले अब यो महसुस गरे कि उनीहरूलाई खतरा क्वोमिन्ताङबाट होइन, बरू कम्युनिष्ट पार्टीबाट छ । सन् १९३७ र १९३८मा क्वोमिन्ताङले प्रतिरोध युद्धको लागि अपेक्षाकृत धेरै प्रयास गर्‍यो, हाम्रो पार्टीसँग उसको सम्बन्ध अपेक्षाकृत राम्रो थियो र तिनीहरूले जापान–विरोधी जनआन्दोलनमाथि धेरै प्रतिबन्ध लगाउनुको बाबजुद जनतालाई अपेक्षाकृत ज्यादा छुट दिएका थिए । तर ऊहानको पतनपछि, युद्धमा आफ्नो पराजयहरूको कारण र कम्युनिष्ट पार्टीप्रति आफ्नो बढ्दो शत्रुताको कारण क्वोमिन्ताङ अधिक प्रतिक्रियावादी बन्दै गयो, कम्युनिष्ट पार्टीविरूद्ध अधिक सक्रिय र प्रतिरोध युद्धमा अधिक निष्क्रिय हुँदै गयो । सन् १९३७मा गृहयुद्ध कालको जासुसहरूका कारण कम्युनिष्ट पार्टीमा ४०,००० मात्र संगठित सदस्य र ३०,००० सैनिकहरू थिए । अतएव जापानी युद्ध सरदारहरूले यसलाई तुच्छ सम्झे । तर सन् १९४० मा पार्टी सदस्य संख्या ८,००,००० सम्म पुग्यो,

सेनाको संख्या बढेर करीब ५,००,००० पुग्यो र आधार–क्षेत्रहरूको कूल जनसंख्या जसमा हामीलाई अन्न कर दिनेहरू मात्र तथा हामीलाई र जापानीहरू एवम् कठपुतलीहरू दुवैलाई **अन्न कर दिने**[७]हरू सामिल थिए, लगभग १० करोड थिए । हाम्रो पार्टीले केही वर्षको अवधिमा युद्धको यत्ति ठूलो क्षेत्र अर्थात मुक्तक्षेत्र कायम गरेको थियो कि लगभग साढे पाँच वर्षसम्म हामीले क्वोमिन्ताङ मोर्चाविरूद्ध जापानी आक्रमणकारीहरूको मुख्य शक्तिको रणनैतिक आक्रमणहरूलाई रोक्न सक्यौं, शत्रुका यी सेनाहरूलाई आफूतर्फ आकर्षित गऱ्यौं, क्वोमिन्ताङलाई उसको मोर्चामा संकटबाट बचायौं र दीर्घकालीन प्रतिरोध युद्ध जारी राख्यौं । तर यस स्थितिमा हाम्रो पार्टीका केही कमरेडहरूले एउटा गल्ती गरे । उनीहरूले जापानी साम्राज्यवादको शक्तिलाई कम माने ( त्यसैले उनीहरूले युद्धको दीर्घकालीन र क्रुर स्वरूपलाई देख्न सकेनन्, उनीहरूले ठूलो–ठूलो संख्याको चलायमान युद्धलाई प्रमुख बनाउने पक्ष लिए र छापामार युद्धलाई कम महत्त्व दिए), क्वोमिन्ताङमाथि विश्वास गरे र उनीहरू ठण्डा दिमागले सोचेर एउटा स्वतन्त्र नीति अवलम्बन गर्न असफल भए । अतएव क्वोमिन्ताङप्रति उनीहरूको आत्मसमर्पण र स्वतन्त्ररूपले साहसका साथ जनसमुदायलाई गोलबन्द गरी शत्रुको पृष्ठभागमा जापान–विरोधी जनवादी आधार–क्षेत्र कायम गर्ने र पार्टीको नेतृत्वमा लड्ने सेनालाई बढाउने नीतिलाई लागू गर्ने कुरामा उनीहरूमा ढुलमुलपना उत्पन्न भयो । यसैबीच हाम्रो पार्टीले धेरै नयाँ सदस्य भर्ती गऱ्यो जो अझसम्म अनुभवहीन थिए र शत्रुको पृष्ठभागमा प्रशस्त नयाँ नयाँ आधार–क्षेत्रहरू स्थापित गरिए जुन तबसम्म सुदृढ बनेका थिएनन् । यस क्रममा आम स्थिति अनुकूल भएको कारण र हाम्रो पार्टी र सेनाको संख्या बढेको कारण हाम्रो पार्टीभित्र एक प्रकारको घमण्डको भावना उत्पन्न भयो र धेरै सदस्यहरूको फूर्ति बढ्यो । तर यसै क्रममा हामीले पार्टीभित्रको दक्षिणपन्थी भड्कावलाई हटायौं र एउटा स्वतन्त्र नीति अपनायौं । हामीले जापानी साम्राज्यवादलाई चोटमात्र पुऱ्याएनौं, बरू आधार–क्षेत्र बनायौं र आठौं मार्ग सेना तथा नयाँ चौथो सेनालाई बढायौं र क्वोमिन्ताङको पहिलो कम्युनिष्ट–विरोधी हमलालाई पनि परास्त गऱ्यौं ।

---

*(७) आधार–क्षेत्रको अपेक्षाकृत स्थायी भागहरूमा मान्छेहरूले नियमित अन्न कर केवल जापान-विरोधी जनवादी सरकारलाई दिन्थे । तर आधार–क्षेत्रको बाहिरी भागहरू र छापामार इलाकाहरूमा जहाँका मान्छेहरू शत्रुद्वारा निरन्तर हैरान पारिन्थे, ले शत्रुको कठपुतली सरकारलाई पनि अर्को अन्न कर दिन बाध्य हुन्थे ।*

सन् १९४१ र १९४२ दोस्रो अवधि थियो । बेलायत र अमेरिकाको विरूद्ध युद्धको तैयारी गर्ने र त्यसलाई शुरू गर्नको लागि जापानी साम्राज्यवादीहरूले आफ्नो त्यस नीतिलाई जुन उनीहरूले ऊहानको पतन पश्चात अपनाएका थिए र क्वोमिन्ताङको सट्टा कम्युनिष्ट पार्टीको विरुद्धमा अधिक शक्ति प्रयोग गर्ने नीति थियो, लाई बढी तीव्रताका साथ लागू गरे । उनीहरूले हाम्रो पार्टीलाई आफ्नो हमलाको निशाना बनाएर आफ्नो मूख्य शक्तिको अझ ठूलो हिस्सालाई कम्युनिष्टको अधीनमा रहेका आधार–क्षेत्रहरू वरिपरि एकत्रित गरे, एकपछि अर्को "सफाया गर्ने" अभियान चलाए र "सबै चिज जलाउने, सबैलाई मार्ने र सबै कुरा लुट्ने" बर्बर नीति अवलम्बन गरे । यसको परिणामस्वरूप सन् १९४१–४२ को दुई वर्षहरूमा हाम्रा पार्टी घोर विपत्तिको स्थितिमा पर्‍यो । यस अवधिमा पार्टीको आधार–क्षेत्र खुम्चियो, जनसंख्या ५ करोड भन्दा कम भयो । आठौं मार्ग सेना घटेर ३ लाख बाँकी रह्यो । हामीले कार्यकर्ताहरूको ठूलो क्षति व्यहोनु पर्‍यो र हाम्रो आर्थिक स्थिति ज्यादै नाजुक भयो । यसैबीच क्वोमिन्ताङले आफूलाई दवाबमुक्त पाएर हाम्रो पार्टी विरुद्ध अनेक हथकण्डा प्रयोग गर्‍यो, आफ्नो दोस्रो ठूलो कम्यूनिष्ट विरोधी हमला शुरु गर्‍यो र जापानी साम्राज्यवादीहरूसँग साँठगाँठ गरी हामीमाथि धावा बोल्यो । तर, यस कठिन स्थितिले हामी कम्युनिष्टहरूलाई शिक्षित गर्‍यो र हामीले धेरै कुराहरू सिक्यौं । हामीले शत्रुको "सफाया गर्ने" अभियान र यस मार्फत हाम्रो क्षेत्रलाई **"कोतर्ने" नीति**[८], त्यसको **"सार्वजनिक सुरक्षालाई सुदृढ बनाऊ" आन्दोलन**[९], त्यसको "सबै कुरा जलाउने, सबैलाई

---

*८) यो त्यो तरिका हो जुन जापानी साम्राज्यवादीहरूले जापान-विरोधी आधार–क्षेत्रहरूमाथि ठूलो मात्राका आक्रमणहरूमा पराजित भएपछि अपनाएका थिए । अर्थात् एकाएक "हडप्ने" भन्दा लामो समयसम्म लगातार "कोतर्ने" तरिका । जापानी साम्राज्यवादीहरूको कोशिस यो थियो कि उसले विस्तार-विस्तार तथा कदम-कदम अघि बढ्ने र जापान-विरोधी आधार–क्षेत्रहरूलाई अलग-थलग गर्ने तरिका अपनाएर तिनीहरूलाई खुम्च्याउने तथा आफ्नो कब्जामा रहेका क्षेत्रलाई बढाइरहने ।*

*९) मार्च १९४१ मा उत्तरी चीनमा जापानी आक्रमणकारीहरू र चिनीयाँ गद्धारहरूले "सार्वजनिक सुरक्षालाई सुदृढ बनाउने" आन्दोलनको घोषणा गरे । यस आन्दोलनमा जनताका घरहरूको जबरजस्ती खानतलासी लिने, पाओ च्या व्यवस्था स्थापित गर्ने, घरघरमा गएर जाँच गर्ने र कठपुतली सेनालाई कायम गर्ने, सामेल थिए । यी सबैका उद्देश्य जापान-विरोधी शक्तिहरूलाई कुल्चनु थियो ।*

मार्ने र सबै कुरा लुट्ने" नीति र त्यसको राजनैतिक पश्चाताप गराउने नीतिको मुकाविला गर्न सिक्यौं । हामीले संयुक्त मोर्चाको राजनैतिक सत्ताका संगठनहरूमा "तीन तिहाई व्यवस्था" लागू गर्न, भूमि नीतिलाई व्यवहारमा ल्याउन, आफ्नो अध्ययनशैली, पार्टी– सम्बन्धहरूलाई निर्वाह गर्ने पद्धति र लेखनशैलीलाई सुधार्नको लागि शुद्धीकरण आन्दोलन चलाउन, राम्रो फौज र सरल प्रशासनको नीतिलाई व्यवहारमा ल्याउन, एकीकृत नेतृत्वको नीतिलाई ब्यवहारमा लागू गर्न, सरकारको समर्थन गर्न र जनतासँग आत्मीयता बढाउने आन्दोलन चलाउन र उत्पादनको विकास गर्न सिक्यौं अथवा सिक्न शुरू गऱ्यौं । हामीले धेरैजनाको त्यस घमण्ड समेत जुन पहिलो अवधिमा उत्पन्न भएका थिए, आफ्ना धेरै कमजोरीहरू हटायौं । यस दोस्रो अवधिमा हामीले ठूलो नोक्सानी सहनु परे पनि हामी आफ्नो खुट्टामा उभिइरह्यौ । हामीले एकातर्फ जापानी आक्रमणकारीहरूको हमलालाई परास्त गऱ्यौ भने अर्कोतर्फ, क्वोमिन्ताङको दोस्रो ठूलो कम्युनिष्ट–विरोधी आक्रमणलाई पनि परास्त गऱ्यौं । कम्युष्टि पार्टीमाथि भएको क्वोमिन्ताङको आक्रमणको कारण र ती संघर्षहरूको कारण जो हामीले आफ्नो बचावटको लागि गर्नुपऱ्यो, पार्टीभित्र एक प्रकारको उग्रवामपन्थी भड्काव उत्पन्न भयो, जसको एउटा उदाहरण थियो क्वोमिन्ताङ–कम्युनिष्ट सहयोग चाँडै नै बन्द हुनुमू जसको नतिजा यो निस्कियो कि जमिन्दारहरूमाथि अत्याधिक प्रहार गरिए र पार्टीबाहिरका गन्यमान्य व्यक्तिहरूसँगको एकतालाई उपेक्षा गरियो । तर, हामीले यस भड्कावलाई पनि हटायौं । क्वोमिन्ताङद्वारा उत्पन्न गराइएको टकराव विरूद्धको संघर्षमा हामीले "न्यायोचित आधारमा आफ्नो फाइदा हेर्दै र संयमित रूपले" संघर्ष चलाउने सिद्धान्तको समर्थन गऱ्यौं र संयुक्त मोर्चाको काममा "एकता, संघर्ष, संघर्ष मार्फत एकता"को आवश्यकतामाथि जोड दियौं । त्यस्तै हामीले जापानविरोधी राष्ट्रिय संयुक्त मोर्चा देशभरी र आफ्नो आधार–क्षेत्रहरूमा कायम राख्यौं ।

तेस्रो अवधि सन १९४३ देखि हालसम्म हो । हाम्रो विभिन्न नीतिहरू अधिक प्रभावकारी सिद्ध भएका छन्, विशेष गरी शुद्धीकरण आन्दोलन र उत्पादन विकासमा जुन परिमाण प्राप्त भएका छन् ती उल्लेखनीय स्वरूपका छन्, त्यसले हाम्रो पार्टी विचारधारात्मक र भौतिक दुवै दृष्टिले अजेय बन्यो । यसबाहेक, पछिल्लो वर्ष यो कुरा सिक्यौं अथवा सिक्न शुरू गऱ्यौं कि कार्यकर्ताहरूको अतितको जाँचबुझसम्बन्धी आफ्नो नीति र गुप्त जासुसहरूको

पर्दाफास गर्ने आफ्नो नीतिलाई कसरी चलाउने। यी परिस्थितिहरूमा हाम्रो आधार–क्षेत्र फेरि बढ्यो, त्यसको जनसंख्या ८ करोड भन्दा बढी पुग्यो जसमा हामीलाई अन्न कर दिने र जापानी एवम् कठपुतलीहरू तथा हामी दुवैलाई अन्न कर दिनेहरू मात्र सामेल छन्। हाम्रो सेनाको संख्या ४,७०,०००मङ्गहाम्रो मिलेसियाको संख्या २२,७०,००० र हाम्रो पार्टी सदस्य संख्या ९,००,००० भन्दा बढी पुग्यो।

सन् १९४३ मा जापानी युद्ध सरदारहरूले चीनप्रतिको आफ्नो नीतिमा कुनै खास परिवर्तन गरेनन् र कम्युनिष्ट पार्टीविरूद्धको आफ्नो मुख्य हमला जारी राखे। तीन वर्षभन्दा बढी समयदेखि, सन् १९४१ देखि आजसम्म, चीनमा मौजुत जापानी सेनाका ६० प्रतिशत भन्दा बढी सैनिकले हाम्रो अधीनमा रहेका जापान–विरोधी आधार–क्षेत्रहरूमाथि ठूलो दबाब पारिरहे। यी वर्षहरूमा लाखौं क्वोमिन्ताङ सैनिक जो शत्रुको पृष्ठभागमा बसेका थिए, जापानी साम्राज्यवादीहरूको आक्रमणको सामना गर्न असफल रहे। लगभग आधा सैनिकहरूले आत्मसमर्पण गरे, लगभग आधा खेतमै रहे र सिर्फ मुट्ठिभर बाँचे अथवा पछि हटी फर्केर आउन सके। क्वोमिन्ताङको जुन सैनिकहरूले आत्मसमर्पण गरेका थिए, उनीहरू जापानीसँग मिले र तिनीहरूले हाम्रो पार्टीमाथि आक्रमण गरे। यसप्रकार पार्टीले ९० प्रतिशत भन्दा बढी कठपुतली सेनासँग लड्नुपऱ्यो। क्वोमिन्ताङले ४० प्रतिशत भन्दा कम जापानी सेना र १० प्रतिशत भन्दा कम कठपुतली सेनासँग लड्नुपऱ्यो। अक्टोबर १९३८ मा ऊहानको पतनपछि पूरा साढे पाँच वर्षसम्म जापानी युद्ध सरदारहरूले क्वोमिन्ताङ मोर्चाको विरूद्ध एउटा पनि रणनैतिक आक्रमण गरेनन्, केही अपेक्षाकृत ठूला अभियानहरू (चच्याङ–च्याङशी, छाङशा, पश्चिमी होपे, दक्षिणी हुनान र छाङतेमा) चलाइए र यी पनि सामान्य धावामात्र थिए, जब कि उनीहरूले आफ्नो मुख्य ध्यान हाम्रो पार्टीको अधीनमा रहेका जापान विरोधी आधार–क्षेत्रमा केन्द्रित गरे। यस्तो परिस्थितिमा क्वोमिन्ताङले “पहाडबाट पछि हट्ने” र “अरूहरू लडेको हेर्ने” नीति अवलम्बन गऱ्यो। उसले त्यसबेला मात्र आक्रमण रोक्दथ्यो जब शत्रु अगाडि बढ्थ्यो र जब शत्रु पछि हट्थ्यो हातमा हात बाँधेर हेरिरहन्थ्यो। सन् १९४३ मा क्वोमिन्ताङ आफ्नो आन्तरिक नीतिमा अझ बढी प्रतिक्रियावादी बन्यो र उसले आफ्नो कम्युनिष्ट विरोधी तेस्रो ठूलो आक्रमण गऱ्यो जसलाई हामीले फेरि पछि धकेलिदियौं।

सन् १९४३ देखि यस वर्षको वसन्तसम्म, प्रशान्त महासागरको मोर्चामा जापानी आक्रमणकारीहरूको खुट्टा खुस्कँदै गएकोछ र अमेरिकाले आफ्नो प्रत्याक्रमणलाई तीब्र बनाएको छ । र, अब पश्चिममा सोभियत संघको लालसेनाको जबरजस्त प्रहारहरूले हिटलर लड्खडाएको छ । आफ्नो पराजयबाट बच्न जापानी साम्राज्यवादीहरूले पेफिङ–हानखओ र हानखओ–क्वाङचओ रेलवेलाई यातायात आवतजावतको लागि खोलिदिने कुरा सोचेको छ किनकि छुनकिङमा क्वोमिन्ताङलाई आत्मसमर्पण गराउन फकाउने नीतिमा असफल भएको कारण उसले त्यसमाथि अर्को एउटा प्रहार गर्नुपर्ने सम्झेको छमू यसकारण उसले यस वर्ष क्वोमिन्ताङमाथि ठूलो आक्रमण गर्ने योजना बनाएको छ । **हुनान अभियान**[१०] एक महिनाभन्दा अघिदेखि चलिरहेको छ । त्यहाँ शत्रु सेनाका मात्र केही डिभिजनहरू छन् तर पनि कैयौं लाख क्वोमिन्ताङ सेनाले लडाइँ बिना नै मैदान छाडिदिए, मात्र केही विविध नामधारी सेनाहरूले अलिअलि मुकाविला गरेका छन् । थाङ अन–पोको कमानमा एकदम अराजकता फैलिएको छ । अफिसर आफ्ना सैनिकबाट र सैनिकहरू जनताबाट अलग्गिएका छन् र उसको दुई तिहाईभन्दा बडी सैन्य शक्ति खत्तम भइसकेको छ । यसैगरी हु चङ–नानले जुन डिभिजनहरू हुनान पठाएको थियो, उनीहरू शत्रुसँगको पहिलो मुठभेडमै पराजित भइसकेका छन् । यो ती प्रतिक्रियावादी नीतिहरूको परिणाम हो जुन क्वोमिन्ताङले पछिल्ला केही वर्षदेखि ठूलो तत्परतासाथ लागू गरेको छ । ऊहानको पतनपछि यी साढे पाँच वर्षमा कम्युनिष्ट पार्टीको अधीनमा रहेका मुक्त क्षेत्रहरूका युद्धमोर्चाहरूले जापानी र कठपुतली सेनाहरूको मुख्य शक्तिको मुकाविला गरेका छन् । भविष्यमा केही परिवर्तन हुन सक्छ, तर त्यो केवल अस्थायी मात्र हुन सक्छ किनकि क्वोमिन्ताङले जापानको निष्क्रिय प्रतिरोध गर्ने र कम्युनिष्टहरूको सक्रिय प्रतिरोध गर्ने जुन प्रतिक्रियावादी नीति अवलम्बन गरिरहेको छ, जसले उसको घोर पतन भएको छ र उसले नराम्रोसँग हार्ने निश्चित छ । जब यस्तो हुन्छ तब हाम्रो पार्टीको जापानीहरू र कठपुतली

*१०) मार्च १९४४ मा जापानी आक्रमणकारीले हनान प्रान्तमा साठी हजार सेना सँगै आफ्नो अभियान शुरु गऱ्यो । च्याङ-वन, थाङ अन-पो र हू चूङ-नानको अधीनमा ४ लाख क्वोमिन्ताङ सेना जापानी आक्रमणकारीहरूका अगाडि कुहिरो समान हराए । ३८ काउन्टीहरू जसमा चङचओ र लोयाङ समावेश थिए, एक-एक गरी शत्रुको हातमा परे । थाङ अन-पोको सेनाले आफ्नो २ लाख मान्छे गुमाए ।*

सेनाहरूसँग लड्ने कार्य अझ बढ्ने छ । साढे पाँच वर्षसम्म हातमा हात राखेर हेरिरहनाले क्वोमिन्ताङले जे पाएको छ त्यो यो हो कि उसको लड्ने क्षमता घटेको छ । साढे पाँच वर्षसम्म कठोर लडाइँ र संघर्षद्वारा कम्युनिष्ट पार्टीले जे पाएको छ त्यो यो हो कि उसको लड्ने क्षमता बढेको छ । यसले नै चीनको भाग्यको फैसला हुनेछ ।

कमरेड आफै देख्न सक्नुहुन्छ कि जुलाई १९३७ पछिका सात वर्षमा हाम्रो पार्टीको नेतृत्वमा जनताको जनवादी शक्तिहरू तीन अवस्थाहरूबाट अगाडि बढेका छन्– उत्थान, पतन र नयाँ उत्थान । हामीले जापानी आक्रमणकारीहरूको क्रुर आक्रमणलाई परास्त गर्‍यौं, व्यापक क्रान्तिकारी क्षेत्र स्थापित गर्‍यौं, पार्टी र सेना दुवैमा धेरै बढी बृद्धि गर्‍यौं, क्वोमिन्ताङको कम्युनिष्ट विरोधी तीनवटा ठूला हमलाहरूलाई असफल बनायौं र पार्टीभित्रका दक्षिणपन्थी र “वामपन्थी” गलत विचारहरूमाथि विजय प्राप्त गर्‍यौं तथा सिङ्गो पार्टीले काफी मूल्यवान अनुभव प्राप्त गर्‍यो । यो पछिल्ला सात वर्षहरूमा हामीले प्राप्त गरेका कामहरूको निचोड हो ।

वर्तमानको हाम्रो काम हो आफूलाई यो भन्दा पनि ठूलो जिम्मेवारी वहन गर्न तयार गर्नु । हामीले जापानी आक्रमणकारीलाई कुनै पनि हालतमा चीनबाट लखेट्ने तयारी गर्नु छ । पार्टीलाई यस जिम्मेवारीको लागि योग्य बनाउन हामीले आफ्नो पार्टीलाई, आफ्नो सेनालाई र आफ्नो आधार–क्षेत्रहरूलाई अझ बढाउनु तथा सुदृढ बनाउनु पर्छ । हामीले ठूला शहरहरू र यातायातका मुख्य लाइनहरूका काममाथि अधिक ध्यान दिनुपर्छ र शहरहरूका कामलाई आधार–क्षेत्रहरूका कामको जत्तिकै महत्त्वको स्थितिसम्म पुर्‍याउनु पर्छ ।

जहाँसम्म आधार–क्षेत्रहरूमा हाम्रो कामको सम्बन्ध छ, पहिलो अवधिमा यी क्षेत्रहरूलाई बढाउन त धेरै बढाइयो तर सुदृढ गरिएन । त्यसैले दोस्रो अवधिमा जब त्यसमाथि शत्रुको ठूलो आक्रमण भयो, तब त्यो संकुचन भयो । दोस्रो अवधिमा हाम्रो पार्टीको नेतृत्वमा जति पनि जापान–विरोधी आधार–क्षेत्रहरू थिए ती सबै खारिएर पहिलो अवधिको तुलनामा ज्यादै मजबुत बने । कार्यकर्ताहरू र पार्टी सदस्यहरूको वैचारिक एवम् राजनैतिक स्तर धेरै बृद्धि भयो र उनीहरूले प्रशस्त यस्ता कुरा सिके जो पहिले जान्दैनथे । तर वैचारिक कुराहरूलाई स्पष्ट गर्न र नीतिलाई अध्ययन गर्न समय लाग्दछ र हामीले अझ धेरै कुराहरू सिक्नु छ । हाम्रो पार्टी अझ पनि आवश्यकता जति मजबूत छैन, त्यसमा एकता अथवा दृढता पनि प्रशस्त छैन । त्यसैले जति जिम्मेवारी हामीले

अब लिएका छौं त्यो भन्दा बढी जिम्मेवारी लिन सक्दैनौं । अब हाम्रो समस्या भनेको प्रतिरोध युद्धलाई जारी राख्दै आफ्नो पार्टी, आफ्नो सेना र आधार–क्षेत्रहरूलाई बढाउनु र सुदृढ बनाउनु हो । भविष्यका महान् कार्यसम्बन्धी हाम्रो वैचारिक र भौतिक तयारीको सिलसिलमा यी पहिला आवश्यक कुरा हुन् । यी तयारीबिना हामी जापानी आक्रमणकारीहरूलाई लखेट्न र पूरा चीनलाई मुक्त गराउन सफल हुन सक्दैनौं ।

ठूला शहरहरूमा र यातायातको मुख्य लाइनहरूमा हाम्रो काम सँधै कम हुने गरेको छ । यदि अब हामीले ठूला–ठूला शहरहरू र यातायातको मुख्य लाइनहरूमा जापानी साम्राज्यवादद्वारा उत्पीडित लाखौं करोडौं श्रमिक जनसमुदाय र नगरवासीहरूलाई पार्टीको वरिपरि गोलबन्द गर्ने प्रयास नगरे, सशस्त्र जनविद्रोहको तैयारी नगरेमा शहरबाट सहायता नपाएको कारण हाम्रो सेना र गाउँले आधार–क्षेत्रहरूले सबै प्रकारका कठिनाइहरूको सामना गर्नुपर्ने छ । दश वर्षभन्दा बढी समयदेखि हामी गाउँमा छौं, यस कारण हामीले मानिसहरूलाई गाउँलाई राम्रोसँग बुझ्न र गाउँले आधार–क्षेत्र स्थापित गर्न प्रोत्साहित गरेका छौं । यो दश वर्षभन्दा बढी समयमा शहरहरूमा विद्रोहको तयारीको काम जुन छैठौं राष्ट्रिय कंग्रेसले निर्णय गरेको थियो, हुन पाएको छैन र हुन पनि सक्दैनथ्यो । तर, अब परिस्थिति परिवर्तन भएको छ र सातौं राष्ट्रिय कंग्रेसपछि छैठौं राष्ट्रिय कंग्रेसको प्रस्तावमाथि काम गरिनेछ । सातौं कंग्रेस सम्भवत चाँडै नै हुने छ र शहरहरूमा आफ्नो कामलाई सुदृढ बनाउन र देशव्यापी विजय प्राप्त गर्ने समस्याहरूमाथि विचार गरिनेछ ।

शेनशी–कानसू–निङश्या सीमा क्षेत्रको औद्योगिक सम्मेलन जुन यस बेला भइरहेको छ, ठूलो महत्त्वको छ । सीमा क्षेत्रमा औद्योगिक मजदूरहरूको संख्या सन् १९३७ मा ७०० मात्र थियो, सन् १९४२ मा यो संख्या ७,००० पुग्यो र अहिले १२,००० छ । यी आँकडाहरूलाई उपेक्षा गर्न सकिंदैन । अब, जब कि हामी आधार–क्षेत्रहरूमा छौं, हामीले ठूला शहरहरूका उद्योग, व्यापार र यातायातको प्रशासन कार्य सिक्नुपर्छ अन्यथा त्यो समय आउँदा हेरेको हेर्‍यै हुनेछौं । त्यसैले भविष्यको लागि हाम्रो वैचारिक र भौतिक तयारीमा अर्को आवश्यक कार्य हो ठूला–ठूला शहरहरूमा र यातायातको मुख्य लाइनहरूमा हतियारबन्द विद्रोह संगठित गर्नु र उद्योग एवम् व्यापारको प्रशासन कार्य सिक्नु । यी तयारीबिना हामी जापानी आक्रमणकारीहरूलाई भगाउन र पूरा चीनलाई मुक्त गराउन सफल हुन सक्दैनौं ।

## तीन

नयाँ जीत प्राप्त गर्न हामीले आफ्नो पार्टीका कार्यकर्ताहरूलाई आह्वान गर्नुपर्छ कि उनीहरूले बोझबाट छुटकारा लिएर मेशिन संचालन गरुन्। "**बोझबाट छुटकारा पाउनु**" को अर्थ हो आफ्नो दिमागलाई धेरै बाधाहरूबाट मुक्त गर्नु। (यदि हामीले आफ्नो आँखाहरू बन्द गरी तिनको गुण–दोषको विवेचना नगरी त्यसमा टाँसिएर रहन्छौं भने धेरै कुराहरू हाम्रो दिमागलाई बोझ अथवा हाम्रो बाटोका बाधाहरू बन्दछन्)। केही उदाहरणहरू लिऊँ। गल्तीहरू गरेपछि आफ्नो मनमा यो विचार आउन सक्दछ कि चाहे जस्तोसुकै परिस्थिति किन नआओस् तपाईं सधैं यी गल्तीहरूसँग जोडिई रहनुहुन्छ र यसरी तपाईं हीनताबोधको शिकार हुन सक्नुहुन्छ। तर तपाईंले गल्तीहरू गर्नु नभएको भए तपाईंको मनमा यो विचार आउन सक्दछ कि तपाईं गल्तीभन्दा टाढा हुनुहुन्छ र यसरी तपाईंको मनमा घमण्ड उत्पन्न हुन सक्दछ। काममा उपलब्धिहरू प्राप्त नहुँदा निराशा छाउन सक्दछ जब कि उपलब्धिहरू प्राप्त हुँदा घमण्ड बढ्ने र फूर्ति गर्ने स्थिति उत्पन्न हुन सक्छ। जुन साथीहरूमा धेरै लामो संघर्षको अनुभव छैन, उनीहरू यसको कारण जिम्मेवारीहरू लिन डराउँछन् जब कि अनुभव प्राप्त पुराना साथीहरू आफ्नो संघर्षको लामो अनुभवहरूका कारण घमण्डले फुल्न सक्दछन्। मजदूर एवम् किसान साथी आफ्नो वर्ग उत्पत्तिको घमण्डले बुद्धिजीवीहरूलाई आफूभन्दा तुच्छ सम्झन सक्दछन् जब कि बुद्धिजीवीहरूले आफ्नो कुनै न कुनै ज्ञानको कारण मजदूर एवम् किसान साथीहरूलाई आफूभन्दा तुच्छ सम्झन सक्दछन्। कुनै पनि विशेष कला(शीप)को कारण अहंकारी प्रवृत्ति र अरूलाई तुच्छ सम्झने प्रवृत्ति उत्पन्न हुन सक्छ। यहाँसम्म कि उमेर पनि घमण्डको कारण बन्न सक्छ। हुन सक्छ, नौजवानले आफ्नो स्फूर्ति र क्षमताको कारण प्रौढहरूलाई तुच्छ सम्झिउन्, अर्कोतर्फ यो पनि हुन सक्छ कि प्रौढहरू पनि आफ्नो अनुभवका कारण नौजवानहरूलाई तुच्छ सम्झिउन्। यदि गुण–दोषको विवेचना नगरे यस प्रकारका तमाम चीजहरू हाम्रो बाटोका अवरोधहरू अथवा हाम्रो शिरको बोझ बन्दछन्। यस्ता बोझ बोकेका कारण केही कमरेडहरू जनताबाट अलग्गिएर अत्यन्त घमण्डी बनिरहन्छन् र बारम्बार गल्तीहरू गर्दछन्। त्यसकारण जनतासँग निकट सम्पर्क कायम राख्न र कम भन्दा कम गल्तीहरू गर्नका

लागि एउटा जरुरी शर्त यो हो कि मान्छेले आफ्नो बोझको जाँच गरोस्, त्यसबाट छुटकरा लेओस् र आफ्नो दिमागलाई मुक्त गरोस् । हाम्रो पार्टीको इतिहासमा कैयौं यस्ता अवसरहरू आएका छन् जब ठूलो घमण्डले शिर उठायो र परिणामस्वरूप हामीले क्षति ब्यहोर्नुपर्‍यो । पहिलो अवसर सन् १९२७ को पूर्वार्द्धमा थियो । उत्तरी अभियान सेना ऊहान पुगिसकेको थियो र केही कमरेड यति अहंकारी र घमण्डी भएका थिए कि उनीहरूले यो कुरा बिर्से कि क्वोमिन्ताङले हामीमाथि आक्रमण गर्नेवाला छ । यसको परिणामस्वरूप छन तू–श्यू कार्यदिशाको गल्ती भयो, जसले क्रान्ति पराजित भयो । दोस्रो अवसर सन् १९३०मा थियो । फङ य्वी–श्याङ र येन शी–शानविरूद्ध च्याङ काइ–शेकको **व्यापक युद्ध**[११]बाट लाभ उठाएर लालसेनाले कैयौं लडाइँहरू जित्यो र फेरि एक पटक केही कमरेड घमण्डी र अहंकारी बने । परिणामस्वरूप ली ली–शान कार्यदिशाको गल्ती भयो, जसबाट क्रान्तिकारी शक्तिहरूले फेरि एकपटक क्षति भोग्नुपर्‍यो । तेस्रो अवसर सन् १९३१मा थियो । लालसेनाले क्वोमिन्ताङको “घेरामा पार्ने र विनाश गर्ने” तेस्रो अभियानलाई असफल बनाइदिएको थियो र त्यसको तुरुन्तै जापानी आक्रमणको विरुद्ध पूरा देशका जनताले एउटा तूफानी र वीरतापूर्ण जापान–विरोधी आन्दोलन चलाएका थिए, र फेरि एकपटक केही कमरेड घमण्डी र अहंकारी बने । परिणामस्वरूप राजनैतिक कार्यदिशामा पहिलेको तुलनामा कैयौं बढी गल्ती भयो जसको कारण हाम्रा क्रान्तिकारी शक्तिहरू, जसलाई हामीले यत्रो परिश्रमले जुटाएका थियौं, लगभग ९० प्रतिशत समाप्त भयो । चौथो अवसर सन् १९३८ मा थियो । प्रतिरोध युद्ध शुरू भइसकेको थियो र संयुक्त मोर्चा स्थापित भइसकेको थियो कि एकपटक फेरि केही कमरेडहरू घमण्डी र अहंकारी बने । यसको परिणामस्वरूप उनीहरूले छन तू–श्यू कार्यदिशासँग मिल्दोजुल्दो गल्ती गरे । यसपटक ती ठाउँहरूमा क्रान्तिकारी कार्यलाई जबरजस्त धक्का पुग्यो जहाँ यी कमरेडहरूका गलत विचारको प्रचारहरूको प्रभाव विशेष रूपले बढी थियो । घमण्ड र गल्तीहरूका यी उदाहरणहरूबाट समग्र पार्टीका कमरेडहरूले शिक्षा ग्रहण गर्नु पर्दछ । हालसालै हामीले ली चि–छङको बारेमा **क्वो मो–जोको**

---

*११) युद्ध सरदारहरूबीचको ठूला मात्राका युद्ध जसमा एकातर्फ च्याङ काइ-शेक र अर्कोतर्फ फङ य्वी-शाङ तथा येन शी-शान थिए, लुङहाए र थ्येनचिन-फूखओ रेलवे लाइनहरूका आसपास लडियो । यो युद्ध मईदेखि अक्टुबर १९३० बीच ६ महिना सम्म चल्यो । यसमा दुवैतर्फ ३ लाख व्यक्ति हताहत भए ।*

**लेख**[१२] दोस्रोपटक प्रकाशित गरेका छौं ता कि कमरेडहरूले यी कथाबाट पाठ सिकुन र सफलताको क्षणहरूमा घमण्डले फुल्ने गल्ती नदोहोऱ्याउन् ।

"मेशिन संञ्चालन गर्नु"को अर्थ हो दिमागको सदुपयोग गर्नु । यद्यपि केही मान्छेले आफ्नो शिरमा बोझ राख्दैनन् र तिनीहरूमा जनतासँग निकट सम्पर्क कायम राख्ने गुण छ तर पनि उनीहरू सफलता पाउन असफल हुन्छन् किनकि उनीहरू ठीक ढंगले सोच्न जान्दैनन् अथवा आफ्नो दिमागलाई बढी सोच्ने र गहिरोसँग सोच्न प्रयोग गर्न तयार छैनन् । अर्काथरी मान्छे आफ्नो दिमागको प्रयोग गर्न अस्वीकार गर्दछन् किनकि उनीहरू यस्ता बोझ लिइरहेका छन् जसले उनीहरूको बुद्धिलाई दबाइदिन्छ । लेनिन र स्तालिनले अक्सर मनिसहरूलाई सल्लाह दिने गर्नुहुन्थ्यो कि उनीहरूले आफ्नो दिमागको प्रयोग गरुन् र हामीले पनि यही सल्लाह दिनुपर्छ । यो यन्त्र– दिमागको विशेष काम हो सोच्नु । मेनशियसले भनेका थिए– "**मस्तिष्कको काम चिन्तन** (**गर्नु**– **अनु**.) **हो ।**"[१३] उनले मस्तिष्कको कामको ठीक व्याख्या गरेका थिए । हामीले सधैं आफ्नो दिमागको प्रयोग गर्नुपर्छ र हर चीजमाथि राम्रोसँग विचार गर्नुपर्छ । भनिन्छ, "आफ्नो दिमागमा दबाव देऊ, तिमीलाई कुनै न कुनै उपाय आउँछ ।" अर्को शब्दमा यो भन्न सकिन्छ कि ज्यादा चिन्तन–मनन गर्नाले बुद्धिको विकास हुन्छ । विना सोच विचार काम गर्ने तरिकाबाट छुटकरा पाउन, जुन हाम्रो पार्टीमा गम्भीर मात्रामा रहेको छ, हामीले आफ्ना साथीहरूलाई यो कुरामा प्रोत्साहित गर्नुपर्छ कि उनीहरूले चिन्तन मनन गरुन, विश्लेषण गर्ने तरिका सिकुन् र विश्लेषण गर्ने बानी बसालुन् । हाम्रो पार्टीमा यो बानी ज्यादै कम छ । यदि हामी बोझबाट छुटकरा लिएर मेशिन चालु गर्दछौं, यदि हामी हल्का भएर हिंड्दछौं र गहिराइपूर्वक सोच्न सिक्दछौं भने हाम्रो जीत निश्चित छ ।

---

*१२) क्वे मो-जोले १९४४ मा मिङ वंशको अन्तिम वर्षहरूमा ली चि-छङको नेतृत्वमा भएको किसान विद्रोहको बिजयको ३०० औं वर्षगाँठको उपलक्ष्यमा "१६४४ को बिद्रोहको ३०० औं जयन्ती" शीर्षकको निबन्ध लेखे । उनले भने कि यो विद्रोह १६४५ मा यसकारणले पराजित भयो किनकि १६४४ मा किसान सेनाहरूले पेकिङमा प्रवेश गरेपछि उनीहरूका केही नेता विलासी जीवनले भ्रष्ट भए र उनीहरूले आपसमा लड्न शुरु गरे । यो निबन्ध पहिले छुङकिङको "नव चीन दैनिक" मा प्रकाशित भएको थियो र पछि येनान तथा अन्य मुक्त क्षेत्रहरूमा पनि पुस्तिकाको रूपमा प्रकाशित भयो ।*

*१३) "मेनशियस", ग्रन्थ ११, "काओ चि", भाग ११ ।*

# हाम्रो पार्टीको इतिहाससँग सम्बन्धित केही प्रश्नहरू बारेको प्रस्ताव

**(२० अप्रिल, १९४५ मा चिनियाँ कम्युनिष्ट पार्टीको छैठौं केन्द्रीय समितिको विस्तारित सातौं प्लेनरी सत्रद्वारा पारित)**

## एक

१९२१ मा आफ्नो स्थापनाको समयदेखि नै चिनियाँ कम्युनिष्ट पार्टीले मार्क्सवाद-लेनिनवादको सार्वभौम सच्चाइलाई चिनियाँ क्रान्तिको ठोस व्यवहारसँग एकीकृत गर्नुलाई आफ्ना सबै कार्यवाहीहरूको मार्गदर्शक सिद्धान्त बनाएको थियो र कमरेड माओ त्सेतुङको चिनियाँ क्रान्तिसँग सम्बन्धित सिद्धान्त र व्यवहार यस एकीकरणको द्योतक हो । हाम्रो पार्टीको स्थापनासँगै चिनियाँ क्रान्तिको एउटा नयाँ अवस्था उद्घाटित भयो जसलाई कमरेड माओ त्सेतुङले नयाँ जनवादी क्रान्तिको रूपमा चित्रित गर्नुभयो । नयाँ जनवादको लागि भएका संघर्षका पूरा २४ वर्षहरूमा (१९२१ देखि १९४५ सम्म) तीन ऐतिहासिक अवधिहरू- प्रथम महान् क्रान्ति, र जापान-विरोधी प्रतिरोध युद्धको दौरान हाम्रो पार्टीले चिनियाँ जनताको व्यापक जनसमुदायलाई उनीहरूको शत्रु- साम्राज्यवाद र सामन्तवादको विरुद्ध अत्यन्त कठिनतम् र तीब्र क्रान्तिकारी संघर्षहरूमा निरन्तर नेतृत्व प्रदान गऱ्यो तथा महान् सफलताहरू र बहुमूल्य अनुभवहरू प्राप्त गऱ्यो । संघर्षको प्रक्रियाको दौरान पार्टी स्वयम्ले आफ्नो नेता कमरेड माओ त्सेतुङलाई जन्मायो । चिनियाँ सर्वहारा र चिनियाँ जनताको प्रतिनिधित्व गर्दै कमरेड माओ त्सेतुङले मानव विवेकको उच्चतम् स्वरूप मार्क्सवाद-लेनिनवादको वैज्ञानिक सिद्धान्तलाई रचनात्मक ढंगले चीनमा लागू गर्नुभयो । चीन, जो एउटा विशाल अर्धसामन्ती, अर्धऔपनिवेशिक देश थियो, जसको जनसंख्याको ठूलो हिस्सा किसान थिए, र जहाँ साम्राज्यवाद र सामन्तवादको विरुद्ध संघर्ष गर्नु तत्कालीन कार्यभार थियो, धेरै ठूलो क्षेत्रफल र धेरै जनसंख्या भएको एउटा यस्तो देश जहाँ परिस्थिति अत्यन्त जटिल र सघंर्ष अत्यन्त कठिन थियो । उहाँले लेनिन र स्तालिनको औपनिवेशिक तथा अर्धऔपनिवेशिक प्रश्नहरूसँग सम्बन्धित सिद्धान्तहरू र साथै चिनियाँ क्रान्तिसँग सम्बन्धित स्तालिनको सिद्धन्तलाई प्रतिभापूर्ण विकास गर्नुभयो । पार्टीले सही माक्सवादी-लेनिनवादी लाइनलाई दृढतापूर्वक अनुशरण गऱ्यो र यस लाइनको

विरोध गर्ने सबै गलत विचारहरूका विरुद्ध विजयी संघर्ष चलायो तथा यी तीन अवधिहरूको दौरान महान् उपलब्धिहरू हासिल गऱ्यो, त्यसैले पार्टी आजको अभूतपूर्व वैचारिक, राजनैतिक र सांगठनिक एकजुटता एवम् एकतासम्म पुगेको छ, आज शक्तिको रूपमा विकसित भएको छ। यसको १२ लाख सदस्यहरू छन्, १० करोड जनसंख्या भएको मुक्त क्षेत्रमा यसको नेतृत्व छ, १० लाख सेना छ, तथा जापान-विरोधी प्रतिरोध युद्ध र मुक्तिको उद्देश्यको लागि यो सम्पूर्ण राष्ट्रको गुरुत्त्वाकर्षको केन्द्र बनेको छ।

## दुई

चिनियाँ नयाँ जनवादी क्रान्तिको प्रथम अवधिमा, १९२१ देखि १९२७ सम्म र खासगरी १९२४ देखि १९२७ सम्म कम्युनिष्ट इन्टरनेशनलद्वारा सही-सही निर्देशित तथा चिनियाँ कम्युनिष्ट पार्टीको सही नेतृत्वद्वारा प्रभावित, प्रेरित तथा संगठित चिनियाँ जनताको सामन्तवाद-विरोधी, साम्राज्यवाद-विरोधी महान् क्रान्ति तीव्र गतिमा अगाडि बढ्यो र महान् जीतहरू हासिल गऱ्यो। यस महान् क्रान्तिको अवधिमा चिनियाँ कम्युनिष्ट पार्टीको समस्त सदस्यहरूले अत्यन्त क्रान्तिकारी कार्य गरे, मजदुर, युवा र किसान आन्दोलनहरूलाई पूरा देशभरि फैलाए, क्वोमिन्ताङको पुनर्गठन र राष्ट्रिय मुक्ति सेनाको गठनमा सहयोग गरी त्यसलाई अगाडि बढाए, **पूर्वी अभियान**[1]

---

*१) डा.सन यात–सेन (जसले कम्युनिष्ट पार्टी र क्रान्तिकारी मजदूरहरू एवम् किसानहरूसँग एकता कायम गरेका थिए)ले त्यस “व्यापारी फौज” लाई हराए जो दलालहरू र जमिन्दारहरूको एउटा सशत्र गुट थियो, र बृटिश उपनिवेशवादीहरूसँग समझौता गरी केन्टनमा प्रतिक्रान्तिकारी गतिविधिहरूमा लिप्त थियो। क्वोमिन्ताङ र कम्युनिष्ट पार्टीबीच सहयोगको आधारमा बनेको क्रान्तिकारी सेना १९२५मा केन्टनबाट निस्केर पूर्वी अभियान लड्यो र किसानहरूको सहयोगमा त्यसले युद्धसरदार चेन चियाङ–मिङको सेनालाई हरायो। केन्टन फर्केर यसले येनान र क्वाङ्सीका युद्धसरदारहरूलाई उखेलेर फाल्यो जो त्यहाँ बलियोसँग बसेका थिए। त्यसै हिउँदमा, यसले दोस्रो पूर्वी अभियान समपन्न गऱ्यो। यी अभियानहरूले जसमा कम्युनिष्ट पार्टी र कम्युनिष्ट यूथ लीगका सदस्यहरूले पहिलो पङ्तिमा रहेर वीरतापूर्वक युद्ध गरे, क्वाङतुङको राजनैतिक एकता स्थापित गरे र उत्तरी अभियानका लागि बाटो तैयार गरे।*

र उत्तरी आरोहणलाई राजनैतिक मेरुदण्ड प्रदान गरे, साम्रज्यवाद र सामन्तवादको विरुद्ध महान् राष्ट्रव्यापी संघर्षको नेतृत्व गरे। यस प्रकार चिनियाँ क्रान्तिको इतिहासको अत्यन्त गौरवपूर्ण पृष्ठहरूको रचना गरे। तर पनि यस क्रान्तिको अन्त पराजयमा भयो, किनकि १९२७ मा क्वोमिन्ताङको प्रतिक्रियावादी गुटले जसको त्यस बखत हामीसँग सम्बन्ध थियो, क्रान्तिप्रति गद्दारी गऱ्यो, किनकि साम्रज्यवादीहरूको संयुक्त शक्ति र क्वोमिन्ताङको प्रतिक्रियावादी गुट त्यस समयमा प्रशस्त बलियो थियो र खासगरी यस कारणले कि हाम्रो पार्टीको दक्षिणपन्थी विचारधारले जसको प्रतिनिधि छन् तू-श्यू थियो, यस क्रान्तिको अन्तिम अवस्थामा (लगभग ६ महिनासम्म) आत्मसमर्पणको नीति लागू गऱ्यो र पार्टीको नेतृत्वकारी निकायमाथि कब्जा जमायो। उसले कम्युनिष्ट इन्टरनेशनल र कमरेड स्तालिनको कैयौं महत्त्वपूर्ण सल्लाहहरूलाई लागू गर्न अस्वीकार गऱ्यो तथा कमरेड माओ त्सेतुङ र अन्य साथीहरूको सही दृष्टिकोणलाई मान्न अस्वीकार गऱ्यो। नतिजास्वरूप जब क्वोमिन्ताङले क्रान्तिप्रति गद्दारी गऱ्यो र जनतामाथि अचानक आक्रमण गर्न शुरु गऱ्यो तब पार्टी र जनता प्रभावशाली प्रतिरोध संगठित गर्नमा असक्षम रह्यो।

१९२७ मा भएको क्रान्तिको पराजयदेखि १९३७ मा भएको जापान-विरोधी प्रतिरोध युद्धको विष्फोटबीचका दश वर्षहरूमा चीनको कम्युनिष्ट पार्टी र केवल चीनको कम्युनिष्ट पार्टी मात्रै थियो, जो प्रतिक्रान्तिकारी भीषण राज्य आतंकका बीच साम्राज्यवाद-विरोधी सामन्तवाद-विरोधी महान् झण्डालाई माथि उठाई राख्न लगातार एकजुट रह्यो र जसले मजदुर, किसान, सैनिक, क्रान्तिकारी बुद्धिजीवी र अन्य क्रान्तिकारीहरूको ठूलो हिस्सालाई महान् राजनैतिक, सामरिक र वैचारिक संघर्षहरूमा नेतृत्व प्रदान गऱ्यो। यी संघर्षहरूका क्रममा चिनियाँ कम्युनिष्ट पार्टीले लालसेनाको निर्माण गऱ्यो, मजदुर, किसान र सैनिकहरूको सरकारको स्थापना गऱ्यो, क्रान्तिकारी आधारहरूको निर्माण गऱ्यो। गरीव किसानहरूलाई जमिन बाँड्यो र प्रतिक्रियावादी क्वोमिन्ताङ सरकारका आक्रमणहरू सँगसँगै १८ सेप्टेम्बर, १९३१ पछि जापानी साम्राज्यवादीहरूको आक्रामणको पनि प्रतिरोध गऱ्यो। परिणमस्वरूप चिनियाँ जनताले राष्ट्रिय र सामाजिक मुक्तिको आफ्नो नयाँ जनवादी उद्देश्यमा महान् सफलताहरू हासिल गरे। यसरी सम्पूर्ण पार्टीले

ट्राटस्कीपन्थी छन तू-श्यू गुट तथा **लो चाङ-लुङ**[२], **चाङ को-थाओ**[३] एवम् अन्य व्यक्तिहरू, जसले पार्टीलाई फुटाउन चाहन्थे र जसले पार्टीप्रति गद्दारी गरेका थिए, को प्रतिक्रान्तिकारी कार्यवाहीहरूका विरुद्ध एकजुट भएर संघर्ष गऱ्यो । यसरी मार्क्सवाद-लेनिनवादको आम सिद्धान्तको आधारमा पार्टीको एकता सुनिश्चित भयो । यी दश वर्षहरूमा पार्टीको यो आम नीति र यसलाई कार्यान्वयन गर्नको लागि भएका बहादुरीपूर्ण संघर्ष पूर्णरूपले सही एवम् आवश्यक थिए । असंख्य पार्टी सदस्यहरू, असंख्य जनता र पार्टी बाहिरका अनेकौं क्रान्तिकारीहरूले विभिन्न मोर्चाहरूमा आग्नेय क्रान्तिकारी संघर्ष जारी राखे, निर्भीकतापूर्वक संर्घष गरे र आफूलाई बलिदान गरे । उनीहरू अदम्यतापूर्वक बलिदानीको लागि अघि बढिरहे तथा आफ्नो भावना र कर्तव्यहरूले गर्दा हाम्रो राष्ट्रको इतिहासमा अमर भए । यी सबै बिना जापान-विरोधी प्रतिरोध युद्ध प्रभावी हुन सक्दैनथ्यो, प्रभावी भए पनि स्थायी हुन सक्दैनथ्यो र विजयसम्म पुऱ्याउन सकिन्नथ्यो, किनकि यसको मेरुदण्डको रूपमा कम्युनिष्ट पार्टी हुँदैनथ्यो जसले जनयुद्धको अनुभव सँगालेको होस् । यसमा कुनै शंका छैन ।

---

२) *लो चाङ–लुङ, चिनियाँ कम्युनिष्ट पार्टीको शुरुको सदश्य जो पछि गद्दार भयो । १९३१ मा पार्टीको छैटौं केन्द्रीय समितिको चौथो प्लेनरी सत्रको समयमा लो चाङ–लुङले, जो चिनियाँ क्रान्तिको भविष्यप्रति निराशावादी थियो, ट्राटस्कीवादी छन तू–श्यू गुटको समर्थन गर्न शुरु गऱ्यो जो पार्टीको छैठौं राष्ट्रिय कंग्रेसको विरोधमा थियो । उसले बिनाकारण लालसेना र लाल आधार–क्षेत्रहरूमाथि आक्रमण गऱ्यो र पर्चाहरू बाँड्यो जसमा उसले च्याङ काइ-शेकसँग मिलेर कम्युनिष्ट कार्यकर्ताहरूको नाममा गद्दारी गऱ्यो । पार्टीको नेतृत्वमा चलेको क्रान्तिकारी संघर्षलाई क्षति पुऱ्याउन उसले "आपतकालीन केन्द्रीय समिति", "द्धितिय प्रान्तीय समिति"र "ट्रेडयुनियनहरूमा द्धितीय पार्टी गुट" बनायो र पार्टी फुटाउने गतिविधिहरू सञ्चालन गऱ्यो । त्यसलाई जनवरी १९३१ मा पार्टीबाट निश्काशन गरियो ।*

३) *चाङ क्वो–थाओ चिनियाँ क्रान्तिको गद्दार थियो । क्रान्तिबाट फाइदा उठाउने आशा राख्दै युवावस्थामा ऊ चिनियाँ कम्युनिष्ट पार्टीमा सामेल भयो । पार्टीमा उसले धेरै गल्तीहरू गऱ्यो र त्यसबाट ठुला–ठूला अपराधहरू हुन गए । १९३५मा लालसेनाको उत्तरतर्फको लामो अभियानको विरोध गर्नु र सिचुआन–सिकाङको सीमानाको अल्पसंख्यक जनजाति रहेका इलाकाहरूतर्फ लालसेनालाई पछी हटाउन वकालत गर्दा उसले प्रकट गरेको पराजयवाद र हिसाव चुक्तवाद*

हामीलाई विशेषगरी यस कुरामा प्रशन्नता छ कि यी दश वर्षहरूमा कमरेड माओ त्सेतुङको प्रतिनिधित्वमा हाम्रो पार्टीले चिनियाँ परिस्थितिहरूमा मार्क्स, एंगेल्स, लेनिन र स्तालिनका क्रान्तिकारी विचारहरूलाई रचनात्मक रूपले लागू गर्ने दिशामा महान् प्रगति गर्‍यो । अन्ततः कृषि क्रान्तिकारी युद्धको समाप्तिसँगै हाम्रो पार्टीले कमरेड माओ त्सेतुङको नेतृत्वलाई केन्द्रीय नेतृत्वकारी निकाय र समस्त पार्टीमा स्थापित गर्‍यो । यो चिनियाँ कम्युनिष्ट पार्टीको त्यस अवधिको महानतम् उपलब्धि थियो र यो चिनियाँ जनताको मुक्तिको सुनिश्चित ग्यारेण्टी हो ।

तर पनि यो रेखांकित गर्नु आवश्यक छ कि यी दश वर्षहरूका महान् उपलब्धिहरूसँगै हाम्रो पार्टीले केही अवसरहरूमा अनेक गल्तीहरू पनि गर्‍यो । यिनीहरूमध्ये सबैभन्दा गम्भीर गल्ती जनवरी १९३१ मा सम्पन्न पार्टीको छैठौं केन्द्रीय समितिको चौथो विस्तारीत बैठकको (चुनइ बैठक) बीचको अवधिमा राजनैतिक, सामरिक र सांगठनिक लाइनसँग सम्बन्धि "वामपन्थी" गल्ती थियो । त्यस गल्तीको कारण हाम्रो पार्टी र चिनियाँ क्रान्तिलाई गम्भीर क्षति पुग्यो ।

चिनियाँ कम्युनिष्ट पार्टीको छैठौं केन्द्रीय समितिको यो विस्तारिक सातौं प्लेनरी सत्र त्यस दश वर्षको अवधिको पार्टी इतिहाससँग सम्बन्धित केही सवालहरूको बारेमा, खासगरी चौथो प्लेनरी सत्रदेखि चुनइ बैठक सम्मको केन्द्रीय समितिको नेतृत्वको कार्यनीतिको बारेमा औपचारिक सारांश प्रस्तुत गर्न आवश्यक र अनिवार्य मान्दछ ता कि चिनियाँ क्रान्तिको ऐतिहासिक प्रश्नहरूलाई बुझियोस्, "**भविष्यमा हुने गल्तीहरूबाट बच्न अतितका गल्तीहरूबाट सिक्नु**" पर्छ, "**रोगीलाई बचाउन रोगको उपचार गर्नु**" पर्छ, "**अगाडिको रथ पल्टनुलाई पछाडिको रथको लागि चेतावनी**" मान्नु पर्छ तथा चिनियाँ जनताको

---

*उसको सबभन्दा कुख्यात अपराधहरू थिए । त्यति मात्र होइन, पार्टी र केन्द्रीय समितिको विरुद्ध उसले खुलमखुल्ला विश्वासघाती कार्यक्रम चलायो, उसले आफ्नै थाङ्ने केन्द्रीय समिति स्थापना गर्‍यो, पार्टी र लालसेनाको एकतालाई भताभुङ्ग पार्‍यो र लालसेनाको चौथो मोर्चा सेनालाई ठूला-ठूला हानि नोक्सानी गरायो । तर कमरेड माओ त्सेतुङ र केन्द्रीय समितिको धैर्यपूर्ण शिक्षाले गर्दा चौथो मोर्चा सेना र यसका कैयन कार्यकर्ताहरू पार्टीको केन्द्रीय समितिको सही नेतृत्वतर्फ छिट्टै फर्के र त्यसपछिका संघर्षहरूमा तिनले गौरवशाली भूमिका खेले । तर चाङ क्वो–थाओ भने सुधार्न नसकिने तत्त्व ठहरियो र १९३८ को वसन्तमा शेन्सी–कान्सू–निङशा सीमा क्षेत्रबाट ऊ सुटुक्क भाग्यो र क्वोमिताङको गुप्तचर प्रहरीमा सामेल भयो ।*

पूर्ण मुक्ति तथा जापान-विरोधी प्रतिरोध युद्धमा निर्णायक जीतको लागि संघर्ष गर्न सम्पूर्ण पार्टीको एकतालाई सामान्य मार्क्सवादी-लेनिनवादी विचारधाराको आधारमा एकीकृत परिवार जस्तै, स्पात जस्तै मजवुत बनाउनुपर्छ ।

## तीन

१९२७ मा क्रान्तिको पराजयपछि हाम्रो पार्टीमा "वामपन्थी" र दक्षिणपन्थी-दुवै प्रकारको भड्काव भयो ।

पहिलो महान् क्रान्तिको अवधिका मुट्ठीभर आत्मसमर्पणवादी, जसको प्रतिनिधि छन तू-श्यू थियो, क्रान्तिको भविष्यका बारेमा निराशावादी भए र विस्तार-विस्तार विसर्जनवादी भए । तिनीहरूले प्रतिक्रियावादी ट्राटस्कीपन्थी लाइन अपनाए । उनीहरूको मत थियो कि १९२७ को क्रान्तिपछि चिनियाँ पूँजीपतिले साम्राज्यवाद र सामन्तवादमाथि विजय प्रप्त गरिसकेको छ, जनतामाथि उनीहरूको शासन स्थापित भइरहेको छ तथा चिनियाँ समाज एउटा यस्तो समाज हो जसमा पूँजीवाद प्रभावी छ र यसले शान्तिपूर्ण तरिकाले विकास गर्छ । त्यसैले उनीहरूले मनोमानी ढंगले यस कुरामा जोड दिए कि चीनमा पूँजीवादी जनवादी क्रान्ति पूरा भइसकेको छ र चिनियाँ सर्वहारावर्गले "समाजवादी क्रान्ति"को लागि पर्खनु आवश्यक छ । र, तबसम्मका लागि उनीहरूले "राष्ट्रिय संसदको माग"को नारालाई केन्द्रमा राखी कानुनी आन्दोलन गर्न सक्छन् । यसरी उनीहरूले क्रान्तिकारी आन्दोलनलाई विसर्जन गरिदिए । पार्टीद्वारा संचालित सबै क्रान्तिकारी संघर्षहरूको विरोध गरे र लालसेनाको आन्दोलनलाई "घुमन्ते विद्रोहीहरूको आन्दोलन" भनी वदनाम गरे । उनीहरूले पार्टीको सल्लाह मान्न र आफ्नो अवसरवादी, आत्मसमर्पणवादी पार्टीविरोधी दृष्टिकोण छाड्न अस्वीकार मात्र गरेनन् बरु प्रतिक्रियावादी **ट्राटस्कीपन्थीहरू**[४]सँग गठबन्धन गरी पार्टीविरोधी गुट बनाए । नतिजास्वरूप

---

*४) १९२७मा चिनियाँ क्रान्तिको असफलतापछि चीनमा पनि ट्राटस्कीपन्थीहरूको सानो समूह देखापर्‍यो । छन तू–श्यू र अन्य गद्दारहरूसँग गठनबन्धन गरी तिनीहरूले १९२९मा एउटा प्रतिक्रान्तिकारी गुटको निर्माण गरे र यसरी प्रतिक्रान्तिकारी विचारको प्रचार गर्न लागे कि क्वोमिन्ताङले पहिले नै पूँजीवादी जनवादी क्रान्ति पूरा गरिसकेको छ । तिनीहरू जनताविरुद्ध घृणित साम्राज्यवादी*

उनीहरूलाई पार्टीबाट निष्काशित गरियो र पछि उनीहरू पतित भएर प्रतिक्रान्तिकारी भए ।

अर्कोतर्फ निम्न पूँजीवादी क्रान्तिकारी उत्ताउलोपनले जो क्वोमिन्ताङको नरसंहार नीतिको विरुद्ध घृणा र छन तू-श्यूको विसर्जनवादप्रतिको क्रोधका कारण गम्भीर रूप धारण गरेको थियो, पार्टीमा प्रतिविम्बित भयो र "वामपन्थी" भावनाको विकासमा सहयोगी बन्यो । यो "वामपन्थी" भावना पहिलो पटक ७ अगस्त, १९२७को पार्टी केन्द्रीय समितिको आपतकालीन बैठकमा अगाडि आयो । पार्टीको इतिहासमा ७ अगस्तको बैठकले सकारात्मक योगदान गऱ्यो । चिनियाँ क्रान्तिको संकटका क्षणमा, यसले छन तू-श्यूको विसर्जनवादलाई निणार्यक रूपले सुधाऱ्यो र त्यसको अन्त गऱ्यो, कृषि क्रान्ति र क्वोमिन्ताङ प्रतिक्रियावादीहरूको सशस्त्र प्रतिरोधको आम नीति निर्धारण गऱ्यो तथा क्रान्तिकारी संघर्ष जारी राख्न पार्टी र जनतालाई आह्वान गऱ्यो । यी सबै एकदम सही थिए र बैठकको मुख्य पक्ष थिए । तर दक्षिणपन्थी गल्तीहरू सँग लडेको भए ता पनि यसले "वामपन्थी" गल्तीहरूलाई बाटो बनायो । राजनैतिक रूपले यस कुरालाई बुझ्न असफल रह्यो कि योजनाबद्ध तरिकाले क्रान्तिकारी पङ्ति कायम राख्न र क्रान्तिकारी शक्तिहरूलाई एकिकृत गर्ने क्रममा फरक-फरक परिस्थितिहरू र फरक-फरक इलाका अनुरूप त्यस बेला उचित प्रत्याक्रमण अथवा रणकौशलात्मक रूपले पछि हट्ने कार्यलाई संगठित गर्नुपर्दथ्यो । यसो गर्नुको सट्टा उनीहरूले दुस्साहसवाद र हुकुमशाही (खासगरी हड्तालको लागि श्रमिकहरूमा दबाब दिने) प्रवृत्तिहरूलाई सहने र बढावा दिने काम गरे । सांगठनिक रूपले बैठकले उग्रवादी एवम् संकीर्णतावादी अन्तरपार्टी संघर्षलाई शुरुआत गऱ्यो, यस कुरालाई अनुचित एवम् अनावश्यक जोड दिइयो कि नेतृत्वकारी कार्यकर्ता केवल मजदुरवर्गको पृष्ठभूमिको हुनुपर्छ तथा पार्टीमा अति जनवादको एउटा गम्भीर स्थिति उत्पन्न गऱ्यो । ७ अगस्त बैठक पछि यो

---

*र क्वोमिन्ताङको हतियार बने । ट्राटस्कीपन्थीहरू निर्लज्ज रूपमा क्वोमिन्ताङको गुप्तचर सेवामा भर्ती भए । १८ सेप्टेम्बरको घटनापछि अपराधी गद्दार ट्राटस्कीद्वारा दिइएको आदेश–"जापानद्वारा अधीग्रहण गरिएको चीनमा बाधा नपुऱ्याऊ"को पालना गर्न उनीहरूले जापानी गुप्तचर एजेन्टहरूलाई सहयोग गर्न शुरु गरे, तिनीहरूबाट आर्थिक सहायता लिन लागे र जापानी आक्रमणलाई सहयोग पुऱ्याउन  हरेक किसिमका कामहरू गर्न लागे ।*

"वामपन्थी" भावानाले नोभेम्वर १९२७ मा भएको केन्द्रीय नेतृत्वकारी निकायको विस्तारित बैठक सम्ममा बढ्दै-बढ्दै विद्रोहवादी (दुस्साहसवादी) "वामपन्थी" लाइनको रूप धारण गऱ्यो र "वामपन्थी" लाइनले पहिलो पटक पार्टीको केन्द्रीय नेतृत्वकारी निकायमा प्रभावशाली स्थिति ग्रहण गऱ्यो । विद्रोहवादीले त्यसबेला यो मान्दथे कि चिनियाँ क्रान्ति आफ्नो प्रकृतिमा तथाकथित स्थायी क्रान्ति हो (उनीहरूले जनवादी क्रान्तिलाई समाजवादी क्रान्ति सँग जोडिदिए) र चिनियाँ क्रान्ति तथाकथित स्थायी उभारको स्थितिमा छ । उनीहरूले १९२७ को क्रान्तिको पराजयलाई मान्न अस्वीकार गरे । परिणामस्वरूप उनीहरू व्यवस्थित रूपले पछि हट्ने कार्यलाई सँगठित गर्नमा असफल त भएकै थिए, अझ उल्टै क्रान्तिको पराजय पछि शत्रुको शक्ति र जनसमूहको अवस्थाको ख्याल नगरी, उनीहरूले पार्टीका मुट्ठीभर सदस्य र समर्थकहरूलाई देशभरी स्थानीय विद्रोह संचालन गर्ने आदेश दिए, जसको सफलताको आशा रौं समान पनि थिएन । यस राजनैतिक दुस्साहसवादसँगै कमरेडहरूमाथि आक्रामण गर्ने एउटा संकीर्णतावादी सांगठनिक नीति पनि विकसित भयो । तर पनि, कमरेड माओ त्सेतुङ र श्वेत इलाकाका अन्य कमरेडहरूको तर्फबाट यस गलत लाइनको शुरुदेखि नै ठीक आलोचना र आपत्ति गरियो किनकि व्यवहारिक कार्यमा यसको कारण कैयौं नोक्सान भए । त्यसैले १९२८ को शुरुसम्ममा कैयौं ठाउँमा यसको कार्यान्वयन बन्द गरियो । त्यसै वर्ष अप्रिल सम्ममा ( यसको शुरुआतको ६ महिनाभन्दा पनि कम समयमा) पूरै देशमा व्यवहारिक कार्यहरूमा वस्तुतः यस लाइनको अन्त भयो ।

जुलाई १९२८ मा सम्पन्न पार्टीको छैठौं राष्ट्रिय कंग्रेसको लाइन मूलतः सही थियो । कंग्रेसले यस कुराको पुष्टि गऱ्यो कि चिनियाँ समाज अर्धऔपनिवेशिक-अर्धसामन्ती हो, कंग्रेसले यस कुरालाई रेखाङ्कित गऱ्यो कि समकालीन चिनियाँ क्रान्तिलाई जन्म दिने प्रमुख अन्तरविरोधहरू मध्ये कुनैको पनि अझसम्म समाधान भएको छैन, त्यसैले क्रान्तिको लक्ष्य अझ पनि पूँजीवादी जनवादी क्रान्ति हो । कंग्रेसले त्यस जनवादी क्रान्तिको **दश सूत्रीय कर्यक्रम**[५]को घोषणा गऱ्यो । कंग्रेसले ठीक नै चिन्हित गऱ्यो कि सामयिक राजनैतिक परिस्थिति दुई क्रान्तिकारी उन्नत ज्वारभाटाहरूबीचको एउटा

---

*५) दश सूत्रीय कार्यक्रमको लागि हेर्नुहोस्: "हाम्रो अध्ययन र वर्तमान परिस्थिति", नोट ३ ।*

अन्तराल हो र क्रान्तिको विकास असमान छ तथा पार्टीको सामान्य कार्यभार यसबेला आक्रमण गर्नु वा विद्रोहलाई संगठित गर्नु होइन बरु जनतालाई आफ्नो पक्षमा तान्नु हो । यसले दुईवटा मोर्चामा संघर्ष छेडी दक्षिणपन्थी छन तू-श्यूवाद र "वामपन्थी" विद्रोहवादको खण्डन गऱ्यो र खासगरी यस कुरामा ध्यान दियो कि पार्टीमा सबैभन्दा खतरनाक प्रवृत्ति विद्रोहवाद, सैनिक दुस्साहसवाद र हुकुमशाही हुन् जसले जनतालाई छिन्नभिन्न पारिदिन्छन् । यो सबै अत्यन्त जरुरी थियो । अर्कोतर्फ छैठौं कंग्रेसको केही कमी र गल्तीहरू पनि थिए । यसमा मध्यवर्ती गाउँहरूको दोहोरो चरित्र र प्रतिक्रियावादी शक्तिहरूबीचको अन्तरविरोधको सही मूल्याङ्कन र नीतिहरूको अभाव थियो । महान् क्रान्तिको पराजयपछि व्यवस्थित रणकौशलात्मक रूपले पछि हट्नुको आवश्यकता, ग्रामीण आधार इलाकाहरूको महत्त्व र जनवादी क्रान्तिको दीर्घकालीन चरित्रको आवश्यकतालाई बुझ्ने कुरामा कंग्रेस असफल रह्यो । यी कमी तथा गल्तीहरूका कारण ७ अगस्त बैठकपछि "वामपन्थी" विचारहरूलाई पूर्णरूपले जरैदेखि उखल्ने काममा बाधा आयो र पछिका "वामपन्थी" विचारकहरूद्वारा त्यसलाई अधिक सीमासम्म बढाई-चढाई पेश गरिए तर पनि कंग्रेसको मुख्य पक्षको रूप-त्यसको सहीपनलाई छोप्न सकेन । कंग्रेसको केही समयपछि सम्म पार्टीको काम राम्रो थियो । त्यस अवधिमा कमरेड माओ त्सेतुङले छैठौं कंग्रेसको लाइनको सही पक्षलाई व्यवहारमा विकसित मात्र गर्नु भएन बरु ती समस्याहरूको सही समाधान पनि गर्नुभयो  जसलाई कंग्रेसले समाधान गरेको थिएन अथवा गलत तरिकाले समाधान गरेको थियो । उहाँले चिनियाँ क्रान्तिको दिशाबारे एउटा महत्त्वपूर्ण, अधिक ठोस, वैज्ञानिक मार्क्सवादी-लेनिनवादी आधार प्रदान गर्नुभयो । उहाँको मार्गदर्शन र प्रभावमा लालसेना आन्दोलन विस्तार-विस्तार देशमा विकसित भयो । श्वेत इलाकाहरूमा पनि पार्टी संगठन र पार्टी कार्य केही हदसम्म पुनर्स्थापित भयो ।

तर १९२९ को उत्तरार्द्ध र १९३० को पूर्वार्द्धको अवधिमा पार्टीमा रहेका "वामपन्थी" विचारहरू र नीतिहरूले एक पटक फेरि केही हदसम्म जरा हाल्यो । जब परिस्थितिहरू क्रान्तिको पक्षमा फेरिन लाग्यो, तब यिनै आधारहरूमा अर्को "वामपन्थी" लाइन विकसित भयो । मई १९३० मा एकातर्फ च्याङ काइ-शेक र अर्कातर्फ फेङ यू-शियाङ एवम् येन सी-शानबीच लडाइँ भएपछि देशको आन्तरिक परिस्थितिबाट उत्तेजित भएर कमरेड ली ली-सानको नेतृत्ववाला केन्द्रीय समितिको पोलिटव्यूरोले ११ जूनमा "वामपन्थी"

प्रस्ताव पारित गऱ्यो । यसको शीर्षक थियो "नयाँ क्रान्तिकारी उच्च लहर तथा एउटा अथवा अधिक प्रान्तहरूमा पहिले विजय हासिल गर्नु" । यसरी दोस्रो पटक केन्द्रीय नेतृत्वकारी निकायमाथि "वामपन्थी" लाइन हावी भयो । यो गलत लाइन (ली ली-सानको लाइन) कैयौं कारणहरूले गर्दा उत्पन्न भयो । यो यसकारणले उत्पन्न भयो कि कमरेड ली ली-सान र अन्य कमरेड यो बुझ्न असफल रहे कि क्रान्तिको लागि आफ्नो सांगठनिक शक्तिको निर्माणद्वारा पयाप्त तैयारी आवश्यक हुन्छ । यसको सट्टा उनीहरूले यो मान्दथे कि "जनता केवल ठूला-ठूला कार्वाहीहरू चाहन्छन् न कि साना-साना" । त्यसैले तिनको विश्वास थियो कि यतिखेर युद्ध सरदारहरूबीच चलिरहेको लगातार युद्ध तथा लालसेना आन्दोलनको प्रारम्भिक अवस्था र श्वेत इलाकाहरूमा हाम्रा कामहरूको प्रारम्भिक स्थितिले देशभरि "ठूला कार्वाहीहरू" (सशस्त्र विद्रोह)को लागि परिस्थिति तैयार गरिरहेको छ । यो यस कारणले उत्पन्न भयो कि तिनले चिनियाँ क्रान्तिको असमान विकासलाई बुझ्न असफल भए तथा यो मानिरहे कि देशका सबै भागहरूमा समान रूपले क्रान्तिकारी संकट बढिरहेको छ । अतः तत्काल विद्रोहको लागि हरेक ठाउँमा तयार हुनुपर्छ तथा महत्त्वपूर्ण शहरहरूले खास रूपमा नेतृत्वकारी भूमका निभाउनुपर्छ र राष्ट्रव्यापी क्रान्तिकारी उभारको केन्द्र बन्नुपर्छ । लामो समयसम्म हामीले आफ्नो मुख्य शक्ति ग्रामीण आधार इलाकाहरू बनाउन लगाउनुपर्छ र ग्रामीण आधार इलाकाहरू शहरहरूलाई घेरावन्दीको लागि र यी आधारहरूलाई राष्ट्रव्यापी क्रान्तिको एउटा उच्च ज्वारको विकासको लागि प्रयोग गर्नुपर्छ भन्ने कमरेड माओ त्सेतुङको विचारलाई तिनीहरूले "एकदम दोषपूर्ण, .....किसानी मानसिकताको परिचायक, स्थानीयतावाद एवम् रुढिवाद" भनी झुट्टा निन्दा गरे । यो यस कारणले पनि उत्पन्न भयो कि उनीहरू विश्व क्रान्तिको असमान विकासलाई बुझ्न असफल भए, यसको सट्टा उनीहरूले यो मान्दथे कि चिनियाँ क्रान्तिको आम उभार निश्चय नै विश्व क्रान्तिको उभार बन्दछ जसको अभावमा चिनियाँ क्रान्ति सफल हुन सक्दैन । यो यस कारणले पनि उत्पन्न भयो कि उनीहरू चीनको बुर्जुवा जनवादी क्रान्तिको दीर्घकालीन चरित्रलाई बुझ्न असफल रहे बरु यो मान्दै रहे कि एक अथवा बढी प्रान्तहरूमा विजयको शुरुआतले समाजवादी क्रान्तितर्फको संक्रमणको शुरुआतलाई सुनिश्चित गरिदिन्छ । त्यसकारण उनीहरूले कैयौं असामयिक एवम् "वामपन्थी" नीतिहरूको सूत्रीकरण गरे । यिनै गलत दृष्टिकोण अनुसार ली ली-सान

लाइनका नेताहरूले सारा देशको महत्त्वपूर्ण शहरहरूमा सशस्त्र विद्रोहहरू संगठित गर्ने तथा यी शहरहरूमा आक्रमण गर्नको लागि सम्पूर्ण लालसेनालाई केन्द्रीकृत गर्ने दुस्साहसवादी योजना तैयार गरे। फेरि, उनीहरूले सशस्त्र विद्रोहहरूको तैयारीको लागि पार्टीको विभिन्न नेतृत्वकारी निकायहरू, युवक संघ र ट्रेड युनियनहरूलाई तिनीहरूका स्तर अनुरूपका कार्यसमितिहरूमा बिलय गरिदिए। यस प्रकार सबै दैनिक कामहरू ठप्प भए। यी गलत निर्णयहरूको सूत्रीकरण र कार्यान्वयनको दौरान कमरेड ली ली-शानले अनेकौं कमरेडहरूको सही सुझावहरू र आलोचनाहरूलाई खारेज गरे तथा पार्टीभित्र त्यस तथाकथित दक्षिणपन्थी भड्कावविरुद्धको संघर्षमा जोड दिए, जसको आडमा उनले आफ्नो गलत लाइनसँग असहमति राख्ने कार्यकर्ताहरूमाथि गलत तरिकाले आक्रमण गरे र साथै, अन्तरपार्टी संकीर्णतावादलाई बढावा दिए। यसरी ली ली-शान लाइनले पहिलेको "वामपन्थी" लाइनको अपेक्षा पूर्णतः विकसित रूप ग्रहण गऱ्यो।

पार्टीमा ली ली-शान लाइनको प्रभाव थोरै समय (चार महिनाभन्दा कम) सम्म रह्यो। तर पनि जहाँ-जहाँ यस लाइनलाई व्यवहारमा ल्याइयो, त्यहाँ पार्टी र क्रान्तिकारी शक्तिहरूले नोक्सानी व्यहोर्नु पऱ्यो। त्यसैले कार्यकर्ताहरूको व्यापक हिस्सा र पार्टी सदस्यहरूले त्यसलाई सच्याउनु पर्ने माग गरे। कमरेड माओ त्सेतुङ खासगरी ली ली-शान लाइनसँग कहिल्यै सहमत हुनुभएन र उहाँले लालसेनाको **पहिलो मोर्चा सेना**[६] को "वामपन्थी"

---

६) *लालसेनाको पहिलो मोर्चा सेनाले १९३०मा हुनान प्रान्तको राजधानी छाङशामाथि आफ्नो दोस्रो आक्रमण गऱ्यो। शत्रु सेनाले किल्लापछाडि जबरजस्त रक्षापंक्ति बनाएको कारण र तिनीहरूलाई हावाइ जहाजहरूको सहयोग पनि प्राप्त भएका कारण लालसेनाको लामो आक्रमणका बावजूद लालसेनाले शहर कब्जा गर्न सकेन। यसैबीच शत्रुको नयाँ टुकडीहरू एकत्रित भइरहेका थिए र लालसेनाको लागि स्थिति प्रतिकूल भइरहेको थियो। कमरेड माओ त्सेतुङले छाङशालाई घेरेर बसिरहेको पहिलो मोर्चा सेनालाई पछि हट्न तैयार गर्नुभयो र उहाँले उत्तरी च्याङशीमा चच्याङको महत्त्वपूर्ण शहर कब्जा गर्न र अन्य ठूला शहरहरूमाथि आक्रमण गर्ने विचार छाड्न र आफ्नो नीतिमा परिवर्तन गर्न राजी गराउनुभयो। उनीहरूले आफ्ना सैनिकहरूको विभाजन गरे र हुनानका चालिङ, यूसियेन र लीलिङ काउन्टीहरूमाथि कब्जा गरे। यसले पहिलो मोर्चा सेनालाई आफ्नो विस्तार गर्न सक्षम बनायो।*

गल्तीहरूलाई ज्यादै धैर्यपूर्वक सुधार गर्नुभयो । परिणामस्वरूप, त्यस अवधिमा नोक्सान भोग्नुको साट्टा लालसेनाले च्याङ काइ-शेक र फेङ यू-शियाङ एवम् येन सी-शानबीचको युद्धबाट उत्पन्न अनुकूल परिस्थितिहरूको लाभ उठाएर च्याङसीमा क्रान्तिकारी आधार–क्षेत्रलाई अझ मजबुत बनायो । त्यसले १९३० को अन्त र १९३१ को शुरुमा दुश्मनको पहिलो "घेरा हाल र बिनाश गर" अभियानलाई सफलतापूर्वक दवायो । केही अपवादहरू बाहेक लालसेनाले अन्य क्रान्तिकारी आधार–क्षेत्रहरूमा पनि यस्तै परिणाम हासिल गरे । श्वेत इलाकाहरूमा पनि व्यवहारिक कार्यहरूमा लागेका अनेक कमरेडले पार्टीको सांगठनिक माध्यमहरूद्वारा ली ली-शान लाइनको विरोध गरिरहेका थिए ।

छैठौं केन्द्रीय कमिटीको तेस्रो विस्तारित बैठक सेप्टेम्बर १९३० मा सम्पन्न भयो र त्यसपछि बनेको केन्द्रीय नेतृत्वले ली ली-शान लाइनको प्रयोगको अन्त गर्नमा सकारात्मक भूमिका निभायो । यस बैठकको दस्तावेजमा सम्झौता र मिलापत्रको भाव झल्के पनि (उदाहरणर्थ, त्यसलाई गलत लाइन थियो भन्न इन्कार गर्नु र "रणकौशलात्मक रूपले गलत" थियो भन्नु) र यस बैठकले सांगठनिक मामलाहरूमा संकीर्णतावादी गल्ती जारी राखे पनि यसले चिनियाँ क्रान्तिको परिस्थितिहरूको उग्रवामपन्थी आँकलनलाई सुधाऱ्यो, आम राष्ट्रव्यापी विद्रोह संगठित गर्ने र प्रमुख शहरहरूमाथि हमला गर्न पूरा लालसेनालाई संकेन्द्रित गर्ने योजनालाई रद्द गऱ्यो तथा पार्टी, युवक संघ एवम् ट्रेड युनियनहरूको स्वतन्त्र संगठन र दैनिक कार्यहरू संचालनलाई फेरि शुरु गऱ्यो । यसरी यस बैठकले कमरेड ली ली-सान लाइनको प्रमुख गल्तीहरूलाई समाप्त गऱ्यो । तेस्रो विस्तारित बैठकमा कमरेड ली ली-शानले आफ्ना ती गल्तीहरूलाई स्वीकार गर्नुभयो जसबारे पहिले नै चर्चा गरिसकिएको थियो र उहाँले पोलिटब्यूरोको आफ्नो नेतृत्वकारी पद पनि त्याग गर्नुभयो । तेस्रो विस्तारित बैठकपछि केन्द्रीय नेतृत्वले एक कदम अघि बढेर नोभेम्बर १९३० को पूरक प्रस्ताव एवम् डिसेम्बरको परिपत्र नं. ९६मा यो घोषणा गऱ्यो कि ली ली-शान र अन्य कमरेडहरूको लाइनको गलत थियो तथा विस्तारित बैठक र त्यसपछिका केन्द्रीय नेतृत्व ली ली-शान लाइनको विचारधारात्मक सारलाई पूर्णरूपले जाँचबुझ गर्न र त्यसलाई सुधार्न असफल रह्यो । त्यसैले केही यस्ता "वामपन्थी" विचार र नीतिहरू जो १९२७ को अगस्त बैठकदेखि र खासगरी १९२९ देखि नै अस्तित्त्वमा थिए, यस बैठकमा तथा त्यसपछि पनि बलियोसँग रह्यो । तर पनि तेस्रो विस्तारित बैठक र त्यसपछिको नेतृत्व, दुवैले

ली ली-शान लाइनको अन्तको लागि माथि उल्लेखित सकारात्मक उपाए गरेको थियो । त्यसैले सबै पार्टी कमरेडहरूले यी उपायहरूको आधारमा “वामपन्थी” गल्तीहरूविरुद्ध संघर्ष गर्न अझ बढि प्रयास गर्नु पर्दथ्यो ।

तर त्यस समय कैयौं पार्टी कमरेडहरू, जो व्यवहारिक क्रान्तिकारी संघर्षहरूका मामलामा अनुभवहीन थिए र “वामपन्थी” जडसुत्रवादी गल्तीहरूका दोषी थिए, उनीहरू कमरेड चेन शाआ-यू (वाङ मिङ)को नेतृत्वमा अगाडि आए । उनीहरूले केन्द्रीय नेतृत्वमाथि “ली ली-शान लाइनको विरुद्ध” र “सम्झौतापरस्त लाइनको विरुद्ध” जस्ता नाराहरूमार्फत् ली-ली-शान भन्दा पनि संकीर्ण र विकट स्थितिसाथ हमला गरे । उनीहरूको हमलाको उद्देश्य ली ली-शान लाइनको वैचारिक सार र ती “वामपन्थी” विचारहरू एवम् नीतिहरूलाई समाप्त गर्न केन्द्रीय समितिलाई सहयोग गर्नु थिएन, जुन १९२७ को ७ अगस्त बैठक एवम् विशेष गरी १९२९ बाट अस्तित्त्वमा आएका थिए र जसलाई कहिल्यै पनि पूर्णरूपले सच्याइएन । उनीहरूले वास्तवमा एउटा नयाँ राजनैतिक कार्यक्रम अगाडि सारे जुन त्यसबेला कमरेड चेन शाओ-यू(वाङ मिङ)को “दुई कार्यदिशाहरू अथवा चिनियाँ कम्युनिष्ट पार्टीलाई अझ बोल्सेभिकीकरण गर्ने सम्बन्धमा” भन्ने पुस्तिकाको रूपमा अभिव्यक्त भयो । यो एउटा यस्तो कार्यक्रम थियो जो ली ली-शानको लाइन र अन्य “वामपन्थी” विचारहरू एवम् नीतिहरूका नयाँ आवरणमा भएको पुनर्जीवन एवम् विकास थियो । यसरी पार्टीमा “वामपन्थी” विचारहरूको अझ विकास भयो जसले एउटा नयाँ “वामपन्थी” लाइनको रूप धारण गर्‍यो ।

कमरेड चेन शाओ-यूले नेतृत्व गरेको “वामपन्थी” लाइनले ली ली-शानको “वामपन्थी” गल्तीहरू एवम् तेस्रो प्लेनरी सत्रले गरेको सम्झौताको आलोचना गर्‍यो, तर यसको विशिष्ठ लक्षण यो थियो कि यसले मुख्य रूपले ली ली-शान लाइनलाई “दक्षिणपन्थी” भनी आलोचना गर्‍यो । यसले तेस्रो प्लेनरी सत्रलाई “ली ली-शान लाइनको नितान्त दक्षिणपन्थी अवसरवादी सिद्धान्त र व्यवहारको भण्डाफोर गर्न र त्यसमाथि आक्रमण गर्ने काममा केही पनि नगरेको” भनी दोषी मान्यो । यसले सर्कुलर नं. ९६ लाई पनि यस कुरामा दोष लगायो कि त्यसले “अहिले पार्टीमा दक्षिणपन्थी भड्काव नै मुख्य खतरा बनेको छ” भन्ने कुरालाई बेवास्ता गर्‍यो । चिनियाँ समाजको प्रकृति र वर्गसम्बन्धको बारेमा नयाँ “वामपन्थी” लाइनले चिनियाँ अर्थव्यवस्थामा पूँजीवादको तुलनात्मक प्रभावलाई बढाई–चढाई प्रस्तुत गर्‍यो । यसले

पूँजीपतिवर्ग र धनी किसानबिरुद्ध गरिने संघर्षको महत्त्व र चिनियाँ क्रान्तिको वर्तमान लक्ष्यमा समाजवादी क्रान्तिका तत्त्वहरूको महत्त्वलाई बढाई-चढाई प्रस्तुत गऱ्यो र मध्यवर्ती धार, तेस्रो धारका पार्टीहरू एवम् समूहहरूको अस्तित्वलाई नकार्न पुग्यो । क्रान्तिकारी परिस्थिति एवम् पार्टीको कार्यभारको बारेमा नयाँ "वामपन्थी" लाइनले सारा देशमा एउटा "क्रान्तिकारी उच्च उभार" व्याप्त छ र पार्टीले राष्ट्रिय स्तरमा आक्रमण गर्ने लाइन लिनुपर्छ भन्ने कुरामा जोड दिइरह्यो । उनीहरूले मुख्य शहरहरू रहेका एक वा एकभन्दा बढी यस्ता प्रान्तहरूमा चाँडै नै एउटा "आसन्न क्रान्तिकारी परिस्थिति" आउने कुरालाई मान्दथे । आफ्नो "वामपन्थी" नजरद्वारा उनीहरूले यस झुट्ठा धारणामाथि जोड दिए कि चीनमा आजसम्म कोही पनि "सही" लालसेना थिएनन् र मजदुर, किसान एवम् सैनिकहरूका समितिको कुनै पनि "सही" सरकार थिएन । उनीहरूले यस कुरामा जोड दिए कि पार्टीमा यतिखेर "दक्षिणपन्थी अवसरवाद", "व्यवहारिक कामहरूमा अवसरवाद" र "धनी किसान लाइन" बाट मुख्य खतरा छ । सांगठनिक रूपमा यस नयाँ "वामपन्थी" लाइनका समर्थकहरूले अनुशासनको उल्लंघन गरे, पार्टीद्वारा दिइएका काम गर्न अस्वीकार गरे, केन्द्रीय नेतृत्वको विरुद्ध गुटवन्दीमा अन्य कमरेडहरूसँग गलत किसिमले एउटा तदर्थ केन्द्रीय नेतृत्वकारी निकाय गठन गर्ने माग गरे तथा यो भने कि "जुझारु कार्यकर्ता" ले उनीहरूको "वामपन्थी" लाइनको सक्रिय समर्थन गर्दै अगाडि बढिरहेका छन्, "सबै स्तरहरूमा क्रान्तिकारी निकायहरूलाई सुर्धान र मजबूत बनाउन" उनीहरूको प्रयोग गर्नुपर्छ । यसरी उनीहरूले पार्टीमा गम्भीर संकट उत्पन्न गरे । अतः यो भन्न सकिन्छ कि मुख्य शहरहरूमा विद्रोह गर्ने नारा नउठाए पनि र केही समयकालागि ती शहरहरूमा आक्रमण गर्न लालसेनालाई केन्द्रीत गर्ने नारा नदिए पनि नयाँ "वामपन्थी" लाइन "वामपन्थवाद"का प्रश्नहरूमा ली ली-शान लाइन भन्दा बढी दृढ, बढी "सैद्धान्तिक", बढी निरङ्कुश र बढी सुस्पष्ट थियो ।

सन् १९३१ को जनवरीमा पार्टीको छैठौं केन्द्रीय समितिको चौथो प्लेनरी सत्रको आयोजना यस्तो परिस्थितिमा भयो जतिखेर कमरेड चेन शाओ-यूको नेतृत्वमा "वामपन्थी" जडसुत्रवादी एवम् संकीर्णतावादी तत्त्वहरूका तर्फबाट चारैतर्फ दबाब परिरहेको थियो र केन्द्रीय नेतृत्वकारी निकायका केही

कमरेडहरू अनुभववादी गल्तीहरूको शिकार भएर ती तत्त्वहरूसँग सम्झौता गरिरहेका थिए र तिनीहरूलाई सहयोग गरिरहेका थिए। यस बैठकको कुनै सकारात्मक अथवा रचनात्मक भूमिका रहेन। यसको परिणामस्वरूप नयाँ "वामपन्थी" लाइन पारित भयो, केन्द्रीय नेतृत्वकारी निकायमा यसको विजय भयो र कृषि क्रान्तिकारी युद्धको अवधिमा तेस्रो पटक पार्टीमा "वामपन्थी" लाइनको बर्चश्वको शुरुआत भयो। चौथो प्लेनरी सत्रले तत्काल नयाँ "वामपन्थी" लाइनको कार्यक्रमहरूमध्येबाट दुईवटा परस्पर सम्बन्धित र भ्रान्तिपूर्ण सिद्धान्तहरूलाई लागू गऱ्यो। पहिलो, तथाकथित "दक्षिणपन्थी भड्काव" लाई "वर्तमान समयमा पार्टीभित्र प्रमुख खतरा" मानी त्यसको विरुद्ध संघर्ष र दोस्रो, "सबै स्तरका नेतृत्वकारी निकायहरूमा सुधार र सुदृढीकरण"। देखावटी रूपमा यसले अझै पनि ली ली-शान लाइन एवम् "सम्झौतावादी लाइन" विरुद्ध झण्डा उठाएको थियो तर सारमा यसको राजनैतिक कार्यक्रम मुख्यरूपले "दक्षिणपन्थी भड्कावको विरुद्ध" नै थियो। चौथो विस्तारित बैठकले आफ्नो प्रस्तावमा समकालीन राजनैतिक परिस्थितिहरूको विश्लेषण अथवा पार्टीको लागि ठोस राजनैतिक कार्यभार सुनिश्चित गरेन र केवल तथाकथित "दक्षिणपन्थी भड्कावको विरुद्ध" र "व्यवहारिक कामहरूमा अवसरवाद"को सामान्यरूपले विरोध गऱ्यो, तर वास्तवमा यसले कमरेड चेन शाओ-यूद्वारा लिखित पुस्तिका "दुई कार्यदिशाहरू अथवा चिनियाँ कम्युनिष्ट पार्टीको अधिक बोल्सेभिकीकरण"लाई अनुमोदन गऱ्यो। यो त्यही पुस्तिका थियो जसले पार्टीमा "वामपन्थी" विचारहरूको प्रतिनिधित्व गरेको थियो र जसको बारेमा त्यसबेला र त्यसपछिका दश वर्षभन्दा बढी समयसम्म जनताले यसले कार्यक्रम सम्बन्धी सही भूमिका निभायो भन्ने सम्झिए। तर उपरोक्त विश्लेषणबाट प्रष्ट भयो कि यो मूलतः तथकथित "दक्षिणपन्थी भड्कावको विरुद्ध" एकदम गलत "वामपन्थी" अवसरवादी आम कार्यक्रम थियो। यस कार्यक्रम मार्फत् चौथो विस्तारित बैठक र त्यसपछिको केन्द्रीय नेतृत्वले एकातर्फ "वामपन्थी" जडसूत्रवादी र संकीर्णतावादी कमरेडहरूलाई केन्द्रीय नेतृत्वकारी निकायको जिम्मेवार पदमा पदोन्नति गऱ्यो भने अर्कातर्फ ती कमरेडहरूमाथि आवश्यकता भन्दा बढी आक्रमण गऱ्यो जसले ली ली-शान लाइनको गल्ती गरेका थिए। ती

कमरेडहरूमाथि गलत तरिकाले आक्रमण गऱ्यो जस माथि **चू चिङ-पइ**[७] को नेतृत्वमा "सम्झौतावादी लाइनको गल्ती" गरेको आरोप लागेको थियो र प्लेनरी सत्रपछि तत्काल केन्द्रीय समितिले तथाकथित "दक्षिणपन्थी" बहुमत कमरेडहरूमाथि गलत तरिकाबाट आक्रमण गऱ्यो । वास्तवमा त्यस समयमा "दक्षिणपन्थी" मुख्यतः त्यस सत्रमा "दक्षिणपन्थी" भड्कावको विरुद्ध चलाइएको गुटवन्दीपूर्ण संघर्षको उपज थियो । निश्चय नै ती व्यक्तिहरूमा लो चाङ-तुङको नेतृत्वमा केही मुट्ठीभर फूटपरस्तहरू सामेल थिए जो पछि वास्तवमै दक्षिणपन्थी बने, पतित भएर प्रतिक्रान्तिकारी भए र स्थायी रूपमा पार्टीबाट निष्काशित गरिए । निःसन्देह, तिनीहरूको विरुद्ध निर्णायक लडाइँ आवश्यक

---

७) *कमरेड चू चिङ–पेई, चिनियाँ कम्युनिष्ट पार्टीको शुरुका सदस्य र नेताहरूमध्ये एकजना थिए । १९२३ देखि २८बीच पार्टीको तेस्रो, चौथो, पाँचौं र छैठौं राष्ट्रिय कंग्रेसमा केन्द्रीय समितिमा निर्वाचित भए । पहिलो क्रान्तिकारी गृहयुद्धको क्रममा क्वोमिन्ताङको दक्षिणी कमानको कम्युनिष्ट–विरोधी र जनविरोधी ताइ ची–ताओ सिद्धान्तको विरुद्ध र साथै चिनियाँ कम्युनिष्ट पार्टीमा छन तू–श्यूद्वारा प्रस्तुत दक्षिणपन्थी अवसरवादको विरुद्ध सक्रिय संघर्ष गरिरहे । क्वोमिन्ताङद्वारा १९२७मा गद्दारी गरिएपछि उनले ७ अगस्तमा पार्टीको केन्द्रीय समितिको आपतकालीन बैठक बोलाए, जसले पार्टीमा छन तू–श्यूवादको प्रभुत्व समाप्त गऱ्यो । तर १९२७को हिउँददेखि १९२८को पतझडसम्म केन्द्रीय नेतृत्वकारी निकायको काम निर्देशित गर्ने क्रममा उनले विद्रोहवादी "वामपन्थी" गल्ती गरे । सेप्टेम्वर १९३०मा उनले पार्टीको केन्द्रीय समितिमा तेस्रो प्लेनरी सत्रको सञ्चालन गरे, जसले पार्टीलाई क्षति पुऱ्याउने ली ली–सान लाइनको अन्त गऱ्यो । जनवरी १९३१ मा छैठौं केन्द्रीय समितिको चौथो प्लेनरी सत्रमा "वामपन्थी" कठमूल्लावादीहरू र गुटवादीहरूद्वारा उनीमाथी आक्रमण गरियो । र, केन्द्रीय नेतृत्वकारी निकायबाट निश्काशन गरियो । त्यसबेलादेखि १९३३सम्म उनले लू शुनसँग शंघाइमा क्रान्तिकारी साँस्कृतिक आन्दोलनमा काम गरिरहे । १९३३मा च्याङशीको लाल आधार–क्षेत्रमा पुगे र त्यहाँ मजदुर एवम् किसानहरूको जनवादी केन्द्रीय सरकारमा जनशिक्षा कमिसार नियुक्त गरिए । जब लालासेनाको मुख्य टुकडीहरू लामो अभियानको लागि तैयार भयो तब उनलाई च्याङशीको आधार–क्षेत्रमा बस्न भनियो, मार्च १९३५मा कमरेड चू चिङ–पेइ फूच्येन छापामार क्षेत्रमा च्याङ काइ–शेक ग्याङद्वार गिरफ्तार गरिए र १८ जूनमा फूच्येन प्रान्तको चाङतिङमा शहीद भए ।*

थियो । पार्टी अनुशासन अनुसार यस कुराको अनुमति दिन सकिँदैनथ्यो कि उनीहरूले एउटा छुट्टै पार्टी संगठन स्थापित गरुन् र त्यसलाई कायम राखून् । तर **लिन यू-नान्**[८], **ली चिङ-शिव**[९], **हो मिङ-सिङ**[१०] र लगभग बीस जना अन्य महत्त्वपूर्ण पार्टी कार्यकर्ताहरू, जसले पार्टी र जनताकालागि ज्यादै महत्त्वपूर्ण काम गरेका थिए र जनतासँग घनिष्ट सर्म्पक कायम गरेका थिए, माथि आक्रमण गरियो । केही समयपछि नै जब उनीहरू शत्रुद्वारा गिराफ्तार गरिए, तब दृढतापूर्वक डटिरहे, शत्रुको अगाडि शिर झुकाएनन् र वीरगति प्राप्त गरे । कमरेड चू चिङ-पइ, जसमाथि "सम्झौतावादी लाइनको गल्ती" गरेको आरोप लगाइएको थियो, त्यस समय पार्टीका एउटा प्रतिष्ठित नेता थिए । उनले पार्टीको लागि लगातार अत्यन्त महत्त्वपूर्ण कार्य (विशेष गरी साँस्कृतिक मोर्चामा) गरिरहे र १९३५ को जूनमा शत्रुका जल्लादहरूद्वारा ती वीर नायकको हत्या गरियो । यी सबै कमरेडहरूको सर्वहारा नायकत्वको संस्मरण सधैं-सधैंको लागि हाम्रो हृदयमा रहिरहने छ । चौथो प्लेनरी सत्रले केन्द्रीय निकायमा जुन किसिमको "सुधार" लागू गरेको थियो, त्यसको विस्तार सबै क्रान्तिकारी

---

*८) कमरेड लिन यू–नान चिनियाँ कम्युनिष्ट पार्टीको एक सदस्य र चीनको ट्रेड युनियन आन्दोलनका एकजना शुरुका नेता तथा संगठनकर्ता, चिनियाँ ट्रेड युनियन आन्दोलनका एकजना शुरुका नेता र संगठनकर्ता, चिनियाँ ट्रेड युनियन सचिवालयको बुहान अफिसमा निर्देशक थिए । उनी अल चायना फेडरेशन अफ ट्रेड युनियन्सको कार्यकारिणी समितिका सदस्य र महासचिव थिए । च्याङ काइ–शेक ग्याङद्वारा १९३१मा गिरफ्तार भए र शंघाइका लुङहुआमा शहीद भए ।*

*९) कमरेड ली च्यू–शिह चिनियाँ कम्युनिष्ट पार्टीको सदस्य थिए । चिनियाँ कम्युनिष्ट युथ लीगको केन्द्रीय समितिमा १९२८मा कार्यरत थिए र त्यसको प्रचारविभागका प्रमुख तथा "चाइनिज यूथ" नामक पत्रिकाको प्रधान सम्पादक थिए । १९३१मा पार्टीको केन्द्रीय समितिको प्रचार विभागमा काम गरिरहँदा च्याङ काइ–शेक ग्याङद्वारा गिरफ्तार गरिए र लुङहुआमा शहीद भए ।*

*१०) कमरेड हो मेङ–शिउङ चिनियाँ कम्युनिष्ट पार्टीको सदस्य थिए । उनी चीनको ट्रेड युनियन आन्दोलनका सुरुका नेता र पेकिङ–सछ्वान लाइनको रेलवे वर्कर युनियनका संस्थापक थिए । १९२७मा क्वोमिन्ताङले क्रान्तिप्रति गद्दारी गरेपछि, शंघाइमा पार्टीको च्याङसू प्रान्तीय समितिको सदस्यका रूपमा र त्यसको किसान विभागको सचिवको रूपमा कार्यरत रहे । १९३१मा च्याङ काइ–शेकद्वारा गिरफ्तार गरिए र लुङहुआमा शहीद भए ।*

आधार–क्षेत्रहरू र श्वेत इलाकाहरूको स्थानीय संगठनहरूसम्म गरियो । चौथो प्लेनरी सत्रपछिको नेतृत्वले तेस्रो प्लेनरी सत्र र त्यसपछिको केन्द्रीय नेतृत्वको तुलनामा कैयौं गुणा सशक्त र व्यवस्थित रूपले "दक्षिणपन्थी भड्कावको विरुद्ध" संघर्षहरू संचालन गर्न आफ्ना प्रनिधिहरू, नयाँ नेतृत्वकारी कार्यकर्ताहरूलाई देशका विभिन्न भागमा पठायो ।

चौथो प्लेनरी सत्रको तत्काल पछि ९ मई, १९३१ मा केन्द्रीय नेतृत्वद्वारा प्रस्तुत प्रस्तावहरूबाट स्पष्ट हुन्थ्यो कि "वामपन्थी" लाइनलाई अझ पनि व्यवहारिक काममा ठोस रूपले लागू गरिँदै थियो र त्यसलाई विकसित गरिइरहेको थियो । फेरि चीनमा प्रमुख घटनाहरूको एउटा श्रृङखला शुरु भयो । चौथो प्लेनरी सत्रपछिको नेतृत्वले आफ्नो दोषपूर्ण लाइन लागू गर्नु भन्दा पहिल्यै कमरेड माओ त्सेतुङको सही नेतृत्व र सबै कमरेडहरूको सशक्त प्रयासले च्याङ्शीमा केन्द्रीय इलाकाको लालसेनाले महान् जीतहरू हासिल गऱ्यो र शत्रुले चलाइ रहेको दोस्रो र तेस्रो "घेरामा पार र सखाप गर" अभियानहरूलाई दमन गऱ्यो । त्यसै अवधि र त्यसै परिस्थितिमा अन्य अधिकतर क्रान्तिकारी आधार इलाकाहरू र लालसेना इकाइहरूले पनि कैयौ सफलताहरू हासिल गऱ्यो । यसैबीच १९३१ मा १८ सेप्टेम्बरको घटनाबाट शुरु भएको जापानी साम्राज्यवादी आक्रामणले राष्ट्रिय जनवादी आन्दोलनमा एउटा देशव्यापी नयाँ उभार ल्याइदियो । बिल्कुल शुरुदेखि नै नयाँ केन्द्रीय नेतृत्वले यी घटनाहरूबाट उत्पन्न नयाँ परिस्थितिको पूर्णतः गलत आँकलन गऱ्यो । यसले क्वोमिन्ताङ शासनको सामाजिक संकट र क्रान्तिकारी शक्तिहरूको विकास दुवैलाई बढाई-चढाई प्रस्तुत गऱ्यो । यसले त्यस तथ्यलाई बेवास्ता गऱ्यो कि १८ सेप्टेम्बरको घटनापछि चीन र जापानबीच राष्ट्रिय अन्तरविरोध अत्यन्त तीब्र भएको थियो र मध्यमार्गीवर्गले जापानको विरोध र जनवादको अपेक्षा राख्दथे । यसले जापानी साम्रज्यवाद र अन्य साम्राज्यवादी शक्तिहरू सोभियत संघमाथि आक्रमणको लागि सम्मिलित हुनेछन् तथा साम्राज्यवादी शक्तिहरू चिनियाँ प्रतिक्रान्तिकारी गुट र यहाँसम्म कि मध्यमार्गी समूह पनि चिनियाँ क्रान्तिमाथि हमला गर्न सहभागी हुनेछन् भन्ने कुरामा जोड दियो । उनीहरूले यस कुरामाथि स्पष्टतः जोड दिए कि मध्यमार्गी गुट चिनियाँ क्रान्तिका सबैभन्दा खतरनाक शत्रु हुन् । यसरी नयाँ केन्द्रीय नेतृत्वले "हरेक वस्तु मूर्दावाद" को वकालत गरिरह्यो र यो स्वीकारिरह्यो कि "चिनियाँ राजनैतिक परिस्थितिको

मर्मस्थल प्रतिक्रान्ति र क्रान्तिबीचको जीवन-मरणको संघर्ष हो"। त्यसैले उनीहरूले एकपटक फेरि आफ्नो दुस्साहसवादी प्रस्ताव अगाडि सारे, जस्तै एक वा एक भन्दा बढी प्रान्तहरूमा पहिले विजय प्राप्त गर्नका लागि प्रमुख शहरहरूमाथि कब्जा, श्वेत इलाकाहरूमा सबैतिरका मजदूर-किसानहरूलाई सशस्त्र बनाउनु र त्यहाँ आमहड्तालको आह्वान गर्नु। यी गल्तीहरू पहिलो पटक १९३१ सेप्टेम्बर २० को प्रस्तावमा अभिव्यक्त भयो। जसको शीर्षक थियो-"मजदूर र किसानहरूको लालसेनाद्वारा शत्रुको तेस्रो 'घेरामा पर्ने र सखाप गर्ने' अभियानलाई दवाउन र क्रान्तिकारी संकट लगातार परिपक्व हुँदै जाँदा उत्पन्न अति आवश्यक कार्यभारहरूको बारेमा प्रस्ताव"। यी गल्तीहरूको पुनरावृत्ति र पूर्ण अभिव्यक्ति निम्नलिखित दस्तावेजहरूमा भयो जसलाई या त पछिल्लो तदर्थ केन्द्रीय नेतृत्वद्वारा या उसको निगरानीमा गरिएको थियो:

- "जापानी साम्राज्यवादद्वारा मञ्चुरियामाथि बलपूर्वक कायम गरिएको अधिकारको बारेमा प्रस्ताव" (२२ सेप्टेम्बर, १९३१),
- "पहिले एक वा धेरै प्रान्तहरूमा क्रान्तिको विजयका लागि संघर्षबारे प्रस्ताव" (९ जनवरी १९३२),
- "२८ जनवरीको घटनाबारे प्रस्ताव" (२६ फरवरी, १९३२),
- "पहिले एक वा एकभन्दा बढी प्रान्तहरूमा चिनियाँ क्रान्तिको विजयकालागि गरिने संघर्षमा चिनियाँ कम्युनिष्ट पार्टीभित्र अवसरवादी अनिश्चय" (४ अप्रिल, १९३२),
- "सोभियत संघमाथि साम्राज्यवादी आक्रमण र चीनको विभाजनविरुद्ध राष्ट्रिय क्रान्तिकारी युद्धको विस्तारकालागि सप्ताहव्यापी अभियानको नेतृत्व दिने र त्यसमा भाग लिनेबारे केन्द्रीय समितिको केन्द्रीय एरिया व्यूरोको प्रस्ताव" (११ मे, १९३२) र
- "उत्तरी चीनमा क्रान्तिकारी संकटको बृद्धि र पार्टीको कार्यभार" (२४ जून, १९३२)।

सेप्टम्बर १९३१ मा कमरेड **चिङ पाङ-सिङ (पो कु)**[११]को अध्यक्षतामा बनेको अस्थायी केन्द्रीय नेतृत्वको स्थापना देखि जनवरी १९३५मा बसेको

---

*११) कमरेड चिङ पेङ-सियन जो पो कू नामले पनि चिनिन्थे, चिनियाँ कम्युनिष्ट पार्टीको सदस्य थिए। उनी सेप्टेम्बर १९३१देखि जनवरी १९३५सम्म शंघाइ पार्टीको तदर्थ केन्द्रीय नेतृत्वको प्रमुख थिए। यस अवधिमा उनले "वामपन्थी" लाइनको गम्भीर गल्तीहरू गरे। उनले जापान-विरोधी प्रतिरोध युद्धको प्रारम्भिक अवधिमा पार्टीको केन्द्रीय समितिको दक्षिणी ब्यूरोमा काम गरे। १९४१पछि*

चुनइ बैठकसम्मको अवधि, तेस्रो "वामपन्थी" लाइनको लगातार विकासका अवधिमध्ये एक थियो । यस क्रममा श्वेत इलाकाहरूमा गलत लाइनद्वारा गम्भीर क्षति पुऱ्याइसकिएको थियो । त्यसैले अस्थायी नेतृत्व १९३३ को शुरुमा दक्षिणी च्याङ्शामा पुग्यो । यस कार्यले त्यसको गलत लाइन त्यहाँ र त्यसको छिमेकी आधार–क्षेत्रहरूमा लागू गर्ने काममा मद्दत पुग्यो । यस भन्दा पहिले नोभेम्बर १९३१मा दक्षिणी च्याङशीको आधार–क्षेत्रको पार्टी कंग्रेसले र अगस्त १९३२मा लाल आधार–क्षेत्रहरूको केन्द्रीय ब्यूरो निंगतू बैठकले दक्षिणी च्याङशी र पश्चिमी फूच्येनको आधार–क्षेत्रहरूमा लागू गरिएको सही लाइनको भर्त्सना गरेको थियो, जुन "दक्षिणपन्थी भड्काववको विरुद्ध" र "सबै स्तरहरूका नेतृत्वकारी निकायहरूको शुद्धीकरण" जस्ता चौथो प्लेनरी सत्रको भ्रान्तिपूर्ण कार्यक्रम अनुरूप थिए । सही लाइनलाई एउटा "धनी किसान लाइन" र एउटा "अत्यन्त गम्भीर र सुसंगठित दक्षिणपन्थी अवसरवादी गल्ती" भनिएको थियो र सही पार्टी र सैनिक नेतृत्वलाई हटाइयो । तर पनि लालसेनामा कमरेड माओ त्सेतुङको सही राजनैतिक सिद्धान्तको गहिरो प्रभावको कारण अस्थायी केन्द्रीय नेतृत्वको भ्रान्तिपूर्ण लाइन पूर्णरूपले सेनामा लागू हुनुपूर्व चौथो "घेरामा पार र सखाप गर" अभियानविरुद्ध सञ्चालित अभियानले १९३३ को वसन्तमा विजय प्राप्त गऱ्यो । अर्कोतर्फ, एउटा पूर्णरूपले गलत रणनीति १९३३ को अन्तबाट शुरु भएको पाँचौ "घेरामा पार र सखाप गर"को विरुद्धको अभियानमा पूर्णरूपले हावी भयो । अन्य कैयौ नीतिहरूमा पनि र खासगरी फूच्येन घटनासँग सम्बन्धित नीतिमा भ्रान्तिपूर्ण "वामपन्थी" लाइन पूर्णरूपले लागू गरिएको थियो ।

जनवरी १९३४मा अस्थायी केन्द्रीय नेतृत्वद्वारा आयोजित छैठौं केन्द्रीय समितिको पाँचौं प्लेनरी सत्र तेस्रो "वामपन्थी" लाइनको विकासको पराकाष्ठको सूचक थियो । चिनियाँ क्रान्तिकारी आन्दोलन र १८ सेप्टेम्बर, १९३२का घटनाहरूपछि क्वोमिन्ताङ इलाकाहरूमा जापान-विरोधी जनवादी आन्दोलनलाई

---

*कमरेड माओ त्सेतुङको नेतृत्वमा उनले "लिबरेसन डेली" र येनानमा सिन्ह्वा न्यूज एजेन्सीको स्थापना र निर्देशन गरे । फेब्रुअरी १९४५मा पार्टीको सातौं राष्ट्रिय कंग्रेसमा उनी पुनः केन्द्रीय समितिमा निर्वाचित भए । फेब्रुअरी १९४६मा क्वोमिन्ताङसँग सम्झौतामा भाग लिन चुङकिङ गए । उनको अप्रिलमा आन्दोलनबाट फिर्ता आउँदा हवाइ दुर्घटनामा मृत्यु भयो ।*

"वामपन्थी" लाइनले पुऱ्याएको क्षतिलाई नजरअन्दाज गरी पाँचौ प्लेनरी बैठकले आँखा चिम्लेर निष्कर्ष निकाल्यो कि चीनको क्रान्तिकारी संकट एउटा नयाँ तीक्ष्ण अवस्थामा पुगेको छ, "चीनमा एउटा फौजी क्रान्तिकारी स्थिति विद्यमान छ" र पाँचौ "घेरामा पार्ने र सखाप गर्ने" विरुद्धको संघर्ष नै चिनियाँ क्रान्तिको पूर्ण विजयको लागि गरिने संघर्ष हो, जसले यस कुराको छिनोफानो गर्छ कि चीनमा "क्रान्तिको बाटो" र "उपनिवेशवादको बाटो" मध्ये कसले कसलाई पराजित गर्दछ । ली ली-सान लाइनका गल्तीहरूलाई दोहोऱ्याउँदै यस सत्रले घोषणा गऱ्यो कि "जब चीनको महत्त्वपूर्ण भागहरूमा हामीले मजदूर र किसानहरूको जनवादी क्रान्तिलाई विस्तार गरेका छौं, तब कम्युनिष्ट पार्टीको मूल कार्यभार समाजवादी क्रान्ति हुन जान्छ । केवल यसै आधारमा चीनलाई एकीकृत गर्न सकिन्छ र चिनियाँ जनताले राष्ट्रिय मुक्ति प्राप्त गर्न सक्छन्" आदि । "दक्षिणपन्थी अवसरवादको सम्झौतावादी रवैयासँग लड्न" र "व्यवहारिक काममा पार्टी लाइनमाथि गद्दारी गर्न छलकपटको प्रयोग"सँग लड्न जस्ता नाराहरूको प्रयोग गर्दै गुटवन्दी र कमरेडहरूमाथि आक्रमणको नीति जारी रह्यो र त्यो बढ्दै गयो ।

क्रान्तिकारी आधार–क्षेत्रहरूमा तेस्रो "वामपन्थी" लाइनको सबैभन्दा विनाशकारी परिणाम पाँचौ "घेरामा पार्ने र सखाप गर्ने" विरुद्धको अभियानमा भएको असफलता थियो, जहाँ केन्द्रीय नेतृत्वकारी निकाय रहेको थियो र लालसेनाको मुख्य शक्ति त्यहाँबाट पछि हट्नु परेको थियो । च्याङशीबाट पछि हट्नु र लामो अभियानको क्रममा सैनिक कार्वाहीहरूमा "वामपन्थी" लाइनले एउटा फरक किसिमको गल्ती- संघर्षवादको गल्ती गरेको थियो, जसले लालसेनालाई अझ बढी क्षति पुऱ्यायो । यसरी "वामपन्थी" लाइन सक्रिय भएकाकारण अन्य धेरै आधार–क्षेत्रहरूमा (फूच्येन-चच्याङ क्षेत्र, होपेहुनान-आनह्वेई क्षेत्र, शेनशी क्षेत्र) तथा विशाल श्वेत क्षेत्रहरूमा पार्टीको काममा असफलता मिल्यो । जहाँसम्म चाङ को-थाओ लाइनको कुरा छ, जुन एकपटक होपेहुनान-आनह्वेइ र सछ्वान-शेनशी क्षेत्रहरूमा प्रभावशाली थियो, यो सामान्य तरिकाको "वामपन्थी" लाइनमात्र थिएन, बरु एउटा विशेष प्रकारको युद्ध-सरदारवाद थियो र शत्रुको आक्रमणहरूका अगाडि संघर्षवाद यसको विशेषता थियो ।

भ्रान्तिपूर्ण "वामपन्थी" लाइनको यो मुख्य अन्तरवस्तु थियो जसले तेस्रो पटक पूरै पार्टीलाई आफ्नो प्रभावमा परेको थियो र कमरेड चेन शाओ-यू र चिन पोङ-सियोन यसका जडसुत्रवादी नेता थिए ।

आफूलाई "मार्क्सवादी-लेनिनवादी सिद्धान्त"को आडमा लुकाएर चौथो प्लेनरी सत्रद्वारा निर्मित राजनैतिक, सांगठनिक प्रतिष्ठा र प्रभावमा निर्भर ती जडसूत्रवादी गल्तीहरूका दोषी कमरेडहरू चार वर्षसम्म पार्टीमा तेस्रो "वामपन्थी" लाइनलाई प्रभावशाली बनाउन जिम्मेवार थिए। उनीहरूले नै यसलाई सम्पूर्ण र सर्वाधिक सुब्यवस्थित रूपले वैचारिक, राजनैतिक, सामरिक र सांगठनिक अभिव्यक्ति दिए। यसले पार्टीमा सर्वाधिक गहिरो प्रभाव स्थापित गर्नमा मद्दत गर्‍यो र जसको फलस्वरूप पार्टीलाई ठूलो क्षति पुग्यो। तर पनि तथ्यहरूको बेवास्ता गर्दै यस गलत लाइनका दोषी कमरेडहरूले चौथो प्लेनरी सत्रपछिको केन्द्रीय नेतृत्वको "शुद्धता" र "चीरस्मरणीय उपलब्धिहरू"को बारेमा ठूला-ठूला गफ गरिरहे। उनीहरूले "कम्युनिष्ट पार्टीको अझ बढी बोल्सेभिकीकरण" र "शतप्रतिशत बोल्सेभिक" जस्ता जडसुत्रवादी भनाइहरूलाई जमेर प्रयोग गरे। यसरी, उनीहरूले पार्टीको इतिहासलाई पूर्णतः विकृत गरिदिए।

कमरेड माओ त्सेतुङको प्रतिनिधित्वमा सही लाइनको पक्षमा वकालत गर्ने कमरेडहरूले तेस्रो "वामपन्थी" लाइनको प्रभावकालमा त्यस लाइनको जमेर विरोध गरे। उनीहरूले "वामपन्थी" लाइनसँग असहमति जनाए र यसलाई सच्याउने माग गरे। जसको परिणम यो भयो कि चौथो प्लेनरी सत्रपछिको केन्द्रीय नेतृत्वद्वारा तथा त्यसद्वारा पठाइएका प्रतिनिधिहरूद्वारा हरेक ठाँउका सही नेतृत्वलाई उखेलेर फालियो। तर व्यावहारिक कार्यहरूमा "वामपन्थी" लाइनको पटक-पटकको असफलताहरू र खासगरी केन्द्रीय नेतृत्वकारी निकाय अवस्थित क्षेत्रमा पाँचौ "घेरामा पार्ने र सखाप गर्ने" अभियान विरुद्धको आन्दोलनमा पटक-पटक भएको पराजयहरूका कारण बहुसंख्यक नेतृत्वकारी कार्यकर्ताहरू र माथिदेखि तलसम्मका पार्टी सदस्यहरूको अगाडि यस लाइनको गल्ती उद्‌घाटित हुन लाग्यो र उनीहरूको मनमा शंका र असन्तोष उत्पन्न हुन लाग्यो। ती क्षेत्रहरूमा रहेका लालसेना लामो अभियानमा हिडेपछि शंका र असन्तोष यतिसम्म बढ्यो कि "वामपन्थी" गल्तीहरू गर्ने केही कमरेडहरूसमेत सचेत हुन लागे र उनीहरू यस गलत लाइनको विरुद्ध लागे। यसले "वामपन्थी" लाइनको विरोधमा रहेका धेरै कार्यकर्ता र पार्टी सदस्यहरू कमरेड माओ त्सेतुङको नेतृत्वमा एकजुट भए। त्यसैले जनवरी १९३५ मा क्वेइचओ प्रान्तको चुनइ शहरमा कमरेड माओ त्सेतुङको नेतृत्वमा आयोजित केन्द्रीय समितिको पोलिटव्यूरोको प्लेनरी सत्रमा केन्द्रीय नेतृत्वकारी

निकायमा रहेको "वामपन्थी" प्रभावमाथि पूर्णरूपले विजय प्राप्त गर्न सम्भव भयो । यसरी अत्यन्त संकटको घडीमा पार्टीलाई बचाइयो ।

त्यसबेला निर्णायक महत्त्व रहेका सैनिक र सांगठनिक गल्तीहरू सुधार्ने दिशामा आफ्नो पूरा प्रयासहरू केन्द्रित गर्न चुनइ बैठक पूर्णरूपले सही रह्यो । बैठकले कमरेड माओ त्सेतुङको अध्यक्षतामा एउटा नयाँ नेतृत्वको निर्माण गऱ्यो । यो चिनियाँ कम्युनिष्ट पार्टीमा सर्वाधिक महत्त्व राख्ने एउटा ऐतिहासिक परिवर्तन थियो । ठीक यसै परिवर्तनको कारण हाम्रो पार्टी लामो अभियानलाई विजयपूर्ण अन्त्य र लामो अभियानको अत्यन्त कठिन र खतरनाक परिस्थितिहरूको बावजुद पार्टी र लालसेना भित्र कार्यकर्ताहरूको एउटा बलियो संकेन्द्रलाई जोगाउन र मजबुत बनाउन, चाङ को-थाओको लाइनबाट सफलतापूर्वक निस्कन (जसले पछि हट्ने र पलायन हुने कुरामा जोड दिएको थियो र वास्तवमा छुट्टै पार्टी बनाएको थियो) **"वामपन्थी" लाइन**[१२]द्वारा ल्याइएको संकटबाट उत्तरी शेनशी आधार–क्षेत्रलाई बचाउनमङ्ड९ डिसेम्बर, १९३५को राष्ट्रिय मुक्ति आन्दोलनलाई सही नेतृत्व प्रदान गर्न, १९३६ को शीआन घटनालाई सही किसिमले समापन गर्न, जापान-विरोधी राष्ट्रिय संयुक्त मोर्चालाई संगठित गर्न तथा जापान-विरोधी शुद्ध प्रतिरोध युद्धलाई गति दिन समर्थ भएको थियो ।

---

*१२) कमरेड चू ली–चिन्ह, जसले "वामपन्थी" गल्तीहरू गरेका थिए, उनी १९३५को पतझडमा उत्तरी शेनशी क्रान्तिकारी आधार–क्षेत्र(यसमा शेनशी–काङशी सीमा क्षेत्र र उत्तरी शेनशी समावेश थियो)मा केन्द्रीय नेतृत्वकारी निकायको प्रतिनिधिको रूपमा पुगे । कमरेड कुओ हङ–ताओसँग मिलेर (जो त्यहीं थिए र "वामपन्थी" गल्तीहरू गरिसकेका थिए) उनले राजनैतिक, सामरिक र सांगठनिक काममा "वामपन्थी" अवसरवादी लाइन लागू गरे र उनले लिउ चीह–तान तथा अन्य कमरेडहरू, जसले सही लाइनलाई मजवूत गरिरहेका थिए, जसले उत्तरी शेनसीमा लालसेना र क्रान्तिकारी आधार–क्षेत्र बनाएका थिए, लाई बाहिर धकेले । फेरी प्रतिक्रान्तिकारीहरूलाई दवाउने क्रममा उनले सही लाइनमा चल्ने धेरै सदस्यहरूलाई गिरफ्तार गर्ने गम्भीर गल्ती गरे । यसरी उत्तरी शेनशीको आधार–क्षेत्रमा गम्भीर संकट उत्पन्न गरे । पार्टीको केन्द्रीय नेतृत्वले जो शेनशीमा नोभेम्बर १९३५मा, लामो अभियानपछि पुग्यो, यी "वामपन्थी" गल्तीहरूलाई ठीक गऱ्यो, लिउ चिह–तानसहित अन्य कमरेडहरूलाई जेलमुक्त गऱ्यो । यसरी उत्तरी शेनशीको क्रान्तिकारी आधारक्षेत्रलाई यस खतरनाक परिस्थितिबाट बचाइयो ।*

चुनइ बैठकपछि कमरेड माओ त्सेतुङको नेतृत्वमा केन्द्रीय नेतृत्वकारी निकायको राजनैतिक लाइन पूर्णरूपले सही रह्यो । "वामपन्थी" लाइनमाथि राजनैतिक, सामरिक र सांगठनिक रूपले उत्तरोत्तर विजय प्राप्त गऱ्यो । पार्टीको इतिहासमा देखापरेका "वामपन्थी" र दक्षिणपन्थी गल्तीहरूका विचारधारात्मक जरालाई उखेलेर फाल्न १९४२ देखि कमरेड माओ त्सेतुङको नेतृत्वमा मनोगतवाद, संकीर्णतावाद र घिसपिटे पार्टी लेखनको विरुद्ध तथा पार्टी इतिहासको अध्ययनमा सुधार गर्न पूरै पार्टीमा आन्दोलन चलाइयो । "वामपन्थी" वा दक्षिणपन्थी गल्तीहरूको शिकार भएका कमरेडहरूको पूर्ण बहुमतले अनुभवहरूबाट सिक्ने लामो प्रक्रियामा प्रशस्त प्रगति गरे र पार्टी तथा जनताकालागि धेरै राम्रो काम गरे । आज उनीहरू समान राजनैतिक समझदारीको आधारमा अन्य कमरेडहरूको समूहसँग एकताबद्ध भएका छन् । विस्तारित सातौं प्लेनरी सत्र यो निश्चित गर्नमा हर्षको अनुभव गरिरहेको छ कि कमरेड माओ त्सेतुङको नेतृत्वमा आफ्नो सफलता र असफलताहरू हुँदै, हाम्रो पार्टीले अन्ततः आज वैचारिक, राजनैतिक, सांगठनिक र सामरिक मामलाहरूमा एक अभूतपूर्व भाइचारा र एकता हासिल गरेको छ । यो एउटा यस्तो पार्टी हो जसले चाँडै नै विजय हासिल गर्नेछ । यो एउटा यस्तो पार्टी हो जसलाई कसैले पराजित गर्न सक्दैन ।

यस विस्तारित सातौं प्लेनरी सत्र यो मान्दछ कि प्रतिरोध युद्धको लक्ष्य अझ पुरा भएको छैन, त्यसैले प्रतिरोध युद्धको दौरान पार्टी इतिहाससँग सम्बन्धित केही प्रश्नहरूको बारेमा निष्कर्ष निकाल्ने काम भविष्यकालागि स्थगित गरियोस् ।

## चार

हामी यहाँ विभिन्न "वामपन्थी" लाइनहरू, बिशेषगरी तेस्रो "वामपन्थी" लाइनको गल्तीहरूको मुख्य अन्तरवस्तुका ती विन्दूहरू रेखाङ्कित गरिरहेका छौं जहाँ तिनीहरू राजनैतिक, सामरिक, सांगठनिक र विचारधारात्मक रूपले सही लाइनको विरुद्ध थिए । यसबाट कमरेडहरूलाई "वामपन्थी" लाइनको गल्तीहरूलाई राम्रोसँग बुझ्न सहयोग मिल्नेछ र उनीहरू "अतितका गल्तीहरूबाट सिक्दै भविष्यका गल्तीहरूबाट बच्नेछन् ।"

## राजनैतिक रूपः

**कमरेड स्तालिनले भन्नु भए**[१३] जस्तो र कमरेड माओ त्सेतुङले व्याख्या गर्नुभए जस्तो वर्तमान चीन एउटा अर्धऔपनिवेशिक, अर्धसामन्ती देश हो ( १८ सेप्टेम्बरको घटनापछि केही भागहरूलाई उपनिवेश बनाइएको छ) र पहिलो विश्वयुद्धपछि जब अन्तर्राष्ट्रिय सर्वहारावर्गले सोभियत संघमा विजय प्राप्त गऱ्यो र चिनियाँ सर्वहारा राजनैतिक रूपले जागृत भयो, चिनियाँ क्रान्ति राष्ट्रिय जनवादी क्रान्ति हो । हाल चिनियाँ क्रान्तिको लक्ष्य साम्राज्यवाद एवम् सामन्तवाद विरोधी छ जुन सर्वहारावर्गको नेतृत्वमा सम्पन्न हुन्छ । मजदूर एवम् किसान यसको मुख्य शक्ति हुनेछ र समाजका अन्य तह र तप्काको यसमा सहभागिता हुनेछ । अर्थात् यो पुरानो जनवादी क्रान्ति र समाजवादी क्रान्ति, दुवै भन्दा फरक एउटा नयाँ जनवादी क्रान्ति हो । किनभने वर्तमानमा चीन अनेक शक्तिशाली, तर युद्धरत साम्राज्यवादी देशहरू र चीनको सामन्ती शक्तिहरूद्वारा शासित एउटा विशाल अर्धऔपनिवेशिक अर्धसामन्ती देश हो, त्यसैले यसको आर्थिक र राजनैतिक विकास असमान छ र यिनीहरूमा एकरूपताको अभाव छ । त्यसैले यो निश्चित छ कि चीनको नयाँ जनवादी क्रान्तिको विकास अत्यन्त असमानपूर्ण हुनेछ र राष्ट्रव्यापी विजय हासिल गर्नु पूर्व, क्रान्तिले एउटा दीर्घकालीन पीडादायी संघर्षको बाटोबाट पार हुनु अनिवार्य छ । यसको साथै संघर्षको क्रममा शत्रुहरूका अन्तरविरोधहरूको जमेर उपयोग गर्न सम्भव छ र हतियारबन्द क्रान्तिकारी आधार–क्षेत्रको निर्माण र त्यसको सुरक्षा आवश्यक छ । यस्तो आधार–क्षेत्र ती विस्तृत क्षेत्रहरूमा सबैभन्दा पहिले बनाउनु पर्छ, जहाँ शत्रुको नियन्त्रण अत्यन्त कमजोर छ । चिनियाँ क्रान्तिको यो प्रमुख विशेषता र प्रमुख नियम हो जुन चिनियाँ क्रान्तिकारी व्यवहारद्वारा सत्य सावित भइसकेको छ । त्यसलाई बिभिन्न दक्षिणपन्थी लाइनहरू र "वामपन्थी" लाइनहरू (विशेषगरी तेस्रो "वामपन्थी" लाइन) दुवैले बुझेनन् र त्यसको उल्लंघन गरे । यस प्रकार "वामपन्थी" लाइनहरू राजनैतिक रूपमा तीन कुराहरूमा गलत थिए ।

---

*१३) हेर्नुहोस्: जे.भी.स्तालिन-"चिनियाँ क्रान्तिको प्रश्न", "चीनमा क्रान्ति र कोमिन्टर्नको कार्यभार" तथा "चिनमा क्रान्तिका सम्भावनाहरू ।"*

**पहिलो**ः विभिन्न "वामपन्थी" लाइनहरू क्रान्तिको कार्यभार र वर्गसम्बन्धहरूबारे सर्वाधिक गलत थिए । प्रथम महान् क्रान्तिको समयदेखि नै कमरेड स्तालिन र साथै कमरेड माओ त्सेतुङले पनि साम्राज्यवाद र सामन्तवाद विरुद्धको संघर्षलाई नै चिनियाँ क्रान्तिको वर्तमान लक्ष्यको मुख्य कार्यभार बताउनुभएको थियो ।

उहाँहरूले विशेषगरी यो बताउनुभएको थियो कि **भूमिको लागि किसानहरूको संघर्ष नै चीनमा साम्राज्यवाद–सामन्तवाद–विरोधी संघर्षको मूलभूत अन्तरबस्तु हो । साथै, चिनियाँ बुर्जुवा जनवादी क्रान्ति सारमा कृषि क्रान्ति हो, त्यसैले चीनको बुर्जुवा क्रान्तिमा चिनियाँ सर्वहाराको मुख्य कार्यभार किसानहरूको संघर्षलाई नेतृत्व प्रदान गर्नु हो ।**[१४] कृषि क्रान्तिकारी युद्धको शुरुआतमा कमरेड माओ त्सेतुङले फेरि एकपटक यो बताउनुभयो कि **चीनलाई बुर्जुवा जनवादी क्रान्तिको आवश्यकता छ र कसैले समाजवादको भविष्यको बारेमा सोच्नु पहिले चीनले "यस्तै जनवादी क्रान्ति पार गरेर जानुपर्छ" ।**[१५] उहाँले भन्नुभयो कि शहरहरूमा क्रान्तिको पराजयको कारण कृषि क्रान्ति अझ बढी आवश्यक छ र "**अर्धऔपनिवेशिक चीनमा यदि मजदूरहरूको नेतृत्व प्राप्त नभएमा किसान संघर्ष हमेशा पराजित हुनेछ । तर यदि किसान संघर्ष मजदूरहरूको शक्तिभन्दा बढी भएमा पनि क्रान्तिलाई कुनै क्षति पुग्दैन ।**"[१६] उहाँले स्पष्ट गर्नुभयो कि ठूला पूँजीपतिवर्गले क्रान्तिप्रति गद्दारी गरे तापनि उदार पूँजीपति र दलाल पूँजीपतिमा अन्तर छ । जनवादको माग गर्ने र विशेष गरी साम्राज्यवादविरुद्ध संघर्षको माग गर्ने जनताको ठूलो तप्का अझ पनि छन् । अतः विभिन्न मध्यमार्गीवर्गहरूप्रति उचित व्यवहार गर्नु आवश्यक छ र उनीहरूबाट सहयोग लिने अथवा उनीहरूलाई तटस्थ राख्न अधिकतम् प्रयास गर्नुपर्छ । ग्रामीण क्षेत्रहरूमा मध्यम र धनी किसानहरूसँग सही व्यवहार गर्नु आवश्यक छ । "**जोसँग बढी**

---

*१४) हेर्नुहोस्: "हुनान किसान आन्दोलनको जाँचबुझ प्रतिवेदन", माओ त्सेतुङका संकलित रचानाहरू, अंग्रेजी संस्करण, भाग-१ पृष्ठ २३-५९ ।*

*१५) हेर्नुहोस्: "चियाङकाङशान पहाडहरूमा संघर्ष", माओ त्सेतुङका संकलित रचनाहरू, अंग्रेजी संस्करण, भाग-१, पृष्ठ ९७-९९ ।*

*१६) चिङकाङशान पहाडहरूको फ्रन्ट कमिटीद्वारा पार्टीको केन्द्रीय समितिलाई १९३९मा लेखिएको पत्रबाट "एउटा झिल्कोले सारा जंगलमा आगो लगाउन सक्छ"मा उद्धृत् ।*

**छ, उसबाट लिने र जोसँग कम छ, उसलाई दिने तथा जसको अवस्था राम्रो छ उसबाट लिने र जसको अवस्था खराब छ उसलाई दिने" । साथै मध्यम किसानहरूसँग दृढ एकता कायम गर्नु, उनीहरूको हिफाजत गर्नु, धनी किसानहरूलाई केही आर्थिक अवसर उपलब्ध गराउनु र खस्दो अवस्थाका जमिन्दारहरूलाई पनि आफ्नो जीविका चलाउन मद्दत गर्नुपर्छ ।"**[१७] यी सबै नयाँ जनवादका मुख्य विचारहरू हुन् । जसलाई "वामपन्थी" लाइनका प्रतिनिधिहरूले बुझेनन् र यसको विरोध गरे । विभिन्न "वामपन्थी" लाइनहरूद्वारा निर्धारित कैयौं क्रान्तिकारी कार्यभार चरित्रमा जनवादी भए पनि "वामपन्थी" लाइनका सबै व्याख्याता जनवादी क्रान्ति र समाजवादी क्रान्तिको निश्चित भिन्नताहरूको बारेमा पूर्णरूपले आशंकित थिए । उनीहरू मनोगतरूपले जनवादी क्रान्तिभन्दा अघि जान इच्छुक थिए, उनीहरूले चिनियाँ क्रान्तिमा किसानहरूको सामन्तवादविरोधी संघर्षको निर्णायक भूमिकालाई सधैं कम मूल्यांकन गरे र उनीहरूले बिना भेदभाव सबै पूँजीपतिहरूको विरुद्ध यतिसम्म कि निम्न पूँजीपतिवर्गको उपल्लो तप्काविरुद्ध पनि संघर्षको वकालत गरे । तेश्रो "वामपन्थी" लाइनले त अझ अगाडि बढेर साम्राज्यवाद र सामन्तवाद विरुद्धको संघर्ष सँगै सारा पूँजीपतिवर्ग विरुद्ध संघर्ष छेड्यो र एउटा मध्यमार्गी हिस्सा र तेस्रा पार्टीहरू र समूहहरूको अस्तित्त्वलाई नर्कान पुग्यो तथा धनी किसानहरू विरुद्धको संघर्षमा विशेष जोड दियो । विशेषगरी १९३१ मा १८ सेप्टेम्बरको घटनापछि चीनको वर्गसम्बन्धहरूमा एउटा स्पष्ट र महत्त्वपूर्ण परिवर्तन आयो । तर यी परिवर्तनहरूलाई चिन्नुको सट्टा तेस्रो "वामपन्थी" लाइनले ती मध्यमार्गी संगठनहरू जसको क्वोमिन्ताङ शासनसँग अन्तरविरोध थियो र जसले सही कदम उठाइरहेका थिए, लाई "सबैभन्दा खतरनाक शत्रु"को बिल्ला लगाइदिए । यो स्वीकार्नु पर्छ कि तेस्रो "वामपन्थी" लाइनका व्याख्याताहरूले भूमिको वितरण, राजनैतिक सत्ता स्थापित गर्न तथा क्वोमिन्ताङ सरकारको आक्रमणहरूको हतियारबन्द प्रतिरोध गर्न किसानहरूको नेतृत्व गऱ्यो, यी सबै कार्यवाहीहरू सही थिए । तर पनि माथि जुन "वामपन्थी" दृष्टिकोणको चर्चा गरिएको छ, तिनीहरूमा टाँस्सिइरहेको कारण उनीहरू भूलवश यो स्वीकार्न

---

*१७) हेर्नुहोस्: माओ त्सेतुङ- "चीनमा लाल राजनैतिक सत्ता किन कायम रहन सक्छ ?" र "चिङकाङशान पहाडहरूमा संघर्ष" ।*

हिचकिचाउँथे कि लालसेना आन्दोलन सर्वहारा नेतृत्ववाला एउटा किसान आन्दोलन हो । उनीहरूले भूलवश यसको विरोध गरे, किनकि उनीहरूले यसलाई "किसानहरूको विशिष्ट क्रान्तिकारिता", "किसानी पूँजीवाद" र "धनी किसान लाइन" मान्दथे । यसको सट्टा उनीहरूले तथाकथित "वर्ग लाइन"को कैयौं नीतिहरूलाई जारी राखे जसले जनवादी क्रान्तिमाथि आक्रमण गर्दथे । उदाहरणस्वरूप धनी किसान अर्थव्यवस्थालाई समाप्त गर्न र अन्य उग्रवामपन्थी आर्थिक एवम् श्रम नीतिहरू, एउटा राजनीति जसमा कुनै पनि उत्पीडकलाई कुनै किसिमको राजनैतिक अधिकार नहोस्, आफ्नो अन्तरवस्तुमा साम्यवादमाथि दिने लोकप्रिय शिक्षा नीति, बुद्धिजीवीहरूप्रति उग्रवामपन्थी नीति, शत्रु सेनामा काम गर्ने यस्तो नीति जस अनुसार अफिसरहरूबाहेक सैनिकहरूलाई मात्र आफ्नो पक्षमा ल्याउने र प्रतिक्रान्तिकारीहरूलाई दमन गर्ने उग्रवामपन्थी नीति । यसरी क्रान्तिको फौजी कार्यभारलाई विकृत गरियो, क्रान्तिकारी शक्तिहरूलाई एक्ल्याइयो र लालसेना आन्दोलन अवरोधित भयो । साथै यो भन्नुपर्छ कि १९२७ मा क्रान्तिको पराजयपछि क्वोमिन्ताङ क्षेत्रहरूमा हाम्रो पार्टी जनताको राष्ट्रिय जनवादी आन्दोलनलाई नेतृत्व दिन, मजदूर एवम् अन्य वर्गहरूको आर्थिक संघर्षहरू एवम् क्रान्तिकारी साँस्कृतिक आन्दोलनलाई नेतृत्व दिन र क्वोमिन्ताङ सरकारको राष्ट्रिय हितमाथिको विश्वासघात र जनतालाई उत्पीडन गर्ने नीतिहरूका विरुद्ध संघर्षमा डटिरह्यो । विशेषगरी १८ सेप्टेम्बरको घटनापछि हाम्रो पार्टीले जापान-विरोधी संयुक्त सेनाको नेतृत्व गऱ्यो, २८ जनवरी, १९३२ को युद्ध र उत्तरी चहारमा जापान-विरोधी एकत्रित सेनालाई समर्थन गऱ्यो र फूच्येन जनसरकारसँग जापान-विरोधी जनवादी एकता स्थापित गऱ्यो । जापानको प्रतिरोध गर्न क्वोमिताङ सेनासँग एकता कायम गर्नको लागि **तीन शर्तहरू**[१८] राखियो, जनताका सबै तप्कालाई मिलाएर

*१८) जनवरी १९३३ मा चिनियाँ कम्युनिष्ट पार्टीले क्रान्तिकारी आधार–क्षेत्रहरू र लालसेनाको विरुद्ध आक्रमक क्वोमिन्ताङको टुकुडीहरूका नाममा एउटा प्रस्तावको घोषण गऱ्यो कि एउटा युद्धविराम सम्झौता गरियोस् र जापानविरुद्ध संयुक्त प्रतिरोध युद्ध चलाइयोस् । यसको लागि तिन शर्तहरू प्रस्तावित गरिएका थिए: (क) क्रान्तिकारी आधार–क्षेत्रहरू र लालसेनामाथि आक्रमण रोक्ने, (ख) जनतालाई स्वतन्त्रता र अधिकार प्रदान गर्ने र (ग) जनतालाई सशस्त्र बनाउने ।*

राष्ट्रिय सशस्त्र आत्मरक्षा समिति गठन गर्न **छ शर्तहरू**[१९] राखियो र १ अगस्त, १९३५ मा "जापानको प्रतिरोध र राष्ट्रिय मुक्तिको लागि सम्पूर्ण देशवासीहरूको नाममा एक अपील" जारी गरियो जसमा एउटा राष्ट्रिय सुरक्षा र जापान-विरोधी संयुक्त सेनाको गठन गर्न आह्वान गरिएको थियो । यी सबै ठीक थिए । तर विभिन्न "वामपन्थी" लाइनहरू विशेषगरी तेस्रो लाइनको प्रभुत्वको क्रममा मार्गदर्शक नीति गलत थियो, त्यसैले व्यवहारमा समस्याहरू समाधान गर्न पार्टी असक्षम थियो जसको फलस्वरूप क्वोमिन्ताङ क्षेत्रहरूमा पनि पार्टीले या त अपेक्षित सफलता हासिल गर्न सकेन अथवा नराम्रोसँग असफल भयो । १९३५ को उत्तरी चीनको घटनापछि, विशेषगरी १९३६ को शीआन घटनापछि चीनका ठूला जमिन्दारहरू र ठूला पूँजीपतिहरूका खास तप्काहरूको प्रतिनिधित्व गर्ने क्वोमिन्ताङको प्रशासक समूहहरूमा हुने परिवर्तनहरूलाई अनुमान लगाउन निश्चय नै मुस्किल थियो । तर मध्यमार्गी तप्का र ठूला जमिन्दार एवम् ठूला पूँजीपतिहरूको केही स्थानीय गुट जापानको विरोधमा हाम्रो सहयोगीको रूपमा परिवर्तन भइरहेका थिए । यस परिवर्तनतर्फ हाम्रो पार्टी सदस्यहरू र जनताको व्यापक हिस्साको ध्यान गए पनि तेस्रो "वामपन्थी" लाइनको व्याख्याताहरूद्वारा या त यसको उपेक्षा गरियो या यसलाई अस्वीकार गरियो । यसरी उनीहरूले ढोका बन्द नीति जस्तो गम्भीर स्थिति उत्पन्न गरे र राजनैतिक मामलाहरूमा चिनियाँ जनताभन्दा धेरै पछि रहे । छिन्नभिन्न रहने र पछिलाग्ने अवस्था जुन ढोका बन्द नीति जस्तो गलत नीतिको कारण उत्पन्न भएको थियो, चुनइ बैठकसम्म मूलतः जारी रह्यो ।

---

*१९) छ शर्तहरू ती थिए जो "जापानसँग लड्न चिनियाँ जनताको मूल कार्यक्रम" मा समावेश थिए । यो चिनियाँ कम्युन्ष्टि पार्टीद्वारा १९३४मा अघि सारिएको थियो जुन सूङ चिङ–लिङ र अन्यको हस्ताक्षरमा प्रकाशित गरिएको थियो जुन यस्तो थियोः (क) सबै पैदलसेनाहरू, वायुसेनाहरू र जलसेनाहरूलाई जापानसँग लड्न तैयार गरियोस्, (ख) पूरा देशका जनतालाई आन्दोलित गरियोस्, (ग) जनतालाई सशसत्र बनाउने, (घ) युद्धको खर्च चलाउन जापानी साम्राज्यवादीहरू र गद्दारहरूको सम्पत्ति जफत गरियोस् । (ङ) राष्ट्रको सशस्त्र रक्षाको लागि अखिल चीन समिति गठन गर्ने जसको चुनाव मजदुर, किसान, सैनिक, विद्यार्थी, व्यापारीहरूका प्रतिनिधिहरूद्वारा गरियोस् (च) जापानी साम्राज्यवादीहरूको विरुद्ध संघर्ष चलाउने सबै शक्तिहरूमा एकता कायम गरियो  र ती सबै देशहरूसँग मित्रता कायम गरियोस्ः जो निश्पक्ष रहन्छन् ।*

**दोस्रो** : विभिन्न "वामपन्थी" लाइनहरू क्रान्तिकारी युद्ध र क्रान्तिकारी आधार–क्षेत्रहरूको बारेमा पनि गलत थिए । कमरेड स्तालिनले भन्नुभएको छ- **"चीनमा सशस्त्र क्रान्ति सशस्त्र प्रतिक्रान्तिसँग संघर्षरत छ । यो चिनियाँ क्रान्तिको विशिष्ट लक्षणहरूमध्ये एक हो र यो यसको अनुकूल स्थितिहरूमध्ये एक हो ।"**[२०]

कृषि क्रान्तिकारी युद्धको प्रारम्भिक चरणमै कमरेड स्तालिन र कमरेड माओ त्सेतुङले यसलाई ठीक-ठीक चित्रित गर्नु भएको थियो कि क्रान्तिमा, सशस्त्र संघर्ष नै संघर्षको प्रमुख रूप हो र मुख्यः किसानहरूबाट बनाइएको सेना नै संगठनको मुख्य रूप हो । यसको कारण यो हो कि अर्धऔपनिवेशिक र अर्धसामन्ती चीन एउटा विशाल देश हो जसमा एकरूपता छैन र जहाँ जनवाद एवम् उद्योगधन्दाहरूको अभाव छ । कमरेड माओ त्सेतुङले यो पनि बताउनुभएको थियो कि विस्तृत ग्रामीण क्षेत्र, जसमा धेरै किसानहरूको बसोबास थियो, चिनियाँ क्रान्तिका अनिवार्य र जीवन्त हिस्सा हो (क्रान्तिकारी गाउँले शहरहरूलाई घेर्न सक्दछ तर क्रान्तिकारी शहरले आफूलाई गाउँबाट अलग्याउन सक्दैन) । र, चीनले यसलाई **देशव्यापी विजय (सारा देशको जनवादी एकीकरण)को लागि सशस्त्र क्रान्तिकारी आधार–क्षेत्रहरू निमार्णको प्रस्थानविन्दु बनाउन सकिन्छ र त्यसलाई अवश्य बनाउनुपर्छ ।**[२१]

१९२४ देखि २७ को क्रान्तिको क्रममा जब क्वोमिन्ताङ-कम्युनिष्ट मिलेर एउटा संयुक्त सरकारको गठन गरिएको थियो तब आधार–क्षेत्रहरूको केन्द्रविन्दुको रूपमा केही ठूला शहरहरू थिए तर त्यसबेला पनि आधार–क्षेत्रहरू सुदृढ गर्नका लागि यो आवश्यक थियो कि सर्वहाराको नेतृत्वमा एउटा जनसेना संगठित गरियोस् जसको मुख्य हिस्सा किसानहरूको होस् र ग्रामीण क्षेत्रहरूका भूमि प्रश्नहरूलाई हल गरियोस् । तर कृषि क्रान्तिकारी युद्धकालमा शहरहरू शक्तिशाली प्रतिक्रान्तिकारी शक्तिहरूको कब्जा भएको कारण मुख्यतः किसान छापामार लडाइँ (मोर्चाबन्द लडाइँ होइन)मा भर परी सबैभन्दा पहिले गाउँहरूमा जहाँ प्रतिक्रान्तिकारी शासन कमजोर थियो (प्रमुख शहरहरूमा होइन) आधार क्षेत्रहरूको स्थापना, विस्तार र सुदृढीकरण गर्न सकिन्थ्यो । कमरेड माओ त्सेतुङले भन्नुभयो कि चीनमा यस्ता सशस्त्र क्रान्तिकारी ग्रामीण

---

*२०) हेर्नुस्: जे.भी. स्तालिन- "चीनमा क्रान्तिका सम्भावनाहरू" ।*

*२१) हेर्नुहोस्: माओ त्सेतुङ- "चीनमा लाल राजनैतिक सत्ता किन कायम रहन सक्छ ?" र "एउटै झिल्कोले सारा जंगलमा आगो लगाउन सक्छ" ।*

आधार–क्षेत्रहरूको अस्तित्वको लागि ऐतिहासिक स्थितिहरू छन्- “क्षेत्रीय कृषि अर्थव्यवस्था- एकीकृत पूँजीवादी अर्थव्यवस्था होइन) र उत्पीडन गर्ने उद्देश्यबाट प्रभाव क्षेत्रहरूलाई आपसमा भागबण्डा गर्ने साम्राज्यवादी नीति” तथा त्यसको परिणामस्वरूप श्वेत शासनमा “**दीर्घकालीन फूट र युद्ध**”[२२] उहाँले चिनियाँ क्रान्तिको लागि यस्तो आधार–क्षेत्रहरूको ऐतिहासिक महत्त्वलाई चित्रित गर्नुभयो:

**“यसरी मात्र पूरा देशका क्रान्तिकारी जनताको आत्मविश्वासलाई त्यस प्रकार मजबूत गर्न सम्भव हुन्छ जसरी सोभियत संघले पूरा विश्वका जनताको गऱ्यो। तब मात्र प्रतिक्रियावादी शासकवर्गहरूका लागि अत्याधिक कठिनाइहरू उत्पन्न गर्न सकिन्छ, उनीहरूको आधार हल्लाउन सकिन्छ र उनीहरूको आन्तरिक विखण्डनलाई तीव्र पार्न सकिन्छ। तब वास्तवमा एउटा लालसेनाको निर्माण गर्न सकिन्छ जो भविष्यको महान् क्रान्तिको लागि प्रमुख हतियार हुनेछ। संक्षेपमा, तब क्रान्तिको बढ्दो ज्वारभाटालाई तीव्र पार्न सम्भव हुनेछ।”**[२३]

त्यस अवधिमा नगरहरूमा जनकार्यको लागि प्रमुख नीतिहरू कमरेड ल्यू शाओ-चीद्वारा समर्थित नीतिहरू हुनुपर्दथ्यो, जुन त्यसबेला श्वेत इलाकाहरूमा कामको लागि सही नीति थियो जस्तै-मुख्यतः सुरक्षात्मक कार्वाही गर्नु ( आक्रमण होइन), सबै सम्भव कानुनी अवसरहरूको उपयोग गर्नु (न कि वैधानिकताको खारेजी गर्नु) ता कि पार्टी संगठन जनतामा भित्रसम्म पुग्न सकोस, लामो समयसम्म भूमिगत कार्य गर्दै आफ्नो शक्ति संचित गर्नु र ग्रामीण क्षेत्रहरूमा हतियारबन्द संघर्ष विकसित गर्न मान्छेहरू पठाउन सधैं तत्पर रही गाउँहरूमा संघर्ष संचालन गर्नुका साथसाथै क्रान्तिकारी परिस्थितिको विकासलाई तीव्र पार्नु। त्यसै जबसम्म शहरहरूमा जनवादी सरकारहरूको गठनको सामान्य परिस्थिति पुनः तैयार हुँदैन, चिनियाँ क्रान्तिकारी आन्दोलनले ग्रामीण कार्यहरूलाई प्रमुख र शहरी कार्यहरूलाई सहायक बनाउनु पर्दथ्यो। गाउँहरूमा क्रान्तिको विजय र शहरहरूमा विजय प्राप्त गर्ने तात्कालिक असक्षमता, गाउँहरूमा आक्रमकता र नगरहरूमा सामान्य सुरक्षात्मक कार्वाही, यहाँसम्म कि एउटा गाउँले क्षेत्रमा विजय र आक्रमकता र अर्कोमा पराजय, पछि हट्नु र सुरक्षात्मकता। यी सबैले त्यसबेला पूरा देशमा क्रान्ति र

---

*२२) हेर्नुहोस् : माओ त्सेतुङ– “चीनमा लाल राजनैतिक सत्ता किन कायम रहन सक्छ ?”*

*२३) हेर्नुहोस् माओ त्सेतुङ– “एउटै झिल्कोले सारा जंगलमा आगो लगाउन सक्छ”।*

प्रतिक्रान्तिको बाङ्गोटिङ्गो नमूना तैयार गऱ्यो र पराजय हुँदै विजयको एउटा यस्तो निश्चित बाटो तैयार गऱ्यो जसलाई क्रान्तिले अनुशरण गर्नु थियो । तर विभिन्न "वामपन्थी" लाइनहरूका समर्थकहरूले अर्धसामन्ती-अर्धऔपनिवेशिक चिनियाँ समाजको विशिष्ट लक्षणहरूलाई बुझेनन् । चीनको पूँजीवादी क्रान्ति आफ्नो अन्तरवस्तुमा एउटा किसान क्रान्ति हो र चिनियाँ क्रान्तिको प्रकृति असमान, पीडादायी तथा दीर्घकाली छ भन्ने कुरा उनीहरूले बुझेनन् । त्यसैले उनीहरूले सामरिक संघर्षको महत्त्वलाई कम मूल्यांकन गरे र त्यसलाई "बन्दूकको नीति" र "किसानी मानसिकताको स्थानियतावादी र रुढिवादी चरित्र" भनी विरोध गरे । उनीहरू सधैं सपना देख्दथे कि शत्रुको अत्याधिक दमनको कारण शहरहरूमा मजदुरहरू र अन्य जनताको संघर्ष अचानक विद्रोह गरी अगाडि बढ्नेछ र प्रमुख नगरहरूमा सशस्त्र विद्रोहमा परिवर्तन भएर "पहिले एकाध प्रान्तमा विजय" र तथाकथित देशव्यापी क्रान्तिकारी उच्च ज्वार र देशव्यापी विजय हासिल गर्नेछ। उनीहरूले यसै सपनाको आधारमा आफ्ना सबै कार्यहरूलाई नियोजित एवम् संगठित गरे । १९२७ को क्रान्तिको पराजयपछि वर्गशक्तिहरूको सामान्य सम्बन्धहरूको जुन स्थिति थियो, त्यसमा वस्तुतः यस सपनाको पहिलो परिणाम शहरी कार्यहरूमा असफलता सिवाय केही हुनेवाला थिएन । यसरी पहिलो "वामपन्थी" लाइनले पराजय भोग्नुपऱ्यो । दोस्रो "वामपन्थी" लाइनले पनि ठीक त्यही गल्ती दोहोऱ्यायो, फरक यति मात्र थियो कि यसपटक लालसेनाको सहयोग मागियो किनकि लालसेना अब एउटा महत्त्वपूर्ण शक्ति बनिसकेको थियो। दोस्रो "वामपन्थी" लाइनको अन्त्य पराजयमा त भयो तर पनि तेस्रो "वामपन्थी" लाइनले ठूला शहरहरूमा सशस्त्र विद्रोहका लागि "वास्तविक" तैयारीको मागलाई जारी राख्यो । फरक मात्र यति थियो कि अब लालसेनासँग माग गरिइरहेको थियो कि उसले ठूला शहरहरूमाथि कब्जा गरोस् किनकि त्यो बढी सुदृढ भएको थियो र शहरहरूमा काम पहिले भन्दा कम भएको थियो । ग्रामीण कामलाई शहरी कामको मातहत राख्ने (जब कि हुनुपर्ने उल्टो थियो) कामको परिणाम यो निस्कियो कि जब शहरहरूको काम असफल भयो तब गाउँहरूको अधिकांश काम पनि असफल भयो । यो स्पष्ट गर्नुपर्छ कि १९३२ पछि ठूला शहरहरूमाथि कब्जा गर्नको लागि गरिएका कार्वाहीहरू वस्तुतः रोकिएका थिए किनकि लालसेनाले न त तिनिहरूमाथि कब्जा गर्न सक्यो न त तिनीहरूमाथि पकड कायम राख्न सक्यो खासगरी यस कारणले कि क्वोमिन्ताङले ठूलो

मात्रामा आक्रमण गरिरहेको थियो । यहाँसम्म कि १९३३ पछि हाम्रो शहरी कार्यहरूलाई पुगेको ठूलो क्षतिको कारण प्रान्तीय केन्द्रीय नेतृत्व आफै शहरबाट हटेर ग्रामीण आधार–क्षेत्रहरूमा आए । यसरी एउटा परिवर्तन भयो । तर जहाँसम्म "वामपन्थी" लाइनको प्रचार गर्ने कमरेडहरूको सवाल छ, यो परिवर्तन न त सचेत रूपले गरिएको थियो न त यो चिनियाँ क्रान्तिको चारित्रिक विशेषताहरूका अध्ययनबाट सही निष्कर्षहरूमा पुगेको परिणाम थियो । त्यसैले उनीहरूले आफ्नो गलत शहरी दृष्टिकोणद्वारा नै लालसेना र आधार–क्षेत्रहरूमा समस्त कार्यहरूलाई निर्देशित गरिरहे र कामहरूमा अत्यधिक क्षति पुऱ्याए । निम्नलिखित उदाहरण यसको स्पष्ट प्रमाण हो-उनीहरूले आमने-सामने युद्धशैलीको वकालत गरे र छापामार युद्धशैली अर्थात् छापामार चरित्र भएको गतिशील युद्धशैलीको विरोध गरे । उनीहरूले लालसेनाको कथित "नियमितीकरण" माथि गलत जोड दिए र त्यसको तथाकथित "छापामारवाद" को विरोध गरे । उनीहरूले यो महसुस गरेनन् कि उनीहरूले स्वयम्लाई छरपष्ट ग्रामीण इलाकाहरूको अनुकूल बनाउनुपर्छ र शत्रुले एक आपसमा अलग्याइदिएका क्षेत्रहरूमा दीर्घकालीन छापामार युद्धशैली अपनाउनुपर्छ । त्यसैले, उनीहरूले आधार–क्षेत्रहरूमा मानवशक्ति र भौतिक साधनहरूको पर्याप्त उपयोग गरेनन् न त अन्य आवश्यक कदम उठाए । पाँचौ "घेरामा पर्ने र सखाप गर्ने" विरुद्धको अभियानमा उनीहरूले "चीनको लागि दुईवटा बाटाहरूबीचको निर्णायक संघर्ष" र "आधार–क्षेत्रहरूमा एक इञ्च भू-भागको पनि समर्पण नगर" जस्ता गलत नारा अघि सारे ।

यो विस्तारिक सातौं प्लेनरी सत्र जोड दिदै यो घोषणा गर्छ कि आज स्थितिहरूमा एउटा परिवर्तन आसन्न छ जसको नजरमा माथि जुन अवधिको चर्चा गरियो, त्यस क्रममा हामीले अफ्नो ग्रामीण कार्यहरूलाई बढावा दिनु पर्दथ्यो र शहरी कार्यहरूलाई रोक्नु पर्दथ्यो । केवल अब, जापान-विरोधी प्रतिरोध युद्धको निर्णायक अवस्थामा, जब हाम्रो पार्टीको नेतृत्वमा सेना काफी मजबूद भएको छ र अगाडि अझ मजबूत हुनेछ, जापान अधीनस्त शहरहरूको कामलाई मुक्त-क्षेत्रहरूको काम बराबर गर्नु उचित हुन्छ र महत्त्वपूर्ण शहरहरूभित्र र बाहिर सन्तुलित आक्रमणद्वारा जापानी आक्रामणकारीहरूको सर्वनाशको लागि सबै परस्थितिहरू तैयार गर्न जुट्नु र अब आफ्नो कार्यहरूको प्रमुख केन्द्रहरूलाई यी शहरहरूमा स्थानान्तर गर्नु उचित हो । यो हाम्रो पार्टीको लागि एउटा ऐतिहासिक महत्त्वको परिवर्तन हुनेछ जसले आफ्नो कामको

प्रमुख केन्द्र १९२७को क्रान्तिको पराजयपछि ज्यादै कठिनाईपूर्वक गाउँमा स्थानान्तरण गरेको थियो । सबै पार्टी सदस्यहरू यस परिवर्तनको लागि पूरा राजनैतिक जागरुकताका साथ तैयार रहनुपर्छ र उनीहरूले कृषि क्रान्तिकारी युद्धको समयमा शहरहरूबाट गाउँमा स्थानान्तरणको सवालमा "वामपन्थी" लाइनले गरेका गल्ती दोहोऱ्याउनु हुँदैन जुन यस्तो गल्ती जो पहिले स्थानान्तरणको विरोध गर्न र अस्वीकार गर्न परिलक्षित भयो र पछि दबावमा राजनैतिक सावधानी बिना अनिच्छापूर्वक स्थानान्तरणमा भाग लिनु । क्वोमिन्ताङ क्षेत्रहरूमा परिस्थिति भिन्न छ । गाउँ होस् वा शहर, मान्छेहरूलाई आन्दोलित गर्नु, फूट र गृहयुद्धको दृढतापूर्वक विरोध गर्नु एकता र शान्तिको लागि अथक प्रयास गर्नु र जापानको विरुद्ध युद्धमा दोब्बर प्रयासको माग गर्नु, क्वोमिन्ताङको एक पार्टी अधिनायकत्वको अन्त गर्नु र एउटा एकीकृत संयुक्त सरकारको निर्माण नै त्यहाँ हाम्रो तात्कालिक कार्यभार हो ।

जब जापान अधीनस्त शहर जनताद्वारा मुक्त गरिनेछ र वास्तवमा एउटा एकीकृत संयुक्त सरकारको गठन अझ सुदृढ हुनेछ तब ग्रामीण आधार–क्षेत्रले आफ्नो ऐतिहासिक दायित्व पूरा गर्न सक्नेछ ।

**तेस्रोः** विभिन्न वामपन्थी लाइनहरू आक्रमण र रक्षाको रणकौशलको निर्देशनमा पनि गलत थिए । रणकौशलको सही निर्देशनको लागि, कमरेड स्तालिनले भन्नुभएजस्तो, स्थितिहरूको सही विश्लेषण आवश्यक हुन्छ ( वर्गशक्तिहरूको सम्बन्धको सही अनुमान  र आन्दोलनको उतार चढावको सही निर्णय), संघर्षको सही तरीकाहरू र त्यसमा आधारित संगठन आवश्यक हुन्छ र "**शत्रु पक्षमा पर्ने हरेक फाटोको फाइदा उठाउनु आवश्यक हुन्छ तथा सहयोगीहरू खोज्न सक्ने क्षमता आवश्यक हुन्छ ।**"[२४] यसको सबैभन्दा राम्रो नमूना, चिनियाँ क्रान्तिकारी आन्दोलनलाई कमरेड माओ त्सेतुङले दिनुभएको निर्देशन हो । १९२७ को क्रान्तिको पराजयपछि कमरेड माओ त्सेतुङले ठीकै भन्नुभएको थियो कि पूरा देशमा क्रान्तिको ज्वार घट्दो स्थितिमा छ, पूरा देशमा शत्रु समग्रतामा हामी भन्दा शक्तिशाली छ र दुस्साहसिक आक्रमणले अपरिहार्य रूपमा पराजयतर्फ लैजान्छ । तर सामान्य परिस्थितिहरूमा, जब कि शत्रु पक्षमा लगातार फूट र युद्ध जारी थियो र क्रान्तिको लागि जनताको

*२४) हेर्नुहोस् जे.भी. स्तालिन– "लेनिनवादका मूल समस्याहरू" ।*

माग विस्तार–विस्तार पुनर्जीवित र तीब्र भइरहेको थियो तथा ती विशेष परिस्थितिहरूमा जसमा जनता प्रथम महान् क्रान्तिको संघर्षबाट पार भइसकेका थिए, पर्याप्त शक्ति ग्रहण गरिसकेको लालसेना थियो र सही नीतिहरूले परिपूर्ण कम्युनिष्ट पार्टी मौजुद थियो, **“श्वेत शासनको घेरावन्दीबीच” पनि लाल राजनैतिक सत्ताको मातहत एक वा एक भन्दा बढी साना आधार–क्षेत्रहरूको निर्माण गर्न सम्भव थियो ।**[२५] उहाँले यो पनि भन्नभयो कि त्यस क्रममा, जब शासकवर्गमा फूट भएको हुन्छ, लाल राजनैतिक सत्ताको विस्तार तुलनात्मक रूपले दुस्साहसिक हुन सक्छ र सैनिक कार्वाहीद्वारा टुक्रायाइएर अलग अलग पारिएका क्षेत्रहरू पनि तुलनात्मक रूपले विस्तृत हुनसक्छ । जब कि शासकवर्गले अपेक्षाकृत स्थिरताको कालमा यस्तो विस्तार कार्यलाई क्रमशः अगाडि बढाउनुपर्छ । **यस कालको सैनिक कार्वाहीको मामलामा सबै भन्दा नराम्रो कुरा आफ्नो शक्तिलाई दुस्साहसिक अग्रिम कार्वाहीको लागि विभाजित गर्नु थियो र स्थानीय काम (भूमिको वितरण, राजनैतिक सत्ताको स्थापना, पार्टीको विस्तार र स्थानीय सशस्त्र सेनाको गठन)मा सबैभन्दा नराम्रो कुरा आफ्नो कार्यकर्ताहरूलाई विकेन्द्रित गर्नु र केन्द्रीय जिल्लाहरूमा एउटा ठोस पकड राख्ने कामको उपेक्षा गर्नु थियो ।**[२६]

एउटै र उस्तै कालमा पनि हाम्रो रणकौशलमा आफ्नो शत्रुको शक्तिको भिन्नता अनुसार फरक फरक परिवर्तन हुनुपर्छ । त्यसैले जुन क्षेत्रलाई हामीले हुनान च्याङशी सीमाबाट काटेको थियौं, त्यो “**हुनानको तुलनामा शक्तिशाली सत्ताविरुद्ध रक्षात्मक र च्याङसीको तुलनामा कमजोर शासकीय सत्ता विरुद्ध आक्रामक थियो**”।[२७] पछि जब हुनान–च्याङसी सीमाको लालसेना फूच्येन–च्याङसी सीमामा पुग्यो, तब च्याङसी प्रान्तको लागि पनि मुकाविला गर्नको लागि **एउटा योजना प्रस्तावित गरियो ।**[२८] हाम्रो विविधतापूर्ण रणकौशलहरूको निर्धारणको एउटा महत्त्वपूर्ण आधार विभिन्न शत्रुहरूका हितमा क्रान्तिको भिन्न–भिन्न प्रभाव हो । फलस्वरूप, कमरेड माओ त्सेतुङले सधैं यस कुराको वकालत गर्नुभयो कि हामीले “**प्रतिक्रान्ति भित्रको हरेक टकरावको उपयोग**

---

*२५ हेर्नुहोस् माओ त्सेतुङ– “चिङकाङशान पहाडहरूमा संघर्ष” ।*

*२६) उही, पृष्ठ ७४ ।*

*२७) उही पृष्ठ ७६ ।*

*२८) हेर्नुहोस्: नोट १६ ।*

**गर्दछौं र त्यसभित्रको फाटोलाई बढाउन सक्रिय उपाय गर्दछौं।"**[२९] तथा "**छिन्नभिन्न रहने नीतिको विरोध गर्छौं र सम्भव भएसम्म सबै सहयोगीहरूलाई आफ्नो पक्षमा ल्याउने कामको समर्थन गर्छौं।"**[३०] रणकौशलका यी सिद्धान्तहरू "**अन्तरविरोधहरूको उपयोग गर, अधिकांशलाई आफ्नो पक्षमा ल्याऊ, थोरैको विरोध गर र आफ्नो शत्रुहरूलाई एक–एक गरी नष्ट गर"**[३१] को प्रतिभापूर्ण विकास "घेरामा पार र सखाप गर"को विरुद्ध कमरेड माओ त्सेतुङको नेतृत्वमा चलाइएका अभियानहरूको क्रममा खासगरी "लामो अभियान"मा चुनइ बैठकपछि र जापान–विरोधी संयुक्त राष्ट्रिय मोर्चाको कामको क्रममा भयो। यसरी श्वेत इलाकाहरूका कामसँग सम्बन्धित कमरेड ल्यू शाओ–चीका विचारहरू एउटा नमूना हुन। १९२७मा क्रान्तिको पराजयपछि श्वेत इलाकाहरूमा र खासगरी शहरहरूमा आफ्नो शक्ति र शत्रुको शक्तिमा स्पष्ट भिन्नताको सही–सही आँकलन गर्दै, कमरेड ल्यू शाओ–चीले आफ्नो पछि हट्ने र प्रतिरक्षा गर्ने कार्वाहीलाई क्रमबद्धरूपले संगठित गर्ने तथा "**भविष्यको क्रन्तिकारी आक्रमण र निर्णयक मुठभेडको तैयारीका लागि प्रतिकूल परिस्थितिहरूलाई ध्यानमा राखी हाल शत्रुसँगको निर्णयक मुठभेडहरूलाई रोक्ने कुराको वकालत गरे**।[३२] उनले यस कुराको पनि वकालत गरे कि क्रान्तिको अवधि(१९२४ देखि २७)का खुल्ला पार्टी संगठनहरूलाई व्यवस्थित रूपले र कडाईका साथ भूमिगत संगठनहरूमा परिवर्तित गर्नु, जनकार्यमा "यथासम्भव खुल्ला कानुनी तरिकाहरूको प्रयोग" गर्दै पार्टीको भूमिगत संगठनहरूको शक्तिलाई लामो समयसम्म यस्ता जनकार्यहरूमा लुकाएर राख्नु, जनताको बीचमा भित्रैसम्म पस्नु तथा "**जनताको शक्तिलाई एकत्रित र मजबूत गर्नु र उनीहरूको राजनैतिक चेतनालाई माथि उठाउन" जरुरी छ।**[३३] जनसंघर्षलाई गति प्रदान गर्न कुनै खास समय, स्थान

---

*२९) शत्रुको "घेरामा पार र सखाप गर"को पाँचौं अभियानविरुद्ध संघर्षको बारेमा चिजियाँ कम्युनिष्ट पार्टीको केन्द्रीय समितिद्वारा पारित सामान्य प्रस्ताव (चुनइ बैठकको प्रस्ताव)।*

*३०) हेर्नुहोस्: माओ त्सेतुङ– "चीनको क्रान्तिकारी युद्धको रणनैतिक समस्याहरू"।*

*३१) हेर्नुहोस्: माओ त्सेतुङ– "नीतिको बारेमा"।*

*३२) हेर्नुहोस्: ल्यू शाओ–ची– "दुस्साहसवाद र ढोका बन्दवादको अन्त गर"।*

*३३) हेर्नुहोस्: ल्यू शाओ–ची– "श्वेत क्षेत्रहरूका पछिल्ला कार्यहरूबारे केन्द्रीय समितिको पत्र"।*

र जनताको राजनैतिक चेतनाको स्तरको विशिष्ठ परिस्थितिहरूसँग मेल खाने सीमित नाराहरू, मागहरू र संघर्षका यस्ता रूपहरूलाई अघिसार्नु पर्छ कि जनतालाई स्वीकार्य होस् र संघर्षको क्रममा फेरिएको परिस्थितिहरू अनुसार या त जनसंघर्षलाई विस्तार–विस्तार उचाइमा लग्नु पर्छ अथवा "यो जानेर पनि कि कहाँसम्म जानु छ, फौजी किसिमले संघर्षलाई स्थगित गरिदिनुपर्छ जसले गर्दा अघिल्लो लडाइँलाई उच्चतामा र ठूलो मात्रामा लैजाने तैयारी गर्न सकियोस्"। शत्रुभित्रका अन्तरविरोधहरूको प्रयोग गर्ने र अस्थायी सहयोगीहरूलाई आफ्नो पक्षमा ल्याउने सवालमा उनले भने कि यी अन्तरविरोधहरूलाई चरम विन्दुसम्म पुऱ्याउन र मुख्य शत्रुको विरुद्ध शत्रुपक्षका यस्ता तत्त्वहरूसँग अस्थायी मित्रता कायम गर्नुपर्छ जो हामीलाई सहयोग गर्न सक्छन्, अफ्फसम्म हाम्रो मुख्य शत्रु नबनेका होऊन् र मित्रवत् सहयोग गर्न चाहन्छन् । **तिनीहरूलाई आवश्यक सहयोग गर्नु, आफूतर्फ ल्याउनु र संयुक्त कार्वाहीमा भाग लिन उत्साहित गर्नु र तिनीहरूलाई प्रभावित गरी उनीहरूको पछि लाग्ने जनतालाई आफ्नो पक्षमा ल्याउनु आवश्यक छ ।**[३४] ९ सेप्टेम्बर, १९३५ को आन्दोलनको सफलताले श्वेत इलाकाहरूका कार्यको रणकौशलात्मक सिद्धान्तहरू सही भएको प्रमाणित गऱ्यो । यस्ता रणकौशलहरूको सही दिशाको विपरित विभिन्न "वामपन्थी" लाइनहरूमा चल्ने कमरेडहरू वस्तुगत रूपले शत्रु र हामीबीचको शक्ति सन्तुलनको मुल्यांकन गर्नमा असफल रहे, संघर्षको समुचित रूपहरूलाई अपनाउन असफल रहेमू र, शत्रुभित्रको अन्तरविरोधहरूलाई पहिल्याउन अथवा त्यसमाथि पर्याप्त ध्यान दिनमा असफल रहे । त्यसैले जब उनीहरूले रक्षात्मक कार्वाही गर्नुपर्ने थियो त्यस बखत तथाकथित "आक्रमक लाइन" लाई अन्धाधुन्द कार्यान्वयनको परिणमस्वरूप पराजय त मिल्यो नै, उनीहरूले त्यस समयमा पनि पराजयको सामना गर्नुपऱ्यो जब आक्रमक हुन समय अनुकूल थियो, किनकि उनीहरूले यो जान्दैनथे कि विजयपूर्ण हमला कसरी संगठित गरिन्छ । "परिस्थितिहरूको आँकलन" गर्ने उनीहरूको तरिका आफ्नो दृष्टिकोणको समर्थनमा र सतही परीघटनाको रूपमा तथ्यहरूलाई छानेर यसरी अतिरञ्जित गर्ने गर्दथे कि त्यो व्यापक, गम्भिर, प्रत्यक्ष, समग्र र आवश्यक देखियोस् साथै उनीहरू आफ्नो दृष्टिकोणसँग मेल नखाने सबै तथ्यहरूलाई स्वीकार्नबाट

---

*३४) हेर्नुहोस्: नोट ३२ ।*

डराउँथे अथवा त्यसबाट आँखा मोड्दथे (जस्तै शत्रुको शक्ति र अस्थायी विजय, आफ्नो कमजोरी र अस्थायी पराजय, जनताको अपर्याप्त राजनैतिक चेतना, शत्रुको आन्तरिक अन्तरविरोध र मध्यमार्गीहरूको प्रगतिशील पक्ष) । उनीहरूले ती सर्वाधिक कठिन र जटिल परिस्थितिहरूमाथि कहिल्यै विचार गरेनन् जो उत्पन्न हुन सक्दथे । उनीहरूले सधैं त्यो सर्वाधिक अनुकूल र सरलतम् परिस्थितिहरूको सपना देखिरहे जसको आउने सम्भावना थिएन । लालसेना आन्दोलनमा क्रन्तिकारी आधार–क्षेत्रहरूमाथि शत्रुहरूद्वारा गरिएको घेरावन्दीलाई उनीहरूले निरपवाद रूपमा "ज्यादै कमजोर", "अत्यनत आतङ्ककारी", "अन्तिम समाप्तितर्फ बढिरहेको", "तीव्र गतिमा ध्वस्त हुँदै गरेको" "पूर्णरूपले ध्वस्त भइरहेको" आदि रूपमा व्याख्या गरे । तेस्रो "वामपन्थी" लाइनका अनुयायीहरूले यतिसम्म माने कि लालसेना समग्र क्वोमिन्ताङ फौजको तुलनामा श्रेष्ठ छ, जब कि त्यसको संख्या कैयौं गुणा बढी थियो, त्यसैले उनीहरूले परिस्थितिको ख्याल नराखी र बिना विश्राम लालसेनालाई अगाडि बढ्न दबाव दिइरहे । उनीहरूले १९२४ देखि २७ को क्रान्तिबाट उत्पन्न उत्तरी चीन र दक्षिणी चीनको क्रान्तिकारी विकासको असमानतालाई नजरअन्दाज गरे (यो स्थिति जापान–विरोधी प्रतिरोध युद्धसम्म फेरिएन), तथाकथित "उत्तरको पछौटेपनको सिद्धान्त" को गलत तरिकाबाट विरोध गरे, उत्तरी चीनको गाउँको हरेक ठाउँमा लालसत्ता कायम गर्ने माग गरे र लालसेनाको इकाइहरू गठन गर्नको लागि त्यहाँका सबै श्वेत सेनाहरूमा विद्रोहको माग गरे । उनीहरूले आधार–क्षेत्रहरूका केन्द्रीय भागहरू र सीमावर्ती भागहरूबीचको असमान विकासलाई पनि नजरअन्दाज गरे र तथाकथित **"लो मिङ लाइन"**[३५] को विरोध गर्ने गल्ती गरे । उनीहरूले लालसेनामाथि आक्रमण गरिरहेका युद्ध सरदारहरूबीचको अन्तरविरोधहरूको उपयोग गर्ने र आक्रमण

---

*३५) लो मिङ, चिनियाँ कम्युनिष्ट पार्टीको पूर्व सदस्य थिए । १९३३मा केन्द्रीय लाल आधार–क्षेत्रको फूच्येन प्रान्तीय समितिको कार्यकारी सचिव थिए । उनीमाथि "वामपन्थी" हरूद्वारा हमला गरियो किनभने उनको विचारमा शाङहाङ, युङतिङ र फूच्येनको बाहिरी भागमा केही कठिन परिस्थितिसँग पार्टीको सामना भएको थियो, त्यहाँ यसका नीतिहरू स्थायी आधार–क्षेत्रहरूको भन्दा फरक हुनुपर्छ । "वामपन्थी"ले गलत तरिकाबाट र बढाई-चढाई गरी उनका विचारहरूलाई प्रस्तुत गर्दथे, जस्तै क्रान्तिबारे निराशावाद र हतोत्साहीको कारण अवसरवादी–*

रोक्न इच्छुक शक्तिहरूसँग सम्झौता गर्न अस्वीकार गरे । श्वेत इलाकाहरूको कामको सवालमा उनीहरूले ती शहरहरूमा पछि हट्ने र सुरक्षाकोलागि आवश्यक कदम उठाउने वा सबै वैधानिक सम्भावनाहरूको प्रयोग गर्न अस्विकार गरे जहाँ क्रन्तिकारी ज्वार घट्दो थियो र प्रतिक्रान्तिकारी शासन सत्ता धेरै मजबूत थियो । यसको सट्टा उनीहरूले ती परिस्थितिहरूमा अस्वीकार्य रूपहरूलाई अपनाउदै आक्रमण जारी राखे । उनीहरूले जनताबाट अलग्गिएका ठूला आकारका असुरक्षित पार्टी संगठन र अनेक "लाल जनसंगठन" तैयार गरे र पार्टीको नक्कल तैयार गरे । उनीहरूले आवश्यक परिस्थितिहरूमाथि ध्यान नदिई लगातार संगठित हड्तालहरू, संयुक्त हड्तालहरू तथा विद्यार्थी, व्यापारी, सैन्य टुकडी र प्रहरीहरूको हड्तालहरूको आह्वान गरे । उनीहरूले जुलुसहरू र प्रदर्शनहरू, फौजी बैठकहरू र यहाँसम्म कि हतियारबन्द विद्रोहहरूको पनि आह्वान गरे– यस्ता कार्वाहीहरू जो जनताको सहयोग अथवा सहभागिता सुनिश्चित गर्ने प्रति या त अनिच्छुक थियो या असमर्थ र उनीहरूले यस्ता कार्वाहीहरूको असफलतालाई "सफलता" भनी गलत बयान दिए ।

समग्रमा विभिन्न "वामपन्थी" लाइनहरू, विशेषगरी तेस्रो "वामपन्थी" लाइनलाई स्वीकार्ने कमरेड केवल "ढोकावन्दवाद" र "दुस्साहसवाद"मा पोख्त थिए । उनीहरूले आँखा मोडेर "सर्वोपरि संघर्षको लागि सबै कुरा" तथा "संघर्षलाई तगातार विस्तार र त्यसलाई उचाईमा पुऱ्याउने"मा विश्वास गरे । त्यसैले, उनीहरूले तगातार यस पराजयहरूको सामना गर्नुपऱ्यो जो हुनु हुँदैनथ्यो र त्यसबाट बच्न सकिन्थ्यो ।

## सामरिक रूपः

चिनियाँ क्रान्तिको वर्तमान अवस्थामा सैनिक संघर्ष राजनैतिक संघर्षको मुख्य रूप हो । कृषि क्रान्तिको क्रममा यो पार्टी लाइनको सबैभन्दा प्रमुख सवाल बन्यो । कमरेड माओ त्सेतुङले मार्क्सवाद लेनिनवादलाई लागू गर्नुभयो र चिनियाँ क्रान्तिकालागि सही राजनैतिक लाइनको निरुपण मात्र गर्नुभएन बरु कृषि क्रान्तिकारी युद्धको समयदेखि यस राजनैतिक लाइनको मातहत सही सैनिक लाइनको पनि निरुपण गर्नुभयो । कमरेड माओ त्सेतुङको सामरिक लाइनको दुईवटा प्रमुख प्रस्थान विन्दुहरू छन् । पहिलो, हाम्रो सेना केवल एक

---

*विसर्जनवादी, भगुवा र पछि हट्ने लाइन" । उनीहरूले सांगठनिक रूपमा तथाकथित "लो मिङ लाइनको विरुद्ध संघर्ष चलाए" ।*

प्रकारको सेना हो र हुनसक्छ । यो सर्वहाराको वैचारिक नेतृत्वको अधिन हुनु र यसले जनताको संघर्षको हितमा काम गर्नु तथा क्रान्तिकारी आधार–क्षेत्रहरूको निर्माण गर्नु अनिवार्य छ । दोस्रो, हाम्रो युद्ध केवल एक प्रकारको युद्ध हो र हुनुपर्छ ।  यो यस्तो एउटा युद्ध हुनु अनिवार्य छ जसमा हामी यो जान्दछौं कि शत्रु मजबूत छ र हामी कमजोर छौं, शत्रु ठूला छन् हामी साना छौं र त्यसकारण यस युद्धमा हामी शत्रुको कमजोरीहरू र आफ्नो मजबूत पक्षहरूको पूर्ण रूपले प्रयोग गर्छौं र आफ्नो सुरक्षा, विजय र विस्तारका लागि पूर्ण रूपले जनताको शक्तिमा भरोसा गर्छौं । प्रथम विन्दुबाट यो कुरा स्पष्ट हुन्छ कि लालसेना (अब आठौं मार्ग सेना, नयाँ चौथो सेना र जनताको अन्य सशस्त्र बल)ले निश्चित रूपले पूरा हृदयदेखि पार्टीको लाइन, कार्यक्रम र नीतिहरूकालागि अर्थात् समस्त जनताको बहुआयामिक हितहरूको लागि लड्नुपर्छ र युद्धसरदारवाद जस्ता विरोधी प्रवृत्तिहरूसँग निश्चित रूपले लड्नुपर्छ । त्यसैले लालसेनाले निश्चित रूपले विशुद्ध सैनिक दृश्टिकोण र घुमन्ते विद्रोहीहरूको विचारधाराको विरोध गर्नुपर्छ, जसको मतअनुसार सेनाले राजनैतिक आदेशको पालन गर्दैन बरु यसको उल्टो राजनीतिलाई नियन्त्रित गर्छ । लालसेनाले एकैसाथ तीन जिम्मेवारी निर्वाह गर्नु अनिवार्य छ- युद्ध गर्नु, जनकार्य गर्नु र कोष संकलन गर्नु (आजभोलि यसको अर्थ उत्पादन गर्नु हो) जनकार्य गर्नुको अर्थ पार्टी एवम् जनताको राजनैतिक शक्तिकालागि एउटा प्रचारक र संगठनकर्ता बन्नु हो । यसको अर्थ  भूमि वितरण (आज भोली मुल्य र व्याज घटाउनु) तथा सशस्त्र सेना, राजनैतिक सत्ताको अंग र पार्टी संगठनको स्थापना गर्न स्थानीय जनतालाई सहयोग गर्नु हो । त्यसैले सरकार र जनतासँगको आफ्नो सम्बन्धहरूमा यो आवश्यक छ कि लालसेनाले इमान्दारीपूर्वक जनताको रानैतिक सत्ताका अंगहरू र जनसंगठनहरूको सम्मान गरुन्, तिनीहरूको प्रतिष्ठा बढाउन् र **अनुशासनका तीन नियमहरू र ध्यानदिन योग्य आठ कुराहरू**[३६] को कडाइका साथ पालन गरुन् । सेनाभित्र यो आवश्यक छ कि अफिसरहरू र सैनिकहरूबीच एउटा सही सम्बन्ध स्थापित होस् दुवैको एउटा समुचित जनवादी जीवन होस् र राजनैतिक चेतनामा आधारित एक प्रभावशाली सैनिक अनुशासन होस् । शत्रुका टुकडीहरूभित्र काम गर्ने मामलामा, शत्रु सेनाहरूलाई छिन्नभिन्न गर्न र

*३६) कृषि क्रान्तिकारी युद्धको क्रममा कमरेड माओ त्सेतुङद्वारा चीनका मजदुर र किसानहरूको लालसेनाको लागि तैयार गरिएको अनुशासनका तीन मुख्य नियमहरू र ध्यान दिनुपर्ने आठ कुराहरू । यी कुराहरू आठौं मार्ग सेना र नयाँ चौथो सेना तथा तत्कालीन जनमुक्ति सेनाद्वारा अपनाइयो । विभिन्न क्षेत्रहरूका*

कैदीहरूलाई आफ्नो पक्षमा तान्न सही निती हुनु आवश्यक छ । द्धितीय प्रस्थान विन्दुबाट यो निष्कर्ष निस्कन्छ कि लालसेनाले यो बुझ्नु आवश्यक छ कि कृषि क्रान्तिकारी युद्धको क्रममा छापामार युद्धशैली र छापामार चरित्र भएको गतिशील युद्धशैली युद्धकर्मको दुईवटा मुख्य रूप थिए र निश्चित रूपले यो बुझ्नु आवश्यक छ कि यो केवल जनयुद्ध हो, जसमा स्थानीय शक्तिहरूको मुख्य शक्तिहरूसँग, नियमित सेनाको छापामार इकाइहरू एवम् जनताको सशस्त्र दस्तासँग र हतियारवन्द जनताको निहत्था जनसमूहसँग एकीकरण माफत् हामी आफूभन्दा कैयौं गुणा बलियो शत्रुमाथि विजय प्राप्त गर्न सक्छौं । त्यसैले, लालासेनाको रणनीतिमा तुरुन्त निर्णय हुने युद्ध र रणकौशलमा दर्घिकालीन संघर्षको निश्चय नै विरोध गर्नुपर्छ । अभियानहरू र लडाइँहरूमा यसले निश्चित रूपले धेरैलाई हराउन केहीको प्रयोगको विरोध गर्नु पर्छ र  केहीलाई हराउन धेरैको प्रयोगको समर्थन गर्नुपर्छ । त्यसैले लालसेनाले निम्नलिखित रणनीति र रणकौशलात्मक सिद्धान्तहरूलाई लागू गर्नु अनिवार्य छः

- *जनतालाई जागृत गराउन आफ्नो शक्तिहरू विभाजन गर, शत्रुको मुकाविला गर्न आफ्नो शक्तिहरू संकेन्द्रित गर ।*

---

*सेनाको टुकडीहरूको सम्बन्धमा यी नियमहरूमा सामान्य हेरफेर हुन्थ्यो, अक्टोबर १९४७मा चीनको जनमुक्ति सेनाको सामान्य मुख्यालयले यसको एक मानक (स्ट्याण्डर्ड) संस्करण जारी गऱ्यो जो यस प्रकार छ,*

***अनुशासनका तीन मुख्य नियमहरू***

*(१) आफ्ना सबै काममा आदेशहरूको पालना गर ।*

*(२) जनताबाट एउटा सियो र धागोको टुक्रासम्म पनि नलेऊ ।*

*(३) कब्जा गरेको प्रत्येक कुरा संगठनलाई बुझाऊ ।*

***ध्यान दिनुपर्ने आठ कुराहरू***

*(१) नम्र भएर बोल ।*

*(२) आफूले किनेको मालको सुपथ मोल तिर ।*

*(३) आफूले पैंचो लिएको प्रत्येक कुरा फर्काऊ ।*

*(४) आफूले विगारेको जुनसुकै वस्तुको पनि मोल तिर ।*

*(५) जनतालाई कुटपिट र हप्काउने नगर ।*

*(६) बाली नबिगार ।*

*(७) महिलाहरूसँग छाडा ब्यवहार नगर ।*

*(८) बन्दीहरूसँग नराम्रो व्यवहार नगर ।*

- *जब शत्रु अगाडि बढ्छ, हामी पछि हट्छौं, जब शत्रु विश्राम गर्छ, उसलाई हैरान पार्छौं, जब शत्रु थाक्छ, हामी आक्रमण गर्छौं र जब शत्रु पछि हट्छ हामी उसलाई लखेट्छौं ।*
- ***स्थापित आधार–क्षेत्रहरूको विस्तारको लागि छाल जस्तै अघि बढ्ने नीति लागू गर, जब शक्तिशाली शत्रुले पिछा गरिरहेको हुन्छ तब उसको चारैतर्फ चक्कर मार्ने निति लागू गर ।*[३७]**
- ***शत्रुलाई फकाएर आफ्नो क्षेत्रको भित्रसम्म आउन देऊ ।*[३८]**
- ***बढी शक्तीशाली फौजलाई एकत्रित गर, शत्रुको कमजोर विन्दुहरू छान, गतिशील युद्धमा शत्रुको सानो वा ठूलो हिस्सालाई ध्वस्त पार्ने बारे सुनिश्चित भएपछि मात्र लड र शत्रुको फौजालई एक एक गरी कुल्ची देऊ ।*[३९]**

सामरिक रूपले विभिन्न “वामपन्थी” लाइनका अनुयायीहरूले कमरेड माओ त्सेतुङको लाइनको पूर्णरूपले विरोध गरे । पहिलो “वामपन्थी” लाइनको विद्रोहवाद लालसेनालाई जनताबाट अलग्याउने कारण बन्यो, दोस्रो “वामपन्थी” लाइनले लालसेनालाई दुस्साहसिक आक्रमणहरूतर्फ डोऱ्यायो । तर यिनीहरूमध्ये कुनै पनि लाइन सामरिक मामलामा पूर्णरूपले व्यवस्थित थिएनन् । केवल तेस्रो “वामपन्थी” लाइनसँग एउटा पूरा सुस्पष्ट व्यवस्था थियो । सेना निर्माणको सवालमा तेस्रो “वामपन्थी” लाइनका व्याख्याताहरूले लालसेनाको त्रिआयामी कार्यलाई मात्र एक आयामी लडाइँमा सिमित गरिदिए तथा सेना र जनताबीच, सेना र सरकारबीच तथा अफिसर र सैनिकबीचको सही सम्बन्धहरूको बारेमा लालसेनालाई शिक्षित गर्ने तर्फ ध्यान दिएनन् । उनीहरूले स्थायीकरणको अनुचित माग गरे र लालसेनाको मजबूत छापामार चरित्रलाई “छापामारवाद” भनी त्यसको विरोध गरे । यति मात्र होइन, उनीहरूले सेनामा राजनैतिक कार्यको मामलामा औपचारिकतावादलाई प्रोत्साहित गरे । सैनिक कार्वाहीको सवालमा उनीहरूले शत्रु बलियो थियो र हामी कमजोर थियौं भन्ने सूत्रलाई मात्र अस्वीकार गरे । उनीहरूले मोर्चाबन्दी युद्धशैली र तथाकथित नियमित युद्धशैलीको माग गरे जो मुख्य सेनामा मात्र निर्भर गर्छ । उनीहरूले तुरुन्त निर्णय हुने युद्धको रणनीति र दीर्घकालीन लडाइँको रणकौशलको माग गरे ।

*३७) हेर्नुहोस् : नोट १६ ।*

*३८) हेर्नुहोस्: नोट ३० ।*

*३९) हेर्नुहोस्: नोट २९ ।*

उनीहरूले "सबै मोर्चामाथि हमला गर" र "दुवै मुट्ठीले प्रहार गर" को माग गरे। उनीहरूले शत्रुलाई फकाएर आफ्नो क्षेत्रको भित्रसम्म ल्याउने नीतिको विरोध गरे र सेनाका टुकडीहरूको आवश्यक स्थानान्तरणलाई "पछि हट्नु र संघर्षवाद" माने। उनीहरूले स्थिर भीडन्त लाइन र एउटा निरपेक्ष रूपले केन्द्रिकृत कमाण्डको माग गरे। संक्षेपमा उनीहरूले छापामार युद्धशैली र छापामार चरित्रको गतिशील युद्धशैलीको खण्डन गरे र कसरी सही तरिकाबाट जनयुद्ध संचालन गरिन्छ भन्ने कुरा बुझ्नेनन्। पाँचौ "घेरामा पार र सखाप गर" विरुद्धको अभियानमा तेस्रो "वामपन्थी" लाइनका अनुयायीहरूले आक्रमण गर्ने काममा दुस्साहसवाद शुरु गरे। उनीहरूले यो आग्रह गरे कि "शत्रुलाई देशबाहिर नै रोकौं"। फेरि, प्रतिरक्षाको मामलामा उनीहरू रुढिवादतर्फ मोडिए। हरेक वस्तुलाई बचाउन आफ्नो फौजलाई विभाजित गर्ने "छोटो, तीव्र झड्का" र "थकाउने मुठभेड" को आह्वान गरे। जब उनीहरू च्याङशी आधार–क्षेत्रबाट पछि हट्न बाध्य हुनुपर्‍यो तब उनीहरूको संघर्षको अन्त्य साँच्चिकै संघर्षवादमा भयो, जुन छापामार र गतिशील युद्धशैलीको ठाउँमा मोर्चावन्दी युद्धशैली अपनाउनु र सही ढंगले चलाइने जनयुद्धको ठाउँमा स्थायी युद्धशैली अपनउने उनीहरूको कोशिसहरूको परिणाम थियो।

जापान-विरोधी प्रतिरोध युद्धमा रणनैतिक वापसी (पछि हटाइ) र रणनैतिक गतिरोधको क्रममा शत्रुको शक्ति र हाम्रो शक्तिबीच धेरै ठूलो अन्तर रह्यो। त्यसैले आठौं मार्ग सेना र नयाँ चौथो सेनाको लागि सही सिद्धान्त थियो– "छापामार युद्धशैली आधारभूत हो, तर अनकूल परिस्थितिहरूमा गतिशील युद्धशैली अपनाउने कुनै पनि अवसरलाई नछाड्नु।" गतिशील युद्धशैलीको लागि बढी दबाब गर्नु भूल हुन्छ। तर रणनैतिक प्रत्याक्रमणको अवस्थामा पुग्दा जसरी पूरा पार्टीको कामको मुख्य केन्द्र गाउँबाट शहरहरूतर्फ स्थानान्तरण हुन्छ, त्यस्तै रणनीतीमा पनि यो आवश्यक हुन्छ कि छामामार युद्धशैलीको ठाउँमा गतिशील र मोर्चाबन्दी युद्धशैलीलाई प्राथमिकता दिइन्छ जब कि हाम्रो फौजलाई आधुनिक उपकरण हासिल भएको हुन्छ। यस आसन्न परिवर्तनको लागि पनि पूरा पार्टीले पूर्ण जागरुकताकासाथ तैयारी गर्नु आवश्यक हुन्छ।

## सांगठनिक रूपः

कमरेड माओ त्सेतुङले भन्नुभए जस्तो, "**जनताबाट लिएर जनतालाई फिर्ता दिनु**" नै सही राजनैतिक लाइन हुनुपर्छ। यो निश्चित गर्नकालागि कि

वास्तवमा सही लाइन जनताको बीचबाट आउँछ र खासगरी यसलाई जनतामै फिर्ता दिइन्छ । पार्टी र पार्टी बाहिरका जनसमूहहरूबीच (वर्ग र जनताबीच) घनिष्ट सम्बन्ध हुनुपर्छ । यसभन्दा पनि बढी आवश्यक यो हुन्छ कि पार्टीको नेतृत्वकारी निकायहरू र पार्टीभित्रका जनसमुहहरूबीच पनि सम्बन्ध हुनुपर्छ । अर्को शब्दमा, निश्चित रूपले एउटा सही सांगठनिक लाइन हुनुपर्छ । यसकारण जसरी पार्टी इतिहासको हर कालमा कमरेड माओ त्सेतुङले जनताको हितहरूको प्रतिनिधित्व गर्ने राजनैतिक लाइन दिनुभयो, त्यस्तै गरी उहाँले यस्तो सांगठनिक लाइन पनि दिनुभयो जसले राजनैतिक लाइनलाई सहयोग गर्दथ्यो र पार्टीभित्र र बाहिरका जनसमूहहरूबीच एकता कायम गर्दथ्यो । यस सम्बन्धमा, कृषि क्रान्तिकारी युद्धको क्रममा महत्त्वपूर्ण विकास भयो, जसको घनभिूत अभिव्यक्ति १९२९ मा चौथो लालसेनाको **नवौं पार्टी कांग्रेसको प्रस्ताव**[४०]मा भयो । यस प्रस्तावले पार्टी निर्माणलाई विचारधारात्मक–राजनैतिक स्तरमा उठायो र सर्वहारा विचारधाराको नेतृत्वकारी भूमिकाको दृढतापूर्वक समर्थन गऱ्यो । यसले विशुद्ध सैनिक दृष्टिकोण, व्यक्तिवाद, मनोगतवाद, निरपेक्ष समानतावाद, घुमन्ते विद्रोही विचारधारा, विद्रोहवाद र अन्य प्रवृत्तिहरू विरुद्ध सही तरिकाले संघर्ष गऱ्यो र यी प्रवृत्तिहरूको स्रोत (उद्गम), यसबाट हुने क्षतिहरू र त्यसलाई सच्याउने तरिकाहरूतर्फ संकेत गऱ्यो । साथै यस प्रस्तावले जनवाद अथवा केन्द्रीयतामाथि असंगत प्रतिबन्धहरूको विरोध गर्दै कडा जनवादी केन्द्रीयताको दृढतापूर्वक समर्थन गऱ्यो । पूरा पार्टी एकताको हितहरूलाई ध्यानमा राखी कमरेड माओ त्सेतुङले जोड दिनुभयो कि अंशले सम्पूर्णको आज्ञा पालन गर्नुपर्छ र चिनियाँ क्रान्तिको ठोस लक्षणहरू अनुसार उहाँले नयाँ र पुराना कार्यकर्ताहरूबीच, बाहिरी र स्थानीय कार्यकर्ताहरूबीच, सैनिक कार्यकर्ताहरू र सो क्षेत्रमा काम गरिरहेका अन्य कार्यकर्ताहरूबीच तथा विभिन्न स्थानहरूमा विभिन्न विभागहरूका कार्यकर्ताहरूबीचको उचित सम्बन्धलाई परिभाषित गर्नुभयो । यसप्रकार, कमरेड माओ त्सेतुङले हामीलाई एउटा नमूना(मोडेल) उपलब्ध गराउनुभयो कि सिद्धान्तको मामलामा सत्यमा अटल रहनु र अनुशासनको मामलामा संगठनको आज्ञा पालन गर्नुलाई आपसमा कसरी संयोजन गर्न सकिन्छ । उहाँले सही तरिकाले अन्तरपार्टी

*४०) १९२९मा चौथो लालसेनाको नवौं कंग्रेसको प्रस्तावमा "पार्टीमा गलत विचारहरूलाई सुधार्ने बारे" नामक माओ त्सेतुङको लेखतर्फ संकेत गरिएको छ ।*

एकतालाई कायम राख्दै कसरी सही तरिकाले अन्तरपार्टी संघर्ष चलाउनुपर्छ भन्ने देखाउनुभयो । यसको विपरीत जब गलत राजनैतिक लाइन प्रभावीत भयो तब अवश्यम्भावी रूपले गलत सांगठनिक लाइन पनि बढेर आयो र गलत राजनैतिक लाइन जति बढी समयसम्म प्रभावी रह्यो, सांगठनिक लाइनले त्यति नै बढी क्षति पुऱ्यायो । तदनुसार, कृषि क्रन्तिकारी युद्धको समयका विभिन्न "वामपन्थी" लाइनहरूले कमरेड माओ त्सेतुङको राजनैतिक लाइन साथै सांगठनिक लाइनको पनि विरोध गरे । उनीहरूले एउटा संकीर्णतावाद उत्पन्न गरे जसले पार्टीभित्र जनसमूहलाई छिन्न–भिन्न गरे (अर्थात् उनीहरूले केही पार्टी सदस्यहरूको आंशिक हितहरूलाई पूरा पार्टीका हितहरूको अधीनमा राखेनन् र पार्टीको नेतृत्वकारी अंगलाई पूरा पार्टीको इच्छाको सघन अभिव्यक्ति मानेन्) । साथै पार्टी बाहिरका जनसमूहहरूलाई पनि छिन्न–भिन्न पारे (अर्थात् उनीहरूले पार्टीलाई जनसमूहको हितहरूको प्रतिनिधि र उनीहरूको इच्छाहरूको प्रतिनिधि मानेनन्) । खासगरी आफ्नो इच्छा लागू गर्नकालागि तेस्रो "वामपन्थी" लाइनको पक्षमा वकालत गर्नेहरूले एकतर्फी र बिना भेदभाव सबै पार्टी कमरेडहरूमाथि झुट्टा अभियोग लगाए, जसले गलत लाइनलाई अव्यवहारिक माने र त्यसप्रति मतभेद, शंका या असन्तोष व्यक्त गरे अथवा गलत लाइनको सक्रिय समर्थन गरेनन् या दृढतापूर्वक पालना गरेनन् । उनीहरूले यी कमरेडहरूमाथि "दक्षिणपन्थी अवसरवाद", "धनि किसान लाइन", "लो मिङ लाइन", "सम्झौतावादी लाइन" र "छलकपटको लाइन" जस्ता छाप लगाएर उनीहरूलाई कलंकित गरे, उनीहरूको विरुद्ध कठोर संघर्ष चलाए र क्रुर आक्रमण गरे र यहाँसम्म कि अन्तरपार्टी संघर्षलाई यसरी संचालित गरे कि मानौं उनीहरू शत्रु र अपराधिहरू हुन् । यस्तो अन्तरपार्टी संघर्ष स्थायी पद्धति बन्यो जसमार्फत् "वामपन्थी" लाइनको नेतृत्व र संचालन गर्ने कमरेडहरूले आफ्नो प्रतिष्ठा स्थापित गरे, आफ्ना मागहरूको लागि दबाव गरे र पार्टी कार्यकर्ताहरूलाई आतंकित पारे । यसले पार्टीभित्रको जनवादी केन्द्रीयताको सिद्धान्तको उल्लंघन गऱ्यो, आलोचना र आत्मालोचनाको जनवादी भावनालाई नष्ट गऱ्यो, पार्टी अनुशासनलाई यान्त्रिक अनुशासनमा फेऱ्यो साथै अन्धभक्ति र अधीनताको प्रवृत्तिहरूलाई बढावा दियो । यस प्रकार जीवन्त र सृजनशील मार्क्सवादको विकासलाई अवरुद्ध र क्षतिग्रस्त गरियो । यस गलत तरिकाको अन्तरपार्टी संघर्षसँगै कार्यकर्ताहरूमा गुटवन्दीको नीति पनि जोडियो । गुटवादीहरूले पुराना कार्यकर्ताहरूलाई पार्टीको बहुमुल्य धरोहर मानेनन् बरु

उनीहरूले यस्ता अनुभवी कार्यकर्ताहरूको ठूलो संख्यामाथि आक्रमण गरे, उनीहरूलाई दण्डित गरे र उनीहरूलाई केन्द्रीय एवम् स्थानीय संगठनहरूबाट निष्काशित गरे । उनीहरू अनुभवी थिए र जनतासँग उनीहरूको गहिरो सम्बन्ध भए पनि ती गुटवादीहरूको अनुकूल थिएनन् तथा तिनीहरूको अन्धभक्ति र जी-हजूरी गर्न चाहँदैनथे । उनीहरूले न त नयाँ कार्यकर्ताहरूलाई समुचित शिक्षा दिए न त तिनीहरूको विकासलाई गम्भीरतापूर्वक लिए (खासगरी तिनीहरू जो मजदुरवर्गबाट आएका थिए) । यसको सट्टा उनीहरूले उच्छृङ्खल रूपमा ती नयाँ कार्यकर्ताहरू तथा बाहिरी कार्यकर्ताहरूको पदोन्नती गरिदिए जोसँग कामको अनुभव र जनतासँग घनिष्ठता त थिएन तर तिनीहरूले ती गुटवाजहरूलाई मनपराउँथे र उनीहरूको स्वरमा स्वर मिलाउँथे । यस्तै व्यक्तिहरूलाई पुराना कार्यकर्ताहरूको ठाउँमा केन्द्रीय र स्थानीय संगठनहरूमा भरियो । यसरी उनीहरूले केवल पुराना कार्यकर्ताहरूमाथि हमला मात्र गरेनन् बरु नयाँ कार्यकर्ताहरूलाई पनि बर्बाद गरे । यत्ति मात्र होइन, कैयौं स्थानहरूमा जहाँ प्रंतिक्रान्तिकारीहरूको दमनको एउटा गलत नीतिलाई कार्यकर्ताहरूप्रति गुटबन्दीको नीतिसँग अल्झाइदिए, ठूलो संख्यामा राम्रा कमरेडहरूलाई झुट्टा आरोपहरू लगाएर अन्यायपूर्ण व्यवहार गरियो र यसले पार्टीलाई अत्यन्त गम्भीर क्षति पुग्यो । यस प्रकारको गुटबन्दीले पार्टीलाई धेरै कमजोर बनाइदियो ।

यसले माथिल्ला र तल्ला संगठनहरूबीच अव्यवस्था तथा पार्टीभित्र कैयौं अन्य विसंगतिहरू उत्पन्न भयो । यो विस्तारित सातौं प्लेनरी सत्र यो घोषण गर्छ कि गलत लाइनको वकालत गर्नेहरूद्वारा कुनै पनि कमरेडलाई गलत तरिकाबाट दिइएका पूर्ण या आंशिक दण्डलाई परिस्थितिहरू अनुसार खारेज गरिनेछ । जाँचबुझको क्रममा जुन कमरेडहरू गलत आरोपको शिकार भएको प्रमाणित हुनेछ, उनीहरूलाई दोषमुक्त गरी पार्टी सदस्यको रूपमा पुनः बहाल गरिनेछ र उनीहरूलाई सबै कमरेडहरूद्वारा आदरपूर्वक सम्झना गरिनेछ ।

## वैचारिक दृष्टिः

कुनै राजनैतिक, सामरिक अथवा सांगठनिक लाइन सही अथवा गलत हुने कुरा त्यसको विचारधारामा निर्भर गर्दछ । यो यस कुरामा निर्भर हुन्छ कि यो लाइन मार्क्सवादी–लेनिनवादी द्वन्द्वात्मक भौतिकवाद र एतिहासिक भौतिकवादले युक्त छ वा छैन र यो लाइन चिनियाँ क्राान्तिको वस्तुगत सच्चाइहरू र चिनियाँ जनताका वस्तुगत आवश्यकताहरूबाट शुरु हुन्छ कि

हुँदैन । चिनियाँ क्रान्तिलाई अवलम्बन गरेको पहिलो दिनदेखि नै कमरेड माओ त्सेतुङ मार्क्सवाद–लेनिनवादको सार्वभौम सच्चाइमार्फत् चिनियाँ समाजको वास्तविक स्थितिहरू जाँच्न र त्यसको अध्ययन गर्नमा जुट्नुभएको थियो । कृषि क्रान्तिकारी युद्धको क्रममा पटक–पटक उहाँले यस सिद्धान्तमा जोड दिनुभयो कि "बिना जाँचबुझ बोल्ने अधिकार छैन" तथा उहाँ लगातार जडसूत्रवाद र मनोगतवादको खतरा विरुद्ध लडिरहनुभयो । कमरेड माओ त्सेतुङले मार्क्सवाद-लेनिनवादको सार्वभौम सच्चाइ द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवादको आधारमा देश र पार्टीको भित्र र बाहिरका वास्तविक परिस्थितिहरू र त्यसका विशेषताहरूको ठोस विश्लेषण मार्फत् तथा चिनियाँ क्रान्ति र खासगरी १९२४ देखि २७ को क्रन्तिको ऐतिहासिक अनुभवहरूको ठोस सार-संकलन मार्फत् जुन राजनैतिक, सामरिक र सांगठनिक लाइनहरू निर्धारित गर्नुभयो, ती साँच्चिकै प्रतिभापूर्ण उपलब्धि थिए । चीनमा बस्ने र लड्ने चिनियाँ कम्युनिष्टहरूको लागि द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवादको उद्देश्य चिनियाँ क्रान्तिको व्यवहारिक समस्याहरूलाई बुझ्न र समाधान निकाल्नु हुनपर्छ जसरी कमरेड माओ त्सेतुङले गर्नुभएको थियो । तर वास्तवमा "वामपन्थी" गल्ती गर्ने कुनै पनि कमरेड त्यसबेला उहाँको तर्कहरूलाई बुझ्न अथवा स्वीकार गर्न सक्षम थिएनन् र तेस्रो "वामपन्थी" लाइनका प्रवक्ताहरूले त उहाँलाई संकीर्ण अनुभववादी भनी वदनाम गरे, यसको कारण यो थियो कि उनीहरूको विचारधाराको स्रोत मनोगतवाद र औपचारिकतावाद थियो, जसको अभिव्यक्ति तेस्रो "वामपन्थी" लाइनको प्रभुत्वको क्रममा अझ स्पष्ट रूपले कठमुल्लावादमा भएको थियो कठमुल्लावादको चरित्र यस्तो हुन्छ कि उसले वास्तविक परिस्थितिहरू होइन बरु पुस्तकहरूबाट निकालिएका कुनै खास शब्द या भनाईहरूबाट प्रस्थान गर्छ । चीनको राजनैतिक, सामरिक, आर्थिक र साँस्कृतिक अतित एवम् वर्तमान तथा चिनियाँ क्रान्तिको व्यवहारिक अनुभवको गम्भीर अध्ययन गर्न, त्यसबाट चिनियाँ क्रान्तिको कार्वाहीको दिशा निर्देशन गर्न, निष्कर्ष निकाल्न तथा जनताबीच व्यवहारिक कामहरूबीच यी निष्कर्षहरूको वैधता जाँच्न जडसुत्रवादीले मार्क्सवादी–लेनिनवादी सिद्धान्तलाई आधार बनाउँदैनन् । यसको विपरीत मार्क्सवाद– लेनिनवादको अन्तरवस्तुलाई किनारा लगाई मार्क्सवादी–लेनिनवादी साहित्यबाट केही खास शब्दहरू र भनाइहरूलाई निकालेर चीनको वर्तमान परिस्थितिहरूको सन्दर्भमा त्यसको औचित्यको जाँचबुझ बिना त्यसलाई जडसूत्रको रूपमा रट्दछन् । त्यसैले जडसूत्रवादीहरूलाई

सिद्धान्तहरूको यथार्थसँग कुनै लिनुदिनु थिएन । उनीहरूको नेतृत्व जनताबाट पूर्णरूपले छुट्टिएको थियो र तथ्यहरूबाट सत्यसम्म पुग्नुको सट्टा उनीहरू हठी र लापरवाह थिए तथा सही आलोचना र आत्मालोचनादेखि डराउँथे ।

अनुभववादी विचारधारा जो जडसुत्रवादको प्रभुत्वकालमा त्यसको सहयोगी एवम् सहायक थियो, मनोगतवाद र औपचारिकतावादकै एउटा अभिव्यक्ति हो । अनुभववाद जडसूत्रवादसँग यस कुरामा भिन्न छ कि यसको प्रस्थानविन्दु किताबहरूको सट्टा संकीर्ण अनुभव हुन्छ । यस कुरामा जोड दिनु पर्छ कि बहुसंख्यक कमरेडहरूद्वारा व्यवहारिक कार्यहरूको क्रममा लाभदायक अनुभव प्राप्त गरिएका छन्, यो अत्याधिक मुल्यवान धरोहर हो । निश्चय नै अनुभववादद्वारा होइन, बरु मार्क्सवाद–लेनिनवादद्वारा मात्र यस्ता अनुभवहरूलाई भविश्यका कार्यहरूको दिशानिर्देशनको लागि वैज्ञानिक सार–संकलन गर्नुपर्छ । ठीक यसैगरी, जसरी मार्क्सवाद–लेनिनवादलाई जडसूत्रको रूपमा नलिएर सिद्धान्तहरू र नीतिहरूको क्रान्तिकारी कारवाहीहरूको मार्ग– निर्देशनको रूपमा लिइन्छ । तर व्यवहारिक कार्यहरूमा लागेका साथीहरूमा केही यस्ता कमरेडहरू छन् जो केवल आफ्नो सीमित अनुभवहरूबाट मात्रै सतुष्ट छन्, जो यिनै जडसुत्रमा टाँसिएर बस्छन् र यो मान्छन् कि यसको प्रयोग जहाँ कहीं पनि हुन सक्छ । उनीहरूले न त यो सच्चाइलाई बुझ्दछन् न बुझ्न चाहन्छन् कि **"बिना क्रान्तिकारी सिद्धान्त क्रान्तिकारी आन्दोलन हुनै सक्दैन"**[४१] र **"नेतृत्व गर्नको लागि दूर–दृष्टिको आवश्यकता पर्दछ"**[४२] र परिणमस्वरूप उनीहरूले विश्वको क्रान्तिकारी अनुभवहरूको सार– मार्क्सवाद–लेनिनवादको अध्ययनको महत्त्वलाई घटाउँछन् र सिद्धान्तहरूरहित, कोरा व्यवहारवाद र कतै नलैजाने बुद्धिहिन रुढिवादसँग मोहग्रस्त रहन्छन् । यदि कुनै कमरेडहरूले माथिबाट आदेश दिन्छन् र आफूलाई हिरोको रूपमा प्रस्तुत गर्छन् पुराना साथीहरूविरुद्ध हल्लाहरू फैलाउँछन्, साथीहरूको आलोचना सुन्न र आत्मालोचना गर्न अस्वीकार गर्छन् भने यो निश्चित छ कि यी कमरेडहरू अनुभववादी बनिसकेका छन् । यसरी फरक-फरक प्रस्थान विन्दुहरूको बावजुद अनुभववादी र जडसूत्रवादी सोच्ने तरिका एकै किसिमका हुन्छन् । दुवैले नै मार्क्सवाद–लेनिनवादको

---

*४१) हेनुहोस्: भी. आई. लेनिन– "के गर्ने ?"*

*४२) हेनुहोस्: जे.भी. स्तालिन– "सेन्ट्रल कमिटी र सेन्ट्रल कन्ट्रोल कमिशनको अप्रेलको संयुक्त प्लेनमका कार्यहरू" ।*

सार्वभौम सत्यलाई चिनियाँ क्रान्तिको ठोस व्यवहारबाट काटिदिएका छन् । दुवैले नै द्वन्द्वात्मक एतिहासिक भौतिकवादको उल्लंघन गरेका छन् र आंशिक एवम् सापेक्षिक सच्चाइहरूलाई सार्वभौम एवम् निरपेक्ष सत्यको रूपमा बढाई चढाई पेश गरेका छन् । समग्रमा, दुवैको सोचाई वस्तुगत, वास्तविक परिस्थितिहरूसँग मेल खाँदैन । त्यसैले दुवै नै चिनियाँ समाज र चिनियाँ क्रान्तिको बारेमा कैयौं गलत धारणाहरूको भागिदार बनेका छन्,(उदाहरणकोलागि शहरहरू गुरुत्वाकर्षण केन्द्र हुनेबारे उनीहरूको गलत धारण, वास्तविक परिस्थितिहहरूलाई ध्यान नदिई "स्थायी" युद्धको बारेमा उनीहरूका गलत धारणहरू) । यो त्यही विचारधारात्मक स्रोत थियो जसले कमरेडहरूका यी दुई भिन्न समूहहरूबीच सहयोगको सम्भावना रह्यो । आफ्नो सीमित र संकीर्ण अनुभवहरूको कारण अधिकांश अनुभववादीहरूसँग सामान्य प्रकृतिका समस्याहरूमाथि कुनै पनि स्वतन्त्र, स्पष्ट र व्यवस्थित दृष्टिकोण थिएन । त्यसैले उनीहरूले जडसूत्रवादीहरूका कनिष्ट सहयोगीका रूपमा आफ्नो भूमिका निभाइरहे । तर, हाम्रो पार्टीको इतिहास यो प्रमाणित गर्छ कि अनुभववादीहरूको सहायोगविना जड्सूत्रवादीहरूका लागि पूरा पार्टीमा आफ्नो विष फैलाउन सजिलो थिएन र जडसूत्रवादको पराजयपछि पार्टीमा मार्क्सवाद–लेनिननवादको विकासको बाटोमा अनुभववाद नै मुख्य अवरोध बनेको थियो । त्यसैले हामीले मनोगत जडसुत्रवादलाई जस्तै मनोगत अनुभववादलाई पनि परास्त गर्नुपर्छ । जडसूत्रवादी र अनुभववादी दुवै विचारधारहरूमाथि पूर्ण विजय प्राप्त गरेर मात्र मार्क्सवादी–लेनिनवादी लाइन र कर्यशैली टाढा–टाढासम्म र सम्पूर्ण पार्टीमा गहिरो जरा गाड्न सक्छ । राजनैतिक, सामरिक, सांगठनिक र विचारधारात्मक चारै पक्षहरू साथै माथि जुन गल्तीहरूको चर्चा गरिएका छन् ती विभिन्न "वामपन्थी" लाइनहरूको खासगरी तेस्रो लाइनका मूलभूत गल्तीहरू थिए । मार्क्सवादी लेनिनवादी द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादको उल्लंघनबाट मनोगतवाद र औपचारिकतावाद तथा जडसूत्रवाद र अनुभववादबाट नै राजनैतिक, सामरिक र सांगठनिक गल्तिहरूको विचारधारात्मक शाखाहरू निस्केका थिए ।

यो विस्तारित सातौं प्लेनरी सत्रले चिन्हित गर्दछ कि विभिन्न "वामपन्थी" लाइनहरूका गल्तीहरूलाई नकार्न कमरेड माओ त्सेतुङको यस निर्णयलाई हामीले आफ्नो दिमागमा राख्नुपर्छ र यसको पालना गर्नुपर्छ कि "**सबै**

**प्रश्नहरूको विश्लेषण गर, हरेक कुरालाई अस्वीकार नगर**"[४३]। यो ध्यान दिन योग्य छ कि जो कमरेडहरू यी गल्तीहरूले ग्रस्त थिए, उनीहरू आफ्ना सबै विचारहरूमा गलत थिएनन्, उनीहरूका केही विचारहरू चाहे त्यो साम्राज्यवाद र सामन्तवादसँगको संघर्षका बारेमा होस् वा कृषि क्रान्तिको बारेमा होस् वा च्याङ काइ शेक विरुद्धको यद्धको बारेमा होस, त्यो सही लाइनको पक्षमा भएका साथीहरूको विचारसँग मेल खान्थ्यो । यो पनि ध्यान दिनु पर्छ कि तेस्रो "वामपन्थी" लाइन जसको कारण पार्टी र क्रान्तिले ठूलो क्षति उठाउनुपर्‍यो, पार्टीले त्यसै समयमा धेरै क्षेत्रहरूमा व्यवहारिक कार्यहरूमा महान् सफलताहरू प्राप्त गर्‍यो (उदहरणको लागि युद्ध कौशलमा, सेनाको निर्माणमा, युद्धको गतिशलितामा, राजनैतिक सत्ताको निर्माणमा र श्वेत इलाकाहरूको काममा)। यसको श्रेय कार्यकर्ताहरू र सदस्यहरूको विशाल संख्याद्वारा सैनिकहरू र जनसमूहसँग मिलेर गरिएको व्यवहारिक कार्य र साहसपूर्ण संघर्षहरूलाई दिनुपर्छ । यी उपलब्धिका  कारण नै हामी यी वर्षहरूमा शत्रुको आक्रमणविरुद्ध लगातार संघर्ष संचालन गर्न र तिनीहरूलाई कडा चोट पुर्‍याउन सफल भयौं तर यी गलत लाइनहरूको प्रभुत्वका कारण नै अन्तमा यी उपलब्धिहरू नष्ट भए । पार्टी र जनता सधैं ती नेताहरूलाई, पार्टीभित्र र बाहिरका कार्यकर्ताहरूलाई, सबै पार्टी सदस्यहरूलाई र विशाल जनसमूहलाई जसले गलत लाइनहरूको प्रभुत्व कालमा पार्टी  र जनताको हितमा वीरतापूर्वक बलिदानी गरे, उनीहरूलाई त्यसरी नै सम्मानपूर्वक सम्झना गर्नेछ जसरी पार्टी इतिहासको विभिन्न समयमा आफ्ना जीवनको आहुति दिएकाहरूलाई सम्झिइन्छ ।

## पाँच

वामपन्थी लाइनको माथि चर्चा गरिएका चारै पक्षहरूका गल्ती कुनै आकस्मिक घटना थिएनन् । यिनीहरूको गहिरो सामाजिक जराहरू थिए । जसरी कमरेड माओ त्सेतुङको प्रतिनिधित्वमा सही लाइनले चिनियाँ सर्वहाराको अगुवा दास्ताको विचारधारालाई प्रतिविम्बित गर्दथ्यो, त्यसरी नै "वामपन्थी" लाइनले चिनियाँ निम्नपूँजीवादी जनवादीहरूको विचारधारा प्रतिविम्बित गर्दथ्यो । अर्धसामन्ती अर्धऔपनिवेशिक चीन एउटा यस्तो देश हो जसमा

---

*४३) हेनुहोस् : माओ त्सेतुङ– "हाम्रो अध्ययन र वर्तमान परिस्थिति" ।*

निम्न पूँजीपतिवर्गको एउटा ठूलो हिस्सा मौजुद छ । हाम्रो पार्टी यस विशाल तप्काद्वारा घेरिएको मात्र होइन बरु पार्टिभित्र पनि सदस्यहरूको अधिकांश भाग (हिस्सा) निम्न पूँजीपतिवर्गबाट आएका छन् । यसको कारण यो हो कि निम्न पूँजीवादी क्रान्तिकारी जनवादीहरूको ठूलो संख्या कंगाल बन्दै गएका छन् र तिनीहरूको सर्वहाराकरण भएको छ तथा चीनमा रुसी अक्टोबर क्रान्तिपछि मार्क्सवाद–लेनिनवादको महान् विजयहरू, चीनको वर्तमान सामाजिक–राजनैतिक परिस्थितिहरू र खासगरी क्वोमिन्ताङ र कम्युनिष्ट पार्टीको ऐतिहासिक विकासको कारण एउटा मजबूत निम्न पूँजीवादी राजनैतिक पार्टी बन्न असम्भव भएको छ । यसबाहेक चीनको आर्थिक स्थितिहरूमा मजदुरहरू र मजदुरवर्गबाट आएका पार्टी सदस्यहरूमा पनि निम्न पूँजीवादी रगत पाइन्छ । त्यसैले यो आश्चर्यजनक छैन, बरु अपरिहार्य छ कि पार्टीभित्र निम्न पूँजीवादी विचारधारा आफ्नो सबै रूपहरू र आकारहरूमा अक्सर प्रतिविम्बित हुन्छ ।

पार्टीबाहिर निम्न पूँजीवादी जनसमूहमा ती किसानहरूसहित, जो चीनको पूँजीवादी जनवादी क्रान्तिको मुख्य शक्ति हो, शहरी निम्न पूँजीपतिवर्ग पनि वर्तमान स्थितिमा क्रान्तिको प्रेरक शक्तिहरूमध्ये एक हो, किनकि यसको एउटा विशाल संख्या सबै प्रकारका अत्याचारहरूको शिकार भएको छ । यो लगातार तीव्र गतिमा गरीबी, दिवालियापन र बेरोजगारीतर्फ धकेलिइरहेको छ र आर्थिक, राजनैतिक जनवादको माग उनीहरूको लागि अनिवार्य छ । तर एउटा संक्रमणशीलवर्गको रूपमा निम्न पूँजीपतिवर्गको दोहोरो चरित्र हुन्छ । यसको असल र क्रान्तिकारी पक्ष यस वर्गको विशाल बहुसंख्या तथा सर्वहाराको राजनीति एवम् सांगठनिक प्रभावहरू, यहाँसम्म कि विचारधारात्मक प्रभावहरूप्रति पनि ग्रहणशील हुनुपर्छ । वर्तमानमा उनीहरूले जनवादी क्रान्तिको माग गर्छन् र यसको लागि एकजुट हुन र लड्न सक्षम छन् तथा भविष्यमा उनीहरू सर्वहारासँगै समाजवादतर्फ अग्रसर हुन सक्छन् । तर जहाँसम्म यसको खराब र पिछडिएको पक्षको कुरा छ, यस वर्गमा अनेकौं प्रकारका कमजोरीहरू भएका छन् । जसले उनीहरूलाई सर्वहारावर्गबाट अलग गरिदिने मात्र होइन, बरु जब सर्वहारावर्गको नेतृत्व प्राप्त हुँदैन तब क्याम्प बदलेर उदार पूँजीपतिवर्ग या पूँजीपतिवर्गका प्रभावमा पर्दछन र उनीहरूको शरणमा जान्छन् । त्यसैले वर्तमानमा सर्वहारा र यसको अग्रदस्ता– कम्युनिष्ट पार्टीले पार्टीबाहिरका निम्न पुँजिपितिवर्गसँग एउटा अटुट र व्यापक गठबन्धन

बनाउनुपर्छ, उनीहरूसँग व्यवहारमा लचिलोपना अपनाउनुपर्छ र उनीहरूको उदार विचारहरू र उनीहरूको कार्यशैलीप्रति नरम नीति अवलम्बन गर्नुपर्छ। जबसम्म उनीहरूले शत्रुविरुद्धको संघर्षमा बाधा पुऱ्याउँदैनन् अथवा साझा सामाजिक जीवनलाई भंग गर्दैनन्, तबसम्म हामीले उनीहरूसँगको सहयोगलाई मजबूत बनाउनका लागि उनीहरूको उचित प्रशिक्षण पनि गर्नुपर्छ।

तर ती निम्न पूँजीपतिवर्गबाट आउने मान्छेहरूको मामला बिल्कुल फरक छ, जसले स्वेछापूर्वक आफ्नो वर्गदृष्टिकोण परित्याग गरी सर्वहाराको पार्टीमा सहभागी भएका छन्। उनीहरूसँग पार्टीले छुट्टै नीति अपनाउनु पर्छ जो पार्टी बाहिरका निम्न पूँजीपतिवर्गका मन्छेहरूप्रति अपनाइने नीतिभन्दा सिद्धान्तः भिन्न हुनुपर्छ। यस्ता मान्छेहरू शुरुदेखि नै सर्वहारावर्गको धेरै नजिक हुन्छन् र उनीहरू स्वेच्छापूर्वक पार्टीमा सहभागी हुन्छन्। उनीहरू पार्टीमा मार्क्सवाद–लेनिनवादको शिक्षाले र क्रान्तिकारी जनआन्दोलनमा खारिएर आफ्नो विचारधारामा विस्तार–विस्तार सर्वहारा हुन सक्छन् र उनीहरू सर्वहारा शक्तिको एउटा असल सेवक र सहयोगी सावित हुन सक्छन्। वास्तवमा, पार्टीमा सामेल भएका पूँजीपतिवर्गबाट आएका धेरैजनाले बहादुरीपूर्वक लडेका छन्, पार्टी र जनताको लागि बलिदानी दिएका छन्, विचारधारामा प्रगति गरेका छन् र तिनीहरूमध्ये कैयौं पहिल्यै मार्क्सवादी–लेनिनवादी बनिसकेका छन्। हो, यस कुरामा जोड दिनुपर्छ कि त्यस निम्न पूँजीपतिवर्गको क्रान्तिकारी चरित्र, जसको अझसम्म सर्वहाराकरण भएको छैन, सर्वहाराको क्रान्तिकारी चरित्र भन्दा मूलतः फरक हुन्छ र यो चरित्रिक भिन्नताले एउटा शत्रुतापूर्ण रूप लिन सक्छ। निम्न पूँजीवादी चरित्र भएका पार्टी सदस्य पार्टी संगठनसँग जोडिए पनि अझसम्म उनीहरू पार्टीको विचारधारसँग जोडिन सकेका छैनन् वा पूर्ण रूपले जोडिन सकेका छैनन् र अक्सर गरी उनीहरू मार्क्सवादी–लेनिनवादीको भेषमा उदारवादी, सुधारवादी, अराजकतावादी, **ब्लांकीपन्थी**[४४] हुन्छन्। यस्तो मामलामा उनीहरू भविष्यको चिनियाँ कम्युनिष्ट आन्दोलनलाई जीततर्फ लैजानमा असक्षम मात्र होइन बरु आजको नयाँ जनवादी आन्दोलनलाई

---

४४) *ब्लांकिवाद क्रान्तिकारी दुस्साहसवादको विचारधार हो जो फ्रान्समा अगस्त ब्लांकी (१८०५-८१)द्वारा प्रस्तुत गरियो। ब्लांकीवादीले वर्गसंघर्षलाई अस्वीकार गर्छन्। र, यो कल्पना गर्छन् कि संसार पूँजीवादी लूटतन्त्रबाट मुक्त सर्वहाराले चलाएको संघर्षद्वारा होइन बरु मुट्ठीभर बुद्धिजीवीहरूको षड्यन्त्रबाट हुन्छ।*

पनि विजयतर्फ अघि बढाउन समेत असक्षम छन् । यदि सर्वहाराको अगुवा तत्त्वले मार्क्सवादी–लेनिनवादी विचारधार र निम्न पूँजीपति वर्गबाट आएका पार्टी सदस्यहरूको मूल विचारधाराबीच स्पष्ट र मजबुत विभाजक रेखा कोर्दैन र उनीहरूलाई शिक्षित गर्दैन, उनीहरूसँग धैर्यपूर्वक, गम्भीर तर उचित संघर्ष चलाउँदैन भने उनीहरूद्वारा निम्न पूँजीवादी विचारधारालाई नियन्त्रण गर्न असम्भव हुन्छ । बरु यस्तो पनि हुन सक्छ कि यी सदस्य अपरिहार्य रूपले सर्वहाराको अग्रदस्तालाई आफ्नो रंगतमा ढाल्न र पार्टी नेतृत्व हत्याउन अग्रसर होउन र यसरी पार्टी  र जनताको हितलाई क्षति पुऱ्याउन लागुन् । पार्टीबाहिर जति बढी निम्न पूँजीपतिवर्ग हुन्छन् र जति बढी संख्यामा निम्न पूँजीपतिवर्गबाट आएका पार्टी सदस्यहरू हुन्छन्, त्यति नैं कठोरतासाथ पार्टी सर्वहाराको अग्रदस्ताको रूपमा आफ्नो शुद्धताको रक्षा गर्नुपर्छ । यसमा असफल भएमा निम्न पूँजीवादी विचारधाराले पार्टीमा अधिक हल्ला खल्ला गरी हमला गर्नेछ र यसले कैयौं बढी क्षति पुऱ्याउनेछ । हाम्रो पार्टीको इतिहासमाा सही लाइन र विभिन्न गलत लाइनहरूबीचको संघर्ष पार्टी बाहिर चल्ने वर्गसंघर्षको सारको प्रतिफल हुन्छ पार्टीभित्रको वामपन्थी लाइनहरूको राजनैतिक, सामरिक, सांगठनिक र विचारधाराकै घनीभूत प्रतिविम्ब हो । यस प्रश्नलाई तीन आयामहरूमा विशलेषण गर्न सकिन्छ ।

**पहिलो, चिन्तन विधिः** निम्न पूँजीवादी चिन्तन विधिले समस्याहरूलाई मनोगत र एकपक्षीय तरिकाले हेर्छ अर्थात् यसले वर्गशक्तिहरूको सन्तुलनको वस्तुगत स्पष्ट तस्वीरबाट शुरु गर्दैन बरु मनोगत इच्छाहरू, प्रभावहरू र खोक्रो चर्चाहरूलाई वास्तविकता मान्दछ । एउटा पक्षको सच्चाइलाई पूरा सच्चाइ मान्दछ, अंशको बुझाईलाई पूर्णको बुझाइ मान्दछ र रुखलाई जंगल मान्दछ । उत्पादनको वास्तविक प्रक्रियाबाट अलग्गिएको कारण निम्न पूँजीवादी बुद्धिजिवी केवल किताबी ज्ञानमात्र राख्दछ र प्रत्यक्ष ज्ञानविहीन हुन्छ । त्यसैले यिनीहरूको चिन्तनको तरिका माथि वर्णन गरिएको जडसूत्रवादमा ब्यक्त हुन्छ । यद्यपी यिनीहरूले केही प्रत्यक्ष ज्ञान राखे पनि उत्पादनसँग जोडिएको निम्न पूँजीवादी तत्त्व निम्न उत्पादनको चारित्रिक सीमा-संकीर्णता, अस्पष्टता, एक्लोपन र रुढिवादले ग्रस्त रहन्छन् । त्यसैले यिनीहरू आफ्नो चिन्तनको ढंग अनुभववाद (जसको माथि  चर्चा भएको छ) मा व्यक्त गर्न अभिशप्त हुन्छन् ।

**दोस्रो, राजनैतिक प्रवृत्तिः** निम्न पूँजीपतिवर्गको राजनैतिक प्रवृत्ति यिनीहरूको जीवन अनुरुप, ढुलमूलेपन- “वामपन्थ” र दक्षिणपन्थबीच व्यक्त

हुन बाध्य छ । यसैको परिणमस्वरूप उनीहरूको अभिव्यक्ति चिन्तनगत रूपमा मनोगतवाद र एकांकीपनमा हुन्छ । निम्न पूँजीपतिवर्गका अनेक प्रतिनिधि आफ्नो वर्तमान जीवन स्तरमा तीब्र परिवर्तनको अभिलाषा राख्छन् त्यसैले क्रन्तिको तत्काल विजयको आशा गर्छन् । त्यसकारण, उनीहरूमा दीर्घकालीन साहसपूर्ण क्रान्तिकारी संघर्षको लागि धैर्य हुँदैन, उनीहरू वाम क्रान्तिकारी लफ्फाजी र नाराहरूको सौखिन हुन्छन् । आफ्ना भावनाहरू र कामहरूमा ढोका बन्दवाद र दुस्साहसवादको शिकार हुन्छन् । यसले पार्टीमा प्रतिविम्बित भएर निम्न पूँजीवादी प्रवृत्ति "वामपन्थी" लाइनको विभिन्न गल्तीहरूको जन्म दिन्छ । यी गल्तीहरू ती प्रश्नहरूमा हुन्छन् जसको चर्चा माथी गरिएको छ । उदाहरणकोलागि क्रान्तिको कार्यभारका बारेमा, क्रान्किारी आधार–क्षेत्रहरूको बारेमा, रणकौशलको दिशा र सामरिक लाइनका बारेमा ।

तर यिनै निम्न पूँजीवादी क्रान्तिकारीहरूको सामना जब एउटा भिन्न परिस्थितिसँग हुन्छ या निम्न पूँजीवादी क्रान्तिकारीहरूको कुनै अर्को तप्कासँग हुन्छ, तब उनीहरू निराशा र हताश भावनाबाट ग्रस्त हुन सक्छन् । र, दक्षिणपन्थी भावनाहरू एवम् विचारहरू व्यक्त गर्दै पूँजीपतिवर्गको पिछलग्गु हुन सक्छन् । १९२४ देखि २७ को क्रान्तिपछि छन तू-श्यूवाद, कृषि क्रान्तिपछि चाङ को–थाओवाद र लामो अभियानको शुरुआतमा उडानवाद, यी सबै पार्टीभित्र निम्न पूँजीपतिवर्गको दक्षिणपन्थी विचारधाराको प्रतिविम्ब थिए र जापान–विरोधी प्रतिरोध युद्धको क्रममा समर्पणवादी विचार पुनः एकपक प्रकट भयो । सामान्य रूपले हेर्दा "वामपन्थी" गल्तीहरू हुने सम्भावना त्यतिखेर बढी हुन्छ जब पूँजीपतिवर्ग र सर्वहारावर्गबीच फूट हुन्छ । (उदाहरणको लागि, कृषि क्रन्तिको क्रममा पार्टीको नेतृत्वकारी निकायमा कम्तिमा तीनपटक हावी भएको वामपन्थी लाइनका गल्तीहरू), जब कि दक्षिणपन्थी गल्तीहरू हुने सम्भावना त्यस क्रममा अधिक हुन्छ जब पूँजीपतिवर्ग र सर्वहारावर्गबीच सहयोग हुन्छ । (उदाहरणको लागि, १९२४ देखि २७को क्रान्तिपछि र जापान विरोधी प्रतिरोध युद्धको शुरुतिर), यी प्रवृत्तिहरूले क्रन्तिलाई होइन, बरु प्रतिक्रान्तिलाई नै लाभ पुऱ्याउँछन् । "वामपन्थी" अथवा दक्षिणपन्थी प्रति ढुलमूलपन, अति तर्फ जाने लालचा, कुनै सारतत्त्वविना तडकभडक र अवसरवादको दलदलमा चिप्लनु, यी सबै जुन परिवर्तित अवस्थाको दबाबमा हुन्छन्, निम्न पूँजीवादी विचारधाराको खराब पक्षका लक्षणहरू हुन् । यी सबै विचारधाराको क्षेत्रमा निम्न पूँजीपतिवर्गको अस्थिर आर्थिक स्थितिको प्रतिविम्ब हुन् ।

**तेस्रो, सांगठनिक जीवनः** सामान्य रूपमा निम्न पूँजीपतिवर्गको जीवनशैली र उसको चिन्तन पद्धतिका सीमाहरू र खासगरी चीनको पिछडिएको र विकेन्द्रित सामाजिक वातावरण तथा यसका खानदान एवम् श्रेणीहरूका कारण सांगठनिक जीवनमा निम्न पूँजीवादी प्रवृत्तिले आफूलाई व्यक्तिवाद र क्षेत्रवादमा अभिव्यक्त गर्न विवश छ, जसले जनतामा फूट पार्दछ । यो प्रवृत्ति जब पार्टीमा प्रतिविम्बित हुन्छ तब गलत "वामपन्थी" सांगठनिक लाइनसम्म पुग्छ, जसको चर्चा माथि गरिएको छ । यस तथ्यले कि पार्टीले लामो समयसम्म ग्रामिण क्षेत्रहरूमा असंगठित छापामार युद्ध चलाइरहेको थियो, यस प्रवृत्तिलाई बढ्न सजिलो बनायो । यस प्रवृत्तिमा पार्टीको लागि निस्वार्थ भावले काम गर्नुको सट्टा पार्टी र जनताको शक्तिलाई आफ्नो व्यक्तिगत र संकुचित उद्देश्यहरूको लागि प्रयोग गर्नु तथा पार्टी एवम् जनताको हितलाई घाटा पुऱ्याउने उद्देश्य निहित छ । त्यसैले यो प्रवृत्ति जनतासँग पार्टीको घनिष्टताको सिद्धान्तसँग असंगत छ । पार्टीको जनवादी केन्द्रीयता र पार्टीको अनुशासनको विरोधी छ । यो प्रवृत्तिले अक्सरगरी नोकरशाही, कुलीनतावाद, दण्डनीति, अधिकारवाद, व्यक्तिवादी नायकवाद, अर्धअराजकता, उदारतावाद, अतिजनवाद, "स्वन्त्रता"को दुराग्रह, श्रेणी मानसिकता, **पहाडी दुर्ग**[४५] मानसिकता, आफ्नो शहरका साथीहरू या सहपाठीहरूप्रति पक्षपात, गुटहरूको कुरा सुन्नु र धूर्ततापूर्ण छलकपट आदि रूप ग्रहण गर्दछ जसले पार्टीको जनतासँगको एकता तथा उसको आन्तरिक एकतालाई कमजोर पार्दछ ।

निम्न पूँजीपतिवर्गको विचारधाराको तीन आयामहरू यी हुन्– विचारधारामा मनोगतवाद, राजनीतिमा "वामपन्थी" र दक्षिणपन्थी भड्काव र संगठनमा संकीर्णतावाद जो हाम्रो पार्टीमा बेला–बेलामा प्रकट भइरहेका छन् । स्पष्टतः निम्न पूँजीवादी विचारधारको मार्क्सवाद–लेनिनवादविरोधी र सर्वहाराविरोधी अभिव्यक्तिहरू छन्, चाहे त्यो एउटा लाइनको रूपमा ठोस आकार ग्रहण गरेको होस् वा नहोस् तथा पार्टीको नेतृत्वमाथी नियन्त्रण प्राप्त गरेको होस् वा नहोस् । अतः पार्टी र जनताको हितमा यो अत्यन्त आवश्यक छ कि पार्टीभित्र निम्न पूँजीवादी विचारधाराको विश्लेषण गर्न, यसमाथि नियन्त्रण कायम गर्न र यसलाई सर्वहारा विचारधारामा रूपान्तरित गर्न सही शिक्षण–प्रशिक्षणको पद्धति प्रयोग गरियोस् ।

*४५) "पहाडी दुर्ग" मानसिकताको लागि हेर्नुहोस्: "हाम्रो अध्ययन र वर्तमान परिस्थिति" ।*

## छ

उपरोक्त विवरणबाट यो स्पष्ट हुन्छ कि विभिन्न "वामपन्थी" लाइनहरू विशेषतः तेस्रो "वामपन्थी" लाइन जसले सम्पूर्ण पार्टीमाथि वर्चश्व स्थापित गरेको थियो, कुनै दुर्घटना थिएन, बरु विशिष्ट सामाजिक एवम् ऐतिहासिक परिस्थितिहरूको उपज थियो। त्यसैले यदि हामीले भ्रान्तिपूर्ण "वामपन्थी" अथवा दक्षिणपन्थी विचारधाराहरूबाट छुटकारा पाउनु छ भने हामीले यसप्रति न त लापरवाही गर्नसक्छौं न त उत्ताउलोपन। यसबाट छुटकारा पाउन सम्पूर्ण पार्टीले मार्क्सवाद–लेनिनवादमा पोख्त बन्न र सर्वहारा एवम् निम्नपूँजीवादी विचारधारमा फरक छुट्याउने क्षमताको विकास गर्न, अन्तरपार्टी जनवादलाई पूर्णरूपले लागू गर्न, गल्तिहरू र त्यसबाट हुने खतराहरूको ठोस विश्लेषण गर्न एवम् त्यसको ऐतिहासिक र विचारधारात्मक स्रोतलाई पहिल्याउन तथा त्यसलाई सुधार्ने उपायहरू बुझ्नु अनिवार्य छ। मार्क्सवादी-लेनिनवादीहरूका लागि पार्टीभित्रका गल्तीहरूबाट छुटकारा पाउने यो नै उचित तरीका हो। यो विस्तारित सातौं प्लेनरी सत्र यो उल्लेख गर्छ कि कमरेड माओ त्सेतुङले आज सम्पूर्ण पार्टीको शुद्धीकरण आन्दोलनकालागि र पार्टी इतिहासको अध्ययनकालागि जुन नीति अपनाउनुभएको छ, त्यो पार्टीभित्रका गल्तीहरूबाट मुक्त हुन मार्क्सवादी–लेनिनवादीहरूको सही तरिकाको एक प्रारूप हो। यो नीति हो– भविष्यमा गल्तीहरूबाट बच्न अतितका गल्तीहरूबाट पाठ सिक र रोगीलाई बचाउन रोगको उपचार गर तथा विचारधारामा स्पष्टता र कमरेडहरूबीच एकता कायम गर। त्यसैले, यसले विचारधारात्मक, राजनैतिक एवम् सांगठनिक रूपबाट सम्पूर्ण पार्टीको एकता र त्यसको स्तरलाई माथी उठाउनमा महत्त्वपूर्ण उपलब्धिहरू हासिल गर्न मद्दत गरेको छ।

यो विस्तारित सातौं प्लेनरी सत्र यस कुरातर्फ ध्यान दिलाउन चाहन्छ कि पार्टीले आफ्नो इतिहासमा छन तू–श्यूवाद र ली ली–सानवादको विरुद्ध जुन संघर्ष चलायो, त्यो अत्यन्त आवश्यक थियो। यी संघर्षहरूमा यो कमी थियो कि यसलाई पार्टीमा गम्भीर अवस्थामा रहेको निम्न पूँजीवादी विचारधारालाई ठीक गर्ने एउटा गम्भीर कदम मानेर सचेतन रूपले चलाइएन। परिणामस्वरूप न त गल्तीहरूको विचारधारात्मक सार र त्यसको स्रोतलाई पूर्णरूपले स्पष्ट गरीयो न त त्यसलाई सुधार्ने तरिकाहरूलाई ठीकसँग प्रष्ट्याइयो। त्यसैले, ती गल्तीहरूको पुनरावृत्ती ज्यादै सहज थियो। यतिमात्र होइन, व्यक्तिगत जिम्मेवारीहरूमाथि अनावश्यक जोड दिइयो, जस्तो कि एकपटक

कुनै गल्ती गरेको कमरेडमाथि आक्रमण गरेपछि समस्याको सामाधान भयो भन्ने सोचियो । छैठौं केन्द्रीय समितिको चौथो प्लेनरी सत्रको क्रममा र त्यसपछिका गल्तीहरूको परीक्षण गर्दै, पार्टी यो मान्दछ कि भविष्यमा अन्तरपार्टी विचारधारात्मक संघर्षको क्रममा यी कमजोरीहरूलाई हटाउनु आवश्यक छ र कमरेड माओ त्सेतुङको नीतिलाई पूर्णरूपले लागू गर्नु अनिवार्य छ । यदि कुनै कमरेडले अतितमा आफूबाट भएको गल्तीलाई बुझ्दछन् र त्यसलाई सच्याउन शुरु गर्छन् भने हामीले बिना कुनै पूर्वाग्रह त्यसको स्वागत गर्नुपर्छ र पार्टीको लागि काम गर्न ऊसँग एकता कायम गर्नुपर्छ । हामीले ती कमरेडहरूप्रति पनि गम्भीर र मित्रवत् व्यवहार गर्नुपर्छ, जसले अझसम्म पनि आफ्ना गल्तीहरूलाई ठीक तरिकाले बुझेका छैनन् र सुधारेका छैनन् तर ती गल्तीहरू धेरै अघि देखि भएका छैनन् । साथै, हामीले गल्तीहरू स्वीकार्न र सुधार्न उनीहरूलाई सहयोग गर्नुपर्छ । आज हाम्रो पार्टी कमरेड माओ त्सेतुङको नेतृत्ववाला केन्द्रीय समितिको पक्षमा छ । त्यसैले, अब सम्पूर्ण पार्टीको कार्यभार यो हो कि त्यो विचारहरूमा स्पष्टता र सिद्धान्तमा मजबुत पकडमार्फत् आफ्नो एकतालाई सुदृढ बनाइयोस् । यस प्रस्तावको दोस्रो भागअनुसार हामी यो भन्न सक्छौं कि सम्पूर्ण पार्टी एउटा सुसंगत परिवार जस्तै, ठोस स्पातजस्तै एकताबद्ध होस् ता कि जापान–विरोधी प्रतिरोध युद्धमा अन्तिम जीत हासिल गर्न र चिनियाँ जनताको पूर्ण मुक्तिका लागि संघर्ष गर्न सकियोस् । **पार्टी इतिहासको सवालहरूसँग सम्बन्धित हाम्रो पार्टीको हरेक विश्लेषण, आलोचना, र मतभेदको प्रस्थानविन्दु एकताको इच्छा र एकतासम्म पुग्न हुनुपर्छ ।** यस सिद्धान्तको अलिकति पनि उल्लंघन गलत हो, किनकि पार्टीमा निम्न पूँजीवादी विचारधाराको सामाजिक स्रोत विद्यमान छ र पार्टीले लामो समयदेखि गाउँहरूमा प्रतिरोधित एवम् विश्रृङ्खलित छापामार युद्धको वातावरणमा काम गरिरहेको छ, जडसूत्रवाद र अनुभववादको वैचारिक अवशेष अहिले पनि विद्यमान छ र विशेष गरी अनुभववादको ओलोचना अपर्याप्त भएको छ, तथा गम्भीर संकीर्णतावादबाट पार्टी मूलतः मुक्त भए पनि संकीर्णताको प्रवृत्तिहरूले युक्त पहाडी दुर्ग मानसिकताको अझ पनि व्यापक प्रभाव विद्यमान छ । त्यसैले सम्पूर्ण पार्टी यस सच्चाइप्रति सावधान रहनुपर्छ कि यदि पार्टीलाई मार्क्सवादी–लेनिनवादी विचारधाराको आधारमा पूर्णरूपले एकताबद्ध गर्नुछ भने गलत विचारहरूबाट छुटकारा पाउन संघर्षको दीर्धकालीन प्रंक्रिया अपनाउनुपर्छ । त्यसकारण, यो विस्तारित सातौं प्लेनरी सत्र यो प्रस्तावित गर्छ कि सम्पूर्ण पार्टीको मार्क्सवादी–लेनिनवादी वैचारिक शिक्षालाई मजबूत पार्न तथा मार्क्सवाद–लेनिनवादलाई चिनियाँ क्रान्तिको व्यवहारसँग जोड्नमा जोड दिनु

अनिवार्य छ ता कि सही पार्टी कार्यशैलीलाई अझ विकसित गर्न तथा जडसूत्रवाद, अनुभववाद, संकीर्णतावाद र पहाडी दुर्ग मानसिकता जस्ता प्रवृत्तिहरूबाट पूर्णरूपले छुटकारा पाउन सकियोस् ।

## सात

यो विस्तारित सातौं प्लेनरी सत्र यस कुराको जोड्दार घोषणा गर्छ कि चिनियाँ क्रान्तिको पछिल्ला चौबीस वर्षहरूको व्यवहारले यस कुरा प्रमाणित गरेको छ र आज पनि प्रमाणित गर्दछ कि कमरेड माओ त्सेतुङद्वारा प्रतिपादित लाइन, सारा देशका जनता र हाम्रो पार्टीको संघर्षको लाइन एकदम सही छ । वर्तमान प्रतिरोध युद्धमा हाम्रो पार्टीलाई मिलेको महान् सफलताहरू र यस क्रममा पार्टीद्वारा निर्वाह गरिएको निर्णायक भूमिका यस लाइन सही हुनुको जीवन्त प्रमाण हो । पछिल्ला चौबीस वर्षहरूमा भएका तूफानी विकास, महान् उपलब्धिहरू र ठूला सफलताहरूलाई मध्यनजर राख्दै पूरा चिनियाँ क्रान्तिको तुलनामा छोटो अवधिमा पार्टीमा भएका "वामपन्थी" र दक्षिणपन्थी गल्तीहरू केवल आंशिक परिघटना थिए ।

त्यस समयमा जब पार्टीसँग पर्याप्त अनुभव र राजनैतिक समझदारीको कमी थियो, यस्ता परिघटनाबाट पूर्णतः बच्नु ज्यादै कठिन थियो । यसबाहेक, मुख्यतः संघर्षद्वारा नै यी गल्तीहरूबाट पार्टी मुक्त भयो जसले पार्टी दृढ र मजबूत भयो । आज अभूतपूर्व सर्वसहमतिका साथ पूरै पार्टी कमरेड माओ त्सेतुङको लाइन सही भएको कुरा स्वीकार गर्छ र अभूतपूर्व राजनैतिक चेतनाका साथ त्यसको झण्डामुनि गोलबन्द भइरहेको छ । जब–जब मार्क्सवादी–लेनिनवादी विचारधारा, जसको प्रतिनिधित्व कमरेड माओ त्सेतुङले गर्नुहुन्छ, अझ धेरै भन्दा धेरै कार्यकर्ताहरू, पार्टी सदस्यहरू र विशाल जनसमूहलाई आफ्नो प्रभावमा पार्दै जानेछ, पार्टी र चिनियाँ क्रान्तिले जबरजस्त विकास र अपराजेय शक्ति प्राप्त गर्नु अवश्यम्भावी हुनेछ ।

छैठौं केन्द्रीय समितिको यो विस्तारित सातौं प्लेनरी सत्र यस कुरासँग दृढतापूर्वक सहमत छ कि कमरेड माओ त्सेतुङको नेतृत्ववाला केन्द्रीय समितिको सही नेतृत्वमा चिनियाँ कम्युन्िष्ट पार्टीले जो तीनवटा क्रान्तिकारी संघर्षहरू– उत्तरी अभियान, कृषि क्रान्तिकारी युद्ध र जापान–विरोधी प्रतिरोध युद्धका अनुभवहरूले परिपूर्ण छ, चिनियाँ क्रान्तिलाई निश्चय नै त्यसको अन्तिम विजयसम्म लैजाने छ ।

# चिनियाँ कम्युनिष्ट पार्टीको पचासौ जयन्तीको स्मृतिमा

***[“जनदैनिक” (रनमिन रपाओ), “रातोझण्डा” (हुङछी) र “मुक्ति सेना”( च्येफाङच्युन)को १ जुलाइ, १९७१को सम्पादकीय लेखहरू”]***

चिनियाँ कम्युनिष्ट पार्टीले १ जुलाई, १९२१मा शंघाइमा आफ्नो प्रथम राष्ट्रिय कंग्रेसको आयोजना गरेको थियो, त्यस बेलादेखि आजसम्म पूरा ५० वर्ष बितिसकेको छ ।

चिनियाँ कम्युनिष्ट पार्टीको जन्मले चिनियाँ इतिहासको विकासमा एउटा नयाँ युगको आरम्भ गऱ्यो । १८४०को अफिमयुद्धदेखि १९१९को ४ मे आन्दोलनसम्म ठूला दु:खहरूले गर्दा चिनियाँ जनताले साम्राज्यवाद र सामन्तवादको उत्पीडनको प्रतिरोध गर्नकालागि ७० वर्षहरूभन्दा बढी समयसम्म बहादुरीपूर्ण संघर्षहरू चलाएका थिए । तर यी तमाम संघर्षहरू जसमा हुङ श्यू–छ्वेन र सन यात–सेनको नेतृत्वमा भएका ठूला क्रान्तिकारी आन्दोलन समावेश थिए जुन असफल भएका थिए । हामी महान् लेनिनप्रति आभारी छौं कि उहाँको नेतृत्वमा भएको १९१७को रुसी अक्टोबर समाजवादी क्रान्तिले मार्क्सवाद–लेनिनवादलाई चिनियाँ जनतासम्म पुऱ्यायो । मार्क्सवाद–लेनिनवाद चिनियाँ क्रान्तिकारी आन्दोलनसँग मिल्नाले चिनियाँ सर्वहारावर्गको अग्रिम दस्ता– चिनियाँ कम्युनिष्ट पार्टीको जन्म भयो । जस्तो कि अध्यक्ष मओले भन्नुभएको छ, “**चिनमा कम्युनिष्ट पार्टीको जन्म भयो यो एउटा युगान्तकारी घटना हो ।**” चिनियाँ कम्युनिष्ट पार्टीको स्थापनाको समयमा त्यसको मात्र केही दर्जन सदस्यहरू थिए जो केही कम्युनिष्ट समूहहरूमा संगठित थिए । तर उनीहरूले नवजात शक्तिको प्रतिनिधित्व गर्दथे र नवजात शक्ति स्वरूपमा सधैं अपराजेय हुन्छ । चाहे साम्राज्यवाद र क्वोमिन्ताङका जहाज र तोपहरू होस् या श्वेतआतंक र जासूसहरूका मनमानिहरू अथवा गद्दारहरू एवम् शत्रु एजेन्टहरूका षड्यन्त्र र तोडफोड, यी सबैले चिनियाँ कम्युनिष्ट पार्टीलाई अन्त गर्न सक्दैनन् । यसको ठीक विपरति, आधि शताब्दीको कठोर संघर्षपछि चिनियाँ कम्युनिष्ट पार्टी बृद्धि भएर यस्तो एउटा पार्टी बनिसकेको छ जो चिनियाँ जनगणराज्यको नेतृत्व गर्दछ । पुरानो अर्धऔपनिवेशिक र अर्धसामन्ती चीन अब प्रारम्भिक रूपमा समृद्ध नयाँ समाजवदी चीनमा रूपान्तरित भइसकोको छ ।

चिनियाँ कम्युनिष्ट पार्टीको ५० वर्षहरूको इतिहासले यो प्रमाणित गर्दछ कि कुनै एक राजनैतिक पार्टीको सफलता वा असफलता त्यसको कार्यदिशाले निर्धारित गर्दछ। यदि कार्यदिशा सही छैन भने राजनैतिक सत्ता कब्जा गरेपछि पनि त्यो हातबाट उम्कन सक्छ। यदि कार्यदिशा सहि छ भने राजनैतिक सत्ता नभए पनि त्यसलाई प्राप्त गर्न सकिन्छ। तर सही कार्यदिशा न त आकाशबाट वर्षन्छ न त आफै शान्तिपूर्ण ढंगबाट जन्माएर विकसित गर्न सकिन्छ, बरु त्यो गलत कार्यदिशाहरूको तुलनामा रहिरहन्छ र त्यो संघर्षमार्फत् विकसित हुन्छ।

चिनियाँ कम्युनिष्ट पार्टीको नवौं राष्ट्रिय कंग्रेसमा प्रस्तुत प्रतिवेदनमा भनिएको छः "चिनियाँ कम्युनिष्ट पार्टीको इतिहास अध्यक्ष माओको मार्क्सवादी–लेनिनवादी कार्यदिशाहरूद्वारा पार्टीभित्र दक्षिणपन्थी र "वामपन्थी" अवसरवादी कार्यदिशाहरूविरुद्ध गरिएको संघर्षको इतिहास हो। अध्यक्ष माओको नेतृत्वमा हाम्रो पार्टीले छन तू–श्यूको दक्षिणपन्थी अवसरवादी कार्यदिशालाई, छ्वी छ्यू–पाए र ली ली–सानको "वामपन्थी" अवसरवादी कार्यदिशाहरूलाई, वाङ मिङको पहिलो "वामपन्थी"वादको दक्षिणपन्थी अवसरवादी कार्यदिशाहरूलाई चाङ क्वो–थाओको लालसेनालाई फुटाउने कार्यदिशा तथा फङ त–ह्वाए, काओ काङ, राओ शू–श आदिको पार्टीविरोधी दक्षिणपन्थी अवसरवादी गठबन्धनलाई पराजित गर्‍यो र लामोसमयसम्म संघर्ष गरेपछि ल्यू शाओ–चीको प्रतिक्रान्तिकारी संशोधनवादी कार्यदिशालाई पनि चकनाचूर गरिदियो। हाम्रो पार्टी दुईवटा कार्यदिशाहरूबीचको संघर्षमा, विशेषगरी छन तू–श्यू, वाङ मिङ र ल्यू शाओ–ची तीन जना गद्दारहरूको गुटहरूलाई जो पार्टीको लागि सबैभन्दा बढी हानिकारक थिए, पराजित गर्ने संघर्षमा मजबूत, विकसित र शक्तिशाली भएको छ।" यो अध्यक्ष माओ त्सेतुङको मार्क्सवादी–लेनिनवादी कार्यदिशा नै थियो जसको मार्गदर्शनमा हाम्रो पार्टी र चिनियाँ जनता क्रान्तिको बांगोटिंगो बाटोमा खतराबाट बच्दै सकुशल रह्यो, कमजोर र सानो शक्तिबाट बढेर बृहत् र ठूलो शक्ति बन्यो तथा हारबाट विजयतर्फ बढ्यो र आज यति ठूलो महान् विजयको शिखरसम्म पुग्यो।

अध्यक्ष माओ त्सेतुङले हामीलाई यो शिक्षा दिनुभएको छः "**हामीले महान् विजय प्राप्त गरिसकेका छौं। तर पराजित वर्ग अवश्यै पनि हातखुट्टा चलाउने छ। यिनीहरू अझ पनि अस्तित्वमा छन् र त्यो वर्ग अझ पनि अस्तित्वमा छ, त्यसैले हामीले अन्तिम विजय भन्न सक्दैनौं। यहाँसम्म कि कैयौं**

**दशकहरूसम्म हामीले यसो भन्न सक्दैनौं । हामीले आफ्नो सावधानी गुमाउनु हुँदैन ।"**

चिनियाँ कम्युनिष्ट पार्टीको कार्य यो छ कि अध्यक्ष माओ त्सेतुङको निर्देशनहरूको अनुशरण गर्दै पार्टीको नवौं राष्ट्रिय कंग्रेसमा पारित "अझ ठूलो सफलता हासिल गर्न एकजुट होऊ" कार्यदिशालाई कार्यान्वयन गर्नु र पार्टीको नवौं कंग्रेस तथा नवौं केन्द्रीय समितिको प्रथम र द्वितीय पूर्ण अधिवेशनहरूमा निर्धारित गरिएका विभिन्न जुझारु कार्यहरूलाई कार्यान्वयन गर्नु आज खासगरी यो आवश्यक छ कि सम्पूर्ण पार्टीमा संशोधनावदको खण्डन गर्न र आफ्नो कार्यशैलीमा सुधार गर्न आन्दोलन चलाइयोस्, विचारधारा र राजनैतिक कार्यदिशासम्बन्धी शिक्षा दिइयोस्, मार्क्सवाद-लेनिनवाद माओ त्सेतुङ विचारधाराको सजीव ढगले अध्ययन गरियोस् तथा पार्टीभित्र रहेका दुई कार्यदिशाहरूबीचको संघर्षको ऐतिहासिक अनुभवहरूको अध्ययन गरियोस् र त्यसको निचोड निकालियोस् । यो हाम्रो पार्टीको कार्यको लागि लगातार महान् विजयहरू प्राप्त गर्ने ग्यारेण्टी हो ।

## शस्त्रबलद्वारा राजनैतिक सत्ता खोस्ने बाटोमा डटिरहौं

मार्क्सवाद–लेनिनवादको यो धारण छ कि क्रान्तिको प्रमुख प्रश्नहरूमा राजनैतिक सत्ताको प्रश्न हुन्छ, क्रान्तिको केन्द्रीय कार्य र सर्वोच्च रूप शस्त्रबलद्वारा राजनैतिक सत्ता खोस्नु हो । यो मार्क्सवाद–लेनिनवादको विश्वव्यापी सच्चाइ हो । जसले यो सच्चाइलाई अस्वीकार गर्छ अथवा केवल मुखले मात्र स्वीकार गर्छ र वास्तवमा अस्वीकार गर्छ, ऊ एउटा सच्चा मार्क्सवादी–लेनिनवादी होइन । तर देशहरूको ठोस अवस्था फरक–फरक छ र चीनमा यसलाई कसरी पूरा गर्न सकिन्छ ? लेनिनले अक्टोबर क्रान्तिको महान् व्यवहारको आधारमा १९१९मा "पूर्वका विभिन्न जातिहरूका कम्युनिष्ट संगठनहरूको दोस्रो अखिल रुसी कंग्रेसमा भाषण"मा पूर्वका विभिन्न जातिहरूका कम्युनिष्टहरूलाई यो बताउनु भएको थियो कि उनीहरूकालागि यो जरुरी छ कि उनीहरूले आ-आफ्नो ठाउँहरूको विशिष्ठतालाई हेर्नुपर्छ, साम्यवादका आम सिद्धान्तहरू र व्यवहारहरूमा भरोसा राख्दै आफूलाई ती विशिष्ट परिस्थितिहरू अनुकूल बनाउनुपर्छ जो यूरोपीय देशहरूमा पर्दैनन् । लेनिनले जोड दिँदै भन्नुभएको थियो कि यो "**एउटा यस्तो कार्य हो, जसको सामना विश्वका कम्युनिष्टहरूले पहिले कहिल्यै गरेका थिएनन् ।**" यो स्पष्ट छ कि यदि

मार्क्सवाद–लेनिनवादको विश्वव्यापी सच्चाइलाई आफ्नो देशको क्रान्तिको ठोस व्यवहारसँग मिलाइँदैन भने राजनैतिक सत्ता खोस्ने र क्रान्तिको विजयको प्रश्न नै उठ्दैन ।

मार्क्सवाद–लेनिनवादको विश्वव्यापी सच्चाइ र चिनियाँ क्रान्तिको ठोस व्यवहारबीचको एकताको आधारमा अध्यक्ष माओले चीनको इतिहास, त्यसको परिस्थितिहरू र समकालीन चिनियाँ समाजको मुख्य अन्तरविरोधहरूको विश्लेषण गर्नुभयो र चिनियाँ क्रान्तिको प्रहारको लक्ष्यहरू, त्यसका कार्यहरू, त्यसका प्रेरक शक्तिहरू, त्यसको स्वरूप तथा त्यसको भविष्य र भावी संक्रमण आदि सवालहरूको सही जववाफ दिनुभयो । अध्यक्ष माओले बताउनुभयो कि चिनियाँ क्रान्ति अक्टोबर क्रान्तिको जारी रूप हो र त्यो विश्व सर्वहारा समाजवादी क्रान्तिको एक अंग हो । चिनियाँ क्रान्ति अनिवार्यतः दुई अवस्थाहरूबाट पार हुनुपर्छ । पहिलो, नयाँ जनवादी क्रान्ति र दोस्रो, समाजवादी क्रान्ति । यी भिन्न स्वरूपका दुईवटा यस्ता क्रन्तिकारी प्रक्रियाहरू हुन् जुन एक आपसमा भिन्न भएर पनि आपसमा सम्बन्धित हुन्छन् । पहिलो प्रक्रिया अर्थात् पूँजीवादी जनवादी स्वरूप भएको  क्रान्ति पूरा गरेपछि मात्र दोस्रो प्रकृया अर्थात समाजवादी क्रान्तिलाई  पूरा  गर्न सकिन्छ । जनवादी क्रान्ति समाजवादी क्रान्तिको आवश्यक तैयारी हो र समाजवादी क्रान्ति जनवादी क्रान्तिको अनिवार्य प्रवृत्ति (Tendency) हो । अध्यक्ष माओले बताउनुभयो कि एउटा कम्युनिष्ट पार्टी, जसको निर्माण मार्क्सवादी–लेनिनवादी क्रान्तिकारी शैलीमा भएको छ, यस प्रकारको पार्टीको नेतृत्वमा एउटा सेना र यस्तो पार्टीको नेतृत्वमा तमाम क्रान्तिकारीवर्गहरू र तमाम क्रान्तिकारी दलहरूको एउटा संयुक्त मोर्चा– यो राजनैतिक सत्ता खोस्न र त्यसलाई मजबुत बनाउने मुख्य  तीन हतियार हुन् । चिनियाँ क्रान्ति यसै बाटोको अनुशरण गर्दै अगाडि बढेको छ ।

चिनियाँ कम्युनिष्ट पार्टीको नेतृत्वमा चल्ने नयाँ–जनवादी क्रान्ति यी चार ऐतिहासिक चरणहरूबाट अर्थात् प्रथम क्रान्तिकारी गृहयुद्ध, भूमिक्रान्ति (कृषि क्रान्ति-अनु)युद्ध, जापानी आक्रमणविरोधी युद्ध र जनमुक्ति युद्धबाट अघि बढेको छ। शस्त्रबलद्वारा राजनैतिक सत्ता खोस्ने प्रश्नलाई समाधान गर्न १९२१ देखि १९४९ सम्म जम्मा २८ वर्ष लाग्यो ।

प्रथम क्रान्तिकारी गृहयुद्धको कालमा, हाम्रो पार्टी आफ्नो वाल्य अवस्थामा थियो । यस कालको आरम्भ र मध्यतिर पार्टीको कार्यदीशा सही थियो । यस अवधिमा कमरेड माओ त्सेतुङद्वारा प्रकाशित “चिनियाँ समाजमा

वर्गहरूको विश्लेषण", "हुनान किसान आन्दोलनको जाँचबुझको प्रतिवेदन" तथा अन्य रचनाहरूले पार्टीको सही कार्यदिशाको प्रतिनिधित्व गर्दथे । अध्यक्ष माओले आफ्नो सम्पूर्ण एवम् व्यवस्थित जाँचबुझ र अध्ययनको आधारमा चिनियाँ समाजमा विभिन्न वर्गहरूको आर्थिक स्थितिहरू र तिनका राजनैतिक रवैयाहरूको ठोस विश्लेषण गर्नुभएको थियो । उहाँले स्पष्ट रूपमा बताउनुभएको थियो: "**साम्राज्यवादसँग मिलेका सबैजना युद्ध सरदार, नोकरशाह, दलाल पूँजीपतिवर्ग, ठूला जमिनदारहरूकोवर्ग र तिनीहरूमाथि निर्भर बुद्धिजविीहरूको प्रतिक्रियावादी तप्का– हाम्रो शत्रु हुन् ।**" उहाँले अगाडि बताउनुभयो: "**औद्योगिक सर्वहारावर्ग हाम्रो क्रान्तिको नेतृत्वकारी शक्ति हो । अर्धसर्वहारावर्ग र निम्न पूँजीपतिवर्गको सबै श्रेणीहरू हाम्रो सबैभन्दा नजिकका मित्र हुन ।**" अध्यक्ष माओले किसानहरूलाई गोलबन्द गर्ने र उनीहरूलाई सशस्त्र बनाउने कुरामा विशेष महत्त्व दिनुभयो । उहाँले भन्नुभयो "गरीब किसानहरूबिना क्रान्ति हुनै सक्दैन" उहाँले यो पनि बताउनुभयो कि राष्ट्रिय पूँजीपतिवर्ग एउटा ढुलमुलवर्ग हो । त्यसको दक्षिण पक्ष हाम्रो शत्रु बन्न सक्छ र वामपक्ष हाम्रो साथी बन्न सक्छ । तर उनीहरूबाट सधैं सावधान रहनुपर्छ र उनीहरूलाई हाम्रो पंक्तिमा उल्झन उत्पन्न गर्न दिनु हुँदैन । यस प्रकार, क्रान्तिको यो प्राथमिक महत्त्वको प्रश्न सामाधान भयो कि "**हाम्रो शत्रु को हो र हाम्रो मित्र को हो ?**" उहाँले दक्षिणपन्थी अवसरवाद, जसको प्रतिनिधित्व छन तू–श्यूले गर्दथ्यो र जसले क्वोमिन्ताङलाई मात्र चाहन्थ्यो र किसानहरूलाई चाहन्नथ्यो तथा "वामपन्थी" अवसरवाद जसको प्रतिनिधित्व चाङ क्वो–थाओले गर्दथ्यो र जसले केवल मजदुर आन्दोलनमाथि ध्यान दिन्थ्यो र त्यसैप्रकारले किसानहरूलाई चाहन्थेन् दुवैजनाको विरोध गर्नुभयो ।

छन तू–श्यू जो तत्कालीन चिनियाँ कम्युनिष्ट पार्टीको महासचिव थियो, वास्तवमा एउटा उग्र बुर्जुवा जनवादी थियो । उसले मार्क्सवाद–लेनिनवादको बारेमा केही पनि जान्दैनथ्यो । यहाँसम्म कि उसले यो विचार राख्दथ्यो कि चीनमा दास समाज थिएन र मार्क्सवादको विश्वव्यापी सच्चाइलाई अस्विकार गर्दथ्यो । उसको विचारमा वर्तमान अवस्थामा चिनियाँ क्रान्तिको स्वरूप पूँजीवादी जनवादी क्रान्ति हो र त्यसैले यसको परिणाम बुर्जुवा गणराज्यको स्थापना मात्र हुन सक्छ र यस क्रान्तिको नेतृत्व पूँजीपतिवर्गले मात्र गर्न सक्दछ । उसले यो घोषणा गरेको थियो कि चिनियाँ सर्वहारावर्ग एउटा "स्वतन्त्र क्रान्तिकारी शक्ति" होइन र नेतृत्वकारीवर्ग बन्न सक्दैन र

उसले किसानहरूमाथि लाञ्छाना लगाउँदै भन्यो कि उनीहरू "शिथिल" र "निकम्मा" छन् र "क्रान्तिमा भाग लिने उनीहरूको इच्छा ज्यादै कम छ।" उसले कमरेड माओ त्सेतुङको सही विचारहरूलाई स्वीकार्न एकदम अस्वीकार गऱ्यो र किसानहरू, शहरी निम्न पूँजीपतिवर्ग एवम् मध्यम पूँजीपतिवर्गमाथि नेतृत्वको खासगरी सशस्त्र शक्तिहरूको नेतृत्व छाडिदियो। उसले संयुक्त मोर्चामा केवल एकता कायम गर्ने र बिल्कुल संघर्ष नगर्ने पक्ष लियो। जब मजदुर–किसान समुदाय संघर्षको लागि उठे तब उसलाई ज्यादै डर लाग्यो कि कतै पूँजीपतिवर्ग भयभित नहोओस्। छन तू–श्यू र उसको अनुयायी ल्यू शाओ–ची यति अगाडि बढे कि उनीहरूले ऊहानमा मजदुरहरूको दललाई आफ्नो हतियार क्वोमिन्ताङलाई बुझाउने आदेश दिए। जब ठूला जमिन्दारहरूको वर्ग र ठूला पूँजीपतीहरूको वर्गको प्रतिनिधि च्याङ काइ–शेक र वाङ चिङ–वेइले क्रमशः क्रान्तिप्रति विश्वासघात गरी मजदुरहरू र किसानहरूको कत्लेआम गर्न लागे तब विशाल समुदाय निहत्था थियो, यसरी जोडदार महान् क्रान्तिले असफलता भोग्नुपऱ्यो। यसपछि छन तू–श्यूले ट्राटस्कीको प्रतिक्रियावादी धारणामा अडी यो दावा गऱ्यो कि प्रतिक्रियावादी च्याङ काइ–शेक सरकारको स्थापना यस कुराको प्रतिक हो कि पूँजीवादी–जनवादी क्रान्ति पूरा भइसकेको छ, सर्वहारावर्गले केवल कानूनी संसदीय संघर्ष चलाउनुपर्छ र त्यसबेलासम्म पर्खनु पर्छ कि जबसम्म चीनमा पूँजीवाद विकसित हुँदैन, तब तथाकथित समाजवादी क्रान्ति गर्नु पर्छ। यसको अर्थ चिनियाँ क्रान्तिको विघटन गर्नु नै थियो।

चिनियाँ कम्युनिष्टहरूले च्याङ काइ–शेकले गरेको आमहत्याको अगाडि आफ्नो शिर झुकाएनन्। च्याङ काइ–शेक, वाङ–वेइ र छन तू–श्यू जस्ता नकारात्मक उदाहरणहरूबाट शिक्षा दिने यी शिक्षकहरूले हामीलाई यो कुरा बुझ्न मद्दत गरे कि "**सशस्त्र संघर्ष बिना चीनमा न त सर्वहारावर्गले आफ्नो खुट्टा दह्रोसँग टेक्न पाउँछन् न त जनता तथा कम्युनिष्ट पार्टीले नै, र क्रान्तिको विजय असम्भव हुन्छ।**" र, तिनीहरूले हामीलाई मार्क्सवाद–लेनिनवादको यो सच्चाइ बुझ्न मद्दत गरे कि "**राजनैतिक सत्ताको जन्म बन्दूकको नालबाट हुन्छ**"। क्रान्तिलाई बचाउन १ अगस्त, १९२७मा नानछाङ विद्रोह गरियो। यस विद्रोहको सही पक्ष यो थियो कि क्वोमिन्ताङ प्रतिक्रियावादीहरूमाथि पहिलोपटक बन्दुक सोझ्याइयो जब कि त्यसको गलत पक्ष किसानहरूलाई गोलबन्द र सशस्त्र गर्ने तथा आधार–क्षेत्र स्थापित गर्न गाउँहरूमा नजानु र शहरहरूलाई केन्द्र बनाएर बाहिरी सहायतामा भरपर्नु थियो। ७ अगस्तमा पार्टीको केन्द्रीय

समितिले हानखओमा एउटा संकटकालीन बैठक बोलायो जसमा छन तू–श्यूको आत्मसमर्पणवादी कार्यदिशालाई सच्याइयो र छन तू–श्यूलाई नेतृत्वकारी पदबाट हटाइयो । "७ अगस्त बैठक" पछि अध्यक्ष माओ आफैले शरद-खेती विद्रोहको नेतृत्व गर्नुभयो, मजदुर किसानहरूको लालसेनाको पहिलो दस्ताको स्थापना गर्नुभयो, चिङकाङशान पहाडहरूमा पहिलो ग्रामीण क्रान्तिकारी आधार–क्षेत्र स्थापित गर्नुभयो तथा "**मजदुर-किसानहरूको सशस्त्र स्वाधनि शासन व्यवस्था**" को आगो सल्काउनुभयो । अप्रिल १९२८मा नानछाङ विद्रोहमा बचेका फौजी टुकडीहरू चिङकाङशान पहाड पुग्यो । अध्यक्ष माओको नेतृत्वमा मजदुर–किसानहरूको लालसेनाले क्वोमिन्ताङद्वारा केन्द्रीय लाल आधार–क्षेत्र विरुद्ध शुरु गरेको "घेरामा पार्ने र सखाप गर्ने" पहिलो, दोस्रो र तेस्रो प्रतिक्रान्तिकारी अभियानहरूलाई विजयपूर्वक धुलोमा मिलाइदियो । च्याङशी, फूच्येन, हुपे, हनान, आनह्वेइ, क्वाङशी, क्वाङतुङ, सछ्वान, शेनशी र अन्य ठाउँहरूमा पनि छापामार युद्ध विकसित भयो । अध्यक्ष माओले समयमै अनुभवहरूको निचोड निकाल्नुभयो र अनेक महत्त्वपूर्ण रचनाहरू लेख्नुभयो, जस्तै "चीनमा लाल राजनैतिक सत्ता किन कायम रहन सक्छ ?", "चिङकाङशान पहाडहरूमा संघर्ष", "पार्टीभित्र गलत विचारहरू सुधार्नेबारे" र "एउटा झिल्काले सारा जंगलमा आगो लगाउन सक्छ" । यी रचनाहरूमा उहाँले सैद्धान्तिक रूपमा यस कुरामाथि प्रकास पार्नुभयो कि चीनमा शस्त्रबलद्वारा राजनैतिक सत्ता खोस्न केवल ग्रामीण आधार–क्षेत्र निर्माण गर्ने, गाउँहरूबाट शहरहरू घेर्ने र अन्तमा शहरहरूमाथि कब्जा गर्ने बाटो मात्र अपनाउन सकिन्छ र त्यो बाटो अपनाउन सकिंदैन जुन पूँजीवादी देशहरूमा अपनाइन्छ जस्तो कि सबैभन्दा पहिले शहरहरू कब्जा गर्ने र अन्तमा गाउँहरूमाथि आक्रमण गर्ने ।

अध्यक्ष माओले बताउनुभयो, "**हाम्रो पार्टीको इतिहासले यो बताउँछ कि त्यस समयमा जब कि हाम्रो पार्टीले क्वोमिन्ताङसँगै संयुक्त मोर्चा कायम गरेको थियो, पार्टीमा दक्षिणपन्थी प्रवृत्तिहरू सहजै उत्पन्न हुन्छन् र त्यस समयमा जब कि क्वोमिन्ताङसँग हाम्रो पार्टीको सम्बन्ध विच्छेद भयो, पार्टीमा वामपन्थी प्रवृत्तिहरू सहजै उत्पन्न हुन्छन् ।**" क्वोमिन्ताङसँग हाम्रो पार्टीको सम्बन्धविच्छेद र छन तू–श्यूको दक्षिणपन्थी अवसरवादी कार्यदिशालाई सच्याएपछि चाँडै नै १९२७को अन्तदेखि १९२८को शुरुसम्मको छ्वी छ्यू–पाएको "वामपन्थी" कार्यदिशा, १९३०को जूनदेखि सेप्टेम्बरसम्मको ली ली– सानको "वामपन्थी"

अवसरवादी कार्यदिशा र १९३१ देखि १९३४ सम्मको वाङ मिङको "वामपन्थी" अवसरवादी कार्यदिशा उत्पन्न भयो । यसक्रममा छन तू–श्यूको विसर्जनवाद, लो चङ–लुङको दक्षिणपन्थी फूटपरस्त र क्रान्तिको भविष्यप्रति अन्य निराशावादी दक्षिणपन्थी प्रवृत्तिहरू भए पनि तीन "वामपन्थी" अवसरवादी कार्यदिशाहरू मुख्य स्थानमा रहे र खास गरी वाङ मिङको "वामपन्थी" अवसरवादी कार्यदिशा, जसले पार्टीमाथि ४ वर्षसम्म शासन गऱ्यो, अत्यन्त हानिकारक रह्यो र त्यसले हामीलाई ज्यादै गहन पाठ सिकायो ।

जनवरी १९३१मा वाङ मिङले पार्टीको छैठौं केन्द्रीय समितिको चौथो पूर्ण अधिवेशनमा पार्टीको केन्द्रीय नेतृत्वकारी संस्थाको नेतृत्व हत्यायो । वाङ मिङले आफूलाई "शतप्रतिशत बोल्सेभिक" बतायो । उसले ली ली–सानको कार्यदिशाको विरोधको झण्डा उठाएर यो दावा गऱ्यो कि पार्टीको केन्द्रीय नेतृत्वकारी संस्थाले "ली ली–सान कार्यदिशाको दक्षिणपन्थी अवसरवादी सिद्धान्त र व्यवहारलाई अलिकति पनि पर्दाफास र प्रहार गरेन" । उसले सम्झन्थ्यो कि "दक्षिणपन्थी प्रवृत्ति अब पनि पार्टीभित्र रहेको मुख्य खतरा हो"। वास्तवमा उसले एउटा यस्तो अवसरवादी कार्यदिशा लागू गऱ्यो जुन ली ली–सान कार्यदिशा भन्दा कैयौं बढी "वामपन्थी" थियो । अन्य "वामपन्थी" अवसरवादीहरू जस्तै वाङ मिङ पनि चिनियाँ क्रान्तिको सिद्धान्त र व्यवहारको बारेमा बिल्कुल कोरा थियो । उनीहरूले जनवादी क्रान्ति र समाजवादी क्रान्तिको भिन्नतालाई अस्पष्ट बनाइदिए । उनीहरूले मजदुर र किसानहरूको बारेमा केहि पनि जान्दैनथे । उनीहरूले लडाइँ कसरी लड्नुपर्छ भन्ने जान्दैनथे । र, उनीहरू चिनियाँ क्रान्तिको असन्तुलन, वाङ्गोपन र दीर्घकालीनतासँग अनभिज्ञ थिए । उनीहरूले चीनमा वर्गहरूबीचका सम्बन्धहरूको केही पनि जाँचबुझ र अध्ययन गरेनन् र यो हल्ला गरे कि मध्यमार्गी "सबैभन्दा खतरनाक शत्रु" हुन । उनीहरूले पूँजीपतिवर्ग र निम्न पूँजीपतिवर्गको उपल्लो तप्का सबैको विरोध गर्ने पक्ष लिए र "केवल संघर्ष गर्ने र बिल्कुल मित्रता कायम नगर्ने" जस्तो थुप्रै "वामपन्थी" नीतिहरू लागू गरे । फौजी कार्यदिशामा उनीहरूले पहिले त दुस्साहसवाद लागू गरे र पछि ज्यानसँग खेलावाड गर्ने दुस्स्साहीकता र पलायनवाद लागू गरे । संगठनात्मक कार्यदिशामा उनीहरूले संकीर्णतावाद लागू गरे र अध्यक्ष माओको हातबाट सत्ता खोसे । आफ्नो गलत कार्यदिशासँग असहमत हुने प्रति उनीहरूले "निर्मम संघर्ष र निष्ठुर प्रहार" गरे । वाङ मिङले सर्वशक्तिमान महाराजाको तरिका अपनाएर पार्टी र जनताको

शिरमा सवार भएर हरेक ठाउँमा आफ्नो गलत कार्यदिशा लागू गर्‍यो । यसको फलस्वरूप लाल इलाकाहरूमा हाम्रो पार्टीको शक्तिको ९० प्रतिशत भाग र श्वेत इलाकाहरूमा त्यसको लगभग शतप्रतिशत भाग गुम्यो । यसरी लालसेनाले बाध्य भएर आफ्नो ठाउँबाट हटेर लामो अभियान गर्नुपर्‍यो ।

दुई कार्यदिशाहरू र तिनीहरूको फरक–फरक परिणामहरूले सकारात्मक र नकारात्मक रूपमा सम्पूर्ण पार्टीलाई शिक्षित गरिदियो । जब अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशाको अनुशरण गरियो तब सेनाको स्थापना भयो र क्रान्तिकारी आधार–क्षेत्र स्थापना भयो जुन पहिले थिएनन् । जब वाङ मिङको "वामपन्थी" अवसरवादी कार्यदिशा लागू गरियो तब क्रान्तिकारी आधार–क्षेत्र हातबाट गुम्यो र मजदुर किसानहरूको लालसेना अत्यन्त खतरनाक स्थितिमा पर्‍यो । क्रान्तिकारी व्यवहारमा पटक–पटक गरिएको जाँचबुझबाट यो सिद्ध भएको छ कि अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशा एकमात्र सही कार्यदिशा हो । वाङ मिङ, जो आफूलाइ "केन्द्र" र "शतप्रतिशत सही" सम्झन्थ्यो, वास्तवमा नक्कली मार्क्सवादी थियो । जनवरी १९३५मा लामो अभियान गरिरहेको लालसेना क्वेइचओको चुनइ पुग्यो र त्यहाँ पार्टीको केन्द्रीय नेतृत्वकारी संस्थाले केन्द्रीय समितिको राजनैतिक व्यूरोको विस्तारित बैठक अर्थात् ठूलो ऐतिहासिक महत्त्व भएको चुनइ बैठक बोलायो । यस बेठकले पार्टीको केन्द्रीय नेतृत्वकारी संस्थामा वाङ मिङको "वामपन्थी" अवसरवादी कार्यदिशाको शासनको अन्त्य गर्‍यो र सम्पूर्ण पार्टीमा अध्यक्ष माओलाई नेतृत्वकारी स्थानमा कायम गर्‍यो तथा पार्टीको कार्य दिशा सही मार्क्सवादी लेनिनवादी मार्गमा ल्यायो । यसको प्राप्तिकालागि कति धेरै रगत बग्यो र कति ठूलो मूल्य चुकाउनुपर्‍यो !

चुनइ बैठक यस कुराको प्रतीक हो कि हाम्रो पार्टी बाल्यवस्थादेखि प्रौढावस्थामा प्रवेश गर्‍यो । चुनइ बैठकपछि महान् नेता अध्यक्ष माओको नेतृत्वमा विश्व प्रसिद्ध २५ हजार ली दुरीको लामो अभियान विजयपूर्वक पूरा भयो । लामो अभियानको क्रममा लालासेनाको पहिलो मोर्चा सेनाले उत्तरतर्फ कूच गर्ने जापान–विरोधी आक्रमण दस्तामा संगठित भएर उत्तरी शेनशीतर्फ अभियान गर्‍यो जसले जापानी साम्राज्यवादी आक्रमणको संकल्पका साथ मुकाविला गर्न सारा देशका जनतालई प्रेरित गर्‍यो । यसपछि हाम्रो पार्टीले एउटा अर्को केन्द्रीय समिति स्थापना गर्ने र लालसेनामा फूट पार्ने चाङ क्वो–

थाओको कार्यदिशालाई चकनाचुर गरिदियो । अक्टोबर १९३६मा दोस्रो सेना र चौथो मोर्चा सेनाहरू उत्तरी शेनशी पुगे र तिनीहरू पहिलो मोर्चा सेना तथा उत्तरी शेनशी लालसेनासँग मिल्न सफल भए । त्यसबेला लालसेनाको संख्या तीन लाखवाट घटेर तीस हजार भन्दा पनि कम भयो । हाम्रो पार्टीको शक्ति संख्याको दृष्टिले त केही समयको लागि कम भयो, तर कार्यदिशा सही भएकाकारण हाम्रो पार्टी गुणको दृष्टिले पहिलेभन्दा अझ शक्तिशाली भयो ।

१९३७मा चिनियाँ क्रान्ति जापानी आक्रमण विरोधी युद्धमा समावेश भयो । हाम्रो पार्टीले भूमि क्रान्तिदेखि जापान विराधी राष्ट्रिय संयुक्त मोर्चासम्मको संक्रमणलाई विजयपूर्वक पूरा गऱ्यो । तर राष्ट्रिय अन्तरविरोधको तीब्रता र क्वोमिन्ताङ एवम् कम्युनिष्ट पार्टीबीच ज्वारभाटाको रूपमा भएको संयुक्त मोर्चाको पुनः स्थापनाले केही मान्छेहरूको दिमाग फेरिदियो । पार्टीभित्र यसको प्रतिविम्ब हाम्रो पार्टी र ती दक्षिणपन्थी अवसरवादी कार्यदिशाबीचको संघर्ष थियो जसको प्रतिनिधित्व वाङ मिङले गर्दथ्यो ।

जापानी आक्रमण विरोधी युद्धको प्रारम्भिक कालमा गद्दार वाङ मिङले उग्र “वामपन्थी” देखि उग्र दक्षिणपन्थसम्म फड्को माऱ्यो । जापान–विरोधी राष्ट्रिय संयुक्त मोर्चाको स्थापनाको बहानामा वाङ मिङले कम्युनिष्ट पार्टीमाथि भन्दा क्वोमिन्ताङमाथि विश्वास राख्यो र कम्युनिष्ट पार्टीको स्वतन्त्रता र पहलकदमीको सिद्धान्तलाई पूर्ण रूपले छाड्यो र तथाकथित “सबै कुरा संयुक्त मोर्चा मार्फत र सबै कुरा संयूक्त मोचोको अधीन” जस्ता धारण पेश गऱ्यो । वास्तवमा यसको अर्थ यो थियो कि सबै कुरा क्वोमिन्ताङ मार्फत हुनुपर्छ र सबै कुरा त्यसको अधिनमा हुनुपर्छ । यसको अर्थ यो पनि थियो कि उसमा क्वोमिन्ताङको प्रतिक्रियावादी नीतिहरूको विरुद्ध दृढ संघर्ष गर्ने हिम्मत छैन, सक्रिय रूपले जनसमुदायलाई गोलबन्द गर्ने र क्रान्तिकारी सेनाको विस्तार गर्ने र जापानी डाँकाहरूद्वारा कब्जा गरिएका इलाकाहरूमा जापान–विरोधी आधार–क्षेत्रहरूको विस्तार गर्ने हिम्मत छैन, यसको अर्थ जापानी आक्रमण विरोधी युद्धको नेतृत्व क्वोमिन्ताङलाई सुम्पनु थियो । यसरी वाङ मिङ “केवल मित्रता कायम गर्ने र बिल्कुल संघर्ष नगर्ने” छन् तु-श्युको १९२७को गलत कार्यदिशामै फर्कियो । यसैबीच ल्यू शाओ–ची श्वेत इलाकाबाट क्रान्तिकारी आधार क्षेत्रमा गयो । देखावटी रूपमा उसले वाङ मिङको कार्यदिशाको विरोध गर्दथ्यो र अध्यक्ष माओको सही कार्यदिशाको समर्थन गर्दथ्यो । उसले गफ लगाएर आफूलाई श्वेत इलाकाहरूको काममा सही

कार्यदिशाको प्रतिनिधिको रूपमा पेश गऱ्यो र यसरी उसले आफ्नो असली अनुहारलाई लुकाएर राख्यो । वास्तवमा, ऊ पहिलेदेखि नै एउटा गद्दार, दुश्मन एजेण्ट र मजदुरद्रोही बनिसकेको थियो । श्वेत इलाकाहरूमा उसले जुन कार्यदिशा लागू गरेको थियो त्यो एउटा बिल्कुल गलत कार्यदिशा थियो । आफूले रचना गरी निकालेको पुस्तक "आत्म उत्थान"मा ल्यू शाओ-चीले जापानी साम्राज्यवादलाई नाश गर्ने कुरा कहिं पनि उल्लेख गरेन र क्वोमिन्ताङ प्रतिक्रियावदीहरू विरुद्ध संघर्ष गर्ने र सशस्त्र बलद्वारा राजनैतिक सत्ता खोस्ने प्रश्नहरूबारे बिल्कुल उल्लेख गरेन । यसको विरुद्ध उसले कम्युनिष्ट पार्टीका सदस्यहरूलाई यो पढायो कि उनीहरूले महान् क्रान्तिकारी व्यवहारबाट टाढा रहेर कन्फ्युशियस र मेनसियसको सिद्धान्त सिकून र आदर्शवादी "आत्म उत्थान"मा लागून । उसको यो कार्यदिशा पनि एउटा आत्मसमर्पणवादी कार्यदिशा थियो । यसै क्रममा जन्मेको तथाकथित "राष्ट्रिय रक्षाको साहित्य" र "राष्ट्रिय रक्षाको दर्शन" वास्तवमा देशद्रोहको साहित्य र आत्मसमर्पणको. दर्शन थियो । त्यो वाङ मिङको आत्मसमर्पणवादी कार्यदिशाको उपज थियो र श्वेत इलाकाहरूको कार्यमा ल्यू शाओ–चीको गलत कार्यदिशो उपज थियो ।

महान नेता अध्यक्ष माओले वाङ मिङले प्रतिनिधित्व गरेको दक्षिणपन्थी आत्मसमर्पणवादी कार्यदिशालाई व्यवस्थीत र सम्पूर्ण रूपले खण्डन गर्नुभयो । अध्यक्ष माओले नोभेम्वर १९३७मा "संघाई र थायवानको पतनपछि जापानी आक्रमण विरोधी युद्धको परिस्थिति र कार्य" नामक आफ्नो रचनामा वाङ मिङको दक्षिणपन्थी आत्मसमर्पणवाद विरुद्ध सारा पार्टीलाई यो चेतावनी दिनुभयो कि "**१९२७मा छन् तु–श्युको आत्मसमर्पणवादले क्रान्तिलाई असफलतातर्फ लग्यो, हाम्रो पार्टीका हरेक सदस्यको रगतले लेखिएको यो ऐतिहासिक शिक्षालाई भुल्नुहुँदैन ।**" अध्यक्ष माओले सर्वहारावर्ग र पूँजीपतिवर्गबीच नेतृत्वको लागि संघर्ष गर्ने कुरालाई फेरि एकपटक उठाउनु भयो र यस कुरामा जोड दिनु भयो कि सर्वहारा नेतृत्वमा डटिरहन आवश्यक छ र "**संयुक्त मोर्चाको सबै कार्यहरूमा स्वतन्त्रता र पहलकदमीको सिद्धान्तलाई घनिष्ठ रूपले अनुशरण गर्नुपर्छ ।**" तर वाङ मिङले अध्यक्ष माओको कार्यदिशाको प्रतिरोध गर्दै आफ्नो अवसरवादी कार्यदिशा जारी राख्यो । अक्टोबर १९३८मा पार्टीको छैठौं केन्द्रीय समितिको छैठौं पूर्ण अधिवेशनमा अध्यक्ष माओले आफ्नो प्रतिवेदन र समापन भाषणमा राष्ट्रिय युद्धमा चिनियाँ कम्युनिष्ट पार्टीको भूमिकाको प्रश्न उठाउनु भयो र वाङ मिङको अवसरवादी कार्यदिशाको खण्डन गर्नुभयो तथा स्वतन्त्रता र

पहलकदमीद्वारा सशस्त्र संघर्षको नेतृत्व गर्ने पार्टीको कार्यदिशा र नीति निर्धारित गर्नुभयो । यस पूर्ण अधिवेशनमा अध्यक्ष माओको प्रतिवेदन र समापन भाषण स्वीकृत गरियो यसपछि अध्यक्ष माओले "नीतिको बारेमा" र आफ्नो अन्य रचनाहरूमा सम्पूर्ण पार्टीलाई पटक–पटक शिक्षा दिनुभयो कि **संयुक्त मोर्चाको निति "न त केवल एकता कायम गर्ने र विल्कूल संघर्ष नगर्ने हो न त केवल संघर्ष गर्ने र बिल्कुल एकता कायम नगर्ने हो, बरु यो एकता र संघर्ष यी दुवै पक्षहरू मिलाउने नीति हो ।**" किनकि अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशा सम्पूर्ण पर्टीमा शासन स्थान प्राप्त गरिसकेको थियो तथा वाङ मिङको दक्षिणपन्थी आत्मसमर्पणवादी कार्यदिशाको पूर्ण रूपले खण्डन गरिएको थियो, क्वोमिन्ताङको विरुद्ध संघर्षमा उत्पन्न "वामपन्थी" प्रवृत्तिलाई पनि सच्याइएको थियो, **प्रगतिशिल शक्तिहरूको विकास गर्ने, मध्यम शक्तिहरूलाई आफ्नो पक्षमा ल्याउन र कट्टरपन्थी शक्तिहरूलाई एक्लो स्थितिमा पार्ने** सही निर्देशक नीति कायम रहेको थियो र कम्युनिष्ट विरोधी कट्टरतावादीहरूको विरुद्धको संघर्षमा **अन्तरविरोधहरूको फाइदा उठाउन, वहुसंख्यकहरूलाई आफ्नो पक्षमा ल्याउन, अल्पसंख्यकहरूको विरोध गर्न र शत्रुलाई एक एक गरी परास्त गर्न र न्योचित आधारमा आफ्नो फाइदा हेरी संयमित रूपमा संघर्ष गर्ने** निति लागु गरिएको थियो । त्यसैले हाम्रो पार्टीले क्वोमिन्ताङद्वारा बारम्बार गरिएको कम्युनिस्ट विरोधी हमलाहरूलाई पराजित गरिदियो र जापान विरोधी राष्ट्रिय संयुक्त मोर्चाको नेतृत्वमा मजबूतसँग कब्जा जमायो । बाहिरी सहायता नभएको अवस्थामा हामीले आफ्नो शक्तिको भरमा उत्पादनको विकास गर्यौं, कठिनाइहरू हटायौं र चीनमाथि आक्रमण गर्ने जापानी सेनाको अधिकांश भाग र लगभग सबका सब कठपुतली सेनाहरूको मुकाविला गर्यौं तथा आठौं मार्ग सेना, नयाँ चौथो सेना, दक्षिण चीनको जापान विरोधी छापामार दस्ताहरू र सबै जापान विरोधी आधार–क्षेत्रहरूलाई विकसित र मजबूत गर्यौं ।

कमरेड माओ त्सेतुङले पार्टीको स्थापनाको प्रारम्भिक कालदेखि नै हाम्रो पार्टीको विचारधारत्मक निर्माणमा ठूलो महत्त्व दिइरहनु भएको छ । अध्यक्ष माओले लेख्नु भएका "**कुथ्येन बैठकको प्रस्ताव**" र "**व्यवहारको बारेमा**" एवम् "**अन्तरविरोधको बारेमा**" तथा अन्य दार्शनिक रचनाहरूले सम्पूर्ण पार्टीलाई विचारधारात्मक शिक्षा दिनमा ठूलो भूमिका निभायो । पाँचौं दशकको प्रारम्भिक कालमा सम्पूर्ण पार्टीको मार्क्सवादी–लेनिनवादी स्तर उठाउन पार्टीको केन्द्रीय समितिले जापानी आक्रमण विराधी युद्ध स्थिर अवस्थामा रहेको यस

राम्रो अवसरलाई उपयोग गर्दै सम्पूर्ण पार्टीमा एउटा कार्यशैली सुधार आन्दोलन चलायो । यस आन्दोलनकालागि अध्यक्ष माओले “आफ्नो अध्ययनमा सुधार गर,” “पार्टीको कार्यशैलीमा सुधार गर,” “घिसेपिटे पार्टी लेखनको विरोध गर” र “येनानको कला-साहित्य गोष्ठीमा भाषण” आदि सिलसिलेवार दस्तावेजहरू प्रकाशित गर्नुभयो र सम्पूर्ण पार्टीलाई यो आह्वान गर्नुभयो कि त्यसले **अध्ययन शैलीमा सुधार गर्न मनोगतवादको विरोध गरोस, पार्टी सम्बन्धहरूलाई निर्वाह गर्ने शैलीमा सुधार गर्नकालागि संकीर्णतावादको विरोध गरोस् र लेखन शैलीमा सुधार गर्नकालागि घिसेपिटेपार्टी लेखनको विरोध गरोस ।** अध्यक्ष माओले बताउनु भयो– “**हाम्रो पार्टी तथा यसको पंक्तिमा अधिकांश मान्छे निष्कलंक भए पनि हामीले आफ्नो क्रान्तिकारी आन्दोलनलाई ज्यादा स्वच्छता साथ अघि बढाउन तथा त्यसलाई चाँडो भन्दा चाँडो सफल बनाउन हामीले विचारधारा र संगठन दुवै दृष्टिबाट सबै कुराहरूलाई गम्भीरता साथ सुव्यवस्थित गर्नुपर्छ । संगठनको दृष्टिबाट सुव्यवस्थित गर्न पहिले विचारधाराको दृष्टिबाट सुव्यवस्थित गर्नुपर्छ तथा सर्वहारावर्गको विचारधारा मार्फत् गैर सर्वहारा विचारधाराको विरुद्ध संघर्ष चलाउनु पर्छ ।**”

अध्यक्ष माओको संलग्नतामा संचालित येनान कार्यशैली सुधार आन्दोलन मार्क्सवादी शिक्षाको एउटा महान् व्यापक आन्दोलन थियो । मार्क्स, एंगेल्स, लेनिन र स्तालिनका रचनाहरूको अध्ययन गर्न, अध्यक्ष माओका रचनाहरूको अध्ययन गर्न र द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवादको अध्ययन गर्न र विभिन्न “वामपन्थी” र दक्षिणपन्थी अवसरवादी कार्यदिशाहरूको मार्क्सवाद–लेनिनवादविरोधी सारतत्त्वको पोल खोलिदिने कार्यमार्फत सारा पार्टीले सही र गलत कार्यदिशाहरूबीच, सर्वहारा विचारधारा र गैरसर्वहारा विचारधाराबीच फरक गरिदियो र यसरी ज्यादै शानदार नतिजा प्राप्त भयो । कार्यशैली सुधार आन्दोलनमा **भावीगल्तीहरूबाट बच्न पछिल्ला गल्तीहरूबाट सिक्ने, बिरामीलाई बचाउन उसको रोगको उपचार गर्ने** निर्देशन लागू गरियो । आलोचना र आत्मालोचनामार्फत् पार्टीका सम्पूर्ण कार्यकर्ताहरू मार्क्सवाद–लेनिनवाद–माओ त्सेतुङ्ग विचारधाराको आधारमा एउटा नयाँ एकतामा पुगे ।

अप्रिल १९४५मा महान् नेता अध्यक्ष माओको सभापतित्वमा पार्टीको सातौं राष्ट्रिय कंग्रेस विजयपूर्वक आयोजित भयो । कंग्रेसमा अध्यक्ष माओले “**संयुक्त सरकारको बारेमा**” नामक राजनैतिक प्रतिवेदन पेश गर्नुभयो र पार्टीको यो राजनैतिक कार्यदिशा पारित भयो कि “**साहसपूर्वक जनसमुदायलाई गोलबन्द गरौं र जनशक्तिको विकास गरौं ता कि उनीहरूले हाम्रो पार्टीको नेतृत्वमा आक्रमणकारीहरूलाई पराजित गर्न र नयाँ चीनको निमाण गर्न सकून्**”

पार्टीको सातौं राष्ट्रिय कंग्रेस एउटा विजय र एकताको कंग्रेस थियो। त्यसले देशभरिका करोडौं जनतालाई पहाड पन्छाउने थ्वीकुङ नामक बुढो मान्छेको जस्तो संकल्प लिएर संघर्ष गर्न प्रोत्साहित गऱ्यो र विजय पाउन उनीहरूको विश्वासलाई सुदृढ बनायो। जब जापानी आक्रमण विरोधी युद्धमा विजय प्राप्त भयो, तब हाम्रो पार्टीको नेतृवमा संचालित सेनाको संख्या बढेर दश लाखसम्म पुग्यो र मुक्त क्षेत्र पनि दश करोड जनसंख्या भएको क्षेत्रसम्म फैलियो। चिनियाँ जनताको क्रान्तिकारी शक्ति अभूतपूर्व र सशक्त भयो।

जापानी आक्रमण विरोधी युद्धको विजयले देशभित्र र बाहिरको परिस्थितिहरू र वर्ग सम्बन्धहरूमा तीव्र रूपले परिवर्तन आयो। कम्युनिष्ट पार्टीलाई नष्ट गर्ने मौकाको खोजीमा सधैं रहने च्याङ काइ–सेकले अमेरिकी साम्राज्यवादको मद्दतमा प्रतिक्रान्तिकारी गृहयुद्ध संचालन गर्ने कुरा सोच्यो। तब हामीले संघर्ष गर्न र विजय प्राप्त गर्न साहस गर्ने कि नगर्ने ? **सर्वहारावर्गको नेतृत्वमा आम जनताको नयाँ जनतान्त्रिक देशको निर्माण गर्ने कि ठूला जमिन्दारहरूको वर्ग र ठूला पूँजीपतिहरूको वर्गको तानाशाहीवाला अर्धउपनिवेश र अर्धसामन्ती देशको निर्माण गर्ने** ? यो एउटा यस्तो प्रश्न थियो, जो सम्पूर्ण पार्टी, सम्पूर्ण सेना र पूरा देशका जनताका अगाडि मुख फैलाएर उभिएको थियो। यस अवसरमा ल्यू शाओ–ची आत्मसमर्पणवादी कार्यदिशा लिएर आगाडी आयो र यो फूर्ति लगायो कि "चीन शान्ति र जनवादको नयाँ अवस्थामा पुगिसकेको छ"। ल्यू शाओ–चीले ढोल पिट्दै भन्यो कि "चिनियाँ क्रान्तिको संघर्षको मुख्य रूप हतियारबन्द संघर्षबाट गैरहतियारबन्द, जनसमुदायिक र संसदीय संघर्षको रूपमा बदल्नु पर्छ" र हाम्रो पार्टीको तमाम कार्यहरूलाई पुनर्गठित गर्नुपर्छ"। ल्यू शाओ–चीले भन्यो कि हाम्रो पार्टी, सेना र क्रान्तिकारी आधार–क्षेत्रहरू च्याङ काइ–शेकलाई बुझाऊँ, प्रतिक्रियावादी क्वोमिन्ताङ सरकारमा पद प्राप्त गर्ने कोशिस गरौं र अमेरिकी एवम् च्याङ काइ–शेक प्रतिक्रियावादीलाई "सहयोग गरी देश निर्माण गरौं"। यो कार्यदिशा छन् तू–श्यू र वाङ मिङको कार्यदिशाहरूको जारी रूप थियो र चीनमा अमेरिकी कम्युनिष्ट पार्टीको गद्दार अर्ल ब्राउडरको संशोधनवादी कार्यदिशाको प्रतिध्वनी थियो। अध्यक्ष माओले ल्यू शाओ–चीको आत्मसमर्पणवादी कार्यदिशाको दृढतापूर्वक विरोध गर्नुभयो। उहाँले कडा शब्दमा भन्नुभयो– **"च्याङ काइ-शेकले सधैं एक एक रत्ती सत्ता र एक एक रत्ती उपलब्धीलाई जनताबाट खोस्ने कोशिस गर्छ। र, हामीले के गर्छौं ? हाम्रो**

**नीति छ, ऊसँग जस्तालाई तस्तै व्यवहार गर्नु र एक एक इन्च जमीनको लागि लड्नू । जनताका सशस्त्र शक्तिहरू, हरेक बन्दूक र हरेक कारतुस सबका सब सुरक्षित राख्नुपर्छ, त्यसलाई कुनै पनि हालतमा समर्पित गर्नु हुँदैन ।** अध्यक्ष माओले यो पनि भन्नुभयो "**परिस्थिति अनुसार जस्तालाई तस्तै व्यवहार गर्नुपर्छ**" **।** यदि ऊ लड्न चाहन्छ भने हामीले उसलाई पूर्ण रूपले ध्वस्त गरिदिन्छौं । यसरी जस्तालाई तस्तै व्यवहार गर्नुपर्छ । उनीहरू वार्ता गर्न चाहन्छन् भने हाम्रो लागि कहिले वार्तामा भाग नलिनु जस्तालाई तस्तै हुन्छ भने कहिले वार्तामा भाग लिनु जस्तालाई तस्तै हुन्छ । त्यसबेलाको परिस्थितिहरू अनुसार अध्यक्ष माओले च्याङ काइ–शेकको सेनाको आक्रमणलाई धुलोमा मिलाई दिन लड्ने तयारीकावारेमा योजना वनाउनु भयो र सम्झौता वार्ताको लागि आफै छुङ किङ जानुभयो । यसरी उहाँले च्याङ काइ–शेकको मुकुण्डो उतार्नुभयो जसले देखावटी रूपमा शान्ति चाहन्थ्यो तर वास्तवमा गृहयुद्ध शुरु गर्न चाहन्थ्यो । त्यसबेला फैलिएको अमेरिकी साम्राज्यवादसँग डराउने रोगको विरुद्ध अध्यक्ष माओले **सबै प्रतिक्रियावादी कागजी बाघ हुन्** भन्ने निश्कर्ष पेश गरी अमेरिकी साम्राज्यवाद तथा सबै प्रतिक्रियावादीहरूको स्वरुपको भण्डाफोर गरिदिनु भयो । च्याङ काइ–शेकद्वारा चारैतर्फ गृहयुद्ध शुरु गरेपछि अध्यक्ष माओले क्रान्तिकारी निर्भीकतासाथ सोही मौकामा यो आह्वान गर्नुभयो: "**च्याङ काइ-शेकलाई ध्वस्त गरौं र सम्पूर्ण चीनलाई मुक्त गारौं**" । र, उहाँले क्रान्तिकारी युद्ध मार्फत प्रतिक्रान्तिकारी युद्धलाई पराजित गर्ने तथा शस्त्रबलद्वारा राज्यसत्ता खोस्न सम्पूर्ण जनतालाई नेतृत्व गर्नुभयो । अध्यक्ष माओले यस ऐतिहासिक कामको लागि हाम्रो पार्टीको यो आम दिशा र आम नीति निर्धारित गर्नुभयो कि सर्वहारावर्गको नेतृत्वमा आम जनताले साम्राज्यवाद, सामन्तवाद र नोकरशाही पूँजीवाद विरुद्ध नयाँ जनवादी क्रान्ति चलाओस् । र, उहाँले शत्रुको फौजहरूलाई एक–एक गरी नष्ट गर्नकालागि राम्रो सैन्य शक्तिलाई केन्द्रित गर्ने फौजी कार्वाहीको निर्देशक नीति निर्धारित गर्नुभयो । उहाँले देशको विभिन्न भागहरूमा क्रान्तिको विकास अनुसार भूमिसुधार, पार्टीको सुदृढीकरण र निर्माण, सेनाको सुदृढीकरण र निर्माणका बारेमा सिलसिलेवार ठोस कार्यदिशाहरू र नितिहरू निर्धारित गर्नु भयो । पार्टीले चिनियाँ "भूमि कानुनको रूपरेखा" जारी गऱ्यो जुन देशभरिका किसानहरूको अभिलाषा अनुरूप थियो । त्यसले जनसमुदायलाई सक्रियतासाथ गोलवन्द गर्न साहस नगर्ने र किसानको भूमिको माग पूरा गर्न साहस नगर्ने दक्षिणपन्थी गल्ती

सच्यायो र यसको साथै त्यसले भूमि सुधार र पार्टी सुदृढीकरणको क्रममा त्यस कार्यदिशालाई पनि सच्यायो जसको प्रतिनिधित्व ल्यू शाओ–चीले गर्दथ्यो, जुन हेर्दा "वामपन्थी" र वास्तवमा दक्षिणपन्थी थियो, जुन यी कुराहरूबाट प्रष्ट भएको थियो कि मध्यम किसानहरू र निजी उद्योग एवम् व्यापारको हितहरूको उल्लंघन गरियो, थुप्रै पार्टी कार्यकर्ताहरूलाई बिना भेदभाव अवरोध सम्झेर हटाइयो, व्यापक जनसमुदायलाई गोलबन्द गर्नुको सट्टा आफ्ना केही विश्वासनीय मान्छेहरूसँग गुप्त सम्पर्क कायम गरियो तथा पार्टीको नीतिहरूको पर्वाह नगरी हरेक ठाउँमा आफ्नै तरिका र व्यापकतासाथ आन्दोलन संचालन गरियो आदि आदि । अध्यक्ष माओको नेतृत्वमा महान् चिनियाँ जनमुक्ति सेनाले मुक्त क्षेत्रका जनताबाट, च्याङ काइ–शेक शासित इलाकाहरूको विशाल जनताबाट समर्थन र सहायता पाएर च्याङ काइ–शेक डाँका गुटको असी लाख सेनालाई नष्ट गऱ्यो जसलाई अमेरिकी साम्राज्यवादले हतियारबन्द गरेको थियो । केवल ताइवान प्रान्त र अन्य केही समुद्री द्विपहरू बाहेक देशको सम्पूर्ण प्रादेशिक भूमिलाई मुक्त गऱ्यो र च्याङ काइ–शेकको राजवंशलाई अन्त्य गऱ्यो । यसरी चिनियाँ जनगणतन्त्रको स्थापना गरियो । त्यसबेलादेखि चिनियाँ जनता आफ्नो खुट्टामा उभिएका छन् ।

## सर्वहारा अधिनायकत्व अन्तर्गत क्रान्ति जारी राखौं

१९४९ मा चीन जनगणतन्त्रको स्थापना यस कुराको प्रतिक थियो कि नयाँ जनवादी क्रान्तिको चरण मुख्य रूपले समाप्त भयो । समाजवादी क्रान्तिको चरण शुरु भयो । अध्यक्ष माओले धेरै पहिले नै अर्थात् देशव्यापी विजयको पूर्वबेलामा आयोजित पार्टीको सातौं केन्द्रीय समितिको दोस्रो पूर्ण अधिवेशनमा नै स्पष्ट रूपले बताउनु भएको थियो कि देशव्यापी मुक्ति पछि प्रधान घरेलु अन्तरविरोध "**मजदुरवर्ग र पूँजीपतिवर्गबीचको अन्तरविरोध**" हुनेछ । अन्तरविरोध यस कुरामा केन्द्रित थियो कि समाजवादी बाटो अपनाउने वा पूँजीवादी बाटो र सर्वहारा अधिनायकत्व लागू गर्ने वा बुर्जुवा अधिनायकत्व ।

हाम्रो पार्टीको नाम र हाम्रो मार्क्सवादी–लेनिनवादी विश्वदृष्टिकोणले स्पष्ट रूपमा यो बताउँछ कि हाम्रो पार्टीको प्रधान कार्यक्रम पूँजीपतिवर्ग एवम् अन्य सबै शोषकवर्गहरूको तख्ता पूर्ण रूपले उल्ट्याउनु, बुर्जुवा अधिनायकत्वको ठाउँमा सर्वहारा अधिनायकत्व कायम गर्नु र अन्तिम लक्ष साम्यवादलाई साकार बनाउनु हो । २८ वर्षहरूका कठिन संघर्ष, अन्तिम गन्तव्यस्थानतर्फ जाने दश हजार ली लामो अभियानमा पहिलो कदम थियो । सर्वहारावर्गद्वारा

राजनैतिक सत्ता कब्जा गरिनु क्रान्तिको अन्त होइन बरु दोस्रो पाइलाको आरम्भ थियो ।

हाम्रो देशको विशाल भूमि पाइला–पाइला गरी मुक्त भएको थियो । दशौं लाख जनमुक्ति सेना लडाइँ लड्ने सेना पनि हो र कार्यदल पनि हो । हाम्रो पार्टीले आफ्नो सेनामथि भरोसा गऱ्यो, यस सेनाले लडाइँ लड्नु साथ साथै जनसमुदायलाई गोलबन्द गऱ्यो र विशाल जनतासँग मिलेर पार्टीको कार्यदिशा एवम् नीतिहरूलाई दृढतापूर्वक कार्यान्वयन गऱ्यो, ठुला जमिन्दारहरूको वर्ग र ठूला पूँजीपतिहरूको वर्गको अधिनायकत्व भएको राज्य मेशिनरीलाई ध्वस्त गरी जनताको राज्यसत्ता कायम गऱ्यो, जसले नोकरशाह पूँजीपतिको सबका सब धन्धाहरू जुन आधुनिक उद्योगको असी प्रतिशत थियो, जफत गऱ्यो र त्यसलाई समाजवादी राजकीय धन्धाहरूमा परिणत गऱ्यो । र, फेरी हामीले जनसमुदायलाई साहसपूर्वक गोलबन्द गरी ठूलो मात्रामा भूमिसुधार आन्दोलन, प्रतिक्रान्तिकारीहरूको दमन गर्ने आन्दोलन तथा अमेरिकी आक्रमणको मुकाविला गर्ने र कोरियालाई सहायता दिने आन्दोलन चलायौं । तीन वर्षमा हामीले राष्ट्रिय अर्थतन्त्रको पुनरुद्धार गऱ्यौं र जनताको जनवादी अधिनायकत्वलाई मजबूत बनायौं ।

१९५३मा, "**तीन खराबीहरू**"(अर्थात भ्रष्टाचार, फजुल खर्ची र नोकरशाही) को विरोध गर्ने आन्दोलन तथा "**पाँच खराबीहरू**"(अर्थात, घुस खोरी, करभुक्तानीमा धोकावाजी, राज्यको सम्पत्तिको चोरी, सरकारी ठेक्काहरूमा छलकपट र राज्यको आर्थिक सूचनाहरूको चोरी, सरकारी ठेक्काहरूमा छलकपट र राज्यको आर्थिक सूचनाहरूको चोरी)को विरोध गर्ने आन्दोलनमा पूँजीपतिवर्गको अनर्गल आक्रमणलाई पछि धकेलिदिएपछि, अध्यक्ष माओले संक्रमणकालको बारेमा लेनिनको सिद्धान्त तथा हाम्रो व्यवहार अनुसार संक्रमणकालमा पार्टीको यो आम दिशा पेश गर्नुभयो: **एउटा धेरै लामो अवधिमा पाइला–पाइला गरी चीनमा समाजवादी औद्योगीकरण लागू गरियोस् तथा राज्यद्वारा कृषि, दस्तकारी र पूँजीवादी उद्योग एवम् व्यापारलाई समाजवादी रुपान्तरण गरियोस् ।**

संक्रमणकालमा पार्टीको आम दिशाको सारतत्त्व उत्पादन साधनहरूको स्वामित्वबारेको समाधान निकाल्नु थियो, समाजवादी स्वामित्व अर्थात् राजकीय स्वामित्व र मेहनतकश जनसमुदायको सामूहिक स्वामित्वलाई हाम्रो देशको एक मात्र आर्थिक आधार बनाउनु थियो । यो सर्वहारा अधिनायकत्वलाई अझ सुदृढ बनाउने प्रमुख कदम थियो । हामीले यस प्रश्नलाई दृढतासाथ र पाइला–पाइला गरी समाधान गऱ्यौं । कृषिको क्षेत्रमा यो काम समाजवादको केही प्रारम्भिक तत्त्वहरू भएको आपसी सहायता दलहरू र अर्धसामाजवादी

प्रकृति भएका प्रारम्भिक सहकारी समितिहरूदेखि पूर्ण समाजवादी प्रकृति भएका उच्च स्तरीय सहकारी समितिहरू मार्फत् पूरा गरियो। पूँजीवादी उद्योग एवम् वाणिज्यको क्षेत्रमा यो काम यस प्रक्रियामार्फत पूरा गरियो कि राज्यले पहिलो पहल पूँजीवादी व्यवसायहरूको समानहरू प्रशोधन एवम् उत्पादनका लागि अर्डर गर्ने, पूँजीवादी व्यवसायहरूका तमाम उत्पादनहरू खरिद गरी त्यसको वितरण गर्ने, पूँजीवादी व्यवसायहरूलाई राज्यको लागि बस्तु खरिद गर्ने र बेच्ने कमिशन एजेण्ट बनाउने तरिका अपनाइयो, र पछि पूँजीवादी व्यवसायहरूको समानहरू प्रशोधन एवम् उत्पादनका लागि अर्डर गर्ने, पूँजीवादी व्यवसायहरूलाई राज्यको लागि माल खरिद गर्ने र बेच्ने कमिशन एजेण्ट बनाउने तरिका अपनाइयो, र पछि पूँजीवादी व्यवसायहरूलाई संयुक्त राजकीय निजी कारोबारहरूमा बदलियो र खरीद गर्ने नीति अनुसार त्यसको सम्पूर्ण सम्पत्तिको मूल्यांकनकोआधारमा निश्चित व्याज दिने तरिका अपनाइयो। उत्ताउलोपनबाट ग्रस्त केही व्याक्तिहरूलाई यो प्रक्रिया असन्तोषजनक लागेको थियो र उनीहरूको विचारमा संक्रमणको समय हदभन्दा लामो थियो र राम्रो तरिका त यो थियो कि एकै दिनमा समस्या सुल्झाउनु। यो “वामपन्थी” प्रवृत्ति शिक्षा मार्फत् अपेक्षाकृत तीब्र गतिमा हटाइयो।

समाजवादी क्रान्ति पूँजीवादको अन्त्येष्टी गर्ने एउटा संघर्ष हो। त्यसलाई देशभरका मेहनतकश जनताद्वारा जयजयकार गरियो, तर त्यसले ल्यू शाओ–ची र उसको गिरोहको आनावश्यक तोडफोडको सामना गर्नुपऱ्यो। फङ त–ह्वाए, काओ काङ र राओ शु–श आदि व्यक्तिहरूले पार्टीको केन्द्रीय समितिमा फूट पार्ने र सर्वहारा अधिनायकत्वलाई उल्ट्याउने असफल कोसिसमा पार्टीविरोधी गठबन्धन कायम गरे। तर उनीहरूको षड्यन्त्रलाई पार्टीको केन्द्रीय समितिले ठीक समयमा धुलोमा मिलाइदियो। ल्यू शाओ–ची समाजवादी रूपान्तरणको सधैं विरोध गर्दथ्यो। धेरै पहिले नै, अर्थात् १९४९मा उसले पार्टीको केन्द्रीय समितिको पिठ्यूँ पछाडि र पार्टीको सातौं केन्द्रीय समितिको दोस्रो पूर्ण अधिवेशनको फैसलाहरूको उल्लंघनमा “शोषण एउटा योगदान हो” जस्तो वाहियात तर्क अघि साऱ्यो। छैठौं दशकको शुरुमा उसले “नयाँ जनवादी व्यवस्थालाई सुदृढ बनाऔं” भन्ने नारा पेश गऱ्यो। तथाकथित “नयाँ जनवादी व्यवस्थालाई सुदृढ बनाउनु”को मतलब पूँजीवादी शक्तिहरूलाई “सुदृढ” एवम् विकसित गर्नु र समाजवादी क्रान्ति चलाउनुको सट्टा पूँजीवादी बाटो अपनाउनु थियो। अध्यक्ष माओले समय छँदै यस नाराको खण्डन गर्नुभयो र भन्नुभयो कि यो बुर्जुवा प्रकृतिवाला गल्ती हो।

ठूलो संख्यामा कृषि सहकारी समितिहरूलाई भंग गर्ने ल्यू शाओ–ची र उसको गिरोहको दक्षिणपन्थी गल्ती तथा तथाकथित "सहकारिता भन्दा पहिले मेशिनीकरण लागू गर्ने" तथा धनी किसान अर्थतन्त्रलाई विकास गर्ने उनीहरूको वाहियात तर्कहरूको खण्डन गर्न अध्यक्ष माओको "कृषि सहकारिताको सवालबारे" तथा अन्य सिलसिलेवार शानदार रचनाहरू प्रकाशित भए । यसले सहकारिता लागू गर्न ज्यादै गरीब र निम्न मध्यम किसानहरूको समाजवादी सक्रियता धेरै बढ्यो । १९५५को उत्तरार्धदेखि, एक वर्ष भन्दा केही बढी समयमा देशभरमा ५० करोड किसान राजी-खुशी समाजवादको फराकिलो बाटोमा हिंड्न निस्के । सर्वहारावर्गले विशाल गाउँले इलाकाहरूका मोर्चामा कब्जा जमाएको कारण मजदुर एवम् किसानहरूद्वारा दुईतिरबाट गरिएको आक्रमणमा पूँजीपतीवर्ग एक्लो पर्‍यो र उसले बाध्य भएर रूपान्तरण स्वीकार्नुपर्‍यो । १९५६मा हाम्रो देशमा स्वामित्वको क्षेत्रमा पूँजीवादी उद्योग, वाणिज्य र दस्तकारीको समाजवादी रूपान्तरण मुख्यरूपले पूरा गरियो । यस भारी परिवर्तनमा औद्योगिक एवम् कृषि उत्पादन नष्ट हुनुको सट्टा विकसित भयो । संक्रमणकालको लागि पार्टीको आम दिशाले महान् विजय हासिल गर्‍यो ।

उत्पादनका साधनहरूको स्वामित्वका क्षेत्रमा समाजवादी रुपान्तरण मुख्यगरी पुरा भएपछि चीनको समाजवादी क्रान्ति र सर्वहारा अधिनायकत्वका अगाडि एउटा नयाँ प्रश्न उपस्थित भयो । प्रधान घरेलु अन्तरविरोध के हो ? के वर्ग, वर्गीय अन्तरविरोध र वर्गसंघर्ष अझ पनि कायम छ ? चिनियाँ क्रान्तिको भावी कार्य के हो ? ल्यू शाओ–ची र उसको गिरोहको जवाफ थियो: "चीनमा पूँजीवाद र समाजवादमा कसले जित्दछ भन्ने प्रश्नको फैसला भइसकेको छ," "सर्वहारावर्ग र पूँजीपतिवर्गबीचको अन्तर विरोध खासगरी समाधान भइसकेको छ," तथा "प्रधान घरेलु अन्तरविरोध उन्नतशील समाजवादी व्यवस्था र पिछडिएको सामाजिक उत्पादक शक्तिहरूबीचको अन्तरविरोध हो" । यो नयाँ परिस्थितिमा बर्नस्टाइन र काउत्सकीको "उत्पादन शक्तिहरूको सिद्धान्त"को नयाँ संस्करण थियो । यो एउटा यस्तो हथकण्डा थियो जसको सहारा लिएर पूँजीपतिवर्गले सर्वहारावर्ग विरुद्ध वर्गसंघर्ष चलायो । जनवादी क्रान्ति कालमा उनीहरूको भनाई थियो कि सर्वहारावर्गले तबसम्म राज्यसत्ता खोस्न सक्दैन जबसम्म पूँजीवादको चरम विकास भएको हुँदैन, समाजवादी रुपान्तरणको आगमनमा उनीहरूले "नयाँ जनवादी व्यवस्थालाई सुदृढ बनाउन" चाहे, तीन महान् रुपान्तरण (अर्थात् कृषि, दस्तकारी र पूँजीवादी उद्योग एवम् वाणिज्यको समाजवादी रुपान्तरण) मुख्यगरी पूरा भएपछि उनीहरूले फेरि तिनै वाहियात तर्कहरू जसलाई माथि उल्लेख गरिएका छन्, अघि सारेर

सर्वहारावर्गलाई क्रान्ति जारी राख्नबाट रोक्ने कुचेष्टा गरे । उनीहरूको भनाइअनुसार स्वामित्वको प्रश्न समाधान भइसकेपछि वर्गसंघर्ष समाप्त हुन्छ, समाजवादी व्यवस्थालाई सुदृढ बनाउने आवश्यकता रहँदैन र केवल उत्पादनमाथि नियन्त्रण राख्नु नै पर्याप्त हुन्छ, समाजवादी व्यवस्था यति धेरै "उन्नतशील" छ कि त्यो आजको चीनको आवश्यकता अनुकूल छैन र पछि हट्नुपर्छ र पूँजीवादको विकास गर्नुपर्छ । ल्यू शाओ–ची र उसको गिरोहले पूँजीवादी बाटो समात्ने कार्यदिशालाई सम्पूर्ण पार्टीमाथि जवरजस्ती लाद्ने कोसिसमा अध्यक्ष माओको पिठ्युँ पछाडि यस्ता वाहियात कुराहरूलाई पार्टीको आठौं राष्ट्रिय कंग्रेसको प्रस्तावमा मिसाई पनि दिए ।

तत्काल नै अध्यक्ष माओले यो कुरा भन्नुभयो कि पार्टीको आठौं राष्ट्रिय कंग्रेसको प्रस्तावमा ल्यू शाओ–ची र उसको गिरोहले जुन कुराहरू घुसाएका छन् ती गलत छन् र मार्क्सवाद विरुद्ध छ । यसको केही समयपछि, अध्यक्ष माओको शानदार रचना "**जनताबीचको अन्तरविरोधहरूको सही ढंगले समाधान गर्ने बारेमा**" प्रकाशित भयो । उहाँले मार्क्सवाद–लेनिनवादको विकासको इतिहासमा पहिलोपटक सुव्यवस्थित रूपले स्वामित्वको समाजवादी रुपान्तरणमा प्रमुख विजय प्राप्त भएपछि समाजवादी समाजमा वर्गहरू, वर्गीय अन्तरविरोधहरू र वर्गसंघर्षसम्बन्धी प्रश्नको जवाफ दिनुभयो । अध्यक्ष माओले भन्नुभयोः "**चीनमा स्वामित्वको व्यवस्थाको समाजवादी रुपान्तरण मुख्य रूपले पूरा भइसकेको छ**", "**तर पनि सत्ताच्युत जमिन्दारवर्ग र दलाल पूँजीपतिवर्गको अवशेष अझ पनि बाँकी छ, पूँजीपतिवर्ग अझ पनि मौजुद छ र निम्न पूँजीपतिवर्गलाई पुनः संस्कार गर्न भर्खर शुरु गरिएको छ । वर्गसंघर्ष अहिले किमार्थ समाप्त भएको छैन । सर्वहारावर्ग र पूँजीपतिवर्गबीचको वर्गसंघर्ष, विभिन्न राजनैतिक शक्तिहरूबीचको वर्गसंघर्ष तथा विचारधाराको क्षेत्रमा सर्वहारावर्ग र पूँजीपतिवर्गबीचको वर्गसंघर्ष अझ पनि एउटा दीर्घकालीन र बांगोटिंगो वर्गसंघर्ष बनिरहनेछ, यहाँसम्म कि कहिले काहीं त्यो ज्यादै तीव्र पनि हुनेछ ।**", "**अन्तमा समाजवाद विजयी हुन्छ वा पूँजीवाद** भन्ने **प्रश्न वास्तवमा अझ पनि निश्चित भएको छैन ।**" अध्यक्ष माओले भन्नुभयोः "**हाम्रो देशको वर्तमान समाज व्यवस्था अतितको समाज व्यवस्थाभन्दा धेरे राम्रो छ । तर यस्तो नभएको भए न त पुरानो व्यवस्थालाई उखेलेर फालिने थियो न त नयाँ व्यवस्था स्थापना गर्न सकिने थियो ।**" उहाँले बताउनुभयोः "**संक्षेपमा, समाजवादी उत्पादन सम्बन्ध स्थापित भइसकेको छ तथा यो उत्पादक शक्तिहरूको विकासको लागि उपयुक्त छ । तर त्यो अझ पनि पूर्णता भन्दा धेरै टाढा छ र त्यसको अपूर्ण पक्ष उत्पादक**

**शक्तिहरूको विकासको बाटोमा अन्तरविरोधको रूपमा उभिएको छ । उत्पादन सम्बन्धहरू र उत्पादक शक्तिहरूको विकासबीच अनुरूपता पनि छ र अन्तरविरोध पनिम् यसप्रकार, उपरीढाँचा र आर्थिक आधारबीच अनुरूपता पनि छ र अन्तरविरोध पनि ।" त्यसैले "हाम्रो समाजवादी व्यवस्था सुस्थापित र सुदृढ** बन्न......... **समय लाग्नेछ ।" "हामीले ठोस परिस्थितिहरूलाई ध्यानमा राख्दै यी अन्तरविरोधहरूलाई तगातार हल गरिरहनुपर्छ । यो साँचो हो कि अन्तरविरोधहरूको समाधान भए पनि नयाँ-नयाँ समस्याहरू फेरि उठ्नेछन् र तब फेरी नयाँ अन्तरविरोध समाधान गर्नुपर्नेछ ।"** अध्यक्ष माओले अजेय द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवादको प्रयोग गरी ल्यू शाओ–चीको संशोधनवादी वाहियात तर्कहरूको पूर्ण रूपले खण्डन गर्नुभयो र सर्वहारा अधिनायकत्व अन्तर्गत क्रान्ति जारी राख्ने सिद्धान्तद्वारा हाम्रो पार्टीलाई सुसज्जित गर्नुभयो ।

देश विदेशमा वर्गसंघर्षको विकासले निरन्तर नयाँ–नयाँ यथार्थताद्वारा, सर्वहारा अधिनायकत्व अन्तर्गत क्रान्ति जारी राख्ने क्रममा अध्यक्ष माओको सिद्धान्तको सहीपन प्रमाणित भएको छ । १९५७मा बुर्जुवा दक्षिणपन्थीहरूको पागलपनपूर्ण आक्रमण र खासगरी सोभियत कम्युनिष्ट पार्टीको बीसौं कंग्रेसपछि खुश्चोभ-ब्रेझनेभ गद्दार गुटद्वारा लेनिनको जन्मभूमिमा पूँजीवादको पुर्नस्थापना गरेको गम्भीर घटनाले भित्रैदेखि हामीलाई यो पाठ सिकाएको छ कि यदि केवल उत्पादनका साधनहरूको स्वामित्वमा समाजवादी क्रान्ति भयो, तर राजनैतिक र विचारधारात्मक मोर्चाहरूमा पूर्ण समाजवादी क्रान्ति भएको छैन तब समाजवादी व्यवस्था सुदृढ हुँदैन । पूँजीवादको उत्पत्ति, विकास र अन्त्यतर्फ उसको बृद्धिको इतिहासमाथि एक पटक दृष्टि पुऱ्याएमा यो थाहा पाइन्छ कि पूँजीवादी व्यवस्था पनि एकै पटकमा स्थापित भएको होइन । सर्वहारा क्रान्ति सबै शोषकवर्गहरूलाई पूरा अन्त्य गर्ने क्रान्ति हो, त्यसैले यो अनिवार्य छ कि यस क्रान्तिमा वर्गसंघर्ष ती पछिल्ला क्रान्तिहरूको तुलनामा जसमा एउटा शोषक व्यवस्थाले अर्को शोषक व्यवस्थाको स्थान लिन्थ्यो, भन्दा धेरै बढी भीषण र बांगोटिंगो हुन्छ । खुश्चोभ–ब्रेझनेभ गद्दार गुटले सोभियत संघ तथा सम्पूर्ण विश्वका सर्वहारावर्ग मानसिक रूपले तैयार नभएको अवस्थाको अनुचित फाइदा उठाएर बुर्जुवा अधिनायकत्वको स्थापना गऱ्यो । यो एउटा नराम्रो कुरा हो, तर नराम्रो कुरा राम्रो कुरामा फेरिन सक्छ । यसले सोभियत जनता र विश्वभरीका सर्वहारावर्गलाई शिक्षित गरेको छ । इतिहास विकास क्रमको नजरबाट हेर्दा सोभियत संघमा पूँजीपतिवर्गको सत्ता फेरि आउनु एउटा अस्थायी घटना हो । सोभियत संघको सर्वहारावर्ग तथा सबै जातिहरूका

जनताले अवश्य नै खुश्चोभ–ब्रेझ्नेभ गुटलाई परास्त गर्ने छन्, सर्वहारा अधिनायकत्वको पुनस्थापना गर्नेछन् र लेनिन एवम् स्तालिनद्वारा खुलाइएको अक्टोबर क्रान्तिको बाटो अनुशरण गर्नेछन् । समाजवाद अवश्य नै सारा संसारमा विजयी हुनेछ । यो मान्छेको इच्छाबाट स्वतन्त्र एउटा वस्तुगत नियम हो ।

१९५७मा बुर्जुवा दक्षिणपन्थीहरू विरुद्धको संघर्ष चिनियाँ सर्वहारावर्ग र पूँजीपतिवर्गबीच राजनैतिक र विचारधारात्मक मोर्चाहरूमा भएको एउटा ठूलो भिडन्त थियो । देशव्यापी स्तरमा मान्छेहरूलाई साहसपूर्वक बोल्न, मुक्त भावले आफ्नो राय पेश गर्न ठूला ठूला अक्षरहरूमा पोष्टर लेख्न र महा वादविवाद गर्नका लागि आन्दोलित गरियो । बहस-छलफल मुख्यतः यी महत्त्वपूर्ण प्रश्नहरूमा भए कि हाम्रो क्रान्ति र निर्माणको काम सही छ कि छैन, समाजवादी बाटो लिनुपर्छ कि पर्दैन, कम्युनिष्ट पार्टीको नेतृत्व, सर्वहारा अधिनायकत्व र जनवादी केन्द्रीयता हुनुपर्छ कि पर्दैन, तथा हाम्रो विदेश नीति सही छ कि छैन आदि आदि । यी बहस छलफलहरूले व्यापक जनसमुदायलाई हाम्रो र शत्रुबीच तथा सही र गलतबीच फरक छुट्याउन सक्षम बनायो, बुर्जुवा दक्षिणपन्थीहरूलाई एक्लो पाऱ्यो, ल्यू शाओ–चीको संशोधनवादी वाहियात तर्कहरूको खण्डन गऱ्यो । यसले पूँजीपतिहरूको पसिना काढिदियो तथा सर्वहारावर्गको हौसला धेरै बढाइदियो, समाजवादको लागि सम्पूर्ण जनताको सरगर्मी राम्रोसँग उजागर गरिदियो र हाम्रो देशमा समाजवादी क्रान्ति र निर्माणलाई धेरै अघि वढाइदियो । अध्यक्ष माओले १९५८मा **सम्पूर्ण शक्तिले दृढतापूर्वक अघि बढ्दै, धेरै भन्दा धेरै, चाँडो भन्दा चाँडो, राम्रो भन्दा राम्रो र कम भन्दा कम खर्चमा समाजवादको निर्माण गर्ने** आमदिशा निर्धारित गर्नुभयो । यस आम दिशालाई अध्यक्ष माओले क्रान्तिकारी आधार–क्षेत्रहरूको निर्माणको क्रममा प्राप्त पार्टीको अनुभवहरू, राष्ट्रिय अर्थतन्त्रको विकासको पहिलो पंचवर्षीय योजना लागू गर्ने क्रममा प्राप्त अनुभवहरू र खुश्चोभद्वारा पूँजीवादको पुनस्थापना गरेको सिलसिलामा प्राप्त शिक्षाहरूको सारांश निकाल्न तथा ल्यू शाओ–ची र उसको गिरोहको संशोधनवादी कार्यदिशाको खण्डन गर्न तथा पटक–पटक जाँचबुझ र अध्ययन गर्ने आधारमा निर्धारित गर्नु भएको हो । यो आम दिशा सर्वहारा राजनीतिलाई सर्वोपरी राख्ने र पार्टीको नेतृत्वलाई व्यापक जनसमुदायसँग जोड्ने कुरामा जोड दिन्छ र यो पार्टीको जनदिशाको नयाँ विकास हो । यस आम दिशाको यो अनुरोध हो कि हामीले कृषिलाई प्रमुख र उद्योगलाई मुख्य तत्त्व मानौं र यस आम दिशामा सिलसिलेवार निर्देशक नीति निर्धारित गरिएका छन् जसलाई दुवै खुट्टाले हिड्ने निर्देशक नीति भनिन्छ । वास्तवमा केन्द्रीय सरकार तथा स्थानीय दुवैको पहलकदमीहरू काममा लगाइयोस्, समुद्रतटीय इलाकाहरूका उद्योगको

पूराका पूरा फाइदा उठाउनुसँगै भित्री क्षेत्रहरूका औद्योगिक रफ्तारलाई तीब्र पारियोस्, उद्योग र कृषिलाई सँगसँगै विकास गरियोस्, हल्का र गह्रौ उद्योगलाई सँगै विकास गरियोस्, उत्पादनको आधुनिक तरिका र स्वदेशी तरिका दुवैलाई काममा प्रयोग गरौं र सानो, मझौला र ठूला कारोवारहरूलाई साथसाथै विकास गरियोस । यस आम दिशाको मार्गदर्शनमा चिनियाँ जनताले गाउँहरूमा जनकम्युनको सिर्जना गरेका छन् । सारा देशमा उद्योग र कृषिमा लामो फड्कोको हराभरा स्थिति देखियो । यो पार्टीको आम दिशाको महान् विजय थियो ।

क्रान्ति एवम् निर्माण तीब्र गतिमा अघि बढिरहेको सानदार स्थितिमा ल्यू शाओ–ची र उसको गिरोहले आफ्नो दाउपेच बदल्यो । शुरु–शुरुमा उनीहरूले "वामपन्थी"को रूपमा अगाडि देखिएर अध्यक्ष माओका यस सही प्रस्थापनाको विरोध गरे कि ग्रामिण जनकम्युन समाजवादी सामूहिक स्वामित्व हो । उनीहरूले मूल्य नियम र व्यापारिक मालको उत्पादनलाई निषेध गरे र क्रान्तिकारी जनआन्दोलनलाई भङ्ग गर्ने कोशिस गरे । अध्यक्ष माओले समयमै तिनीहरूका गल्तीहरूको खण्डन गरी व्यापक जनसमुदायको क्रान्तिकारी सक्रियताको रक्षा गर्नुभयो र जनआन्दोलनलाई सही बाटोमा लैजान ठोस कदम उठाउनु भयो । अगस्त १९५९मा पार्टीको आठौं केन्द्रीय समितिको आठौं पूर्ण अधिवेशनमा फङ त–ह्वायले मैदानमा उत्रेर दक्षिणपन्थी समक्ष पार्टीको आमदिशामाथि विषवमन गऱ्यो, लामो फड्को तथा जनकम्युनको पागल भएर विरोध गऱ्यो तथा क्रान्तिकारी जनआन्दोलनको विरोध गऱ्यो । यसपछि ल्यू शाओ–चीले पनि दक्षिणपन्थी समक्ष पार्टीको आमदिशामाथि बारम्बार प्रहार गऱ्यो । यस गिरोहले तीन वर्षदेखिको प्राकृतिक विपत्तिहरू तथा सोभियत संशोधनवादी गद्दार गुटद्वारा सम्झौताहरू तोडी विशेषज्ञहरूलाई फिर्ता गर्दा उत्पन्न भएका ती अस्थायी आर्थिक कठिनाइहरूलाई बढाई चढाई पेश गर्न न्वारानदेखिको बल लगाएर यस तथ्यलाई मान्न अस्वीकार गरे कि सारा देशका जनता अध्यक्ष माओको नेतृत्वमा पार्टीको आम दिशामा कायम रहेर कठिनाइहरूमाथि विजय हासिल गर्न सक्छन् र हासिल गर्न पनि लागिसकेका छन् । उनीहरूले आन्तरिक तथा वैदेशिक मामलामा प्रतिक्रान्तिकारी संशोधनवादी कार्यदिशा अर्थात् "सान् चि इ पाओ"(स्वतन्त्र बजारको व्यवस्था गर्नु, किसानहरूलाई निजी प्रयोगको लागि दिइने जमिनमा विस्तार गर्नु, नाफा नोक्सानमा आफै जिम्मेवार हुने साना कामहरूलाई बढावा दिनु र किसान परिवारको आधारमा पैदावरको मात्रा निर्धारण गर्नु) र "सान् हो इ शाओ"( साम्राज्यवाद, संशोधनवाद र प्रतिक्रियावादसँगको सम्बन्धमा संघर्षलाइ

छोड्नु र विश्व क्रान्तिलाई दिइने सहायता घटाउनु) पेश गरे र लागू गरे । उनीहरूले लाल झण्डाको विरोध गर्नका लागि "लाल झण्डा" उठाउन छोडे र उनीहरूले लाल झण्डाको विरोध गर्न सेता झण्डा उठाउन लागेका थिए ।

ल्यू शाओ–ची गद्दार गुटको पागलपन त्यसको शक्तिको संकेत होइन बरु यस कुराको संकेत थियो कि सर्वहारा क्रान्तिको भित्रसम्म पुग्दा घबराहटको कारण उसको हात खुट्टा सुन्निएको थियो । ऐतिहासिक अनुभवले यो प्रमाणित गर्दछ कि घरेलु प्रतिक्रान्तिकारी तत्त्वहरू र पार्टीभित्र रहेका अवसरवादीको गतिविधिहरू सधैं राजनैतिक संघर्षको स्वरूप मात्र राख्दैन बरु त्यसले विदेशी प्रतिक्रियावादीहरूको गतिविधिहरूसँग तालमेल गर्दछ । ल्यू शाओ–ची र उसको गिरोहले सोचेको थियो कि अमेरिकी साम्राज्यवाद, सोभियत संशोधनवाद र भारतीय प्रतिक्रियावादीहरूले बौलाएर चलाएका चीन विरोधी आन्दोलन उनीहरूकालागि पूँजीवाद पुनर्स्थापना गर्ने सुनौलो अवसर हो । तर नतीजा उनीहरूको विचारभन्दा ठीक उल्टो निस्क्यो । चिनियाँ सर्वहारावर्ग र व्यापक जनता कठिनाईहरूसँग कहिल्यै पनि डराउँदैनन् । साम्राज्यवादीहरू, संशोधनवादीहरू र प्रतिक्रियावदीहरूको नाकाबन्दी, घाटबन्दी, सशत्र आक्रमण एवम् भित्रैबाट उन्मुलन गर्ने कार्वाहीहरू यी सबले चिनियाँ जनताको रौंसम्म बाङ्गो गराउन सकेन बरु त्यसको उल्टो उनीहरूले हामीलाई उच्च क्रान्तिकारी जोशका साथ स्वतन्त्र एवम् पहलकदमी र स्वावलम्बनको नीतिमा कायम रहन, आफ्नो देशलाई शक्तिशाली बनाउनकालागि कठोर संघर्ष गर्न र समाजलाई फेर्न प्रेरित गरे । जसलाई वास्तवमा एक्लो पारियो, त्यो चिनियाँ जनता होईन बरु साम्राज्यवादी, संशोधनवादी र प्रतिक्रियावादी हुन् जसमा उनीहरूको पाल्तु कुकुर ल्यू शाओ–ची तथा त्यसको गिरोह पनि सामेल छ ।

सेप्टेम्वर १९६२मा आयोजित पार्टीको आठौं केन्द्रीय समितिको दशौं पूर्ण अधिवेशन एउटा महान् ऐतिहासिक महत्त्ववाला अधिवेशन थियो । त्यो यस कुराको प्रतीक थयो कि चिनियाँ सर्वहारावर्ग र मेहनतकश जनताले चिनियाँ कम्यनिष्ट पार्टीको नेतृत्वमा पूँजीपतिवर्गमाथि नयाँ आक्रमण शुरु गऱ्यो । अध्यक्ष माओले यस पूर्ण अधिवेशनमा सम्पूर्ण पार्टी, सम्पूर्ण सेना र पुरा देशको सबै जातिहरूका जनतालाई यो महान् आह्वान गर्नुभयो कि "**वर्गसंघर्षलाई कहिल्यै नबिर्स**" र उहाँले चीनको र अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलनका अनुभवहरूको सारांश निकाल्नुभयो तथा समाजवादको सम्पूर्ण ऐतिहासिक यात्राकालागि हाम्रो पार्टीको प्रमुख कार्यदिशालाई अझ महत्त्वपूर्ण रूपले पेश गर्नुभयो जुन अब हाम्रो संविधानमा लेखिइसकेको छ । अध्यक्ष माओले यो पनि भन्नुभयो कि "**कुनै एउटा राज्यसत्तालाई उखेलेर फाल्न, सधैं यस कुराको**

**आवश्यकता हुन्छ कि सबैभन्दा पहिले जनमत तैयार गरियोस्, विचारधारात्मक क्षेत्रमा कार्य गरियोस् । यो कुरा जहाँ क्रान्तिकारीवर्गमा लागू हुन्छ, त्यहाँप्रतिक्रान्तिकारीवर्गमा पनि लागू हुन्छ ।**" पार्टीको आठौं केन्द्रीय समितिको दशौं पूर्ण अधिवेशनपछि अध्यक्ष माओले "**सही विचार कहाँबाट आउँछ ?**" शर्षिकको सुप्रसिद्ध निबन्ध लेख्नुभयो जसमा उहाँले ल्यू शाओ–चीको बुर्जुवा आदर्शवाद र अध्यात्मवादको खण्डन गर्नुभयो । "अध्यक्ष माओ त्सेतुङका रचनाहरूको उद्धरण" नामक पुस्तक सम्पादित एवम् प्रकाशित भयो, जसद्वारा माओ त्सेतुङ्ग विचारधारको सजीव रूपले अध्ययन तथा त्यसको सजीव रूपले पालन गर्ने जनआन्दोलनको व्यापक रूपले विकास भयो । लामो समयसम्म ल्यू शाओ-चीको बुर्जुवा हेडक्वार्टरको नियन्त्रणमा रहेको पेकिङ अपेरा, व्याले सिम्फनी संगीत जस्ता विचारधारात्मक क्षेत्रहरूमा अध्यक्ष माओको आह्वानमा हाम्रो पार्टीले धावा बोल्यो, जसको फलस्वरूप मजदूर, किसान एवम् सैनिकहरूको वीर प्रतिभाहरू रंगमञ्चमा देखाउन थालियो । यसैबीच, पार्टीले देशव्यापी स्तरमा समाजवादी शिक्षा आन्दोलन उठायो । यस क्रममा ल्यू शाओ–ची गद्दार गुटले आफूले हत्याएको सत्ताको दुरुपयोग गरी सर्वहारावर्गमाथि बौलाएर प्रत्याक्रमण गऱ्यो । अध्यक्ष माओद्वारा स्पष्ट रूपले बताइएको "**वर्तमान आन्दोलनमा प्रहारको मुख्य निशाना पार्टीभित्र रहेका पूँजीवादी बाटो अपनाउने चल्तापुर्जाहरू हुन्**" भन्ने निर्देशक नीतिको विरोध गऱ्यो । उसले यस्ता हत्याकाण्डहरू, जुन "वामपन्थी" देखिने तर वास्तवमा दक्षिणपन्थी थिए, को प्रयोग गरी व्यापक कार्यकर्ताहरू एवम् जनसमुदायमाथि प्रहार गऱ्यो र पूँजीवादी बाटो अपनाउने मुट्ठिभर चल्तापूर्जाहरूलाई संरक्षण प्रदान गऱ्यो । उसले सामाजिक स्थितिको जाँचबुझ र अध्ययन गर्ने यस वैज्ञानिक मार्क्सवादी तरिका जसको प्रतिपादन अध्यक्ष माओले गर्नु भएको हो, माथि खुलेआम आक्रमण गर्दै भन्यो कि यो तरिका "पुरानो भइसकेको छ", तथा उसले माओ त्सेतुङ विचारधारको सजीव रूपले अध्ययन एवम् त्यसको सजीव रूपले प्रयोग गर्ने जनआन्दोलनको विरोध गऱ्यो, कला साहित्यमा क्रान्तिको विरोध गऱ्यो । र, पूँजीपतिवर्गको खण्डन गर्नुलाई विरोध गऱ्यो । नोभेम्बर १९६५मा अध्यक्ष माओले "आफ्नो पदबाट हाए जुइको बर्खास्ती" को खण्डन गर्ने आन्दोलन उठाउनु भयो । यस आन्दोलनको मुकाविला गर्न ल्यू शाओ–ची र उसको गिरोहले १९६६मा "फेब्रुअरी रुपरेखा" रचना गऱ्यो । संघर्षको तीब्रताबाट यो स्पष्ट भयो कि ल्यू शाओ–ची देशभित्र पूँजीवादी बाटो अपनाउने चल्तापूर्जा व्यक्तिहरूको सबैभन्दा प्रमुख प्रतिनिधि हो र चीनको खुश्चोभ हो । १६ मे, १९६६को "परिपत्र" जुन अध्यक्ष माओको निर्देशनमा तैयार गरिएको थियो, ले

सम्पूर्ण पार्टीलाई यो आह्वान गऱ्यो कि "**तिनिहरू अहिले पनि हाम्रो निजकै आसन जमाएर बसेका छन्**", "**ख्रुश्चोभ जस्ता मान्छेहरू**"सँग सावधान रहौं। यस "परिपत्र" अनुसार स्थापित भएको केन्द्रीय समिति मातहतको सांस्कृतिक क्रान्ति समूहले महान् सर्वहारा सांस्कृतिक क्रान्तिको क्रममा अध्यक्ष माओको सर्वहारा क्रान्तिकारी कार्यदिशालाई दृढतासाथ लागू गऱ्यो। अगस्त १९६६मा पार्टीको आठौं केन्द्रीय समितिको एघारौं पूर्ण अधिवेशनमा अध्यक्ष माओको अध्यक्षतामा "**महान् सर्वहारा साँस्कृतिक क्रान्तिको बारेमा निर्णय**" पास गरियो। अधिवेशनमा अध्यक्ष माओले "हेडक्वाटरमाथि वम वर्षा गर" शर्षिकको ठूला अक्षरवाला पोस्टर प्रकाशित गर्नुभयो र औपचारिक रूपले ल्यू शाओ–चीको संशोधनवादी कार्यदिशाको पर्दाफास गर्नुभयो। र, यसरी महान् सर्वहारा साँस्कृतिक क्रान्तिको जन्म भयो।

महान् सर्वहारा साँस्कृतिक क्रान्ति, जसको सूत्रपात अध्यक्ष माओले एउटा महान् सर्वहारा क्रान्तिकारीको साहस एवम् दूरदर्शिताद्वारा गर्नुभएको हो र जुन उहाँको संलग्नतामा चलिरहेको छ। जसमा करोडौं करोड क्रान्तिकारी जनसमुदायले भाग लिइरहेका छन्, "**सर्वहारावर्गद्वारा पूँजीपतिवर्ग र अन्य तमाम शोषकवर्गहरूका विरुद्ध संचालन गरिइरहेको महान् राजनैतिक क्रान्ति हो। यो चिनियाँ कम्युष्टि पार्टी र त्यसको नेतृत्वमा व्यापक जनसमुदायद्वारा क्वोमिन्ताङ प्रतिक्रियावादीहरूविरुद्ध संचालन भइरहेको दर्घिकालीन संघर्षको जारी रूप हो, तथा सर्वहारावर्ग र पूँजीपतिवर्गबीचको वर्गसंघर्षको जारी रूप हो।**" यसलाई चीनको दोस्रो क्रान्ति पनि भन्न सकिन्छ। महान् सर्वहारा साँस्कृतिक क्रान्तिको बारेमा हाम्रा धेरै कमरेडहरू शुरु–शुरुमा ज्यादै थोरै बुझ्दथे। जब व्यापक जनसमुदाय आन्दोलनमा उत्रिए, दुई समूहहरूमा विभाजित भए र यहाँसम्म कि उनीहरूबीचको संघर्षमा बल प्रयोगसम्म भयो, तब केही समयको लागि यस्तो लाग्दथ्यो कि मानौं संसारमा गड्बडी मच्चिएको छ। केही मान्छेले सोध्दछन्: ल्यू शाओ–ची र उसको मुट्ठीभर मान्छेहरूले सर्वहारा अधिनायकत्व भएको सत्ताको एउटा भाग नाजायज तरिकाबाट हात पारेको छ, अध्यक्ष माओद्वारा उसलाई पदबाट हटाउने आदेश जारी गरेपछि काम चल्छ। यस्तो तरिका अपनाउनु किन पऱ्यो ? व्यवहारले यो प्रमाणित गर्दछ कि कार्वाहीको तरिका त कैयौं पटक प्रयोग गरिसकिएको छ, तर समस्या समाधान भएन। वर्तमान क्रान्ति कैयौंलाई उनीहरूको पदबाट हटाउन मात्र चलाइएको होइन बरु यो उपरीसंरचनाको क्षेत्रमा भइरहेको एउटा महान् क्रान्ति हो। ल्यू शाओ–चीको एउटा संशोधनवादी राजनैतिक कार्यदिशा मात्र थिएन बरु उसको आफ्नो राजनैतिक कार्यदिशाको सेवा गर्ने एउटा संगठनात्मक कार्यदिशा

पनि थियो । हाम्रा अनेकौं इकाइहरूको नेतृत्व मार्क्सवादीहरू र विशाल मजदुर–किसान समुदायको हातमा थिएन । हाम्रो अन्धकारमय पक्षको पर्दाफास गर्न खुला रूपमा, चौतर्फी रूपले र तलदेखि माथिसम्म व्यापक जनसमुदायलाई गोलबन्द गर्नाले मात्र ल्यू शाओ–चीको अन्त्य गर्न सम्भव हुनेछ, करोडौं करोड जनसमुदाय वर्गसंघर्षको भट्टीमा खारिएर कठोर बनून्, संशोधनवाद विरोधी संघर्षमा शिक्षा प्राप्त गरुन् तथा सत्ताको त्यो हिस्सा जुन पूँजीवादी बाटो अपनाउने मुट्ठीभर चल्तापुर्जाले नाजायज तरिकाबाट प्राप्त गरेका थिए, आफ्नो हातमा फिर्ता लिने अनुभव हासिल गरुन् । जहाँसम्म गड्वडीको कुरा छ, त्यसको एउटा कारण थियो प्रतिक्रियावादीहरूको उपस्थिति र अर्को कारण थियो पूँजीवादी बाटो अपनाउने चल्तापुर्जा मान्छेहरूको अस्तित्व । उनीहरूले हरेका प्रकारका झण्डामुनि तोडफोड र गडबडी मच्चाएका थिए तर त्यसले पनि उनीहरूले आस्थायी रूपमा केही मान्छेहरूलाई भ्रममा राख्न सके । व्यापक जनसमुदायले “अध्यक्ष माओ त्सेतुङका उद्धृत उक्तिहरू” नामक पुस्तिक साथमा लिएर वाद-विवादमा भाग लिए तथा विस्तार-विस्तार असल र खराब मान्छेहरूबीच सर्वहारा क्रान्तिकारी कार्यदिशा र बुर्जुवा प्रतिक्रान्तिकारी कार्यदिशाबीच भिन्नता छुट्याउन सिके र अध्यक्ष माओको सर्वहारा क्रान्तिकारी कार्यदिशा एवम् नीतिहरू सही ढंगले लागू गर्नपनि सिके । यसरी पूरा देश माओ त्सेतुङ विचारधाराको जीवन्त रूपले अध्ययन गर्ने र त्यसलाई जीवन्त रूपले व्यवहारमा उतार्ने एउटा महाविद्यालयमा परिणत भयो । व्यापक जनसमुदायले जवरजस्त आँधीबेहरीमा ती चीजहरू सिके जुन सामान्य दिनहरूमा सिक्न सकेका थिएनन् । त्यसैले अन्तिम विशलेषणमा, यस गडवडीले केवल शत्रुहरूलाई मात्र अव्यवस्थामा पाऱ्यो, तर जनसमुदायलाई खारिदियो । चिनियाँ जनमुक्ति सेनाले व्यापक वामपन्थी जनसमुदायलाई समर्थन गर्न, उद्योग, एवम् कृषिको काममा सहयोग गर्न, फौजी नियन्त्रण लागू गर्न तथा फौजी एवम् राजनैतिक तालिम दिने काममा भाग लियो र जनताकालागि नयाँ–नयाँ चमत्कारहरू गरे । हाम्रो जनमुक्ति सेना आफ्नो स्थापनाकालदेखि नै लड्ने सेना रहेको छ र साथै त्यो कार्यदल र उत्पादक दल पनि । जनकार्य गर्नमा उसँग चालीस वर्षभन्दा बढीको अनुभव छ । यसकारण त्यो चाँडै नै जनसमुदायसँग एकाकार हुन सक्यो र त्यसले विभिन्न ठाउँहरूमा महान् सर्वहारा साँस्कृतिक क्रान्तिलाई अपेक्षाकृत तीब्र गतिमा अगाडि बढाउन सक्यो तथा यसरी हाम्रो सेनाले आफुलाई खार्नमा नयाँ सफलता प्राप्त गऱ्यो । वर्गसंघर्षको आँधीमा स्थापित विभिन्न स्तरका क्रान्तिकारी समितिहरूमा सैनिक, कार्यकर्ता र जनसमुदायको प्रतिनिधिहरूको त्रिपक्षीय एकता कायम भयो ।

पार्टी सुदृढीकरणपछि स्थापित भएका विभिन्न स्तरका पार्टी कमिटीहरूका सदस्यहरूमा बृद्ध पिंढीका सर्वहारा क्रान्तिकारी मात्र छैनन् । बरु प्रौढ एवम् नौजवान पिंढीहरू पनि समावेश छन् । यसरी सर्वहारा क्रान्तिका दशौं लाख उत्तराधिकारीहरूलाई प्रशिक्षित गर्न अनुकुल परिस्थिति तैयार भयो र हाम्रो पार्टी एवम् देश अझ बढी ओजपूर्ण भयो । जस्तो कि अध्यक्ष माओले भन्नुभएको छ, "महान् सर्वहारा साँस्कृतिक क्रान्ति सर्वहारा अधिनायकत्वलाई सुदृढ बनाउन, पूँजीवादको पुनर्स्थापनालाई रोक्न र समाजवादको निर्माण गर्न अति आवश्यक छ र अत्यन्त समयानुकूल छ ।" अप्रिल १९६९ मा, जब महान् साँस्कृतिक क्रान्तिमा महान् विजय प्राप्त भइसकेको थियो, अध्यक्ष माओका अध्यक्षतामा पार्टीको नवौं राष्ट्रिय कंग्रेसको आयोजना भयो । कंग्रेसमा राजनैतिक प्रतिवेदन र "चिनीया कम्युनिष्ट पार्टीको संविधान" पारित गरियो तथा नयाँ केन्द्रीय समिति जसको नेता अध्यक्ष माओ हुनुहुन्छ चुनियो र राजनैतिक प्रतिवेदनमा सर्वहारा अधिनायकत्व अन्तर्गत क्रान्ति जारी राख्ने क्रममा अध्यक्ष माओको सिद्धान्तमाथि सुव्यवस्थित रूपले प्रकाश पारियो र महान् सर्वहारा साँस्कृतिक क्रान्तिको महत्त्वपूर्ण अनुभवहरूको सारांश निकालियो । त्यसकारण हामीले यस लेखमा महान् सर्वहारा साँस्कृतिक क्रान्तिको बारेमा विवरण प्रस्तुत गर्दैनौं ।

पार्टीको नवौं राष्ट्रिय कंग्रेसपछि देशभित्र र बाहिरका वर्गसंघर्षको विकासले यो प्रमाणित गरी देखाएको छ कि पार्टीको नवौं राष्ट्रिय कंग्रेसको कार्यदिशा एकदम सही छ । पार्टीको नवौं केन्द्रीय समितिको प्रथम पूर्ण अधिवेशन तथा दोस्रो पूर्ण अधिवेशनद्वारा निर्धारित कार्य र निर्दे शक निति पनि बिल्कुल सही छ । महान् सर्वहारा साँस्कृतिक क्रान्तिमा महान् विजय हासिल गरिएको भए पनि विभिन्न मोर्चाहरूमा, खासगरी उपरीसंरचनामा जसमा संस्कृतिका सबै क्षेत्र समावेश छन्, संघर्ष–आलोचना र खण्डन–रूपान्तरणको काम अझ पनि धेरै बाँकी छ । राजनैतिक, विचारधारात्मक, आर्थिक एवम् संगठनात्मक रूपमा सर्वहारा अधिनायकत्वलाई अझ सुदृढ बनाउने काममा अझ पनि यो आवश्यक छ कि हामीले दर्घिकालसम्म संघर्ष गरिरहौं । अध्यक्ष माओले हामीलाई सल्लाह दिंदै भन्नुभएको छ कि यो कहिल्यै सम्झनुहुन्न कि एक वा दुई अथवा तीन वा चार महान् साँस्कृतिक क्रान्तिहरूपछि हरेक बस्तु ठीक हुनेछ । किन कि **समाजवादी समाज एउटा ज्यादै लामो ऐतिहासिक यात्रा हो । यस ऐतिहासिक यात्रामा वर्ग, वर्गअन्तरविरोध र वर्गसघंर्ष कायम रहन्छ, समाजवादी बाटो र पूँजीवादी बाटेबीचको संघर्ष कायम रहन्छ, पूँजीवाद पुनर्स्थापना हुने खतरा रहिरहेको हुन्छ र साम्राज्यवाद र सामाजिक साम्राज्यवादद्वारा उन्मूलन**

**एवम् आक्रमण गरिने खतरा कायमै रहन्छ । यी अन्तरविरोधहरूलाई केवल क्रान्ति जारी राख्ने क्रममा मार्क्सवादको सिद्धान्त तथा यस सिद्धान्तको निर्देशनमा व्यवहारमार्फत् समाधान गर्न सकिन्छ ।** हाम्रो पार्टीले अध्यक्ष माओको शिक्षाहरूको गाँठी र यस संघर्षको दीर्घकालीनता र अप्ठेरोपनलाई बुझ्नुपर्छ । हामीले पार्टीको नवौं राष्ट्रिय कंग्रेस तथा नवौं केन्द्रीय समितिको प्रथम पूर्ण अधिवेशन र दोस्रो पूर्ण अधिवेशनद्वारा निर्धारित विभिन्न जुझारु कार्यहरूलाई दृढतासाथ लागू गर्नुपर्छ, सर्वहारा अधिनायकत्व अन्तर्गत क्रान्ति जारी राख्न डटिरहनुपर्छ तथा अझ ठूलो विजय हासिल गर्न कोसिस गर्नुपर्छ ।

## महत्त्वपूर्ण समस्या हो सिक्नमा निपूर्ण हुनु

पछिल्लो आधा शताब्दीमा हाम्रो पार्टीद्वारा पार गरिएको जुझारु बाटोको सिंहावलोकन गर्नाले यस सच्चाइको पुष्टि हुन्छम् अध्यक्ष माओको नेतृत्वबाट छुट्टिंदा र माओ त्सेतुङ विचारधारा एवम् अध्यक्ष माओको कार्यदिशा विपरित जाँदा हाम्रो पार्टीले ठक्कर र हार खानु पर्दछ, अध्यक्ष माओलाई घनिष्ठ रूपले अनुशरण गर्ने र अध्यक्ष माओको कार्यदिशा लागू गर्ने गर्दा हाम्रो पार्टी अगाडि बढ्दछ र अझ जीत हासिल भइरहन्छ । कमरेड माओ त्सेतुङका रचनाहरू क्रान्ति र निर्माणका लागि चिनियाँ कम्युनिष्ट पार्टीको सिद्धान्त र व्यवहारको सबैभन्दा सम्पूर्ण साराशं हो १९३९मा कमरेड माओ त्सेतुङले हाम्रो पार्टीको ऐतिहासिक अनुभवहरूको सार निकाल्दै भन्नुभयो: "**मार्क्सवाद–लेनिनवादको सिद्धान्त र चिनियाँ क्रान्तिको व्यवहारबीच एकताको बुझाइको आधारमा आफ्नो अठार वर्षको अनुभव र वर्तमान नयाँ अनुभवको साराशं निकाल्नु र यी अनुभवहरूलाई सारा पार्टीमा फैलाउनु, ता कि हाम्रो पार्टी स्पात जस्तो कठोर एवम् सुदृढ बन्न सकोस् र पछिल्ला गल्तीहरू दोहोरिनबाट बच्च सकियोस्– यो हो हाम्रो कार्य ।**"

अध्यक्ष माओले हाम्रो पार्टीको जुन ऐतिहासिक अनुभवहरूको सारांश निकाल्नुभएको छ तिनीहरूमध्ये कुन–कुनमा आज पार्टीले खासगरी ध्यान दिनु र अध्ययन गर्नुपर्छ ?

(१) "हाम्रो पार्टीको सदावहार विचारधारात्मक सिद्धान्त" अर्थात् मार्क्सवाद–लेनिनवादको सर्वव्यापी सच्चाइलाई चिनियाँ क्रान्तिको ठोस व्यवहारसँग मिलाउने काममा रहिरहनु आवश्यक छ ।

हाम्रो पार्टीको इतिहासले हामीलाई बताउँछ, चिनियाँ क्रान्तिको नेतृत्व गर्ने आफ्नो व्यवहारमा अध्यक्ष माओले चिनियाँ समाजमा विभिन्न वर्गहरूको राजनीति एवम् आर्थिक स्थितिहरू र त्यसका आपसी सम्बन्धहरूको सबिस्तार

जाँचबुझ एवम् अध्ययन गर्न, हाम्रा शत्रुहरू र मित्रहरूको अवस्थाहरू र आफ्नै अवस्थाको ठोस विश्लेषण गर्न, सकारात्मक एवम् नकारात्मक ऐतिहासिक अनुभवहरूको वैज्ञानिक ढंगले सारांश निकाल्न तथा सही ढंगले पार्टीको कार्यदिशा र नीतिहरू निर्धारित गर्नमा सधैं द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवादको विश्वदृष्टिकोणमा डटिरहन र मार्क्सवाद–लेनिनवादलाई उत्तराधिकारको रूपमा ग्रहण गर्नुभयो, त्यसको रक्षा गर्नुभएको छ र त्यसको विकास गर्नुभएको छ । तर यसको विपरित छन तु–श्यू, वाङ मिङ, ल्यू शाओ–ची र अन्य नक्कली मार्क्सवादीहरूको विचारधारात्मक विशेषताहरू यो थियो कि उनीहरूको सिद्धान्त र व्यवहारबीच भिन्नता हुन्छ र मनोगत र वस्तुगतबीच खाडल हुन्छ । आफ्नो आदर्शवादी र अध्यात्मवादी विश्वदृष्टिकोणबाट शुरु भएर उनीहरू सबैले दक्षिणपन्थी या "वामपन्थ"बाट द्वन्द्वात्मक एवम् ऐतिहासिक भौतिकवादको विरोध गरे र त्यसलाई तोड–मरोड गरे, जाँचबुझ र अध्ययन तथा वर्गविश्लेषणको विरोध गरे र सिद्धान्त र व्यवहारबीचको एकताको विरोध गरे । तिनीहरूले पनि मार्क्सवाद–लेनिनवादको चर्चा गर्दथे र यहाँसम्म कि मार्क्सवादी सिद्धान्तकार भएको स्वाङ पनि रच्दथे, तर यो केवल मजदुर एवम् किसानहरूबाट आएका कार्यकर्ताहरू र सिधासाधा युवकहरूमाथि रवाफ जमाउन र उनीहरूलाई भ्रममा पार्नु थियो जब कि तिनीहरू आफू नै मार्क्सवाद अनुसार आचरण गर्न कहिल्यै पनि चाहँदैनथे र तिनीहरू शुरुदेखि नै मार्क्सवाद विरोधी थिए । त्यसैले तिनीहरूको भनाई र गाराई अनिर्वायतः सामाजिक विकासको वस्तुगत नियमहरू, विशाल जनताको मागहरू तथा अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशा जसले वस्तुगत नियमहरू र जनताका मागहरूलाई सहीरूपले प्रतिविम्बित गर्दथे, को विरुद्ध नै रह्यो र क्रान्तिको व्यवहारमा त्यसको दिवालिया पनि अनिवार्य थियो । हाम्रा केही कमरेडहरू लामो समयदेखि सही र गलत कार्यदिशाहरूबीच फरक गर्न यसकारण असमर्थ रहे कि उनीहरूले मनोगत रूपमा मार्क्सवादी–लेनिनवादी रचनाहरू पढेका थिएनन् या केही पढेका भए पनि समस्याको पहिचान गर्न र सुल्झाउन तथा वस्तुगत जगतको रूपान्तरण गर्ने प्रक्रियामा आफ्नो मनोगत जगतको पनि रूपान्तरण गर्ने सिलसिलामा मार्क्सवाद-लेनिनवादको सर्वव्यापी सच्चाइलाई चिनियाँ क्रान्तिको ठोस व्यवहारसँग मिलाउने त्यस प्रमुख विचारधारात्मक सिद्धान्तको प्रयोग गर्नमा असमर्थ रहे जसमाथि कमरेड माओ त्सेतुङले पटक–पटक जोड दिनु भएको छ । यो ऐतिहासिक अनुभव ज्यादै गहन छ जसलाई सबै नयाँ एवम् पुराना कम्युनिष्ट पार्टी सदस्यहरूले राम्रोसँग मनन गर्नुपर्छ ।

आज हाम्रो पार्टीका सम्पूर्ण कमरेड, सबैभन्दा पहिला वरिष्ठ कार्यकर्ताहरूले अध्यक्ष माओको यस निर्देशनअनुसार कि "**जीवन्ततासाथ कितावहरू पढ, अध्ययन गर, मार्क्सवादमा विशेषज्ञता हासिल गर**" मार्क्स, एंगेल्स, लेनिन, स्तालिनका रचनाहरू र अध्यक्ष माओका रचनाहरूलाई जीवन्ततासाथ अध्ययन गरिरहेका छन् र हाम्रो पार्टीको ५० वर्षहरूको ऐतिहासिक अनुभवहरू र वर्तमान नयाँ अनुभवहरूलाई जीवन्तता साथ अध्ययन गरिरहेका छन्। कार्यकर्ताहरूको अध्ययन अन्दोलन र विशाल जनसमुदायको अध्ययन आन्दोलन आपसमा मिल्नाले सकारात्मक परिणाम उत्पन्न भइसकेको छ र उत्पन्न भइरहनेछ। यसमा हामी रहिरहनु पर्छ। पढ्ने र अध्ययन गर्ने काममा सिद्धान्तलाई व्यवहारमा उतार्ने सिद्धान्तमा डटिरहनु पर्छ। यो आवश्यक छ कि ठोस समस्याहरूलाई ध्यानमा राखी वर्गसंघर्ष, उत्पादन संघर्ष र वैज्ञानिक प्रयोग यी तीन महान् क्रान्तिकारी आन्दोलनमा उत्पन्न प्रश्नहरूलाई र चिनियाँ क्रान्ति र विश्व क्रान्तिका समस्याहरूलाई ध्यानमा राखी कितावहरू पढियोस् र अध्ययन गरियोस्। यसको अर्थ यो हो कि पढ्नुलाई जाँचबुझ र अध्ययन गर्नु र अनुभवहरूको निष्कर्ष निकाल्नुसँग मिलाउनुपर्छ र ऐतिहासिक अनुभवहरूको अध्ययनलाई यथार्थ संघर्षसँग मिलाउनुपर्छ र अतित कालका अवसरवादको खण्डन गर्ने कामलाई आधुनिक संशोधनवादको खण्डन गर्नुसँग मिलाउनु पर्छ। सम्पूर्ण देशको मुक्तिपछि, "ऊ शुनको जीवनी", "लालभवनको सपना"को अध्ययनमा प्रकट भएका बुर्जुवा विचारहरू, हू श, हू फङ प्रतिक्रान्तिकारी गुट र बुर्जुवा दक्षिणपन्थीहरूको खण्डन गर्नेसम्मको सिलसिलेवार आन्दोलनहरूमा अध्यक्ष माओले सम्पूर्ण पार्टीले आधुनिक संशोधनवाद जसको केन्द्र सोभियत संशोधनवादी गद्दार गुट छ, को जोडदार खण्डन गर्नुभएको छ, त्यससँग अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको आम दिशाको बारेमा भएको महाविवादबाट सम्पूर्ण पार्टीलाई अत्यन्त गहन र अत्यन्त जीवन्त मार्क्सवादी–लेनिनवादी शिक्षा प्राप्त भएको छ। मार्क्सवाद–लेनिनवाद र आधुनिक संशोधनवादबीचको संघर्ष अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनमा दुई कार्यदिशाहरूबीचको सिद्धान्तको सघंर्ष हो। खुश्चोभ, ब्रेझनेभ र तिनीहरूको गिरोह सर्वहारा क्रान्तिका गद्दार हुन्, वर्तमान कालमा उन्मत्त सामाजिक साम्राज्यवादी हुन तथा चीन-विरोधी, साम्यवाद-विरोधी र जनता-विरोधी विश्व तुफानी दस्ता हुन्। आधुनिक संशोधनवाद जसको केन्द्र सोभियत संशोधनवाद हो, को पर्दाफास र खण्डन जारी राख्नु र यस संघर्षलाई अन्तसम्म चलाउनु हामो पार्टीको अपरिहार्य अन्तर्राष्ट्रवादी कर्तव्य हो। हाम्रो

सम्पूर्ण पार्टीका कमरेडहरूले मार्क्सवाद-लेनिनवादको अध्ययनलाई देशभित्र र बाहिरका आधुनिक संशोधनवादको खण्डन गर्ने कामसँग मिलाउनुपर्छ, संघर्षको दौरानमा असली र नक्कली मार्क्सवादमा भिन्नता गर्ने खुबी हासिल गर्नुपर्छ र मार्क्सवादमा साँचो अर्थमा विशेषज्ञता हासिल गर्नुपर्छ ।

(२) **सही ढंगबाट अन्तरपार्टी संघर्ष चलाउन आवश्यक छ ।** हामी र शत्रुबीचका अन्तरविरोध तथा जनताबीचको अन्तरविरोध, यी दुई भिन्न प्रकारका अन्तरविरोधहरूबीच सही ढंगले फरक गर्नु र त्यसलाई सही किसिमले हल गर्नु पार्टीलाई मार्क्सवाद-लेनिनवाद र माओ त्सेतुङ विचारधारको आधारमा कायम एकतालाई मजबूत बनाउने र पार्टीले शत्रुमाथि विजय पाउन सर्वहारावर्ग र क्रान्तिकारी जनसमुदायको नेतृत्व गर्न सक्षम बन्नको लागि प्रमुख शर्त हो ।

पार्टीभित्र घुसेका केही बुर्जुवा षड्यन्त्रकारीहरू, क्यारीयरिष्टहरू, गद्दारहरू, जासूसहरू र विदेशसँग नाजायज सम्बन्ध राख्ने शत्रुका एजेण्टहरूलाई पूर्णरूपले बेनकाव गर्न आवश्यक छ । खराब मान्छेले अक्सर गरी छद्म भेष धारण गर्दछ, षड्यन्त्र रच्दछ र दुईरंगी चाल चल्दछ । तर जब तिनीहरू कुकर्ममा लागिरहन्छन् तब तिनिहरूको पोल खुल्नु अनिवार्य छ । उदाहरणको लागि ल्यू शाओ–चीलाई जो पार्टीभित्र दशौं वर्षसम्म लुकिरहेको थियो, अन्तमा उसलाई प्रकाशमा ल्याएर उभ्याइयो र वाङ मिङ आखिरमा विदेश भागी "शतप्रतिशत" देशद्रोही एवम् जासूस बन्यो ।

जहाँसम्म पार्टीभित्रका ती कमरेडहरूको कुरा छ जसले गल्ती गरेकाछन ती सबै प्रति त अर्को निर्देशक सिद्धान्त अर्थात् "**एकता–आलोचना–एकता**" को निर्देशक सिद्धान्त र "**भावी गल्तीहरूबाट बच्न पछिल्लो गल्तीहरूबाट पाठ सिक्ने, र रोगीलाई बचाउन उसको रोगको उपचार गर्ने**" निर्देशक सिद्धान्त अपनाउनुपर्छ ता कि साथीहरूमा विचारधारत्मक प्रश्नहरूलाई समाधान गर्ने र उनीहरूलाई एकताको सूत्रमा बाँध्ने दोहोरो उद्देश्यप्राप्त गर्न सकियोस् । यस निर्देशक सिद्धान्तको ब्याख्या गर्दै अध्यक्ष माओले भन्नुभएकोछः "**अतितकालमा गरिएका गल्तीहरूलाई पर्दाफास गर्ने समयमा यस कुराको पर्वाह गर्नु पर्दैन कि यस्तो गर्नाले कसैको भावनाहरूलाई ठेस पुग्दछ, यो आवश्यक छ कि अतित कालका तमाम खराब कुराहरूप्रति वैज्ञानिक धारणा अपनाएर त्यसको विश्लेषण गरियोस् र त्यसको आलोचना गरियोस ता कि भविष्यको काम बढी सावधानीसाथ र राम्रो रूपले गर्न सकियोस् । यसैको अर्थ हो भावी गल्तीहरूबाट बच्न पछिल्ला गल्तीहरूबाट पाठ सिक्ने । तर गल्तीहरूको पर्दाफास गर्ने र कमजोरीहरूको**

**आलोचना गर्ने हाम्रो उद्देश्य विरामीको उपचार गर्ने डाक्टरको जस्तै केवल यो हुन्छ कि विरामीलाई बचाउन सकियोस् न कि उसलाई मृत्युको मुखमा धकेल्नु ।"** महान् सर्वहारा साँस्कृतिक क्रान्तिको दौरान अध्यक्ष माओले यस निर्देशक सिद्धान्तमाथि फेरि एकपटक जोड दिँदै भन्नुभयो: "**ती पार्टी–विरोधी र समाजवाद–विरोधी तत्त्वहरू जो आफ्ना गल्तीहरूमा कायमै रहन्छन् र पटक–पटक शिक्षा दिएपछि पनि आफ्ना गल्तीहरू सच्याउने मौका दनिुपर्छ र राम्रा कामहरूमार्फत् आफ्नो पछिल्लो अपराध कुन प्रोत्साहित गर्नुपर्छ ।**" पार्टीभित्रको अन्तरविरोध हल गर्ने सिलसीलामा कमरेड माओ त्सेतुङको यो सही निर्देशक सिद्धान्त "पार्टीभित्र शान्ति"वाला ती दक्षिणपन्थी अवसरवादी सिद्धान्त भन्दा फरक छ र जसले अन्तरविरोधहरूलाई निषेध गर्दछ र गलत र सही बीच फरक गर्दैन, साथै त्यो "निर्मम संघर्ष र निष्ठुर प्रहार"वाला "वामपन्थी" अवसरवादी सिद्धान्तबाट पनि फरक छ। हामीले भिन्न-भिन्न ऐतिहासिक स्थितिहरूमा भएका आन्तरिक पार्टी संघर्षको ऐतिहासिक अनुभवहरूको अध्ययन गर्नुपर्छ ता कि हाम्रो पार्टी सर्वहारावर्गको अग्रिम दस्ताको रूपमा आफ्नो नेतृत्वकारी भूमिका अझ राम्रोसँग निर्वाह गर्न सकोस् ।

(३) **घमण्डबाट बच्न सकेसम्म कोसिस गर्नु आवश्यक छ ।** यसले यस्तो पार्टीकालागि विशेष महत्त्व राख्छ जो महान् विजयहरू प्राप्त गरिसकेको छ, जसले राजनैतिक सत्तामाथि अधिकार कायम गरिसकेको छ । र, समाजवादी क्रान्ति र समाजवादी निर्माण गर्न सारा देशको सबै जातिहरूका जनताको नेतृत्व गरिरहेको छ र जसले सारा विश्वको सर्वहारावर्ग, उत्पीडित जनता र उत्पीडित राष्ट्रहरूप्रतिको महान् अन्तर्राष्ट्रियतावादी कर्तव्य आफ्नो काँधमा बोकेको छ ।

कमरेड माओ त्सेतुङले बताउनुभएको छ: "**हाम्रो पार्टीको इतिहासमा कैयौं यस्ता अवसरहरू आएका छन् जब ठूलो घमण्डले शिर उठायो र परिणामस्वरूप हामीले क्षति व्यहोर्नु पर्‍यो । पहिलो अवसर १९२७को पूर्वार्द्धमा थियो । उत्तरी अभियान सेना ऊहान पुगिसकेको थियो र केही कमरेड यति घमण्डी र अंहकारी भएका थिए कि उनीहरूले यो बिर्से कि क्वोमिन्ताङले हामीमाथि आक्रमण गर्नेवाला छ । यसको परिमाण थियो छन तू–श्यू कार्यदिशाको गल्ती जसबाट क्रान्ति पराजित भयो । दोस्रो अवसर १९३०को थियो । फङ श्वी–श्याङ र येन शी–शीनको विरुद्ध च्याङ काइ–शेकको ठूलो परिणमवाला युद्धबाट लाभ उठाएर लालसेनाले कैयौं लडाइँहरू जित्यो जसले गर्दा केही कमरेडहरू**

**घमण्डी र अहंकारी बने। परिणाम थियो ली ली-शान कार्यदिशाको गल्ती, जसले क्रान्तिकारी शक्तिहरूले फेरि केही क्षति उठाउनु पऱ्यो। तेस्रो अवसर १९३१को थियो। लालसेनाले क्वोमिन्ताङको "घेरामा पार्ने र सखाप गर्ने" तेस्रो अभियानलाई असफल बनाइदिएको थियो र त्यसको तुरुन्त पछि जापानी आक्रमणको सामना गर्दै देशका जनताले जापानविरुद्ध तुफानी र वीरतापूर्ण आन्दोलन शुरु गरिदिएका थिए कि केही कमरेड घमण्डी र अहंकारी बने। परिणामस्वरूप राजनैतिक कार्यदिशामा पहिले भन्दा कैयौं बढी गम्भीर गल्ती भयो जसको कारण हाम्रो क्रान्तिकारी शक्तिहरू जसलाई हामीले ज्यादै परिश्रम गरी निर्माण गरेका थियौं, लगभग नब्बे प्रतिशत घाटा भयो। चौथो अवसर १९३८को थियो। प्रतिरोध युद्ध शुरु भइसकेको थियो र संयुक्त मोर्चा स्थापित भइसकेको थियो कि एकपटक फेरि केही कमरेडहरू घमण्डी र अहंकारी बने। यसको परिणामस्वरूप उनीहरूले छन तू-श्यू कार्यदिशासँग केही मिल्दोजुल्दो गल्ती गरे। यसपटक क्रान्तिकारी कार्यका ती ठाउँहरूमा गम्भीर नोक्सान पुग्यो जहाँ यी कमरेडहरूको गलत विचारहरूको प्रभाव विशेष रूपले बढी थियो। तमाम पार्टीका कमरेडहरूले घमण्ड र गल्तीका यी उदाहरणहरूको चेतावनीबाट लाभ उठाउनुपर्छ।" ता कि उनीहरूले "सफलताको क्षणमा घमण्डी बन्ने गल्तीलाई नदोहोऱ्याउन्।"**

**नम्रताले हामीलाई अघि बढ्न मद्दत गर्छ, जब कि घमण्डले हामीलाई पछि धकेल्छ। यो एउटा सच्चाइ हो जसलाई हामीले सदैव ख्याल राख्नुपर्छ।**

(४) **हामीले दुईसुत्रीय सिद्धान्तको अनुशरण गर्नुपर्छ न कि एकसूत्रीय सिद्धान्त।** एउटा मुख्य झुकावमा ध्यान दिंदा अर्को झुकावमाथि पनि ध्यान दिनुपर्छ जो सम्भवतः छोपिएको हुन्छ। यो आवश्यक छ कि मुख्य पक्षलाई पूर्णरूपले ध्यानमा राखियोस् र त्यसमाथि मजबूत कब्जा राखियोस् र साथै गौण पक्षवाला सवालहरूलाई एक-एक गरी सुल्झ्याइयोस्। वस्तुको सोझो पक्षलाई हेर्नुपर्छ साथै वस्तुको वाङ्गो(उल्टो) पक्षलाई पनि देख्नुपर्छ। ती समस्याहरू जुन खडा भइसकोका छन्, लाई हेर्नुपर्छ र साथै ती समस्याहरूको पनि पूर्वानुमान गर्नुपर्छ जसको अनुभव हामीलाई अझसम्म भएको छैन तर जुन सम्भवतः उठ्ने छ।

जनवादी क्रान्तिको कालमा जब हाम्रो पार्टीले पूँजीपतिवर्गसँग संयुक्त मोर्चा कायम गरेको थियो र एकता मुख्य सोच भएको थियो, तब कमरेड माओ त्सेतुङले "केवल एकता गर्ने र विल्कुल संघर्ष नगर्ने" दक्षिणपन्थी सोचको

विरोध गर्न ध्यान दिनुभयो। जब हाम्रो पार्टी र पूँजीपतिवर्गबीचको एकता टुट्यो र सशस्त्र संघर्ष क्रान्तिको मुख्य रूप बन्यो, तब कमरेड माओ त्सेतुङले "केवल संघर्ष गर्ने र बिल्कुल एकता नगर्ने" "वामपन्थी" सोचको विरोध गर्न ध्यान दिनुभयो। जनमुक्ति युद्धमा देशव्यापी विजय प्राप्त हुने पूर्वबेलामा अध्यक्ष माओले यस कुराको भविष्यवाणी गर्नुभयो कि "**केही कम्युनिष्टहरू यस्ता हुन सक्छन् जसमाथि बन्दुकधारी शत्रुले विजय प्राप्त गर्न सक्दैन र यी शत्रुहरूको मुकाविला गर्ने तिनीहरूलाई वीर भन्नु सार्थक हुन्छ तर यिनीहरू सख्खरमा बेरिएको गोलीहरूको मुकाविला गर्न सक्दैनन् यस्ता मान्छेहरू सख्खरमा बेरिएका गोलीहरूबाट पराजित हुन्छन्।**" अध्यक्ष माओले सम्पूर्ण पार्टीलाई यो आह्वान गर्नुभयो कि "**साथीहरूलाई यो सिकाउनुपर्छ कि उनीहरू नम्र र विवेकशील हुने र घमण्ड एवम् उछृङ्खलताबाट टाढै रहने आफ्नो कार्यशैलीलाई कायमै राखुन्। साथीहरूलाई यो सिकाउनुपर्छ कि उनीहरूले सरल जीवन तथा कठोर संघर्षको कार्यशैलीलाई कायम राखून्।**"

समाजवादी क्रान्तिको कालमा जब-जब हामीले पूँजीपतिवर्गमाथि हमला गर्ने र विजय प्राप्त गर्ने सोंच बनाउँछौं, तब-तब अध्यक्ष माओ सिलसिलेवार रूपमा सर्वहारा नीतिहरू दोहोऱ्याउनु हुन्छ र हामीलाई यस कुरातर्फ ध्यान दिलाउनु हुन्छ कि हामी विवेकशील रहौं, धेरै व्यक्तिहरूलाई शिक्षामार्फत् सहयोग गरौं, प्रहारको क्षेत्र सानो गरौं, एकता कायम गर्न सम्भव सबै शक्तिहरूसँग एकता कायम गरौं र नीतिहरू उल्लंघन गर्ने "वामपन्थी" सोचको रोकथाम गरौं र त्यसलाई हटाऔं। तर जब पूँजीपतीवर्गले हामीमाथि हमला गर्दछ, अथवा जब हाम्रो पार्टीले आफ्नो काममा उत्पन्न कुनै कमजोरीहरू र गल्तीहरू सच्याउन आफ्नो शक्ति केन्द्रित गर्छ, तब अध्यक्ष माओले प्रायजसो हामीलाई यस कुरातर्फ ध्यान दिलाउनु हुन्छ कि हामी दृढ रहौं, सर्वहरावर्गको नेतृत्वमा कायम रहौं मुख्य र गौंण पक्षहरूबीच भिन्नता गरौं, हरेक कुरालाई पूर्णरूपले सकारात्मक वा पूर्णरूपले नकारात्मक नसम्झौं, खुल्ला अथवा लुकेका शत्रुहरूको तोडफोड र प्रत्याक्रमणबाट सतर्क रहौं र समाजवादको लीगबाट छुट्टिने "वामपन्थी" सोचको विरोध गरौं, र त्यसलाई हटाऔं। इतिहासमा हरेक यस्ता नाजुक घडीमा जब कुनै सोच यस सीमासम्म बढ्यो कि त्यसले पार्टीको कार्यमा खतरा पाऱ्यो, तब अध्यक्ष माओले सधैं ज्वारभाटाको मुकाविला गर्ने सर्वहारा क्रान्तिकारी निर्भीकता साथ हम्रो लागि मजबूत रूपले बहना सम्हाल्नुभयो।

(५) **जनदिशामा कायम रहन आवश्यक हुन्छ ।** जनसमुदायमाथि भरोसा र विश्वास राख्न र उनीहरूलाई पूर्णरूपले आन्दोलित गर्न, "**जनसमुदायबाट लिएर जनसमुदायलाई नै फिर्ता दिने**", "**जनताका विचारहरू संकलन गरी त्यसको निचोड निकाल्ने**", "**त्यसपछि जनसमुदायको बीच गएर ती विचारहरूलाई कार्यान्वयन गर्ने**"- यी हाम्रो पार्टीको सबै कामहरूमध्ये प्रमुख कार्यदिशा हुन् । हामी स्वतन्त्रता एवम् पहलकदमी र स्वावलम्बनको निर्देशक सिद्धान्तमा यसकारण डटिरहन्छौं कि हामी यस कुरामा पक्का विश्वास राख्छौं कि "**जनता र केवल जनता मात्र संसारको इतिहास निर्माण गर्ने प्रेरक शक्ति हुन्छन् ।**"

जनवादी क्रान्ति कालमा र समाजवादी क्रान्तिकालमा पनि कमरेड माओ त्सेतुङले जनदिशाको महत्त्वमाथि बारम्बार जोड दिनुभएको छ । उहाँ जनदिशामा कायम रहनुलाई द्वन्द्वात्मक भौतिकवादको ज्ञान-सिद्धान्तमा कायम रहने प्रमुख सवाल सम्झनुहुन्छ र चीन र विश्वका जनताको बहुसंख्याको हितमा काम गर्नुलाई सर्वहारा क्रान्तिकारी कार्यको उत्तराधिकारी बन्नकालागि एक शर्त सम्झनुहुन्छ । अध्यक्ष माओले छन तू-श्यू, वाङ मिङ र ल्यू शाओ-ची जस्ता नक्कली मार्क्सवादीहरू, जसले जनसमुदायमाथि आरोप लगायो र उनीहरूलाई दमन गऱ्यो, को प्रतिक्रियावादी दृष्टिकोणहरूको कडा आलोचना गर्नुभयो । साथै, उहाँले जनसमुदायबाट अलग रहने पार्टी भित्रको किसिम-किसिमका सोचहरूको पनि बराबर खण्डन गर्नुभएको छ । त्यसलाई सच्याउनु भएको छ । अध्यक्ष माओले पटक-पटक यो शिक्षा दिनुभएको छ कि कम्युनिष्ट पार्टी र जनताबीचको सम्बन्ध माछा र पानीबीचको सम्वन्ध जस्तो हुनुपर्छ । कम्युनिष्टहरू कहिल्यै पनि जनसमुदयबाट अलग हुनुहुँदैन । आज, जब कि महान् सर्वहारा साँस्कृतिक क्रान्तिले महान् विजय प्राप्त गरेको छ, पार्टी र जनसमुदायबीचको सम्बन्ध अझ घनिष्ट भएको छ, यस कुरामा हामीले अझ बढी ध्यान दिनुपर्छ कि हामी जनसमुदयबीच जाऔं, उनीहरूको कुरा ध्यानपूर्वक सुनौं र जब कुनै समस्या आउँछ उनीहरूसँग सरसल्लाह गरौं र हामीले "७ मे" कार्यकर्ता स्कूल राम्रोसँग चलाउनुपर्छ, सामूहिक उत्पादन श्रममा भाग लिनुपर्छ र जनसमुदायबाट अलग्गिने गल्ती दोहऱ्याउनबाट बच्नुपर्छ । हामीले त्यस प्रकारको मान्छे जो मुखले आफूलाई "एउटा ज्यादै सामान्य मान्छे" भन्दछ तर वास्तवमा ऊ एउटा ठूलो क्यारीयरिष्ट हुन्छ, विपरित हृदयदेखि जनसमुदायबाट सिकौं र माओ त्सेतुङ विचारधाराद्वारा अथक रूपले

जनसमुदायलाई शिक्षा दिऊँ, गलत सोचहरू हटाऔं र जनताको चेतनालाई विकसित गरौं ।

अध्यक्ष माओले सधैं हाम्रो देशमा सबै जातिहरूको एकतामा ध्यान दिंदै आउनुभएको छ । हाम्रो देश एउटा बहुजातीय देश हो । हान जाति र अल्पसंख्यक जातिहरूबीचको राम्रो सम्बन्धलाई सुनिश्चित गर्नु आवश्यक छ । महान् शोविनिज्मको र साथै स्थानिय जातिवादको पनि विरोध गर्नुपर्छ साथै क्रान्ति र मातृभूमिको निर्माणको संघर्षमा विभिन्न जातिहरूबीचका जनताको महान् एकतालाई मजबूत बनाउनुपर्छ ।

(६) **जनवादी केन्द्रीयतामा डटिरहन आवश्यक छ ।** हाम्रो पार्टीको संविधानमा स्पष्ट रूपले यो निर्धारित गरिएको छ कि पार्टीको संगठनात्मक सिद्धान्त जनवादी केन्द्रीयता हो अर्थात् जनवादमा आधारित केन्द्रीयता र केन्द्रीयताको मार्गदर्शनमा जनवाद । हामीले पार्टीभित्र र बाहिर एउटा यस्तो राजनैतिक स्थिति तैयार गर्नुपर्छ जसमा केन्द्रीयतासँगै जनवाद होस्, अनुशासन साथै स्वतन्त्रता होस्, एकीकृत विचारको साथसाथै व्यक्तिगत स्वार्ग-त्याग र सजीवता एवम् स्फूर्ति होस् । हाम्रो पार्टी एउटा जुझारु पार्टी हो । केन्द्रीयता, अनुशासन र एकीकृत विचारबिना यसले शत्रुलाई पराजित गर्न सक्दैन । तर जनवादबिना सही केन्द्रीयता हुन सक्दैन । त्यसैले कमरेड माओ त्सेतुङले सधैं "मेरो नै चल्छ" भन्ने तरिकाको विरोध गर्नुहुन्छ र "सबैजनालाई बोल्न देऊ" भन्ने तरिकालाई अनुमोदन गर्नुहुन्छ र झूठ बोल्नेको विरोध गर्नुहुन्छ र साँचो बोल्ने कुराको समर्थन गर्नुहुन्छ । उहाँ साहसका साथ ओलोचना र आत्मालोचना गर्नुलाई सर्वहारा क्रान्तिकारी कार्यको उत्तराधिकारी बन्न आवश्यक शर्तहरूमध्ये एक मान्नुहुन्छ । हामीले पार्टीको परम्परागत जनवादी कार्यशैलीको विकास गर्नुपर्छ, आलोचना र आत्मालोचना गर्नुपर्छ र सच्चाइमा रहनुपर्छ र गल्तीहरू सुधार्नुपर्छ । चाहे सेनामा होस् वा गैरसैनिक विभागहरूमा, हाम्रो जनवादको लक्ष्य केन्द्रीयतालाई सुदृढ बनाउनु, अनुशासनलाई मजबूत गर्नु र लड्ने शक्तिलाई बढाउनु हो न कि यसको विपरीत । सबै स्तरका पार्टी समितिहरूले पार्टी समिति व्यवस्थालाई कायम र सुदृढ गर्नुपर्छ, एकीकृत नेतृत्वलाई मजबूत बनाउनुपर्छ, विकेन्द्रीकरणतर्फ र "बहुकेन्द्र अर्थात् कुनै केन्द्रबिना" जस्तो तौरतरिकाको रोकथाम गर्नुपर्छ तथा पार्टीको केन्द्रीय समिति, जसको नेता अध्यक्ष माओ हुनुहुन्छ, को नेतृत्वमा माओ त्सेतुङ विचारधाराको आधारमा बुझाई, नीति, योजना, संचालन र कार्यवाहीहरूमा एकता प्राप्त गर्नुपर्छ ।

(७) **एउटा शक्तिशाली जनसेनाको निर्माण गर्नु आवश्यक छ ।** पार्टीको ऐतिहासिक अनुभवहरूले हामीलाई बताउँछ कि "**यदि जनतासँग सेना छैन भने ऊसँग केही पनि हुँदैन ।**" चिनियाँ जनमुक्ति सेना सर्वहारावर्गको एउटा यस्तो सेना हो जसलाई महान् नेता अध्यक्ष माओले स्थापित गर्नु भएको हो र उहाँकै नेतृत्वमा रहन्छ । "**हाम्रो सिद्धान्त यो हो कि बन्दुकले पार्टीको आदेशमा चल्नुपर्छ र यस कुरालाई कुनै पनि हालतमा अनुमति दिनु हुदैन कि पार्टी बन्दुकको आदेशमा चलोस् ।**" अध्यक्ष माओले मार्क्सवादी-लेनिनवादी कार्यदिशामा डटिरहेर "वामपन्थी" र दक्षिणपन्थी अवसरवादको तोडफोडमाथि जीत हासिल गर्नुभयो, फलस्वरूप हाम्रो सेना विकसित र मजबूत भयो र हाम्रो सर्वहारा अधिनायकत्वको खम्बा बन्यो । जबसम्म वर्ग र साम्राज्यवाद रहन्छ, तबसम्म विश्वमा शान्ति हुँदैन । आज अमेरिकी साम्राज्यवाद र सोभियत संशोधनवादी सामाजिक साम्राज्यवाद, यी दुई अति शक्तिहरू विश्वलाई भागबण्डा गर्ने असफल प्रयाशमा आपसमा लडाइँ झगडा गर्नुका साथै एकापसमा साँठगाँठ पनि गरिरहेका छन् र प्रभुत्वको राजनीति लागू गरिरहेका छन् । जापानी सैन्यवाद पनि "सुदुर-पूर्वी एसियामा सहसमृद्धि क्षेत्र" को आफ्नो पुरानो सुनौला सपनालाई साकार पार्ने कुचेष्टा गरिरहेको छ । त्यसैले हाम्रो मातृभूमिको विरुद्ध उनीहरूको आक्रमणकारी र उन्मूलनकारी कार्यवाहीहरूको खतरालाई हामीले कुनै पनि हालतमा नजरअन्दाज गर्न सक्दैनौं । हाम्रो सिद्धान्त यो हो कि "**जबसम्म हामी माथि आक्रमण हुँदैन, तबसम्म आक्रमण गर्दैनौं, तर हामीमाथि आक्रमण गरियो भने हामी निश्चित रूपमा जवाफी आक्रमण गर्नेछौं ।**" युद्धको विरुद्ध तैयारी गर्नुलाई क्षणभरको लागि पनि बिर्सनु हुँदैन र हामीले कुनै पनि साम्राज्यवादको आक्रमणकारी र उन्मूलनकारी कार्यवाहीहरूलाई चकनाचुर गर्न सदैव तैयार रहनुपर्छ । हामी ताइवानलाई मुक्त गराएर नै छाड्छौं । हामीलाई एउटा शक्तिशाली स्थलसेनाको मात्र होइन बरु एउटा शक्तिशाली वायुसेना र नौसेनाको पनि आवश्यकता छ । हामीलाई एउटा नियमित सेनाको मात्र आवश्यकता छैन बरु ठूलो संख्यामा जनमिलिसिया पनि संगठित गर्नु आवश्यक छ । यसरी यदि कुनै पनि साम्राज्यवादले हाम्रो देशमाथि अतिक्रमण गर्ने दुस्साहस गर्छ भने त्यो अवश्यम्भावी रूपमा जनयुद्धको अपार सागरमा डुबेर मर्नेछ ।

(८) **सर्वहारा अन्तर्राष्टियवादमा कायम रहन आवश्यक छ ।** अध्यक्ष माओले सधैं सर्वहारा अन्तर्राष्ट्रियतावादद्वारा हाम्रो सम्पूर्ण पार्टी र सम्पूर्ण जनतालाई शिक्षा दिदैं आउनुभएको छ जसले हाम्रो सम्पूर्ण पार्टी र समपूर्ण जनता "वामपन्थी" र दक्षिणपन्थी अवसरवादको अवरोधहरूलाई हटाउन

सक्षम भयो र चिनियाँ क्रान्तिलाई र विश्व क्रान्तिलाई समर्थन र सहायता गर्नु बीचको सम्बन्धलाई  ठीक किसिमले समाधान गर्न सकियो ।

पछिल्ला ५० वर्षहरूसम्मको आफ्नो संघर्षमा चिनियाँ कम्युष्टि पार्टीले संसारभरिका सर्वहारावर्ग र सबै देशहरूका जनताबाट र मैत्रीपूर्ण देशहरू एवम् संगठनहरूबाट र सारा संसारको भाइचारा मर्क्सवादी-लेनिनवादी पार्टीहरू एवम् संगठनहरूबाट समर्थन प्राप्त गरिरहेको छ। हामीले जुन विजयहरू प्राप्त गरिसकेका छौं, त्यो उनीहरूको समर्थन बिना प्राप्त गर्न सकिंदैनथ्यो । हामी सदा-सदा उनीहरूप्रति आभारी रहने छौं र उनहिरूलाई कहिल्यै पनि भुल्ने छैनौं । अध्यक्ष माओले हामीलाई यो शिक्षा दिनुभएको छः "**लेनिनवादी दृष्टिकोण अनुसार, कुनै एउटा समाजवादी देशको अन्तिम विजयको लागि यस कुराको मात्र आवश्यक हुँदैन कि सोही देशको सर्वहारावर्ग र विशाल जनसमुदायले मात्र प्रयत्न गरेर हुँदैन बरु विश्व क्रान्तिले विजय प्राप्त गर्नुपर्छ र पूरा पृथ्वीमा मानवद्वारा मानवको शोषण गर्ने व्यवस्थाको अन्त्य हुनुपर्छ जसबाट सम्पूर्ण मानव जाति मुक्त हुनेछ ।**" चिनियाँ सर्वहारावर्ग र चिनियाँ जनताको मुख्य हित अल्बानिया, भियतनाम, लाओस, कम्बोडिया र कोरियाका जनता र सबै एसियाली, अफ्रिकी एवम् ल्याटिन अमेरिकी देशहरूका जनताको हितसँग मात्र होइन बरु संसारको सबै देशहरूका जनता जसमा अमेरीकी, सोभियत र जापानी जनता पनि सामेल छन्, का मुख्य हितहरूसँग पनि मेल खान्छ । आज, अध्यक्ष माओले आफ्नो २० मई १९७०को वक्तव्यमा भन्नुभए जस्तै "**एउटा नयाँ विश्वयुद्धको खतरा अझ पनि कायमै छ, यसको विरुद्ध सबै देशहरूका जनताले तैयारीहरू गर्नुपर्छ । तर आज संसारको मुख्य प्रवृत्ति क्रान्ति नै हो ।**" चिनियाँ कम्युनिष्ट पार्टीको कार्य यो हो कि एकातर्फ आफ्नो देशमा क्रान्ति र निर्माण राम्रोसँग गर्न सर्वहारावर्ग र विशाल जनसमुदायलाई नेतृत्व गर्नुछ । अर्कोतर्फ अमेरिकी आक्रमणको विरोध गर्न सबै देशहरूका जनतासँग मिलेर संघर्ष सञ्चालन गर्न आफूले सबैभन्दा बढी कोसिस गर्नुछ। यो हाम्रो दृढ एवम् अविचलित सैद्धान्तिक दृष्टिविन्दु हो । हामीले क्रान्ति र निर्माणमा केही सफलता हासिल गरेका भए पनि आज पनि हाम्रो देश अपेक्षाकृत गरीब एवम् पिछडिएको छ । विश्व क्रान्तिको लागि हाम्रो योगदान अझ पनि कम छ । हामीले प्रयत्न गरिरहनुपर्छ । तर हामी अहंकारपूर्ण महाराष्ट्र शोविनिज्म र ठूलो पार्टी शोविनिज्मबाट तब पनि दूषित हुनु हुँदैन जब अर्को दशौं वर्ष बितेपछि चीन एक शक्तिशाली समाजवादी देश बन्नेछ । हामीले अध्यक्ष माओको यस सुझावलाई आफ्नो मनमा राख्नुपर्छ कि "**हामी चीनका जनताले**

**आफ्नो अन्तर्राष्ट्रिय सम्बन्धहरूमा महाराष्ट्र शोविनिज्मको दृढतासाथ, सार्वङ्गीण रूपले, समग्ररूपले र सम्पूर्ण रूपले तिलाञ्जली दिनुपर्छ।"** हरेक राष्ट्र चाहे त्यो ठूलो होस वा सानो, सबैमा गुण र दोषहरू हुन्छन् । हामीले अन्य देशका क्रान्तिकारी जनताको गुणहरू सिक्नुपर्छ र सधैं उनीहरूसँग एकता कायम राख्नुपर्छ र एकसाथ युद्ध गरी विजय प्राप्त गर्नुपर्छ ।

दीर्घकालीन कठोर संघर्षमा चिनियाँ जनता र विश्व जनताको मुक्ति कार्यको लागि हजारौं शहीदहरूले आफ्नो सर्वस्व समर्पित गरेका छन् । उनीहरूको क्रान्तिकारी भावनाले हामीलाई सधैं प्रोत्साहित गरिरहन्छ । चाहे जतिसुकै धेरै कठिनाइहरू र अप्ठेराहरू हाम्रो अगाडि किन नआओस तर त्यसले हामीलाई अघि बढ्नबाट रोक्न सक्दैन ।

हामी एउटा यस्तो समयमा छौं जसमा साम्राज्यवाद आफ्नो पूर्ण विनाशतर्फ गइरहेको छ जब कि समाजवाद विश्वव्यापी विजयतर्फ अभियान गरिरहेको छ । आधा शताब्दी पहिले चिनियाँ कम्युनिष्ट पार्टीको जन्मको समयभन्दा आज सारा संसारमा क्रान्तिको स्थिति अभूतपूर्व राम्रो छ । साम्राज्यवाद, संशोधनवाद र प्रतिक्रियावादीहरूको अन्त्यको दिन अब टाढा छैन ।

अझ ठूलो सफलता प्राप्त गर्न एकजुट होऔं !

मार्क्सवाद-लेनिनवाद-माओ त्सेतुङ विचारधारा जिन्दवाद !

महान् गौरवमय र सही चिनियाँ कम्युनिष्ट पार्टी जिन्दावाद !

अध्यक्ष माओको सर्वहारा क्रान्तिकारी कार्यदिशाको विजय अमर रहोस् !

महान् नेता अध्यक्ष माओ- जिन्दावाद ! जिन्दावाद !

# चिनियाँ कम्युनिष्ट पार्टीको दशौं राष्ट्रिय कंग्रेसमा प्रस्तुत प्रतिवेदन

**(का. चाउ एन-लाइद्वारा २४ अगस्त, १९७३ मा प्रस्तुत तथा २८ अगस्त, १९७३ मा पारित)**

**कमरेडहरू !**

चिनियाँ कम्युनिष्ट पार्टीको दशौं राष्ट्रिय कंग्रेस यस्तो बेलामा आयोजना गरिएको छ जब कि लिन प्याओको पार्टी विरोधी गुटलाई परास्त गरिएको छ, पार्टीको नवौं राष्ट्रिय कंग्रेसको कार्यदिशाले महान् विजयहरू हासिल गरेको छ र देशभित्र एवम् बाहिरको परिस्थिति ज्यादै राम्रो छ ।

केन्द्रीय समितिको तर्फबाट दशौं राष्ट्रिय कंग्रेसमा प्रस्तुत गर्ने प्रतिवेदन मैले तैयार गरेको छु । यसका प्रमुख विषयहरू छन्– नवौं राष्ट्रिय कंग्रेसको कार्यदिशावारे, लिन प्याओको पार्टी विरोधी गुटलाई परास्त गर्नमा प्राप्त विजयबारे र (वर्तमान-अनु.) परिस्थिति र हाम्रो कार्यभार बारे ।

## नवौं राष्ट्रिय कंग्रेसको कार्यदिशाबारे

पार्टीको नवौं राष्ट्रिय कंग्रेस अध्यक्ष माओद्वारा शुरु गरिएको तथा नेतृत्व गरिएको महान् सर्वहारा साँस्कृतिक क्रान्तिले महान् विजयहरू प्राप्त भइसकेको अवस्थामा आयोजना गरिएको थियो ।

मार्क्सवाद-लेनिनवाद-माओ त्सेतुङ विचारधारा अनुरूप सर्वहारा अधिनायकत्व अन्तर्गत क्रान्ति जारी राख्नेबारे नवौं कंग्रेसले इतिहासको अनुभवको साथै महान् सर्वहारा साँस्कृतिक क्रान्तिको नयाँ अनुभवको पनि सार खिच्यो, ल्यु शाओ-चीको संशोधनवादी कार्यदिशाको आलोचना गर्‍यो र ऐतिहासिक समाजवादी अवधिभरकालागि पार्टीको आधारभूत कार्यदिशा तथा नीति सुनिश्चित गर्‍यो । कमरेडहरूले स्मरण गर्न सक्नुहुन्छ, जब १ अप्रिल, १९६९मा नवौं कंग्रेसको उद्घाटन भएको थियो, अध्यक्ष माओले महान् आह्वान गर्नुभएको थियो- “**अझ ठूला विजयहरू हासिल गर्न एकताबद्ध होऊ** ।” त्यसै वर्षको २८ अप्रिलमा बसेको नवौं केन्द्रीय समितिको पहिलो प्लेनरी सत्रमा अध्यक्ष माओले फेरी एकपटक प्रस्टसँग भन्नुभयो- “**एउटा उद्देश्यको लागि, सर्वहारा वर्गको अधिनायकत्व स्थापनार्थ एकताबद्ध होऊ ।**” “**हामी यस कुरामा**

**विश्वस्त हुनुपर्छ कि सारा देशभरिका जनता सर्वहारा वर्गको नेतृत्वमा विजय हासिल गर्न एकताबद्ध भएका छन् ।"** यसबाहेक उहाँले यो भविश्यवाणी पनि गर्नुभयो: "**सम्भवतः कैयौं वर्षहरूपछि अर्को क्रान्ति गर्नुपर्ने छ ।**" अध्यक्ष माओका भाषणहरू र कंग्रेसमा पारित भएको केन्द्रीय समितिको राजनैतिक प्रतिवेदनले हाम्रो पार्टीको मार्क्सवादी-लेनिनवादी कार्यदिशालाई सूत्रबद्ध गऱ्यो ।

हामी सबैलाई थाहा भएकै कुरा हो कि नवौं राष्ट्रिय कंग्रेसको राजनैतिक प्रतिवेदन अध्यक्ष माओका व्यक्तिगत पथप्रदर्शनमा तैयार गरिएको थियो । कंग्रेस शुरु हुनु पूर्व लिन प्याओले चेन पो-तासँग मिलेर एउटा मस्यौदा राजनैतिक प्रतिवेदन तैयार गऱ्यो । उनीहरूले सर्वहारा वर्गको अधिनायकत्व अन्तर्गत क्रान्ति जारी राख्ने कुराको विरोध गरे र उनीहरू नवौं कंग्रेसपछिको प्रमुख कार्य उत्पादनको विकास हो भन्ने पक्षमा खडा भए । यो ल्यू शाओ-ची र चेन पो-ताले आठौं कंग्रेसको निर्णयमा घुसाएको त्यही संशोधनवादी कसिंगरको नयाँ रूप थियो जसले हाम्रो देशको प्रमुख अन्तरविरोध भनेको सर्वहारावर्ग र बुर्जुवावर्गबीचको अन्तरविरोध होइन बरु "उन्नत समाजवादी व्यवस्था र समाजको पिछडिएको उत्पादन प्रणालीबीचको अन्तरविरोध" हो भन्दथ्यो । स्वाभाविक रूपमा, लिन प्याओ र चेन पो-ताले तैयार गरेको मस्यौदालाई केन्द्रीय समितिले अस्वीकार गऱ्यो । अध्यक्ष माओको पथप्रदर्शनमा तैयार गरिएको राजनैतिक प्रतिवेदनको विरुद्धमा लिन प्याओले गुप्त रूपमा चेन पो-तालाई समर्थन गऱ्यो । लिन प्याओको यो प्रयास असफल भएपछि मात्र उसले केन्द्रीय समितिको राजनैतिक लाइनलाई अनिच्छापूर्वक स्वीकार गऱ्यो र कंग्रेसमा केन्द्रीय समितिको उक्त प्रतिवेदनलाई पाठ गऱ्यो । तर पनि, नवौं कंग्रेसमा र त्यसपछि, अध्यक्ष माओ र पार्टीको केन्द्रीय समितिबाट आफूलाई जोगाउन लिन प्याओले चेतावनी दिने, दुत्कार्ने जस्ता काम बाहेक षडयन्त्र र सेबोटेजलाई पनि निरन्तरता दिइरह्यो । उसले यसभन्दा पनि अघि बढेर प्रतिक्रियावादी कू गर्न शूरु गऱ्यो जुन अगस्त १९७०मा बसेको नवौं केन्द्रीय समितिको दोस्रो प्लेनरी सत्रमा तुहियो । त्यसपछि १९७१को मार्चमा उसले प्रोजेक्ट ५७१को रूपरेखाको नाममा सशस्त्र प्रतिक्रान्तिकारी कू गर्ने योजना बनायो र ८ सेप्टेम्बरमा पार्टी र राष्ट्रप्रति गद्दारी गरी संशोधनवादी सोभियत संघतर्फ हवाइजहाजबाट भाग्ने क्रममा जनगणतन्त्र मंगोलियाको अन्दुर खानमा जहाज दुर्घटनामा परी उसको मृत्यु भयो ।

लिन प्याओको पार्टी विरोधी गुटलाई चकनाचुर पार्नु नवौं कंग्रेसपछिको हाम्रो पार्टीको महान् विजय हो र घरेलु तथा बाह्य शत्रुहरूमाथि बज्रमुक्का प्रहार हो । १३ सेप्टेम्बरको घटनापछि, सम्पूर्ण पार्टी, सेना र हाम्रो देशका सबै

जातिहरू करोडौं जनता सबैले गम्भीरतापूर्वक छलफलमा भाग लिए र उनीहरूले बुर्जुवा क्यारीयरिष्ट, षडयन्त्रकारी द्वैध चरित्रवाला गद्दार र देशद्रोही लिन प्याओ र उनका अनुयायीहरूप्रति तीब्र सर्वहारा वर्गीय घृणा अभिव्यक्त गरे। उनीहरूले हाम्रा महान् नेता अध्यक्ष माओ र पार्टीको केन्द्रीय समिति जसको प्रमुख माओ हुनुहुन्थ्यो, लाई निर्णायक रूपमा साथ दिने प्रतिज्ञा गरे। लिन प्याओको आलोचना गर्ने र कार्यशैलीमा सुधार गर्ने देशव्यापी आन्दोलन छेडियो। सम्पूर्ण पार्टी, सेना र जनताले अन्तरात्मैदेखि मार्क्सवाद-लेनिनवाद-माओ त्सेतुङ विचारधाराको अध्ययन गरे। लिन प्याओ र ऊ जस्ता अरु ठगहरूको प्रतिक्रान्तिकारी अपराधहरूको वैचारिक, राजनैतिक र संगठनात्मक रूपमा हिसाब-किताब राखियो र वास्तविक र नक्कली मार्क्सवादलाई चिन्न सक्ने खुबी जनताले विकास गरे। तथ्यहरूले यो देखायो कि पार्टी विरोधी लिन प्याओ गुट एउटा सानो समुह थियो जुन पूरा पार्टी, सेना र जनताबीच ज्यादै एक्लिएको थियो र त्यसले समग्रमा असर गर्न सकेन। लिन प्याओको पार्टी विरोधी गुटले जरा हाल्न सकेन, चिनियाँ जनक्रान्तिको आँधीमा न त यसले जरा हाल्न नै सक्दथ्यो। बरु यसको उल्टो, यसले पूरा पार्टी, सेना र जनतालाई "**अझ ठूला विजयहरू हासिल गर्न एकताबद्ध हुन**" जगायो।

लिन प्याओको आलोचना गर्ने र कार्यशैलीमा सुधार गर्ने आन्दोलनलाई धन्यवाद दिनुपर्छ जसले गर्दा नवौं कंग्रेसको नीति जनताबीच राम्रोसँग झ्यांगियो। पार्टीको नवौं कंग्रेसको लाइन र सर्वहारा नीतिहरू पहिले भन्दा राम्रोसँग लागू गरिए। उपरीसंरचनाका सबै क्षेत्रहरूमा संघर्ष-आलोचना-रूपात्तरणमा नयाँ उपलब्धिहरू हासिल भए। तथ्यहरूबाट सत्य पत्तालगाउने पद्धति– जननीतिलाई अनुशरण गर्ने र नम्रता, विवेक र कडा परिश्रमको गौरवपूर्ण परम्पराको अझ विकास भयो जसलाई लिन प्याओले कमजोर पारेको थियो। महान् सर्वहारा साँस्कृतिक क्रान्तिमा ताजा उपलब्धि हासिल गरेको चिनियाँ जनमुक्ति सेनाले युद्धविरोधी तैयारीहरूलाई मजबुत बनाउने काममा नयाँ योगदान पुऱ्यायो र क्रान्ति एवम् निर्माणमा जनतासँग सहभागी भयो। सर्वहारावर्गको नेतृत्वमा मजदुर-किसान एकतामा आधारित सबै जातिहरूका जनताको महान् क्रान्तिकारी एकता पहिलेभन्दा मजबुत भयो।

निस्क्रिय रहेका पुराना सदस्यलाई हटाएर नयाँ लाई भर्ना गर्दा हाल हाम्रो पार्टीमा २.८ करोड पार्टी सदस्य छन् जुन सर्वहाराको तेजस्वी दस्ता हो ।

लिन प्याओको आलोचना गर्ने आन्दोलन र कार्यशैली सुधार आन्दोलनबाट उत्साहित जनताले लिन प्याओको पार्टी विरोधी गुटको सेवोटेज माथि विजय पाए, प्राकृतिक विपत्तमाथि विजय पाए र समाजवादी निर्माणमा नयाँ विजय हासिल गरे । हाम्रो देशको उद्योग, कृषि, पारवहन, वाणिज्य र ब्यापार राम्रो भइरहेको छ । हाम्रो न त वाह्य न त आन्तरिक ऋण नै छ । मूल्य स्थिर छ र बजार राम्रो छ । संस्कृति, शिक्षा, जनस्वास्थ्य, विज्ञान तथा प्रविधिमा नयाँ उपलब्धिहरू हासिल भएका छन् ।

अन्तर्राष्ट्रिय परिवेशमा हाम्रो पार्टी र सरकारले नवौं कंग्रेसले निर्धारण गरेको विदेशनीतिलाई कडाइकासाथ लागू गरेको छ । भाइचारा समाजवादी देशहरू र विभिन्न देशहरूका सच्चा मार्क्सवादी-लेनिनवादी पार्टीहरू एवम् संगठनहरूसँगको हाम्रो क्रान्तिकारी मित्रता र मैत्री देशहरूसँगको हाम्रो आपसी सहयोग अरु बढी मजबुत भएको छ । शान्तिपूर्ण सहअस्तित्वको पंचशीलताको सिद्धान्तअनुसार हाम्रो देशले बढी भन्दा बढी देशहरूसँग कुटनैतिक समबन्ध स्थापित गरेको छ। संयुक्त राष्ट्र संघमा हाम्रो देशको वैधानिक हैशियत पुर्नस्थापित भएको छ। चीनलाई एक्लयाउने नीति टाट उल्टेको छ। चीन-अमेरीका सम्बन्ध केही हदसम्म सुध्रेको छ । चीन र जापानले आफ्नो सम्बन्धहरू सामान्यीकरण गरेका छन् । हाम्रा जनता र अन्य देशहरूका जनताबीचको मैत्रीपूर्ण सम्बन्ध पहिले भन्दा व्यापक भएको छ । हामीले आपसी सहयोगको समर्थन गर्छौं र सबै देशका जनताको अवस्था राम्रो बनाउन विकासको लागि प्रेरित गर्दछौं ।

नवौं कंग्रेसदेखिको क्रान्तिकारी व्यवहार र विशेष गरी लिन प्याओको पार्टी विरोधी गुटविरुद्धको व्यवहारले नवौं कंग्रेसको राजनैतिक एवम् संगठनात्मक लाइन दुवै ठीक भएको प्रमाणित गरेको छ र अध्यक्ष माओको अध्यक्षतामा बनेको केन्द्रीय समितिको नेतृत्व सही भएको प्रमाणित गरेको छ ।

## लिन प्याओको पार्टी विरोधी गुटलाई परास्त गर्नमा प्राप्त विजयबारे

लिन प्याओको पार्टी विरोधी गुटलाई परास्त गर्न अपनाइएको संघर्षको बाटो र सो गुटका अपराधीहरू सम्पूर्ण पार्टी, सेना र जनताले पहिल्यै थाहा पाइसकेका छन् । त्यसैले यसबारे यहाँ व्याख्या गर्नु आवश्यक छैन ।

मार्क्सवाद-लेनिनवादले अन्तरपार्टी संघर्षलाई समाजमा हुने वर्गसंघर्षको पार्टीभित्र देखिने प्रतिबिम्ब मान्दछ । ल्यु शाओ-ची गद्दार गुटको पतन भयो र लिन प्याओको पार्टीविरोधी गुट सर्वहाराको शक्तिसँग लड्न अस्तित्वमा आयो । यो तीक्ष्ण आन्तरीक तथा बाह्य वर्गसंघर्षको तीब्र अभिव्यक्ति हो ।

१३ जनवरी, १९६७ भन्दा पहिल्यै, जतिखेर महान् सर्वहारा साँस्कृतिक क्रान्ति उच्च ज्वारमा थियो, सोभियत संशोधनवादी गद्दार गुटको प्रमुख ब्रेभ्नेभले गोर्की क्षेत्रको आम प्रदर्शनमा उन्मत्त भएर भाषण गर्दै चीनको महान् सर्वहारा साँस्कृतिक क्रान्तिमाथि आक्रमण गर्‍यो र खुल्लामखुल्ला घोषणा गर्‍यो कि उनीहरू ल्यू शाओ-ची गुटको पक्षमा खडा छन् । यो गुटको पतनलाई उसले "चीनका सच्चा कम्युनिस्टहरूका लागि एउटा ठूलो दुखःद घटना हो र हामी उनीहरूप्रति गहिरो सहानुभूति प्रकट गर्दछौं" भन्यो । सोही अवसरमा ब्रेभ्नेभले चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वलाई उल्ट्याउने नीतिलाई निरन्तरता दिने कुरा सार्वजनिक रूपमा घोषणा गर्‍यो । र "......अन्तर्राष्ट्रियतावादको बाटोमा फिर्ता ल्याउने ........" जस्तो अनर्गल प्रलाप गर्‍यो *(**प्राब्दा, १४ जनवरी,** १९६७)*। १९६७को मार्चमा सोभियत संशोधनवादी गुटको अर्को प्रमुखले मस्कोमा भएको प्रदर्शनमा गुड्डी हाँक्यो कि "चाडो वा ढिलो स्वस्थ शक्तिले चीनको वास्तविक हित निर्णायक रूपमा अभिव्यक्त गर्नेछ" "र उनीहरूको देशमा मार्क्सवादी-लेनिनवादी विचारले विजय पाउनेछ । "*(**प्राब्दा ४ र १० मार्च,** १९६७)*। तिनीहरूले भन्ने गरेका "स्वास्थ शक्तिहरू" सामजिक-साम्राज्यवाद र सबै शोषक वर्गहरूको हितहरूको प्रनिधित्व गर्ने पतनोन्मुख शक्ति बाहेक केही होइन, "उनीहरूको निर्णायक रूप" भन्नुको मतलव पार्टी र राज्यको सर्वोच्च शक्तिको अपहरण थियो । उनीहरूले भन्ने गरेको "विचारको विजय"को अर्थ चीनमा नक्कली मार्क्सवाद-लेनिनवाद र वास्तविक संशोधनवादको प्रभुत्व कायम गर्नु थियो र "अन्तर्राष्ट्रियतावादको बाटो"को अर्थ चीनलाई सोभियत संशोधनवादी सामाजिक साम्राज्यवादको उपनिवेशमा बदल्नु थियो । गद्दार ब्रेभ्नेभ गुटले प्रतिक्रियावादीहरूको साझा चाहनालाई जोशपूर्वक फलाक्यो र लिन प्याओको पार्टी विरोधी गुटको उग्र दक्षिणपन्थी स्वरूपलाई फुस्कायो ।

लिन प्याओ र उसका मुट्ठीभर अनुयायीहरूको गुट प्रतिक्रान्तिकारी षड्यन्त्रकारी गुट थियो "जसले उद्धृत उक्तीहरू बिना आफूलाई कहिल्यै प्रस्तुत गरेनन्, जिन्दावाद नभनी कहिल्यै मुख खोलेनन् र तपाईको अगाडि राम्रो कुरा गरे तर पिठ्युँ पछाडि छुरा रोपे ।" उनीहरूले लिएको प्रतिक्रान्तिकारी लाइन र उनीहरूले शुरु गरेको प्रतिक्रान्तिकारी सशस्त्र कूको सार पार्टी र राज्यको

सर्वोच्च शक्ति हत्याउनु, नवौं कंग्रेसको लाइन प्रति विश्वासघात गर्नु, ऐतिहासिक समाजवादी अवधिकालागि तय गरिएको पार्टीको आधारभूत लाइन र नीतिहरूमा व्यापक परिवर्तन गर्नु, मार्क्सवादी-लेनिनवादी चिनियाँ कम्युनिष्ट पार्टीलाई संशोधनवादी, फासिवादी पार्टी बनाउनु, सर्वहारावर्गको अधिनायकत्वलाई उल्ट्याउनु र पूँजीवादको पुनर्स्थापना गर्नु थियो । चीनभित्र उनीहरूले जमिन्दार र बुर्जुवा वर्गलाई पुनर्स्थापित गर्न चाहन्थे जसलाई हाम्रो पार्टी, सेना र जनताले अध्यक्ष माओको नेतृत्वमा आफ्नै हातद्वारा उखेलेर फालेका थिए । उनीहरूले सामन्ती दलाल फासिवादी अधिनायकत्व स्थापति गर्न चाहन्थे । अन्तर्राष्ट्रिय रूपमा, उनीहरू सोभियत संसोधनवादी सामाजिक साम्राज्यवादको शरणमा जान चाहन्थे र साम्यवाद र क्रान्तिको विरुद्ध तिनीहरूसँग एकता कायम गर्न चाहन्थे ।

यो बुर्जुवा क्यारियरिष्ट, षड्यन्त्रकारी, द्वैध चरित्रवाला लिन प्याओ हाम्रो पार्टीभित्र एक दशकदेखि मात्र होइन कैयौं दशकदेखि मेशिनीकरणमा लागिपरेको थियो । उसको विचारमा त्यो विकास र आत्मोत्थानको प्रक्रिया थियो भने हाम्रो विचारमा त्यो उसलाई चिन्ने प्रक्रिया थियो । मार्क्स र एंगेल्सले कम्युनिष्ट पार्टीको घोषणापत्रमा भन्नुभएको छः “**पहिलेका सबै ऐतिहासिक आन्दोलनहरू अल्पमतका आन्दोलन थिए, अर्थात् अलपसंख्यक जनताको हितमा थिए । सर्वहारा आन्दोलन अत्याधिक बहुमतको हितमा हुने सचेत र स्वतन्त्र आन्दोलन हो ।**” अध्यक्ष माओले “चीन र विश्वका बहुसंख्यक जनताको पक्षमा काम गर्नु”लाई सर्वहारा क्रान्तिका अनुयायीहरूको एउटा प्रमुख आवश्यक काम हो भन्नुभयो र यो हाम्रो पार्टीको विधानमा लेखिएको छ । पार्टीलाई बहुसंख्यक जनताको हित अनुकूलको बनाउने कि मुट्ठीभर व्यक्तिको हित अनुकूल ? यो सर्वहारा र बुर्जुवा राजनीतिक पार्टीबीचको लक्ष्मणरेखा हो र सक्कली कम्युनिस्ट र नक्कली कम्युनिस्ट बीचको फरक छुट्याउने विभाजन स्तम्भ हो । लिन प्याओ चीनको नयाँ जनवादी क्रान्तिभन्दा पहिले कम्युनिस्ट पार्टीमा समावेश भयो । त्यसबेला पनि ऊ चिनियाँ क्रान्तिको भविष्यप्रति निराशावादी थियो । कुथेन बैठक (डिसेम्वर, १९२९ -अनु)को लगत्तैपछि अध्यक्ष माओले लिन प्याओलाई धैर्यपूर्वक र गम्भरितासाथ शिक्षित गर्न एउटै झिल्कोले सारा जंगलमा आगो लगाउन सक्छ भन्ने लामो चिठी लेख्नुभयो । तर तथ्यहरूले पछि प्रमाणित गऱ्यो कि लिन प्याओको बुर्जुवा वैचारिक विश्वदृष्टिकोण पनि परिवर्तन भएन । क्रान्तिको महत्त्वपूर्ण परिस्थितिमा उसले अपरिवर्तनीय रूपले दक्षिणपन्थी अवसरवादी गल्ती गऱ्यो र पार्टी र जनतामा गलत निर्णय अघिसारी अपरिवर्तनीय रूपले द्वैध चारित्रिक तिकडम अपनायो । तर, जब चिनियाँ

क्रान्तिले अझ विकास गऱ्यो र विशेष गरी जब यो समाजवादी प्रकृतिमा परिवर्तित भयो, निरन्तर अघि बढिरह्यो र बुर्जुवा एवम् अन्य शोषक वर्गहरूलाई पूर्ण रूपले फाल्न लक्षित भयो, बुर्जुवा अधिनायकत्वको ठाउँमा सर्वहारा अधिनायकत्व स्थापित गर्न र पूँजीवादको ठाउँमा समाजवादको स्थापना गर्न लक्षित भयो, तब सत्तामा भएका पूँजीवादका अनुयायीहरू र मुट्ठीभर व्यक्तिहरूको हितअनुसार काम गर्ने लिन प्याओ र ऊ जस्ता व्यक्तिहरूले आफ्नो पदोन्नतिसँगै बढेको महत्त्वाकांक्षाले गर्दा जनताको शक्तिलाई कम मुल्यांकन गरे र उनीहरू धेरै समयसम्म आफ्नो अनुहार लुकाएर बस्न सकेनन् । त्यसैले सर्वहारा विरुद्ध शक्ति संघर्षमा उत्रिए । सोभियत संशोधनवादको निर्देशनमा जब उसल घरेलु तथा बाह्य वर्गशत्रुहरूको सेवा गर्न "निर्णायक रूपले" शुरु गऱ्यो तब उसको पर्दाफस भयो र टाटपल्टिने कार्य पूरा भयो ।

एंगेल्सले ठिकै भन्नुभएको थियो, "**सबै ठाउँमा सर्वहाराको विकास आन्तरिक संघर्षको बीचबाट हुन्छ** ... **र, जब मार्क्स र म जस्ता जसले जीवनभर अरु कोहीसँग भन्दा तथाकथित समाजवादीहरूविरुद्ध संघर्ष गऱ्यौं** (**हामीले बुर्जुवालाई वर्ग मान्दथ्यौ र व्यक्तिगत बुर्जुवासँगको संघर्षमा हामीहरू कहिल्यै समावेश भएनौं**) **। अवश्यम्भावी संघर्ष शुरु भएकोमा कसैले गहिरो दुःख मान्न सक्दैन** ..." (अगस्त बेबेललाई फ्रेडरिख एंगेल्सको पत्र, २८ अक्टोवर, १८८२) ।

**कमरेडहरू** !

पछिल्लो ५० वर्षमा हाम्रो पार्टीले दुई लाइनबीचका दशवटा मुख्य संघर्षहरू पार गरेको छ । लिन प्याओको पार्टी विराधी गुटको पतनको अर्थ पार्टीभित्रको दुई लाइन संघर्षको अन्त होइन । घरेलु तथा बाह्य सबै शत्रुहरूलाई यो थाहा छ कि किल्ला कब्जा गर्ने सजिलो तरिका भनेको त्यहींभित्रबाट कब्जा गर्नु हो । जमिन्दार र पूँजीपतिहरूले भन्दा पार्टीभित्र घुसपैठ गरी सत्तासीन भएका पूँजीवादी बाटो समातेकाहरूले सर्वहारावर्गको अधिनायकत्वलाई उल्ट्याउन धेरै सम्भव हुन्छ । यो विशेष गरी तब सत्य हुन्छ जब जमिन्दार र पूँजीपतिहरू समाजमा पहिल्यै घृणित भइसकेका हुन्छन् । भविष्यमा, वर्गहरू लोप भइसकेपछि पनि उपरीसंरचना र आर्थिक आधारहरूबीच, उत्पादन र उत्पादक शक्तिहरूको सम्बन्धबीच अन्तरविरोध कायमै रहन्छ । र, त्यहाँ दुई लाइन संघर्षको रूपमा यी अन्तरविरोधहरू अभिव्यक्त हुन्छन् अर्थात उन्नत र पिछडिएको बीच संघर्ष, सही र गलतबीच संघर्ष हुन्छ । अपितु, **समाजवादी समाजले उल्लेखनीय रूपमा लामो ऐतिहासिक अवधि लिन्छ, यो ऐतिहासिक अवधिभरि नै वर्गहरू, वर्गीय अन्तरविरोधहरू र वर्गसंघर्ष कायम रहन्छ, समाजवादी बाटो र पूँजीवादी बाटोबीच संघर्ष भइरहन्छ । र, त्यहाँ पूँजीवादको पुर्स्थापना हुने**

**खतरा कायमै रहन्छ, साम्राज्यवादी र सामाजिक साम्राज्यवादीको अतिक्रमण एवम् सत्ता उल्ट्याउने धम्की कायम रहन्छ। भविष्यको लामो समयसम्म पार्टीभित्र दुई लाइन संघर्षहरू चलिरहनेछ। यी अन्तरविरोधहरू अभिव्यक्त भएर यस्ता संघर्ष दश, बीस अथवा तीस पटकसम्म हुनेछन्। लिन प्याओहरू फेरि देखापर्नेछन् र त्यस्तैगरी वाङ मिङ, ल्यू शाओ–ची, पेङ ते–हुई र काओ काङ जस्ता व्यक्तिहरू पनि देखापर्नेछन्।** यो मानव चाहनाबाट स्वतन्त्र कुरा हो। त्यसैले हाम्रो पार्टीका सबै कमरेडहरू आउँदा धेरै वर्षहरूसम्म संघर्षकालागि मानसिक रूपमा पूर्ण तैयार रहनुपर्छ र परिस्थितिको राम्रो सदुपयोग गर्न सक्षम हुनुपर्छ। वर्गशत्रुहरूले आफ्नो रणनीति जतिसुकै परिवर्तन गरे पनि संघर्षलाई सर्वहारावर्गको विजयतर्फ डोऱ्याउनुपर्छ।

अध्यक्ष माओले हामीलाई शिक्षा दिनुभएको छ कि "**वैचारिक एवम् राजनैतिक लाइनको सहीपन अथवा गलतपनले नै सबै कुराको छिनोफानो गर्छ।**" यदि कसैको लाइन गलत छ भने केन्द्र, स्थानीय र सैन्य नेतृत्वमा उसको पकड भए तापनि उसको पतन निश्चित छ। यदि कसैको लाइन सही छ भने उसँग शुरुमा एकजना पनि सैनिक नभए तापनि उसँग सैनिकहरू हुनेछ, राजनैतिक सत्ता नभए पनि त्यो प्राप्त हुनेछ। यो निचोड हाम्रो पार्टी र मार्क्सको समयदेखिको अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनको ऐतिहासिक अनुभवबाट जन्मेको हो। लिन प्याओले "सबै कुरा उसको अधिनमा र उसको इच्छा अनुसार" चाहन्थ्यो तर उसको अन्त उसको अधनिमा केही पनि नरहेर र उसको चाहनाअनुसार केही कुरा नभएर भयो। गाँठी कुरा भनेको लाइन हो। यो एउटा अकाट्य सत्य हो।

अध्यक्ष माओले समाजवादको ऐतिहासिक अवधिभरिको लागि पार्टीको आधारभूत लाइन र नीतिहरू तय गर्नुभयो र विशेष कामको लागि विशेष लाइन– रणनीतिहरू पनि दिनुभयो। हामीले विशेष कामकोलागि निर्धारित पार्टीको लाइन र नीतिहरूलाई मात्र महत्त्व दिने होइन बरु आधारभूत लाइन र नीतिहरूलाई पनि महत्त्व दिनुपर्छ। यो हाम्रो पार्टीको अरु ठूलो विजयको आधरभूत सुनिश्चय हो।

पार्टीभित्र संचालन भएका दशवटा दई लाइन संघर्षहरूको अनुभव र विशेषतः लिन प्याओको पार्टी विरोधी गुटलाई कार्वाही गर्न भएका संघर्षको अनुभवहरूको सार खिच्दै अध्यक्ष माओले सम्पूर्ण पार्टीलाई यो आह्वान गर्नुभयो कि "**संशोधनवाद होइन मार्क्सवाद लागू गर, फुट्ने होइन जुट, षडयन्त्र र जालझेल होइन, खुल्ला र देखिने गरी काम गर।**" उहाँले गलत लाइन र

सही लाइनबीच फरक छुट्याउने सिद्धान्त अघि सार्नुभयो र प्रत्येक पार्टी सदस्यले पालन गर्नुपर्ने तीनवटा आधारभूत सिद्धान्त अघि सार्नुभयो। **हाम्रा हरेक कमरेडहरूले यी तीन सिद्धान्तहरूलाई कडाइसाथ आफ्नो मस्तिष्कमा राख्नुपर्छ, त्यसको समर्थन गर्नुपर्छ र पार्टीभित्रको दुई लाइन संघर्षलाई ठीकसँग सञ्चालन गर्नुपर्छ ।**

अध्यक्ष माओले हामीलाई शाश्वत रूपमा शिक्षित गरिरहनु भएको छ, एउटा प्रवृत्तिलाई अर्कोले छोप्ने कुरालाई ध्यान दिनु आवश्यक छ। "**ज्वारभाटाको विरुद्ध जानु नै मार्क्सवादी–लेनिनवादी सिद्धान्त हो ।**" पार्टीभित्रका दशवटा दुई लाइन संघर्षहरूमा ज्वारभाटाको विरुद्ध जाने साहस गर्ने र सही लाइनको पक्षमा उभिने काममा अध्यक्ष माओ हाम्रो उदाहरण र गुरु हुनुहुन्छ। हाम्रा हरेक कमरेडहरूले अध्यक्ष माओबाट सिक्नुपर्छ र यस सिद्धान्तको पक्षमा उभिनुपर्छ।

अध्यक्ष माओद्वारा प्रतिनिधित्व गरिएको सही लाइनको मार्गनिर्देशनमा महान्, गौरवपूर्ण एवम् सही चिनियाँ कम्युनिष्ट पार्टीले पार्टीभित्र र बाहिरका, स्वदेशी र विदेशी, सशस्त्र एवम् निशस्त्र, प्रत्यक्ष र अप्रत्यक्ष वर्गशत्रुहरूसँग लामो शक्ति संघर्ष गरेको छ। हाम्रो पार्टी विभाजित अथवा क्षतविक्षत भएको छैन। बरु यसको उल्टो, अध्यक्ष माओको मार्क्सवादी-लेनिनवादी लाइन अझ विकसित भयो र हाम्रो पार्टी अझ बढी मजबुत बन्यो। ऐतिहासिक अनुभवहरूले हामीलाई यस कुरामा पक्का विश्वास दिलाएको छ कि "**हाम्रो जस्तो पार्टीको भविष्य उज्वल छ ।**" अध्यक्ष माओले १९६६मा भविष्यवाणी गर्नुभए जस्तै, "**म यस कुरामा पक्का विश्वास गर्दछु कि यदि चीनमा दक्षिणपन्थीहरूले कम्युनिस्ट विरोधी कू गरेमा उनीहरू शान्तिको स्वास फेर्न पाउने छैनन्, तिनीहरूको शासन अल्पायुको हुनेछ किनभने त्यसलाई जनसंख्याको ९० प्रतिशत हिस्साको प्रतिनिधित्व गर्ने क्रान्तिकारीहरूले नजरअन्दाज गर्ने छैनन् ।**" हाम्रो सम्पूर्ण पार्टीले ऐतिहासिक अनुभवहरूलाई मस्तिष्कमा राख्दासम्म र अध्यक्ष माओका सही लाइनलाई समर्थन गर्दासम्म पूँजीवादको पुनर्स्थापना गर्ने बुर्जुवाको सबै योजनाहरू असफल हुन्छन्। दुई लाइनबीच जतिसुकै मुख्य संघर्षहरू भए पनि इतिहासको नियम परिवर्तन हुँदैन र चीन र विश्वमै क्रान्तिको ज्लाला अझ दन्कनेछ।

## वर्तमान परिस्थिति र हाम्रो कार्यभारबारे

अध्यक्ष माओले हामीलाई प्राय: शिक्षा दिने गर्नुहुन्थ्यो: हामीहरू अझ पनि साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगमा छौं। आधारभूत मार्क्सवादी सिद्धान्तको आधारमा लेनिनले साम्राज्यवादको वैज्ञानिक विश्लेषण गर्नुभयो र

"**साम्राज्यवाद पूँजीवादको चरम अवस्था हो**" भनी व्याख्या गर्नुभयो । लेनिनले साम्राज्यवादलाई एकाधिकार पूँजीवाद, पराश्रयी अथवा मरणशील पूँजीवाद, मरणासन्न पूँजीवाद भन्नुभएको छ । उहाँले यो पनि भन्नुभएको छ कि साम्राज्यवादले पूँजीवादका सबै अन्तरविरोधहरूलाई अत्याधिक तीब्र पार्दछ । त्यसकारण उहाँले यो निष्कर्ष निकाल्नुभयो कि "**साम्राज्यवाद सर्वहारावर्गले समाजवादी क्रान्ति गर्ने अवसर हो ।**" र, उहाँले सम्राज्यवादी युगको सर्वहारा क्रान्तिको सिद्धान्त र कार्यनीति अघि सार्नुभयो । स्तालिनले भन्नुभएको छ, "**लेनिनवाद साम्राज्यवाद र सर्वहारा क्रान्तिकालको मार्क्सवाद हो ।**"

यो पूर्णतः सही हो । लेनिनको मृत्युपछि विश्व परिस्थितिहरूमा धेरै परिवर्तनहरू भए । तर युग परिवर्तन भएको छैन । लेनिनवादका आधारभूत सिद्धान्तहरू पुराना भएका छैनन्मू तिनीहरू आज पनि हाम्रो सोचाइको सैद्धान्तिक आधारको रूपमै रहेका छन् ।

वर्तमान अन्तर्राष्ट्रिय परिस्थिति पृथ्वीका ठूला उथलपुथलको रूपमा अभिव्यक्त भएको छ । "स्तम्भ (Tower) बाट बहेको हावा पहाडहरूमा आइरहेको आँधीको सन्देशबाहक हो ।" लेनिनले विश्वको आधारभूत अन्तरविरोधहरूको विश्लेषण कसरी गर्नुहुन्थ्यो भन्ने कुरा यसले आज देखाइरहेको छ । अमनचैन भन्ने कुरा अस्थायी र सतही घटना हो र उथलपुल भइरहन्छ । जनताको लागि यस्तो उथलपुथल राम्रो कुरा हो, नराम्रो कुरा होइन । यसले शत्रुलाई अलमल्याउँछ र उनीहरूबीच  फुट पार्दछ जबकि यसले जनतालाई जगाउँछ र खार्दछ । त्यसैले, अन्तर्राष्ट्रिय परिस्थितिलाई जनताको पक्षमा र साम्राज्यवाद, नवसंशोधनवाद र सबैखाले प्रतिक्रियावादको विपक्षमा अझ विकास गर्न सहयोग गरौं ।

तेस्रो विश्वको जागरण र बृद्धि समसामयिक विश्व सम्बन्धबारेको प्रमुख घटना हो । तेस्रो विश्वले हैकमवाद र महाशक्तिहरूको शक्तिको राजनीतिविरुद्ध आपसी एकतालाई अझ मजबुत बनाएका छन् र अन्तराष्ट्रिय गतिविधिमा उल्लेखनीय भूमिका निर्वाह गरेका छन् । अमेरिकी साम्राज्यवादी अतिक्रमण विरुद्धको युद्धमा भियतनाम, लाओस, क्याम्बोडियाका जनताले महान् विजयहरू हासिल गरेका छन् । साम्राज्यवाद र उपनिवेशवादविरुद्ध विश्वका जनतालाई क्रान्तिकारी संघर्षमार्फत् राष्ट्रिय मुक्ति प्राप्त गर्न प्रेरित गरिएको छ । पितृभूमिको स्वतन्त्रता र शान्तिपूर्ण एकताकालागि संचालित कोरियाली जनताको संघर्ष नयाँ अवस्थामा प्रवेश गरको छ । इजरायली यहुदीवादको विरुद्ध प्यालेष्टाइनी जनता र अन्य अरब जनताको संघर्ष,

उपनिवेशवाद र जातीय भेदभाव विरुद्ध अफ्रीकी जनताको संघर्ष र २०० नटिकल माइलसम्मको भौगोलिक पानी तथा आर्थिक क्षेत्रहरू कायम गर्ने ल्याटिन अमेरिकी जनताका संघर्षहरूलगायत सबै संघर्षहरू अघि बढिरहेका छन् । एसियाली, अफ्रीकी, ल्याटिन अमेरिकी जनताको सुरक्षित राष्ट्रिय स्वतन्त्रता प्राप्ति र राष्ट्रको सार्वभौमिकता एवम् राष्ट्रिय स्रोतको सुरक्षाकालागि भएका आन्दोलनहरू अझ घनिभूत तथा व्यापक भएका छन् । तेस्रो विश्वका जनताको न्यायपूर्ण संघर्ष र साथै यूरोप, उत्तर अमेरिका र प्रशान्त महासागरीय द्वीपसमूहका जनताले एक अर्कालाई सहयोग र समर्थन गर्दछन् । **देशहरूले मुक्ति चाहन्छन्, राष्ट्रहरूले स्वतन्त्रता चाहन्छन् र जनताले क्रान्ति चाहन्छन्, यो रोक्न खोजेर पनि रोक्न नसकिने ऐतिहासिक प्रवृत्ति** (Trend) **भइसकेको छ ।**

लेनिनले भन्नुभएको छ कि "**साम्राज्यवादको अत्यावश्यक लक्षण भनेको धेरै अतिशक्तिहरूबीचको शक्तिको होडवाजी हो ।**" आज मुख्य गरी दुई आणविक महाशक्तिहरू अमेरिका र सोभियत संघबीच नेतृत्वको होड चलेको छ। तिनीहरूले निशस्त्रीकरणको हल्ला गरिरहँदा वास्तवमा उनीहरूले प्रत्येक दिन आफ्नो शस्त्रास्त्र विस्तार गरिरहेका छन् । उनीहरूको उद्देश्य नेतृत्वको होडवाजी गर्नु हो । तिनीहरूबीच होडबाजी साथै साँठगाँठ पनि चल्दछ । तिनीहरूको टकरावले विवादमा तीब्रता ल्याउने काम कै सेवा गर्दछ । विवाद अनियन्त्रित एवम् दीर्घकालीन छ भने टकराव सापेक्ष र समसामयिक छ। यस वर्षलाई "युरोपको वर्ष" भनी गरिएको घोषण र युरोपियाली सुरक्षा सम्मेलनको आह्वानले रणनैतिक रूपमा तिनीहरूको विवादलाई देखाउँछ। पश्चिमले चीनतर्फ संकट मोड्न सोभियत संशोधनवादीलाई आग्रह गर्न चाहन्छ र पश्चिममा सबै कुरा शान्त रहँदासम्म राम्रो हुनेछ भन्ने सोच्दछ । चीन सबैको आँखा परेको राम्रो मासुको टुक्रा हो । तर मासुको यो टुक्रा ज्यादै कडा छ र वर्षौंदेखि कसैले पनि यसलाइ टोक्न सकेनन्। उच्च जासुस लिन प्याओको पतनपछि त यो काम झन् गाह्रो भएको छ । हाल सोभियत संशोधनवादीहरूले "पश्चिममा आक्रमण गर्दा पूर्वमा हल्ला" गरेका छन् र तिनीहरूले युरोपमा विवाद खडा गरेका छन् र भूमध्य सागर, हिन्द महासागर लगायत उनीहरूले हात पुऱ्याउन सक्ने प्रत्येक ठाउँहरूमा आफ्नो विस्तार गरेका छन् । विश्वको असमानता नै अमेरिका र सोभियत संघबीच शक्तिको विवादको कारण हो । यसलाई कुनै पनि झुठले ढाकछोप गर्न सकिँदैन जुन धेरै जनता र देशहरूले पहिल्यै बुझिसकेका छन् । तेस्रो विश्वले यसको कडा प्रतिवाद गरेको छ । जापान र पश्चिमी युरोपियाली देशहरूको अंग हुने कुराको कडा विरोध गरेका

छन् । आन्तरिक एवम् वाह्य अप्ठेराहरूले घेरिएका दुईवटा सर्वोच्च शासकहरू अमेरिका र सोभियत संघ बलवान् हुँदै गएका छन् । जति जति श्लोक अधि बढ्छ, जसले जे गरे पनि "फूलहरू झर्दै जान्छन्" । वास्तवमा उनीहरू चिहिल–विहिल अवस्थामा छन् । गत जूनमा भएको अमेरिकी सोभियत वार्ता र अन्य घटनाक्रमहरूले पनि यो कुराको थप पुष्टि गरेका छन् ।

"**जनता र मात्र जनता विश्व इतिहासको निर्माण गर्ने प्रमुख शक्ति हुन् ।**" दुईवटा अतिशक्तिहरू अमेरिका र सोभियत संघको महत्त्वाकांक्षा एउटा कुरा हो तर उनीहरूले त्यो प्राप्त गर्न सक्ने अथवा नसक्ने भन्ने कुरा अर्को हो । उनीहरूले चीनलाई निल्न चाहन्छन् तर टोक्नसम्म पनि ज्यादै कडा महसुस गरका छन् । विशाल तेस्रो विश्वको त के कुरा, जापान र यूरोपलाई टोक्न पनि गाह्रो छ । कोरिया विरुद्धको अतिक्रमणकारी युद्धमा पराजित भएपछि अमेरिकी साम्राज्यवाद ओरालो लागेको छ । यो तीब्र गतिमा पतन भइरहेको छ, यो भियतनामबाट पनि बाहिरियो । पछिल्ला दुई दशकहरूमा ख्रुश्चोभदेखी ब्रेझ्नेभसम्मका सोभियत संशोधनवादी सत्तासीन गुटले समाजवादी राष्ट्रलाई सामाजिक साम्राज्यवादी देशमा बदले । आन्तरिक रूपमा त्यहाँ पूँजीवाद पुनर्स्थापित भएको छ, फसिवादी अधिनायकत्व लागू गरिएको छ, सबै जातिका जनतालाई दास बनाइएको छ । त्यसैले, राजनैतिक र आर्थिक अन्तरविरोधहरू साथै जातिहरूबीचको अन्तरविरोध पनि गहिरिँदै गएको छ । वाह्य रूपमा, यसले चेकोस्लोभाकियामाथि अतिक्रमण गरको छ, चिनियाँ सीमा क्षेत्रमा आफ्नो सेना थुपारेको छ, जनगणतन्त्र मंगोलियामा आफ्नो सेना पठाएको छ, देशद्रोही लोन नोल गुटको समर्थन गरको छ, पोलिस श्रमिक विद्रोहीहरूको दमन गरको छ, इजिप्टमाथि हस्तक्षेप गरको छ, विशेषज्ञहरूलाई निष्काशन गरेको छ, पाकिस्तानको सदस्यता खोसेको छ । कैयौं एसियाली एवम् अफ्रिकी देशहरूमा विध्वंशकारी गतिविधिहरू संचालन गरेको छ । घटनाक्रमले नयाँ जारको कुरूप चेहरा र उसको प्रतिक्रियावादी स्वरूप खासगरी "**शब्दमा समाजवाद र व्यवहारमा साम्राज्यवाद**"लाई तीब्र रूपमा पर्दाफास गरेको छ । यसले जति बढी खराब कामहरू गर्दछ, त्यति नै चाँडै सोभियत संघ र बाँकी विश्वका जनताले सोभियत संशोधनवादलाई ऐतिहासिक संग्रहालयमा थन्क्याउने छन् ।

हालै, ब्रेझ्नेभ गद्दार गुटले चीन-सोभियत सम्बन्धबारे धेरै वाहियात कुराहरू बकेको छ । उसले यो आरोप लगाएको छ कि चीन विश्वको तनाब कम गर्ने कुराको विरोधमा छ र चीन-सोभियत सम्बन्ध  सुधार्न अनिच्छुक छ, आदि । यी शब्दहरू सोभियत जनता र विश्वका अन्य जनताको चिनियाँ

जनताप्रतिको मैत्रीपूर्ण भावनालाई अन्यत्र मोड्ने र नयाँ जारको वास्तविक स्वरूपलाई छोप्ने व्यर्थको प्रयास हो। यी शब्दहरूको प्रमुख अर्थ चीन र समाजवादको विरोध गरेवापत् पुरस्कार स्वरूप अझ बढी पैसा कमाउने एकाधिकार पूँजीवाद स्थापना गराउनु हो। यो हिटलरको पुरानै बाटो हो, ब्रेभ्नेभले यसलाई ज्यादै भद्दा किसिमले लागू गरेको छ। यदि तिमीहरू विश्वको तनाव घटाउन यतिविघ्न चिन्तित छौ भने किन तिमीहरूले एक-दुईवटा राम्रो काम गरी इमान्दारिता देखाउँदैनौं ? उदाहरणस्वरूप, चेकोस्लोभाकीयाबाट अथवा जनगणतन्त्र मंगोलियाबाट आफ्नो सेना किन फिर्ता लैजाँदैनौ र जापानलाई उसको चारवटा द्वीप किन फिर्ता गर्दैनौ ? चीनले कुनै पनि विदेशी राष्ट्रको भूभाग कब्जा गरेको छैन। के चीनले चीन-सोभियत सम्बन्ध सुधार्ने चाहनामा र विश्वको तनाव कम गर्ने पक्षमा ग्रेटवाल भन्दा उत्तरतर्फको चिनियाँ भूभाग सोभियत संसोधनवादलाई बुझाउनु पर्छ ? चिनियाँ जनता ठगिनु अथवा काँतर बन्नु हुँदैन। चीन-सोभियत विवादबारे सिद्धान्त अघि सारेर पंचशील र शान्तिपूर्ण सहअस्तित्वको सिद्धान्तको आधारमा दुई राष्ट्रहरू बीचको सम्बन्ध सुधार्ने काममा भाँजो हाल्नु हुँदैन। चीन-सोभियत सीमा–विवाद कुनै पनि डर-त्रासबाट मुक्त रहेर शान्तिपूर्ण रूपमा वार्ताद्वारा समाधान गरिनुपर्छ। "**हामीमाथि आक्रमण नगरिंदासम्म हामी आक्रमण गर्दैनौ, यदि हामीमाथि आक्रमण गरिन्छ भने हामीले निश्चित रूपमा प्रत्याक्रमण गर्छौं**" यो हाम्रो अविचल सिद्धान्त हो। र, हामी जे भन्दछौं त्यो गरेर देखाउँछौं।

हामीले यहाँ के कुरालाई औंल्याउनु पर्छ भने क्रान्तिकारी देशहरू र साम्राज्यवादी देशहरूबीचको मेलमिलाप र सोभियत संशोधनवाद र अमेरिकी साम्राज्यवादबीचको साँठगाँठ र मेलमिलाप बीचको फरक छुट्याउनुपर्छ र लेनिनले यसलाई प्रष्टसँग राख्नुभएको छ, "**त्यहाँ मेलमिलापै मेलापहरू छन्। हरेक व्यक्ति परिस्थितिको विश्लेषण गर्न र ठोस अवस्थाहरू र प्रत्येक मेलमिलापको विश्लेषण गर्न सक्षम हुनुपर्छ। डाँकूहरूले गर्न सक्ने क्षतिको पाठ सिक्न तिनीहरूको गिरफ्तारी र निष्काशनको लागि डाँकुहरूलाई पैसा र बन्दुकहरू दिने व्यक्ति र लुटमा सहभागी बन्न डाँकुहरूलाई पैसा र बन्दुक दिने व्यक्तिबीच फरक छुट्याउनुपर्छ।**"(**वामपन्थी साम्यवाद एक बालरोग**) ब्रेष्ट-लिटोमस्क सम्झौतामा लेनिनको निष्कर्षअनुसार जर्मन साम्राज्यवाद पहिलो समूहमा पर्छ भने लेनिनप्रति विश्वासघात गर्नेहरू खुश्चोभ र ब्रेभ्नेभले गरिरहेका कामहरू दोस्रो समूहमा पर्दछन्।

लेनिनले बारम्बार के कुरा औंल्याउँदै आउनुभएको थियो भने साम्राज्यवादको अर्थ अतिक्रमण र युद्ध हो । अध्यक्ष माओले २० मे, १९७०को आफ्नो वक्तव्यमा भन्नुभएको छ, "**नयाँ विश्वयुद्धको खतरा अझै कायम छ र सबै देशका जनता तैयारी अवस्थामा रहनुपर्छ । तर आजको विश्वको प्रमुख प्रवृत्ति चाहिं क्रान्ति हो ।**" यस्तो युद्धलाई तब मात्र रोक्न सकिन्छ जब जनता धेरै भन्दा धेरै सचेत हुन्छन्, उनीहरूको दृष्टिकोण प्रष्ट हुन्छ, उनीहरूको जुझारुपनमा बृद्धि हुन्छ, एकता मजबुत हुन्छ र संघर्षमा अनवरत रूपमा लागिरहन्छन् । साम्राज्यवादीहरू यस्तो युद्ध गर्न लागिपरेमा त्यसले विश्वस्तरमा अझ ठूलो क्रान्तिहरू निम्त्याउँछ र तिनहिरूको सर्वनाशलाई तीब्र पार्नेछ ।

हाल देशभित्र र बाहिर विद्यमान राम्रो अवस्थामा चीनको गतिविधि राम्रोसँग संचालन गर्नु ज्यादै महत्त्वपूर्ण छ । त्यसकारण, अन्तर्राष्ट्रिय क्षेत्रमा हाम्रो पार्टीले सर्वहारा अन्तर्राष्ट्रवादलाई उठाउनुपर्छ, पार्टीको नीतिलाई माथि उठाउनुपर्छ, विश्वभरीका शोषित जनता र राष्ट्रहरूसँग एकता मजबुत बनाउनुपर्छ । साम्राज्यवादी अतिक्रमण, सत्ता उल्टाउने, अवरोध उत्पन्न गर्ने, नियन्त्रण कायम गर्ने अथवा सताउने जस्ता कार्यको विरोध गर्नुपर्छ र साम्राज्यवाद, उपनिवेशवाद र अर्धउपनिवेशवाद र विशेषगरी दुई महाशक्ति अमेरिका र सोभियत संघको शक्ति संघर्षको विरुद्ध व्यापक संयुक्त मोर्चा निर्माण गर्नुपर्छ । हामीले विश्वभरिका सच्चा मार्क्सवादी-लेनिनवादी पार्टीहरू र संगठनहरूलाई एकताबद्ध गर्नुपर्छ र नवसंशोधनवादविरुद्धको संघर्षलाई अन्त्यसम्म पुऱ्याउनुपर्छ । आन्तरिक क्षेत्रमा हामीले हाम्रो पार्टीको आधारभूत नीति र राजनीतिलाई समाजवादी ऐतिहासिक अवधिसम्म नै पछ्याउनुपर्छ । सर्वहारा वर्गको अधिनायकत्वमा क्रान्ति जारी राख्नुपर्छ, एकता कायम गर्न सकिने सबै शक्तिहरूसँग एकता कायम गर्नुपर्छ र हाम्रो देशलाई शक्तिशाली समाजवादी राष्ट्र बनाई मानव समुदायलाई अझ ठूलो सहयोग गर्न कडा परिश्रम गर्नुपर्छ ।

हामीले अध्यक्ष माओका यस शिक्षालाई माथि उठाउनुपर्छ कि "**युद्धको विरुद्ध तैयारी गर, प्राकृतिक विपत्तिहरूका विरुद्ध तैयारी गर र हरेक काम जनताको लागि गर**" र "**सुरुङहरूभित्रसम्म खन, सर्वत्र अनाजहरू संचित गर र कहिल्यै पनि हैकम कायम नगर ।**" हामीले उच्च जुझारुपन कायम गर्नुपर्छ र साम्राज्यवादले शुरु गर्न सक्ने अतिक्रमणकारी यद्धको विशेषगरी संसोधनवादी सामाजिक साम्राज्यवादी सोभियत संघले गर्न सक्ने अप्रत्यासित आक्रमण विरुद्ध तयारी गर्नु पर्छ । हाम्रो वीर जनमुक्ति सेना र हाम्रो विशाल मिलिसिया हामीमाथि हाक्रमण गर्न सक्ने कुनै पनि शत्रुलाई निमिट्यान्न पार्न तैयार रहनुपर्छ ।

ताइवान प्रान्त हाम्रो मातृभूमिको पवित्र भूभाग हो र ताइवानका जनता हाम्रा आफन्त हुन् । ताइवानका हाम्रा जनता जसले आफ्नो मातृभूमिलाई माया गर्छन् र चाहन्छन्, प्रति हाम्रो अत्यन्त चासो छ। हाम्रा ताइवानी जनताको भविष्य मातृभूमिको अँगालोमा मात्र उज्ज्वल हुन सक्छ । ताइवानलाई स्वतन्त्र बनाउनैपर्छ। हाम्रो विशाल मातृभूमिलाई एकीकरण गर्नैपर्छ। यो हाम्रो देशका सबै जातिका जनताको साझा चाहना र पवित्र कर्तव्य हो र ताइवानी जनताको पनि । यो उद्देश्य प्राप्तिको लागि एकैसाथ सबैजना जुटौं ।

**कमरेडहरू** !

हामीहरू यस कुरामा सचेत हुनैपर्छ कि हामीले समाजवादी क्रान्तिमा ठूला सफलताहरू हासिल गरिसकेका भए पनि हमीहरू सँधै वास्तविक अवस्थाको आवश्यकता भन्दा पछि छुटेका छौं । हाम्रो समाजवादी क्रान्तिमा हामीले अझ पनि ठूला समस्याहरूको मुकाविला गर्नु छ। महान् सर्वहारा साँस्कृतिक क्रान्तिमा संघर्ष-आलोचना–रूपान्तरणको कामलाई सबै मोर्चाहरूमा समग्र रूपमा कार्यान्वयन गर्नुपर्छ। हाम्रो काममा भएका कमी–कमजोरी, गल्ती र केही अस्वस्थ झुकावहरूमाथि विजय पाउन हामीलाई अझ बढी दक्षता आवश्यक पर्दछ । हाम्रो पार्टीले वर्तमान अवसरलाई राम्रोसँग उपयोग गर्नुपर्छ र महान् सर्वहारा साँस्कृतिक क्रान्तिको उपलब्धिहरूलाई सबै क्षेत्रहरूमा अघि बढाउनुपर्छ ।

सर्वप्रथम, लिन प्याओको आलोचना गर्ने र कार्यपद्धति सुधार गर्ने राम्रो कामलाई निरन्तरता दिनुपर्छ। सम्पूर्ण पार्टी, सेना र सबै जातिका जनतालाई वर्गसंघर्ष र दुई लाइन संघर्षमा शिक्षित गर्न नकारात्मक शिक्षा दिने शिक्षक– लिन प्याओको पार्टी विरोधी गुटको राम्रोसँग उपयोग गर्नुपर्छ। संशोधनवाद र बुर्जुवा विश्वदृष्टिकोणको आलोचना गर्नुपर्छ ता कि जनताले हाम्रो पार्टीभित्र दुई लाइनबीच भएका दशवटा संघर्षहरूको ऐतिहासिक अनुभवको सार खिच्न सफल होऊन, हाम्रो देशमा समाजवादी क्रान्तिकालमा हुने वर्गसंघर्ष र दुइ लाइन संघर्षको विशेषता एवम् नियमहरू बुझ्न सक्ने होऊन् र नक्कली मार्क्सवादबाट सक्कली मार्क्सवाद छुट्याउन सक्ने क्षमता बृद्धि गर्न सकून् ।

सबै पार्टी सदस्यहरूले निरन्तर रूपमा मार्क्स, एंगेल्स, लेनिन, स्तालिन र अध्यक्ष माओका रचनाहरूको अध्ययन गर्नुपर्छ र द्वन्द्वात्मक भौतिकवाद र ऐतिहासिक भौतिकवादमा पोख्त हुनुपर्छ, आदर्शवाद र अध्यात्मवाद विरुद्ध संघर्ष गर्नुपर्छ र उनीहरूको विश्वदृष्टिकोणलाई फेर्नुपर्छ। विशेषगरी उपल्ला

कार्यकर्ताहरूले "**निरन्तर रूपमा पढ्ने, अध्ययन गर्ने र मार्क्सवादलाई राम्रोसँग पकड्ने**" काम बढी दक्षतापूर्वक गर्नुपर्छ, मार्क्सवादका आधारभूत सिद्धान्तहरूमा विशेषज्ञता हासिल गर्न सक्दो प्रयास गर्नुपर्छ, सबै किसिमका पुराना तथा नयाँ संशोधनवाद र अवसरवाद विरुद्ध मार्क्सवादले गरेका संघर्षको इतिहास थाहा पाउनुपर्छ । अध्यक्ष माओले क्रान्तिको ठोस व्यवहारमार्फत् मार्क्सवाद-लेनिनवादको सर्वव्यापी सत्यलाई पूर्ण गराउन मार्क्सवाद-लेनिनवादको उत्तराधिकारीको रूपमा कसरी रक्षा तथा विकास गर्नुभयो भन्ने कुरालाई बुझ्नुपर्छ । हामी आशा गर्दैछौं कि दिगो प्रयासहरूमार्फत् "**हाम्रा कार्यकर्ताहरू र जनताका ठूलो संख्याले आफूलाई मार्क्सवादको आधारभूत सिद्धान्तहरूद्वारा सशस्त्र बनाउन सक्षम हुनेछन् ।**"

हामीले संस्कृतिका सबै क्षेत्रहरूसहित उपरीसंरचनामा हुने वर्गसंघर्षलाई महत्त्व दिनुपर्छ, आर्थिक आधार निर्धारण नगर्ने उपरीसंरचनाका सबै अंगहरूलाई रूपान्तरण गर्नुपर्छ । फरक प्रकृतिका दुवै किसिमका अन्तरविरोधहरूलाई ठीकसँग परिचालन गर्नुपर्छ । हामीले अध्यक्ष माओका सबै सर्वहारा नीतिहरूलाई लागू गर्ने कामलाई निरन्तरता दिनुपर्छ । हामीले साहित्य र कलामा क्रान्ति जारी राख्नुपर्छ, त्यस्तैगरी शिक्षा र जनस्वास्थ्यमा पनि क्रान्ति जारी राख्नुपर्छ । र, युवाहरूलाई पहाडहरू एवम् अन्य ग्रामीण क्षेत्रहरूमा जाने दृष्टिबाट शिक्षित गर्ने काम गर्नुपर्छ । मे ७ स्कूललाई राम्रोसँग संचालन गर्नुपर्छ र समाजवादका नयाँ कुराहरूको समर्थन गर्नुपर्छ ।

आर्थिक रूपमा हाम्रो देश अझ पनि गरीब र विकासशील छ । हामीले **समाजवादको निर्माण गर्न उच्च लक्ष्य लिने र ठूलो, तीव्र, राम्रो र धेरै आर्थिक उपलब्धि** प्राप्त गर्ने आमनीतिलाई समग्र रूपमा अघि बढाउनुपर्छ र क्रान्तिलाई अनुसरण गरेर उत्पादनमा बृद्धि गर्नुपर्छ । हामीले "**कृषिलाई उद्योगको आधार र नेतृत्वदायी तत्त्वको रूपमा लिने**" नीतिको कार्यान्वयनलाई निरन्तरता दिनुपर्छ र दुई खुट्टाले हिंड्ने नीति लिई स्वतन्त्र रूपमा, हाम्रो आफ्नै हातहरूद्वारा आफ्नै भरमा र कडा संघर्षमार्फत् हाम्रो देशको निर्माण गरौं । मार्क्सले औंल्याउनुभएको थियो कि "**महान् उत्पादक शक्ति आफैमा क्रान्तिकारी वर्ग हो ।**" जनसमुदायमा भरपर्नु समाजवादी निर्माणको दुई दशकभन्दा बढी समयको हाम्रो अनुभव हो । उद्योगको बारेमा ताचिङ र कृषिको बारेमा ताचिङबाट सिक्ने सवालमा हामीले बेहिचकिचाहट सर्वहारा राजनीतिलाई कमाण्डमा राख्नैपर्छ, सशक्त रूपमा जनआन्दोलनलाई अघि बढाउनुपर्छ र

जनताको उत्साह, विवेक एवम् सृजनशीलतालाई महत्त्व दिनुपर्छ । यस आधारमा कार्ययोजना र संयोजनलाई मजबुत बनाउनुपर्छ, नीति तथा नियमहरूलाई सुधार्नुपर्छ र केन्द्रीय तथा स्थानीय तत्परतालाई अझ बढी कार्यान्वयन गर्नुपर्छ । पार्टी संगठनहरूले आर्थिक नीतिहरूको प्रश्नमा बढी ध्यान दिनुपर्छ, तिनीहरूले जनताको भलाईमा चासो राख्नुपर्छ, अनुसन्धान र अध्ययन राम्रोसँग गर्नुपर्छ । राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने राज्यको योजना पूरा गराउन तदारुकतासाथ लाग्नुपर्छ ता कि हाम्रो समाजवादी अर्थतन्त्रले अझ ठूलो प्रगति गर्न सकोस् ।

हामीले पार्टीको नेतृत्व केन्द्रीकरणलाई अझ बढी मजबुत बनाउनुपर्छ । **उद्योग, कृषि, वाणिज्य, शिक्षा तथा संस्कृति, सेना, सरकार र पार्टी– यी सातवटै क्षेत्रहरूमा समग्र नेतृत्वको अभ्यास गर्ने अंग पार्टी हो । सबै स्तरका पार्टी कमिटीहरूले पार्टी कमिटी प्रणालीलाई मजबुत बनाउने बारे, पार्टी कमिटीहरूको कार्यपद्धतिबारे र अध्यक्ष माओको अन्य रचनाहरूको अध्ययन गर्नुपर्छ ।** उनीहरू (पार्टी कमिटी-अनु.)को अनुभवहरूलाई संश्लेशित गरी पार्टीको नेतृत्वलाई वैचारिक, संगठनात्मक साथै नीति नियमहरू सबै रूपमा केन्द्रीकृत गर्नुपर्छ । साथै क्रान्तिकारी कमिटीहरू र जनसंगठनहरूको भूमिकालाई पनि पूर्ण रूपमा क्रियाशील गर्नुपर्छ । प्रमुख संगठनहरूको नेतृत्वलाई यस कारण मजबुत गराउनु पर्छ कि जनतालाई त्यहाँको नेतृत्व वास्तवमा मार्क्सवादीको हातमा छ भन्ने विश्वास दिलाउन सकियोस् र श्रमिकहरू र गरिब तथा निम्न मध्यम वर्गीय किसानको हातमा छ भन्ने विश्वास दिलाउन सकियोस् तथा हरेक प्रमुख संगठनमा सर्वहारा अधिनायकत्व स्थापित गर्ने काम भएको छ भन्ने विश्वास दिलाउन सकियोस् । सबै स्तरका पार्टी समितिहरूले राम्रोसँग जनवादी केन्द्रीयता लागू गर्नुपर्छ र तिनीहरूले नेतृत्व गर्ने आफ्नो कलामा सुधार ल्याउनुपर्छ । यो अनुभूत भएको छ कि केही पार्टी समितिहरू दैनिक रुटिङ र सानातिना कामहरूमा अल्झेका छन् र प्रमुख सवालमा ध्यान दिएका छैनन् । यो ज्यादै खतरनाक हुन्छ । यदि त्यसलाई नसच्याए तिनीहरू संशोधनवादी बाटोमा जान्छन् । यो आशा गरिन्छ कि पार्टीका सम्पूर्ण कमरेडहरू, विशेष गरी नेतृत्वदायी कमरेडहरूले त्यस्ता प्रवृत्ति विरुद्ध खबरदारी गर्नेछन् र त्यस्तो कार्य पद्धतिलाई इमान्दारितापूर्वक सच्याउनेछन् ।

महान् सर्वहारा साँस्कृतिक क्रान्तिकालमा जनताले प्राप्त गरेको नेतृत्वमा बृद्ध, प्रौढ र युवाहरूलाई संयोजन गर्ने अनुभवले हामीलाई अध्यक्ष माओले अघि सार्नुभएको पाँच आवश्यकता अनुरूप सर्वहारावर्गको क्रान्तिकारी उद्देश्यको लागि लाखौं उत्तराधिकारीहरूलाई शिक्षित गर्न उपयोगी अवस्था सृजना गर्‍यो । सबै स्तरका पार्टी संगठनहरूले भावी सन्ततीहरूकालागि

निर्णायक महत्त्वको यो आधारभूत कार्यलाई आफ्नो एजेण्डामा राख्नुपर्छ। अध्यक्ष माओले भन्नुभएको छ, "**सर्वहाराको क्रान्तिकारी उत्तराधिकारीहरू ठूला आँधीहरूमा हुर्कन्छन् ।**" तिनीहरूलाई वर्गसंघर्ष र दुई लाइन संघर्षमा खार्नुपर्छ र सकारात्मक एवम् नकारात्मक दुवै अनुभवद्वारा शिक्षित गर्नुपर्छ। त्यसैले, सच्चा कम्युनिस्टहरूले ठूला साना सबै पदहरू स्वीकार्न तैयार रहनुपर्छ र धेरैपटक उतारचढावलाई पार गर्न सक्नुपर्छ। नयाँ तथा पुराना सबै कार्यकर्ताहरू जनतासँग घनिष्ट हुनैपर्छ, नम्र र विवेकी हुनुपर्छ, घमण्ड विरुद्ध सचेत हुनुपर्छ। पार्टी र जनताको आवश्यकता अनुसार कुनै पनि पदमा रहेर काम गर्नुपर्छ र अध्यक्ष माओको क्रान्तिकारी लाइन र नीतिहरूलाई कुनै पनि परिस्थितिमा दृढतापूर्वक लागू गर्नुपर्छ।

**कमरेडहरू** !

हाम्रो पार्टीको विकासको बाटोमा हाम्रो पार्टीको दशौं राष्ट्रिय कंग्रेसको दूरगामी प्रभाव हुनेछ। हामीले चाँडै नै चौथो राष्ट्रिय जनकंग्रेस आयोजना गर्नेछौ। हाम्रा जनता र सबै देशका क्रान्तिकारी जनताले हाम्रो पार्टी र देशबाट धेरै आशा गरेका छन्। हामी यस कुरामा विश्वस्त छौं कि हाम्रो पार्टीले अध्यक्ष माओको नेतृत्वमा उहाँको सर्वहारा क्रान्तिकारी लाइनलाई माथि उठाउनेछ, हाम्रो काम राम्रोसँग गर्नेछ र हाम्रा जनता र विश्वका जनताको अपेक्षालाई पूरा गर्नेछ।

**भविष्य उज्यालो छ, बाटो कठिन छ ।** हाम्रो सम्पूर्ण पार्टीलाई एकताबद्ध गराऔं, सबै जातिका जनता एकताबद्ध होऔं, **हिम्मत गरौं, बलिदानदेखि नडराऔं र विजयका लागि सबै अप्ठेराहरूलाई परास्त गरों** !

महान्, गौरवपूर्ण र सही चिनियाँ कम्युनिष्ट पार्टी जिन्दावाद !

मार्क्सवाद-लेनिनवाद-माओ त्सेतुङ विचारधारा जिन्दावाद !

अध्यक्ष माओ जिन्दावाद !

अध्यक्ष माओ चिरायू रहून् !

# चिनियाँ कम्युनिष्ट पार्टीको दशौं राष्ट्रिय कंग्रेसद्वारा प्रेषित प्रेस वक्तव्य

(२९ **अगस्त**, १९७३)

(१९७३ अगस्त २४-२८मा चिनियाँ कम्युनिस्ट पार्टीको दशौं राष्ट्रिय कंग्रेस सम्पन्न भएको थियो । यसै कंग्रेसले चिनियाँ कम्युनिस्ट पार्टीभित्र रहेको पार्टी विरोधी, षडयन्त्रकारी लिन प्याओ गुटलाई एकमतले कार्वाही गरेको थियो । यहाँ सोही कंग्रेसद्वारा २९ अगस्तका दिन प्रेषित वक्तव्यको प्रमुख अंश प्रकाशित गरिएको छ । -संपादक)

....................

कमरेड चाउ एन-लाइद्वारा राजनैतिक प्रतिवेदन, कमरेड वाङ हुड-वेनद्वारा प्रस्तुत पार्टीको संविधान संशोधनको प्रस्ताव र चिनियाँ कम्युनिस्ट पार्टीको संविधानमाथि गम्भीर एवम् जीवन्त छलफल पश्चात् अगस्त २८का दिन कंग्रेसले एकमतबाट ती प्रस्तावहरू पारित गऱ्यो । मार्क्सवाद-लेनिनवाद-माओ त्सेतुङ विचारधाराद्वारा निर्देशित यी दस्तावेजहरूले आन्तरिक एवम् वाह्य परिस्थितिहरूका बारे राम्रो विवेचना गरेको कुरा कंग्रेसमा सहभागी प्रतिनिधिहरूले सहर्ष उल्लेख गरे । यस कंग्रेसले नवौं राष्ट्रिय कंग्रेसको मार्गनिर्देशनमा सम्पूर्ण मोर्चाहरूमा प्राप्त गरेको महान् सफलताहरूको पूर्ण बयान गऱ्यो, दुई लाइन संघर्षको अनुभवहरूको, विशेष गरी लिन प्याओको पार्टी विरोधी गुटलाई पराजित गर्न भएका संघर्षहरूको सार खिच्यो र साथै, सर्वहारा अधिनायकत्व अन्तर्गत क्रान्ति जारी राख्ने निर्णयका साथ यसको अझ बढी व्याख्या गऱ्यो । यस कंग्रेसले सम्पूर्ण पार्टी, सेना र जनताको संघर्षको कार्यक्रम निर्धारित गऱ्यो ।

.....................

लिन प्याओको पार्टी विरोधी गुटको अपराधलाई क्षोभपूर्वक निन्दा गऱ्यो । बुर्जुवा क्यरियरिष्ट, षड्यन्त्रकारी, द्वैधचरित्र भएको प्रतिक्रान्तिकारी, शत्रुपक्षसँग मिल्न गएको देशद्रोही लिन प्याओलाई पार्टीबाट सदाकालागि तत्काल निष्काशन र लिन प्याओको पार्टी विरोधी गुटको प्रमुख सदस्य, कम्युनिस्ट विरोधी क्वोमिन्ताङ तत्त्व, ट्राटस्कीवादी, शत्रु एजेण्ट एवम् संशोधनवादी

चेन पो-तालाई पार्टीबाट सदाको लागि तत्काल निष्काशन र पार्टीभित्र एवम् बाहिरका सबै पदबाट कार्वाही गर्ने कम्युनिस्ट पार्टीको केन्द्रीय समितिको निर्णयलाई सम्पूर्ण प्रतिनिधिहरूले पूर्ण समर्थन गरे। लिन प्याओको पार्टी विरोधी गुटका अन्य प्रमुख सदस्यहरूबारे चिनियाँ कम्युनिस्ट पार्टीको केन्द्रीय समितिले गरेको निर्णयलाई सम्पूर्ण प्रतिनिधिहरूले एकमतले समर्थन गरे।

....................

वर्तमानमा, हामीले लिन प्याओको आलोचना गर्ने कार्यलाई निरन्तरता दिनुपर्छ र काम गर्ने तरिकालाई सच्याउनुपर्छ। हामीले नकारात्मक शिक्षा दिने त्यो शिक्षक- पार्टी विरोधी लिन प्याओ गुटबाट प्राप्त शिक्षालाई सम्पूर्ण पार्टी, सेना र जनतालाई वर्गसंघर्ष र दुई लाइन संघर्ष संचालन गर्न शिक्षित पार्न पूरा उपयोग गर्नुपर्छ। हामीले मार्क्सवाद-लेनिनवाद-माओ त्सेतुङ विचारधारको अध्ययन गर्नुपर्छ, साथै संशोधनवाद र बुर्जुवा विश्वदृष्टिकोणको आलोचना गर्नुपर्छ। हामीले उपरीसंरचनामा र संस्कृतिका सबै क्षेत्रहरूमा संघर्ष-आलोचना-रूपान्तरणलाई राम्रोसँग निरन्तरता दिनुपर्छ। क्रान्तिलाई पकड्न र उत्पादन बढाउन कडा परिश्रम गरौं, युद्ध विरुद्ध तैयारी गरौं र सबै क्षेत्रका अन्य कामहरू पनि राम्रोसँग गरौं। हामीले दशौं राष्ट्रिय कंग्रेसद्वारा व्याख्या गरिएको राजनैतिक लाइन र यसले पारित गरेको संविधान अनुसार काम गर्नुपर्छ। र, हामीले हाम्रो पार्टीलाई पहिलेभन्दा पनि अझ मजबुत बनाउनुपर्छ जसले हाम्रो देशका सम्पूर्ण जातिहरूलाई नेतृत्व प्रदान गर्नेछ र सर्वहारा अधिनायकत्वलाई घनीभूत बनाउन उनीहरूलाई एकताबद्ध गर्नेछ।

✦